पूर्णाङ्क ६७६ / २०८२ माघ

# मधुपर्क

सुदूरपश्चिम
कर्णाली
विशेषाङ्क

# गोरखापत्र संस्थानका प्रकाशनमा विज्ञापन प्रकाशित गर्न तथा ग्राहक बन्नका लागि निम्नानुसारका कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रधान कार्यालय,** धर्मपथ, काठमाडौँ
सम्पर्क नं. : ०१-५३२७४९३, ५३३१३९४ (विज्ञापन शाखा)/
५३२०६३८ (ग्राहक सेवा शाखा)/टोल फ्री नं. १६६००१९४४४४
इ-मेल : mgorkhapatra@gmail.com

**पूर्व क्षेत्र प्रकाशन कार्यालय,** विराटनगर
विराटनगर-१९, मोरङ, कोशी प्रदेश
सम्पर्क नं. : ०२१-५९१००३, ५९१००४
इ-मेल : biratnagar.regional@gorkhapatra.org.np

**पश्चिम क्षेत्र प्रकाशन कार्यालय,** कोहलपुर
सम्पर्क नं. : ०८१-५३१६२२, ५३१६२३
इ-मेल : kohalpur.regional@gorkhapatra.org.np

**मधेश प्रदेश कार्यालय,** जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ०४१-५९०४२९
इ-मेल : janakpur.regional@gorkhapatra.org.np

**बागमती प्रदेश कार्यालय,** हेटौँडा, मकवानपुर
सम्पर्क नं. : ०५७-५९०६५१
इ-मेल : hetauda.regional@gorkhapatra.org.np

**गण्डकी प्रदेश कार्यालय,** पोखरा, कास्की
सम्पर्क नं. : ०६१-५३१८२७, ९८६५०२२६६६
इ-मेल : pokhara.regional@gorkhapatra.org.np

**लुम्बिनी प्रदेश कार्यालय,** बुटवल, रुपन्देही
सम्पर्क नं. : ०७१-५४३३७६
इ-मेल : butwal.regional@gorkhapatra.org.np

**कर्णाली प्रदेश कार्यालय,** वीरेन्द्रनगर, सुर्खेत
सम्पर्क नं. : ०८३-५९००६०
इ-मेल : karnali.regional@gorkhapatra.org.np

**सुदूरपश्चिम प्रदेश कार्यालय,** धनगढी, कैलाली
सम्पर्क नं. : ०९१-४१२०४३, ९८५८४२१८०१
इ-मेल : dhangadi.regional@gorkhapatra.org.np

## हाम्रा प्रकाशनहरु

गोरखापत्र

THE RISING NEPAL

gorkhapatraonline.com

मधुपर्क

युवामञ्च

भुना

# मधुपर्क

वर्ष ५८, अङ्क ९, पूर्णाङ्क ६७६, माघ २०८२

(VOL 58, NO 9 (JANUARY-FEBRUARY 2026 )

२०२५ जेठदेखि निरन्तर प्रकाशित



**त्रिभुवनचन्द्र वाग्ले**
नि. सम्पादक

**लक्ष्मी खतिवडा**
सहसम्पादक

**सानुराम दाहाल**
ले-आउट/डिजाइन

**एनबी याक्खा**
कला

**तीर्थराज अधिकारी**
शुद्धाशुद्धि

**ओमप्रकाश भुसाल**
मुद्रण व्यवस्था

**बबिता कार्की**
वितरण व्यवस्था

**गङ्गबहादुर पन्थी**
व्यापार



महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
मुद्रित तथा प्रकाशित

**गोरखापत्र संस्थान,**
**धर्मपथ, काठमाडौं**
फोन नं. ०१-५३८४४३५
पो. ब. नं. २३, काठमाडौं


सम्पादकीय

## मधुपर्कको इन्द्रेणी प्रयास

सुदूरपश्चिम र कर्णालीलाई राजनीतिक सीमारेखाले झैं साहित्यिक कला भाषाका दृष्टिले सहजै अलग अलग गर्न सम्भव छैन । यी दुवै प्रदेश साहित्यिक कला भाषा, जनजीवनका दृष्टिले अलग गर्न नसकिने गरी सम्मिश्रित छन् । यहाँका साझा सम्पदा र संस्कृति दुधको दुध गरेर अलगथलग गर्न सम्भव नभएकाले मधुपर्कले सुदूरपश्चिम र कर्णाली विशेषाङ्कलाई अलग अलग प्रकाशन गर्न सम्भव देखेको थिएन, केवल नियमित ११२ पृष्ठमा आवश्यकता अनुसार थपेर एउटै अङ्क प्रकाशन गर्ने तयारी गरेको थियो । तयारी अनुसार प्राप्त सामग्रीलाई प्रदेशगत विभाजन गरेर प्रकाशन गर्न सम्भव नभएपछि यसअघि कर्णाली-सुदूरपश्चिम विशेषाङ्क प्रकाशन गरिएको विद्वत् पाठक तथा सर्जकलाई विदितै छ । यस सिलसिलामा माघ अङ्कलाई सुदूरपश्चिम-कर्णाली विशेषाङ्कका रूपमा प्रकाशन गरिएको छ । मधुपर्कले 'मधुपर्क देशमा : प्रदेशसँगै विदेशमा' अभियान अन्तर्गत बन्दीपुर, कर्णाली-सुदूरपश्चिम र सुदूरपश्चिम-कर्णाली विशेषाङ्क प्रकाशित भइसकेका छन् । शैलुङ विशेषाङ्कको तयारी हुँदै छ । नेपालभरका सांस्कृतिक, धार्मिक पर्यटकीय तथा वाङ्मयी महत्त्वका सम्पदाको खोजी, प्रचार, संवर्धन तथा प्रवर्धन गर्ने कार्यलाई मधुपर्कले निरन्तरता दिने छ । हालैका पहलमार्फत मुलुकको भाषा साहित्य समग्रमा वाङ्मयको श्रीवृद्धिमा मधुपर्क वा गोरखापत्रको एकल प्रयास पर्याप्त र परिणाममुखी नहुने निश्चित रहेकाले सङ्घ, प्रदेश तथा स्थानीय सरकारले आआफ्ना क्षेत्रका वाङ्मयी क्षेत्रका प्रवर्धनका लागि मधुपर्कसँगको सहकार्यलाई महत्त्व दिनुपर्ने आवश्यकता बोध गरिने छ ।

कर्णाली-सुदूरपश्चिम, सुदूरपश्चिम-कर्णालीमा वाङ्मयका अथाह स्रोत तथा साधन छन् । ती सबैको खोजी मधुपर्कको एक/दुई अङ्कमा समेट्न सम्भव नभएकाले यी र अन्य प्रदेश केन्द्रित विशेषाङ्कको औचित्य देखिन्छ । जति पनि सामग्री एक अङ्कमा समावेश गर्न सकिन्छ तीबाट कम्तीमा पनि आँखीझ्यालबाट सम्बद्ध क्षेत्रको भाषा, संस्कृति जनजीवन चिहाउन सकिने देखिएको छ । प्रत्येक प्रदेशमा रहेका अथाह सांस्कृतिक सम्पदा, साहित्य/लोकसाहित्यलाई विशेषाङ्कका रूपमा एकमुष्ट लिपिबद्ध गरेर आगामी पुस्तालाई स्वगौरव र पौरख हस्तान्तरण गर्न सकिन्छ । यसैका लगि मधुपर्कले विशेष पहल गरेको छ । कर्णाली-सुदूरपश्चिम र सुदूरपश्चिम-कर्णाली विशेषाङ्कका सम्भव भएसम्म त्यस क्षेत्रका सर्जक तथा विद्वान् लेखकलाई विभिन्न माध्यमबाट सम्पर्क गरिएकोमा उहाँहरूबाट अमूल्य रचना प्राप्त भएका छन् । यी रचना र सहयोग, मधुपर्कलाई उहाँहरूले दिनुभएको स्नेह तथा अमूल्य सहयोगका रूपमा बुझेका छौं ।

मधुपर्कको विशिष्ट दायित्व उसले निरन्तर निर्वाह गर्दै आएको छ । वरिष्ठ तथा स्थापित साधक/सर्जकका रचनामार्फत एकातिर यसले उहाँहरूसँग नेपाली साहित्यको उचाइ यात्रामा सहयात्री बन्नु छ भने अर्कोतिर नवोदित सर्जक तथा अभ्यासरत प्रतिभाको संरक्षण र उजागर गर्नु छ । यसर्थ सत्यको एउटा मात्र पाना पल्टाएर मधुपर्कको वस्तुपरक मूल्याङ्कन गर्न असम्भव छ । मधुपर्कमा छापिने रचनामा वर्तमान साहित्यिक बजारको छाया पर्छ भन्ने सत्य पनि बिर्सन हुँदैन । यसै सन्दर्भमा मधुपर्क विभिन्न स्थान विशेषमा पुगेर वा अनुरोध गरेर त्यहाँकै सर्जकलाई लेख्न प्रेरित गर्दै आएको छ । नियमित विशेषाङ्कको प्राविधिक समस्या र रिक्ततालाई मधुपर्कले महसुस गर्दै आएको छ । विषय, पात्र तथा क्षेत्रगत विशेषाङ्कका कारण देशमा मूर्धन्य साधक तथा सर्जकका कतिपय रचना रोक्नुपर्ने अप्रिय निर्णय लिनु मधुपर्कको बाध्यतालाई आमपाठक तथा साधक सर्जकले हृदयङ्गम गर्नु नै हुने छ तर सत्यको अर्को आँखाले पनि हेर्ने हो भने यसरी केही रचना रोकिँदा अन्य केही उत्तिकै पठनीय रचना तथा साधक सर्जकलाई लेखकीय मूल प्रवाहमा ल्याउने मधुपर्कको लक्ष्य सफल भएको सुरम्य रङ देख्न सकिन्छ । मधुपर्क रङलाई नवरङ बनाउन चाहन्छ । मधुपर्कको इन्द्रेणी प्रयासलाई सबै साधक सर्जक तथा पाठकको पूर्ववत् स्नेह रहने नै छ । ■


**E-mail :** madhuparkmonthly@gmail .com,
madhuparknews@gmail.com
**website :** www .gorkhapatraonline .com

मूल्य रु. २५ ।-
वार्षिक २५० ।-

## कर्णाली-सुदूरपश्चिम विशेषाङ्क

सर्वप्रथम वाङ्मयीय विधाका कुशल सिल्पी त्रिभुवनचन्द्रको सम्पादकीय माटो र मन मिश्रित पीयूष-स्वादले मेरै अनुभूतिको र मैले जन्मँदा ढोगेको माटोको झझल्को लिएर आएको पाएँ । म अभिभूत भएँ । त्यो तार्किक कलमबाट 'मेरो जन्मको भूतल साँच्चिकै सुदूर हो कि ? सुदूर पूर्व ? सुदूर पूर्व भए सूर्यको पहिलो किरणले त्यो माटोलाई चुम्थ्यो र कर्णालीको तिलस्मी ऊर्जा जल्दोबल्दो जवानीमा हुन्थ्यो । देशदेशान्तर लोभिन्थ्यो पीयूष जलमा अवगाहन गर्न । लोभिने धेरै छन्, त्यो माटोको सुषुम्ना लोक लोकलाई मोह्याउँछ । गर्भस्थ विद्युन्मालाले यो देशको सर्वाङ्गीण समज्वलता मात्र नल्याएर अरू देशको माटोलाई पनि उज्यालिने ऊर्जा राख्दछ । हामी गौरवान्वित छौँ । पर्खेका छौँ । अहर्निश जिजीविषामा छौँ त्यो पाउन । यहाँ सम्पादकको कुशल कुचिले 'कर्नालबाट ऋषिमुनिले पिएको पानी नै कर्नाली थियो र छ' भनेर गुह्यचित्र कोरेको छ । देवीदेवताको विशेष पूजा पर्वमा बजाइने वाद्ययन्त्र कर्नालको उच्च र घुमाउरो ध्वनि झैँ उर्लेर ऊर्जा दिने महानदी हो 'कर्नाली' । 'कर्नाल' यसको ठोस पहिचान हो' ।

'नेपाली भाषा, साहित्य, संस्कृति, सभ्यताको जननी भूमि सुदूरपश्चिम र कर्णालीलाई भौतिकतामा मात्र नभएर विशेषतामा बुझ्न सकियोस्' भनेर अभिधार्थ, लक्षणार्थ भावमा अन्तर्य खोलेको छ । यिनै प्रसङ्गमा कलम बन्दीपुर पुगेको छ र शैलुङ सम्झेर 'दर्शन शिला' लाई जदौ गर्न पुगेको छ । साँच्चिकै यहाँ 'सोराड' (सौराष्ट्र) का सोमनाथको मधुरता, मल्लिकार्जुनका श्रीशैलको सौरभ र अपिको सुगन्ध भेटिन्छ । 'कर्णाली र सुदूरपश्चिम दोस्रो घर' सम्झँदै त्रिभुवनचन्द्र त्यो माटोमा पुगेका छन्, युगको कहानी कोरेका छन् । 'घर हुन कागज लालपुर्जा हुन पर्दैन रहेछ, घर भन्नु भावना पनि रहेछ' भनेर एउटा दर्शन उद्घाटित गरेका छन् । त्रिभुवनले बझाङ, डोटी, अछाम, जुम्लाको रमणीयता सम्झँदै बुवा कवि बालचन्द्र वाग्लेको स्नेहिल निजत्वमा चुर्लुम्म डुबेका छन् । ऐतिहासिक व्यक्तित्व बझाङी राजा जयपृथ्वीबहादुर सिंह वंशको राजसी सामीप्य औ माटो र मनको पीयूष-स्वादको संस्मरणले त्रिभुवनको दोस्रो घरको पुनर्ताजकीकारण भएको छ, स्मुराइ रसिएको छ, चित्त तरङ्गित भएको छ ।

**आरडी प्रभास चटौत**
**डडेलधुरा, हाल काठमाडौँ**

## कर्णाली र सुदूरपश्चिमसँग अङ्कमाल

मुख्य रूपमा व्यक्ति विशेष, स्थान विशेष र संस्कृति विशेषलाई जोड दिएर आवरण पृष्ठमा मनमोहक हिमालको काखमा हिमाली रहनसहनको दृश्य कैद भएर कर्णाली-सुदूरपश्चिम विशेषाङ्कका रूपमा प्रकाशित मधुपर्कको पुस अङ्क पाठकका लागि अमृतसमान भएर आएको रहेछ । नमरी स्वर्ग देखिन्न भने झैँ मधुपर्क पढेपछि कर्णाली भेगका ऐतिहासिक व्यक्तित्व भएका व्यक्ति, स्थान र संस्कृतिसँग भौतिक रूपमा अङ्कमाल गर्न नपाएको भए पनि अध्ययनका क्रममा जेजति जान्न पाइयो पढेर औधी खुसी लाग्यो । मधुपर्कलाई साधुवाद ।

इतिहासको पानामा लुप्त भएका २००७ सालका जनक्रान्तिका महान् योद्धा कलुवाले प्रजातान्त्रिक आन्दोलनमा देखाएको वीरता, साहस र अडानको जति प्रशंसा गरे पनि कमै हुन्छ । यस्तै अर्का योद्धा एन.डी. प्रकाशले २७ वर्षको कलिलो उमेरसम्म बाँच्दा पनि प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेका रहेछन् । हुने बिरुवाको चिल्लोपात भने झैँ बाल्यकालमै समाजलाई युगबोध गराउन सक्ने प्रतिभाशाली र आत्मबलयुक्त भएका व्यक्ति रहेछन्, जसले नेपाली, डोट्याली, हिन्दी, अङ्ग्रेजी भाषामा राम्रो दखल राख्दै कालजयी कवितामार्फत देश, समाज, राष्ट्रलाई नै नयाँ चेत दिलाए । यस्ता महान् व्यक्तिप्रति हार्दिक श्रद्धासुमन । यसै गरी अर्का व्यक्तित्व बझाङी योद्धा जोरासिंह ऐडी जसले २०१७ सालको सेरोफेरोसँग गाँसिएर प्रजातन्त्रलाई मलजल गरेका रहेछन् । रामलीला संस्कृतिका महारथी जनक मास्टर बुलाकीरामले आफ्नो जीवनकालको बाल्यावस्थामै आफ्ना मातापिताको बात्सल्यलाई गुमाउँदासमेत

आफन्तले पालनपोषण गर्ने क्रममा मानसिक पीडा मात्रै होइन, शारीरिक पीडासमेत दिइरहेको अवस्थामा वरिष्ठ सङ्गीतज्ञहरूको सामीप्यतामा आएर कालान्तरमा उस्ताद बुलाकीरामको नामले प्रख्यात भएका रहेछन् । भाग्यलाई कर्मले जितेपछि मान्छे महान् अवश्य बन्छ । बुलाकीरामको जीवनीले यही बताउँछ । सुदूरपश्चिमकै कलासाहित्य र संस्कृति उन्नयनमा शिल्पी समुदायका कालुराम कल्युरेले बैतडीको प्रसिद्ध मेलौली भगवतीको मन्दिरमा देखाएको कलाकौशलबाट प्रभावित भएर तत्कालीन राजा वीरेन्द्रले दरबारमा दर्शनभेट दिनु चानचुने कुरा होइन । शिक्षाका प्रवर्तक गोपालसिंह जमादारको योगदानलाई भुलेर पनि कसैले भुल्न सक्दैन । मान्छे भन्ने गर्छन्, अरूले कति उन्नति प्रगति गरिसके । आफ्नो त आँगनै प्रदेश भैसक्यो तर होइन रहेछ । जीवनको अन्तिम कालखण्डमा पनि ९१ वर्षको वृद्ध उमेरमा गीतसङ्ग्रह प्रकाशित गरेर नन्दकलाले नौजवानलाई आफूले गर्ने कामप्रति लगाव र निष्ठा राखेर गरेमा जुनसुकै काम पनि सरल तरिकाले गर्न सकिने शिक्षा दिएकी छिन् । संस्मरण शैलीमा लेखिएको त्रिभुवनचन्द्र वाग्लेको कर्णाली र सुदूरपश्चिम दोस्रो घर आलेख पढ्दा पिताश्रीले आफ्ना जीवनकालका उकाली ओरालीमा भनेका गुनगुनाएका शब्द लिपिमा लिपिबद्ध हुँदा भावी पुस्ताका लागि कति मिठासपूर्ण शिक्षाप्रद र जीवनोपयोगी हुँदो रहेछ भन्ने ज्ञान पाइयो । सरिता जोशीको पितृसत्ताले बली चढाएकी धना पढेर समाजमा विद्यमान कुप्रथामध्येको एक देउकी प्रथाका बारेमा मेरो अधुरो रहेको ज्ञान धनाले पूरा गरिदियो । गरिबीको फाइदा उठाएर समाजका धनीमानी ठुलाठालुले कसरी गरिब परिवारका छोरीचेलीलाई थोरै पैसामा किनेर छोरा प्राप्तिका लागि भन्दै देवीदेउताका मन्दिरमा चढाउँदा धनाले पाएको दुःख, हैरानी र पीडाको बयान गरेर साध्य छैन । कालान्तरमा धनाले जीवनदेखि नै हात धुनुपऱ्यो । अहो ! चार जीवनको मूल्य ती नरपिचास ठुलाठालु मनौदाले कौडीमा लिएर कसरी दुःखको भुमरीमा धनालाई फ्याँक्न सकेका हुन् सम्झदा पनि आङ जिरिङ्ङ हुन्छ । यीबाहेक अन्य लेखरचना पनि एकसेएक पठनयोग्य नै रहेका छन् । अन्त्यमा अहिले हामी आरडी भट्टको केटोका हबामा केटोले कमिजमा बलेको आगो बोकेर ल्याउँदा मैले मन्त्र फुकेको थिएँ । त्यो तिमीहरूले सुनेछौ । सुनेका कारणले कमिज पोलियो । मन्त्रले काम गरेन जस्तो छ भनेर हबाले भनेको कुरा वर्तमान अवस्थामा नेताको गलत काम गर्ने प्रवृत्ति र जनताले पाइरहेको पीडासँग राम्ररी मेल खाएकाले घटना सकिएर पीडा मात्र नबल्झियोस् ।

**पार्थगुरु, भद्रपुर, झापा**

## 'कर्णाली-सुदूरपश्चिम' विशेषाङ्क

थाहा छैन, नेपाली साहित्यमा यसअघि कुनै पत्रिकाले 'कर्णाली-सुदूरपश्चिम' विशेषाङ्क निकालेका थिए वा थिएनन् तर मधुपर्कले २०८२ पुसको अङ्क 'कर्णाली-सुदूरपश्चिम विशेषाङ्क' प्रकाशित गरेको छ । शब्दपथलाई मङ्सिर २६ गते साँझ मात्र प्राप्त हुन आएको उक्त अङ्कमा निर्मलकुमार भण्डारी, डा. पुष्करराज भट्ट, सागर कुश्मी, गणेशबहादुर नेपाली, आरडी प्रभास चटौत, रतन भण्डारी, चन्द्रकला पन्त, हरिलाल महतारा, त्रिभुवनचन्द्र वाग्ले, हेमबाबु लेखक, हेमन्ती जोशी, कर्णबहादुर रोकाया, जगदीश ओझा, कर्ण दयाल सोराडी, लक्की चौधरी, महेशचन्द्र बराल, मीमबहादुर परियार, नन्दकृष्ण जोशी, नन्दु उप्रेती, पदम बडाल, नारा जोशी, नरेन्द्रबहादुर चन्द, श्रेष्ठ प्रिया पत्थर, पुरनसिंह दयाल, कालीबहादुर शाही, रामचन्द्र नेपाल, सरिता जोशी, उमेश अवस्थी आदर्श, राजन रावत, तीर्थराज भट्ट, यज्ञराज जोशी, कुलचन्द्र वाग्ले, प्राडा श्रीरामप्रसाद उपाध्याय, मनोहर लामिछाने, महानन्द ढकाल, सुदूरपश्चिमका साहित्य संस्कृति व्यक्तित्वबारे आलेख छन् । त्यसका साथै आरडी भट्ट, गोमा जोशी, उत्तमराज अधिकारी, रीता चन्द, भीमसिंह धामी, राजेन्द्र ओड, दीपा शाही रावतका कविता, मुक्तक अनि लघुकथा यस अङ्कमा छन् । ११२ पृष्ठको मधुपर्ककको कर्णाली-सुदूरपश्चिम विशेषाङ्क हेर्दा यो निकाल्न सम्पादन मण्डललाई निकै मेहनत परे जस्तो देखिन्छ । यस अङ्कका सामग्री पढेपछि सुदूरपश्चिमबारे हामीलाई धेरै कुराको जानकारी हुने छ, यो पक्का हो । यस अङ्कको मूल्य पनि उही २५ रुपियाँ नै छ । ■

**शब्दपथ अनलाइन, डिजिटल पत्रिका**


## हार्दिक आभार

मधुपर्ककको कर्णाली-सुदूरपश्चिम २०८२, पुस र सुदूरपश्चिम-कर्णाली २०८२, माघ विशेषाङ्क प्रकाशनका सन्दर्भमा सम्बन्धित क्षेत्रका विद्वान् लेखकसँग विभिन्न माध्यमबाट गरिएको सम्पर्कका आधारमा आफ्ना अमूल्य रचना पठाएर सहयोग गर्नुहुने समस्त सर्जक तथा लेखकप्रति कृतज्ञता व्यक्त गर्दछौं । लेख संयोजनका लागि सहयोग गर्नुहुने, साहित्यकारहरू श्रेष्ठ प्रिया पत्थर, राजबहादुर कुँवर, पदमराज जोशी प्रभात, रामलाल जोशी, नन्दकृष्ण जोशी, मोतीराज बम, कर्ण दयाल सोडारीलगायत समस्तमा आर्दिक आभार व्यक्त गर्दछौं ।

**-सम्पादक**

# यस अङ्कमा

- **सुदूरपश्चिमको थारू साहित्य र स्रष्टा**
  डा. कृष्णराज सर्वहारी ५
- **कर्णाली एक पहिचान अनेक**
  डबल महतारा १०
- **काली-कर्णालीमा लोकप्रिय देउडा**
  गोविन्दप्रसाद पाण्डे १३
- **नेपालगंजिया भाषामा संवाद**
  पुष्पराज श्रेष्ठ १५
- **हिमाली भूखण्डकी महादेवी बडीमालिका**
  पद्मराज जोशी 'प्रभात' १७
- **सुदूरपश्चिममा विवाह संस्कार**
  भूपी सरोवर २०
- **मानसी भैलो र मानसी संस्कृति**
  डा. पदमराज कलौनी २३
- **श्री बाला त्रिपुरासुन्दरी भगवती (कविता)**
  योगेन्द्रबहादुर शाही २७
- **कर्णालीको लोकसाहित्यमा मागल र मड्लेरी**
  मोतीराज बम २८
- **राम्रो लेखक हुन अरूका प्रशस्त कृति पढ्नु पर्छ**
  लोकेन्द्रबहादुर चन्द ३१
- **अनौठो भूतको जात्रा 'जोगेनी जाँत'**
  कैलाश पाण्डे ३३
- **डोट्याली लोकसाहित्यमा पहिरन**
  प्रकाश पैंतोला ३७
- **सुदूरपश्चिमका लोकगीत विस्तारमा जनकविकेशरी थापा** : यज्ञराज उपाध्याय ३९
- **राष्ट्रिय विभूति जयपृथ्वीबहादुर सिंह** : मनिराज जोशी ४२
- **छोरा मान्छे (कविता)** : ईश्वर साउद 'भिक्षु' ४४
- **त्यो बेला यस्तो थियो, अहिले कस्तो होला ?**
  विजयध्वज थापा ४५
- **पात्रता (कविता)** : निभा शाह ४६
- **सुदूरपश्चिममा पशुपालन र सेरौदो संस्कृति**
  वासुदेव नाथ ४७
- **कर्णाली प्रदेश सङ्घीयता र उपलब्धि**
  डा. दीपेन्द्र रोकाया ४९
- **रुक्मेली ठाडीभाकामा लय, भाव र अलङ्कार**
  पूर्ण वली ५१
- **बाबाको काख (कविता)** : मीना पन्त ५४
- **शक्ति र भक्तिका लागि खार्पुनाथ** : वसन्त रोकाया ५५
- **पठन संस्कृतिको साक्षी कैलाली जनपुस्तकालय**
  सुभाष सङ्कल्प भण्डारी ५७
- **काली-कर्णालीमा लेखनका यथेष्ट कच्चा पदार्थ छन्**
  रामलाल जोशी ६०
- **मेलौली भगवतीको मौलिकता** : देवेन्द्रदत्त भट्ट ६२
- **अनौठो, अचम्म पार्ने थुम्की** : सन्दीप सुनार ६३
- **डोट्याली लोकसाहित्यमा हंसारानीको भैन**
  कविराज भट्ट ६४
- **खस शब्दकोशपछि खस व्याकरणमा जुटेको छु**
  रमानन्द आचार्य ६६
- **डोट्याली लोकवार्तामा महिला** : रमेश पन्त मीतबन्धु ६८
- **सैपाल एक बलवान् देवता** : सीता दयाल ७२
- **सुदूरपश्चिमको लोकसाहित्यमा भार्ता**
  तुलसीप्रसाद पण्डित ७४
- **कोपिला शर्मा 'कल्प' (कविता)** : कोपिला शर्मा 'कल्प' ७७
- **काठमाडौँमा गौरा प्रवेश** : अम्बादत्त भट्ट ७८
- **मायाको चिनो (कविता)** : उषा जोशी ८१
- **कर्णालीमा पुस्तक सम्पदा** : राजबहादुर कुँवर ८२
- **आगो : लघुकविताको नवविधा**
  दीर्घबहादुर चन्द 'सुमन' ९६
- **मलाई डोटीले बेलायत पुऱ्यायो** : काशीराज आचार्य ९८
- **गजल** : कृतबहादुर विष्ट १००
- **नेपाली साहित्य आकाशमा सुदूरपश्चिमका चम्किला तारा** : कर्ण दयाल 'सोराडी' १०१
- **सुदूरपश्चिममा पुतला पर्व** : एन.के. आनन्द १०४
- **अछुत लाग्छ भने (कविता)** : विक्रम तिरुवा सलिन १०६
- **छाउगोठको सम्झना** : लक्ष्मी खतिवडा १०७
- **फेरि पनि मधुपर्क, फेरि पनि गोरखापत्र (तर...)**
  त्रिभुवनचन्द्र वाग्ले १०९
- **साहित्यिक गतिविधि** ११२

# सुदूरपश्चिमको थारू साहित्य र स्रष्टा

डा. कृष्णराज सर्वहारी

## विषय प्रवेश

देश सङ्घीय संरचनामा गइरहेका बेला भाषिक, सांस्कृतिक रूपले हामीलाई नटुक्र्याइयोस् भनेर थारू अगुवा थरुहट प्रदेशका लागि जुर्मुराएका थिए । यसमा थारू स्रष्टाले पनि आवाज बुलन्द गरेका थिए। उनीहरूको चाहना थियो, चितवनदेखि पश्चिम कञ्चनपुरसम्म थरुहट प्रदेश होस् । नभए कम्तीमा दाङ देउखुरीदेखि कञ्चनपुरसम्म भए पनि थरुहट प्रदेश कायम गरियोस् । यसै क्रममा २०७२ भदौ ७ र ८ गते कैलालीको टीकापुरमा थरुहट आन्दोलनका क्रममा केही प्रहरी दाजुभाइ मारिए । त्यसपछि थरुहट आन्दोलन उठ्न सकेन । अन्ततः २०७२ असोज ३ गते संविधान घोषणा भयो । भाषिक तथा जनसाङ्ख्यिक हिसाबले चौथो सङ्ख्यामा रहेको थारू समुदायको थरुहट प्रदेश बनेन । कैलाली र कञ्चनपुर सुदूरपश्चिममा समेटिएको छ । दाङ देउखुरीको यो पङ्क्तिकार लुम्बिनी प्रदेशवासी भएको छ । भाषिक, सांस्कृतिक रूपले जोडिएकाले होला मलाई भने सुदूरपश्चिममा समेटिएको कैलाली र कञ्चनपुर पनि आफ्नै प्रदेशमा भएको झैं लाग्छ। यस आलेखमा सुदूरपश्चिमका केही थारू स्रष्टासँगको सम्झना समेटिएको छ । त्यस क्षेत्रको थारू साहित्यको साङ्गोपाङ्गो यसमा परेको छैन ।

## थारू लेखक सङ्घ र कैलाली

थारू, नेपाली र अङ्ग्रेजी गरी मेरा ३२ पुस्तक प्रकाशित छन् । त्यत्तिकै सङ्ख्यामा पुस्तक, पत्रिका पनि सम्पादन गरिएको छ । वास्तवमा लेखन स्वान्त सुखाय कर्म हो तर म आफ्नो निजी लेखनसँगै अरू पनि आफ्नो समुदायका लागि केही न केही निरन्तर लेखून् भन्ने उत्प्रेरक, अभियन्ता ठान्दछु । खास गरी थारू भाषी लेखकलाई घचघच्याई रहन्छु । यसकै फलस्वरूप थारू लेखक सङ्घ नेपाल गठन गरिएको छ; जसको म विगत १२ वर्षदेखि अध्यक्ष छु । यो संस्थालाई औपचारिक रूपमा जिल्ला प्रशासन कार्यालय धनगढीमा दर्ता गरिएको छ । यही संस्थाको गतिविधिका लागि भए पनि म वर्षमा दुई पटक झैं कैलालीको फन्को लगाउने गरेको छु ।

थारू लेखक सङ्घको विगत पनि कोट्याउन मन लाग्यो । थरुहट आन्दोलनका क्रममा २०७२ भदौ ७ र ८ गते टीकापुरमा जघन्य घटना भएपछि थारू समुदाय प्रशासनबाट प्रताडित भयो । थारू समुदायलाई अरू समुदायले हेर्ने नजरिया फरक भयो । आन्दोलन लाठी, भाला, बर्छाबाट होइन, कलमबाट पनि गर्न सकिन्छ भन्ने हेतुले मित्र सुशील चौधरीसँग 'काठमाडौंसे कन्चनपुरसम साहित्यिक गोरपासु' अर्थात् काठमाडौंदेखि कञ्चनपुरसम्म

साहित्यिक यात्रा २०७२ को दसैँ छेकोमा गरिएको थियो । हाम्रो सुस (सुशील-सर्वहारी) जोडीबाट विभिन्न स्थानमा म्याराथन शैलीमा कार्यक्रम गर्दा यस यात्राले थारू स्रष्टा एकजुट हुनुपर्ने सन्देश दियो । फलस्वरूप सोही वर्ष मेरो गृहजिल्ला दाङको घोराहीमा थारू साहित्यिक मेला आयोजना गर्ने तय गरियो तर विविध कारणवश २०७३ वैशाख ३ र ४ मा मात्र कार्यक्रम गर्न सकियो । सोही थारू साहित्यिक मेलाको मेलाले मेरो अध्यक्षतामा थारू लेखक सङ्घ जन्मायो ।

थारू साहित्यिक मेलाको दोस्रो वर्षको कार्यक्रम कैलालीको पटेलामा गरियो । सरकारी, अर्धसरकारी निकायबाट एक सुको पनि नलिई गज्जब कार्यक्रम गर्न सकिएकोमा मन चङ्गासरि उडेको थियो । त्यसपछि थारू साहित्य राष्ट्रिय सम्मेलन नामकरण गरेर तेस्रो र चौथो क्रमशः बर्दिया र रूपन्देहीमा आयोजना गरियो । छैटौँ कार्यक्रम सुदूरपश्चिमको कञ्चनपुर जिल्लाको कृष्णपुरमा गर्दा पनि गाउँलेबाट उत्साहजनक साथ पाइयो । डगौरा र राना थारू समुदायमा केही मतभिन्नता देखिएकामा त्यसलाई जोड्न राखिएको सेसनमा राना थारू समुदायका वक्ता उपस्थित नहुँदा खिन्नता महसुस भएको थियो । थारू साहित्य राष्ट्रिय सम्मेलन-२०८१ सम्म विभिन्न जिल्लामा गरी नवौँ संस्करण पार गरेको छ । प्रत्येक संस्करणमा पुस्तकको बिक्रीवितरणदेखि दर्जन हाराहारीमा थारू भाषाको विभिन्न विधामा पुस्तकको लोकार्पण भएको देख्दा मन प्रफुल्ल हुन्छ ।

थारू लेखक सङ्घ कहाँ दर्ता गर्ने भनेर व्यापक छलफल गरिएको थियो । यसलाई काठमाडौँमै दर्ता गर्नुपर्ने आवाज पनि नउठेको होइन तर सुशील-सर्वहारी जोडीलाई के लाग्यो भने टीकापुरको जुन घटनाका कारण थारू साहित्यिक देश दौडाहा गरियो, त्यसको सम्मानका लागि कैलालीमै संस्था दर्ता हुनु पर्छ । वास्तवमा दाङपछि कैलाली थारू साहित्यको उर्वरताको हिसाबले सुदूरपश्चिम होइन, सुदूरपूर्व नै हो भन्ने मेरो ठम्याइ छ । अहिले थारू लेखक सङ्घबाट आजीवन सदस्य र कार्यक्रम गरेर जोगाएको रकमले अक्षयकोष खडा गरी ५० हजार र २५ हजारको दुइटा पुरस्कार स्थापना गरिएको छ । यी पुरस्कार थारू मातृभाषामा लेख्नेलाई प्रत्येक वर्ष समर्पण गर्न पाउँदा मन गद् गद् हुन्छ ।

## साहित्य डोऱ्याएका राजनीतिकर्मी

राजनीति गर्नेहरू पनि साहित्यिक कर्ममा जोडिएका छन्, त्यसबाट सुदूरपश्चिमका थारू स्रष्टा अछुतो छैनन् । गोचाली परिवार कैलालीले जोखन रत्यौयाको सम्पादनमा २०४९ सालमा मुक्तिक डगर (मुक्तिको बाटो) वार्षिक पत्रिका प्रकाशन गऱ्यो । जोखनले पछि थारू मुक्ति साप्ताहिक पत्रिका पनि आफ्नै सम्पादनमा प्रकाशित गरे । उनी मेरा पत्रमित्र थिए । २०५७ सालमा उनले थारू भाषामै क्रान्तिकारी गजलसङ्ग्रह 'चोराइल मन' प्रकाशित गरेर हुलाकमार्फत पठाइदिएका थिए । अव्यवस्थित पुस्तकालयले यो पुस्तक हाल मेरो सङ्कलनमा छैन । उनले थारू भाषामै भुत्वा (भूत) महाकाव्यलगायत विविध विधामा आधा दर्जन कृति तयार पारेको र चाँडै छापिने बताएका थिए ।

विडम्बना गोचाली परिवारसम्बद्ध सदस्यलाई २०५८ मङ्सिर ८ को सङ्कटकालपछि खोजी खोजी पक्राउ गरियो । गोचाली, मुक्तिक डगर पत्रिका एकप्रति भेटिए पनि प्रशासनले पक्राउ गर्न थालेपछि धेरैले आफ्नो बर्सौंदेखि सङ्कलित पत्रिका जलाउनुपऱ्यो । यस कारबाहीले सिङ्गो थारू साहित्यिक पत्रकारितालाई पनि उथलपुथल पाऱ्यो । सङ्कटकालमा माओवादी पार्टीसँग आबद्ध पत्रमित्र जोखन रत्यौया मारिए । उनीपछि उनका भाइ जगत रत्यौयाले मुक्तिक डगर पत्रिका सम्पादन गर्दै आएका थिए, सुरक्षाकर्मीबाट तिनी पनि मारिए । पत्रमित्र जोखन जोसँग मेरो कहिल्यै भेट भएन । आज उनकी छोरी इन्दु थारू लेखनमा जाज्वल्यमान भएर आएको देख्दा लेखनमार्फत समुदायमा जागरण ल्याउने जोखनको बाँकी सपना पूरा भएको हो कि भन्ने लाग्छ । इन्दुको नेपाली भाषामा निबन्धसङ्ग्रह अनि थारू भाषामा 'बुधनी' उपन्यासको अनुवाद प्रकाशित छ ।

टीकापुरनजिकको गाउँ नुक्लीपुर, कैलालीका लक्ष्मणकिशोर चौधरी हाल सुदूरपश्चिम प्रदेश सभा सदस्य छन् । पटक पटक मन्त्रीसमेत भए । यिनी मेरा ५० का दशकका मित्र हुन् । लामो समय थारू चलचित्र निर्देशन, नायक भएर रुम्मलिए । लक्ष्मणकिशोर जोगेठवा 'परदेशी' को नामले लेख्ने यिनको इज्जतके दाम (२०५५) कथासङ्ग्रह प्रकाशित छ, जसमा शीर्षक कथासहित आठ थान कथा समावेश छन् । यिनका अरू कृति प्रकाशित भएनन् । तेस्रो पटक मिर्गौला प्रत्यारोपण गरेका यिनले आफ्नैबारे पुस्तक लेखे हुन्थ्यो भन्ने लाग्छ ।

टीकापुरनजिकको गाउँ जगतपुर, कैलालीका रेशमलाल चौधरीसँग २०५३ सालमा काठमाडौँ उक्लिँदा जम्काभेट भएको हो । यिनको सोही वर्ष थारू भाषामा एकठो बिरहीन कथा (कवितासङ्ग्रह) प्रकाशित भएको थियो । टीकापुरमा ८ कक्षा पढ्दै गर्दा यिनको सम्पादनमा जोगनी (पुतली) पत्रिका पनि प्रकाशन भएको रहेछ । पछि गीत लेखनमा व्यस्त यिनले आफ्नो रचना, स्वर, सङ्गीतमा भुवर विहान (२०५४) नामक थारू गीति क्यासेट निकाले । थारू भाषामा यी दुई कृतिमा मात्रै चित्त बुझाएका नेपालीमा भने यिनको स्वर, सङ्गीतमा सयौँ गीत रेकर्ड छन् । यिनी थारू भाषाको कमैया

चलचित्रको निर्माता, निर्देशक नायकसमेत हुन् । धेरै वर्ष रेडियोकर्मी भएका यिनी पछिल्लो पटक मधेशवादी दलबाट सांसद भए। टीकापुर घटनामा मुछिएर आठ वर्ष कारावास बसे । नागरिक उन्मुक्ति पार्टीका संस्थापक रहे तर श्रीमती रन्जिता श्रेष्ठसँग फाटो बढ्दा अर्को पार्टी खोल्ने धुनमा छन् । २०८२ सालमा थारू तथा नेपाली भाषामा पुनः गीत ल्याएका छन् । उनको एक असल मित्रको नाताले राजनीतिक धुनभन्दा सङ्गीतकै धुनमा उनी लागिदिए हुन्थ्यो जस्तो लाग्छ ।

## शिक्षणसँगै साहित्य

थारू समुदायका व्यक्ति सबैभन्दा बढी शिक्षण पेसामै छन् कि भन्ने मलाई लाग्छ । टीकापुरनजिकको गाउँ धर्मापुर, कैलालीका भोजराज चौधरी सायद शिक्षणबाट निवृत्त हुने अवस्थामा छन् । यिनी पनि मेरा ५० कै दशकका मित्र हुन् । यिनको थारू भाषामा तिरिया जलम (२०६३) उपन्यास, जिन्गीके उभर खाभर डगर (कथासङ्ग्रह) प्रकाशित छ । "तपाईंले कुनै एउटा कृति नेपाली भाषामा उल्था गरिदिनुपर्‍यो" भनेर उनले धेरै पटक आग्रह पनि गरेका हुन् तर सकिएन । गत वर्ष कृष्णजन्माष्टमीमा उनको घर पुग्दा अब लेखनबाट विश्राम लिएको सुनाउँदा म निराश भएँ ।

शिक्षण पेसामै रहेका टीकापुरका श्याम गोइजिहार, ओमप्रकाश गोइजिहार, चित्रबहादुर चौधरी, नाथुराम चौधरी, धनगढीका जित ट्रासन, सीताराम चौधरी, गदरियाकी लक्ष्मी रानालगायतसँग मेरो लामो सङ्गत छ । जित भाइको एउटा थारू र अर्को नेपाली गरी दुइटा कवितासङ्ग्रह अनि सीताराम तथा लक्ष्मीको थारू भाषामा लोककथासङ्ग्रह प्रकाशित छ । यी तिनै जनाले थारू लेखक सङ्घलाई कैलालीमा जीवन्तता दिएका छन् । सीताराम चौधरी मावि गदरियामा प्रधानाध्यापक, लक्ष्मी राना शिक्षिका छँदा म थारू साहित्यमा बालरचना लेखनको प्रशिक्षण पनि दिन गएको थिएँ ।

कैलालीको कैलारी गाउँपालिकाका लागि थारू लेखक सङ्घमार्फत जित, सीताराम अनि मेरो पनि लेखन संलग्नतामा प्राबि तहको थारू भाषाको पाठ्यपुस्तक तयार गरियो । हाल पठनपाठन सुचारु रहेकामा गर्व लाग्छ । अरू शिक्षक मित्र पनि सिर्जनात्मक भइदिए थारू साहित्यले चाँडै फड्को मार्ने थियो कि ?

## थारू साहित्य र महिला हस्ताक्षर

सुदूरपश्चिममा मात्र होइन, समग्रमा थारू साहित्यमा महिलाको उपस्थिति औंलामा गन्न लायक छ । बसौटी, कैलालीकी शर्मिला चौधरी 'सृष्टि', कञ्चनपुरमा बिहे भएर हाल बैतडीमा शिक्षणरत छिन् । आठ कक्षा अध्ययनकै बेला कविता लेखन सुरु गरेकी उनको मनके फूला (२०६२) खण्डकाव्य तथा दुःखके हल्कोरा (२०६४) र कमलह्रिया (२०८२) उपन्यास प्रकाशित छ । उनी आख्यानमा कलम चलाउने एकल महिला हुन् भन्दा फरक परोइन । एकाध पटक मात्र भेट भए पनि उनी फोन सम्पर्कमार्फत साहित्यबारे परामर्श गरिरहन्छिन् ।

धनगढीकी रविना चौधरी एक मात्र थारू गजलसङ्ग्रह ओंरी (सुरुवात) प्रकाशन गरी हाल जागिरे जीवनमा रमाएकी छिन् । उनको पुस्तकले पुरस्कार पाएपछि पुरस्कार पाउँदाको अनुभूति त लेख भन्ने आग्रह गर्दा पनि उनलाई लेखनमा 'कमब्याक' गराउन सकिएन । टीकापुरकी दिव्या प्रयासीले थारू तथा नेपाली भाषामा आफ्नो कविता, गजललगायतको आधा दर्जन पाण्डुलिपि प्रकाशकको बाटो हेरिरहेको हालैको भेटमा विवशता पोखेकी थिइन् । धनगढीकी डा. जीवन रानाले फुटकर रूपमा धेरै लेख रचना लेखे पनि उनको पुस्तकाकार कृतिबारे मलाई जानकारी छैन । लेखनको मर्मबारे जानकार उनी हाल सुदूरपश्चिम प्रदेश योजना आयोगको उपाध्यक्ष छिन् । सुदूरपश्चिमका थारू मात्रै होइन, डोटेलीलगायत कम्तीमा महिला लेखकको राम्रा कृति प्रकाशनबारे नीति बनाइदिए 'वाह' भन्ने थिए ।

कञ्चनपुरमा महिला लेखनमा खोजीपस्दा साफी चौधरीको मात्रै पुस्तक प्रकाशित भएको देखिन्छ । फुटकर कथा, कविता लेखनमा रमेकी कञ्चनपुरकी अर्की स्रष्टा सुनिता चौधरी 'सानु' लाई गत वर्ष थारू लेखक सङ्घ नेपालले पुरस्कृत गरेको थियो । पुरस्कार थाप्दै उनले चाँडै नै पुस्तक प्रकाशन गर्ने वाचा गरेकी थिइन् । यो वाचा कहिले पो पूरा हुने हो थाहा छैन । शिक्षण पेसामा रहेकी कञ्चनपुरकी बासुमाया राना थारूले अनुसन्धानमूलक पुस्तकको पाण्डुलिपि तयार रहेको गत वर्ष नै अवगत गराएकी थिइन् ।

## पत्रकारितासँगै साहित्य लेखन

पत्रकारिता कर्ममा लागेका कतिपयले साहित्यमा पनि अब्बलता देखाएका छन्, त्यसमध्येका एक हुन् धनगढीका लक्की चौधरी । हाल गोरखापत्र दैनिकमा आबद्ध उनी थारू भाषामा धनगढीबाट पहुरा (२०५९) साप्ताहिक (पछि अर्धसाप्ताहिक हुँदै दैनिक) सम्पादनमार्फत आफ्नो फुटकर रचना पनि प्रकाशन गरे । पछि पुस्तकका रूपमा सहीदान (२०६१, जेठ) गजलसङ्ग्रह निकाले । लगत्तै थारू भाषामा अनुवादसहित अन्तर्भाव (२०६३) गजलसङ्ग्रह प्रकाशित भयो । उनको तिहुवार (२०६२) चाडपर्व संस्कृति परिचय लेखसङ्ग्रह, मोर पहुरा (२०७०) पत्रपत्रिकामा प्रकाशित लेखसङ्ग्रह, नेन्धर (कवितासङ्ग्रह २०७१) तथा हँसौनी (२०७२) चुट्किलासङ्ग्रह पनि प्रकाशित छ । पहुरा दैनिकमा म सुरुदेखि नै अतिथि सम्पादक रहेको

छु । सोही पत्रिकाको आयोजनामा गरिएको पत्रकारिता प्रशिक्षणलगायत कार्यक्रममा जाँदा लक्कीसँग घनिष्ठता बढेको हो । उनी धनगढी छाडेर काठमाडौँ उक्लिएपछि थारू पत्रकार सङ्घमार्फत हामीले धेरै सहकार्य गरेका छौँ । अहिले पत्रकारिताले चेप्दै लगेर उनको साहित्य कर्म पातलिएको देखिन्छ ।

कञ्चनपुरका इन्द्र चौधरीसँग कुनैबेला अन्नपूर्ण पोस्टमा सँगै काम गरियो । अन्नपूर्ण पोस्टको अङ्कुर बाल संस्करणमा संलग्नतापछि स्वाभाविक रूपले उनको लेखन बालकथामा बढ्यो । ढोला फर्कियो त ? नयाँ वनपाले, कपासको घोडा गरी उनका तीन बाल पुस्तक-चित्रकथा प्रकाशन भइसकेका छन् । आफू डगौरा भए पनि रानाथारूको लोककथा प्रकाशन गरेका छन् । हाल पत्रकारिता त्यागेर शिक्षणमा लागेका यिनी मकवानपुर बस्दा चेपाङको लोककथा पनि सङ्कलन गर्न भ्याएका छन् । यसरी जुन पेसा अँगाले पनि यिनी लेखनबाट हराउने छैनन् भन्ने मलाई विश्वास छ ।

हालसम्म निरन्तरता पाएको धनगढीको पहुरा दैनिकले धेरै थारू पत्रकार जन्मायो । यद्यपि ती सबैले साहित्यलाई भने पछ्याएनन् । धनगढीकी उन्नति चौधरीको रिपोर्ताज पुस्तक नेपाली भाषामा छ । धनगढीकै पत्रकार मुकेश टेर्रालेे भने एम टेर्रा वास्तविकको नाममा फूला (कवितासङ्ग्रह २०६३) तथा लाल मुरै (कथासङ्ग्रह २०६४) प्रकाशन गरेको देखिन्छ । टीकापुरका रेडियोकर्मी छपि शीतलले थारू भाषामा दुई वटा गजलसङ्ग्रह ल्याएका छन् । यो पङ्क्तिकार र टीकापुरका पत्रकार (हाल अध्यक्ष जानकी गाउँपालिका) गणेश चौधरीसँगको लेखनमा 'थरुहट आन्दोलन : टीकापुर कथा' (२०७३) शोधमूलक पुस्तक प्रकाशित छ । अनलाइन पत्रकारितासँग सम्बद्ध मोतीराम चौधरी 'रत्न' को मनके बोझा (२०७०) गजलसङ्ग्रह प्रकाशित छ । यद्यपि समग्रमा पत्रकारितासँगै साहित्य लेखन पनि डोऱ्याउने थारू स्रष्टा कमै छन् सुदूरपश्चिममा ।

साहित्यिक पत्रिका प्रकाशन गर्नेलाई पत्रकार मानिँदैन । अझ वार्षिक रूपमा पत्रिका निकाल्ने त्यो गणनामा पर्ने कुरै भएन । अजय करिया मघरियाले २०४९ सालमा थारू भाषाको साहित्यिक पत्रिका गोम्हनिया वार्षिक रूपमा प्रकाशन गरेका थिए । यसको तीन अङ्क हात परेपछि म उनको सम्पादनको 'फ्यान' भएको थिएँ । उनले पत्रिका प्रकाशन गरेको एक दशकपछि उनलाई भेट्न कुनैबेला उनको घर कैलालीको कैलारी गाउँपालिका गोबरैला गाउँसमेत पुगेको थिएँ । त्यसबेला साहित्यमा स्थापित भइसकेको म उनको घर पुगेकोमा उनलाई सर्वहारी भन्ने सुरुमा त विश्वास नै भएनछ । फेसबुकको जमाना थिएन, अनुहार देखादेख भएको थिएन । मैले पचासकै दशकमा उनीसँग गरेको पत्राचारको अंश सुनाएपछि उनलाई बल्ल पत्यार लाग्यो, उनी औधी खुसी भएका थिए ।

थारू भाषामा वार्षिक रूपमा समेत पत्रिका प्रकाशन कार्य अनियमित भइरहेका बेला धनगढीबाट जिल्ला प्रशासन कार्यालय, धनगढीमा दर्ता गरी विशुद्ध साहित्यिक पत्रिका उँकुवार-भेट मासिक प्रकाशन गर्ने कार्यको थालनी भयो २०६१ भदौबाट । यो २०६२ असोजसम्म जम्मा सात अङ्क प्रकाशन भएर स्थगित भयो । यद्यपि उँकुवार-भेटले वर्षमा मात्रै झुल्किने थारू साहित्यिक पत्रिकाको परम्परागत शैलीलाई भने तोड्यो । शिक्षण पेसामा रहेका यसका सम्पादक ओमप्रकाश गोइजिहार थारू साहित्यिक पत्रिकाको महत्त्व समाजले नबुझेको गुनासो गर्छन् । थारू भाषामा बोली अनुसार लेखाइ अभियान चलाएपछि सर्वहारीले थारू भाषा बिगाऱ्यो भनेर यिनी मसँग औधी रिसाएका छन् ।

२०५३ सालमा कैलालीबाट तीन थान पत्रिका ट्रासन, अँख्वा र दीया प्रकाशित भएको देखिन्छ । २०६२ मा कैलालीबाट अश्रा र २०६३ सालमा थारू विद्यार्थी समाज कैलालीले कल्गी सन्देश र टीकापुर कैलालीबाट डगर प्रकाशित गरेको देखिन्छ । पछिल्लो कालमा राना थारू भाषाबाट जलमौती, राम राम, लखबारी, इजोत पत्रिका प्रकाशित भएकोमा स्थगित भइसकेका छन् । कैलालीबाट कठरिया थारू भाषाको 'कठरिया सन्देश' जेनतेन चलिरहेको छ । यी पत्रिकासँग सम्बद्ध धेरैसँग मेरो चिनजान छ । सबैको एउटै गुनासो छ, आर्थिक समस्या त छँदै छ, लेख रचनाको झनै समस्या छ । मातृभाषामा कलम दौडाउनेहरू नगन्य छन् ।

## सागर कुश्मी र साहित्यिक अभियान

सुदूरपश्चिमको थारू साहित्यको चर्चा गर्दा सागर कुश्मी 'सङ्गत' को नाम छुटाए यो आलेख अधुरै रहला । कैलाली बसौटीका सागर गजल, मुक्तक विधामा सशक्त ढङ्गले आउँदै छन् । यिनको २०६८ सालमा हस्ताक्षर तथा फुटल पोक्री दुई वटा गजलसङ्ग्रह तथा आँशके सागर (२०६९) मुक्तकसङ्ग्रह प्रकाशित छ । यो पङ्क्तिकार साहित्यिक अभियन्ता भए झैँ सुदूरपश्चिमको कैलाली र कञ्चनपुरमा थारू भाषामा गजल लेखनको धेरै प्रशिक्षण कार्यशालाको चाँजोपाँजो सागरले गरेका छन् ।

त्यस्तै २०६८ सालमा धनगढीमा स्थापना भएको छिट्कल थारू साहित्यिक समाजको गठनदेखि उनकै अध्यक्षतामा २०७० माघ महिनामा धनगढीमा जिउगर साहित्य समाज स्थापना भयो । यसले कुनैबेला थारू भाषाको साहित्यिक श्रीवृद्धिका लागि प्रायः प्रत्येक

महिनाको अन्तिम शनिबार रचना वाचनको शृङ्खला नियमित कार्यक्रम गर्‍यो । यी दुवै संस्था अहिले अस्तित्वमा छैनन् ।

हीरालाल सत्गाँवाको अध्यक्षतामा हिरगर साहित्यिक बगाल (समूह) गठन भई २०७१ चैत २६ गते जिल्ला प्रशासन कार्यालय, कैलालीमा वैधानिक रूपमा दर्ता भएको छ । यसले आफ्नो सक्रियता देखाउँदै कैलाली र कञ्चनपुरमा १६ वटा शाखासमेत विस्तार गरेको थियो । जसले दुई वर्षसम्म मासिक साहित्यिक शृङ्खला सम्पन्न नियमित गरेको थियो । हिरगर साहित्यिक बगालले हिरगर थारू साहित्यिक त्रैमासिक पत्रिका प्रकाशन तथा हिरगर साहित्य डटकम नामक थारू साहित्यको पहिलो वेबसाइट पनि सञ्चालन गर्‍यो । पत्रिका र अनलाइन दुवैका सम्पादक सागर कुश्मी 'सङ्गत' हुन् । यद्यपि पत्रिका र अनलाइन यी दुवै नियमित छैन ।

दुई वर्षदेखि धनगढीका युवाले थारू छात्रवासमा विविध विषयमा मासिक रूपमा थारू भाषामा प्यानल छलफल गर्न बाटचिट घर (कुराकानी घर) सुरु गरेका छन् । सागर कुश्मीले यस प्यानलमा साहित्यिक डबली चलाउँछन् । जिल्लाबाहिरका थारू साहित्यकार कुनै काम विशेषले धनगढी आए एकै महिनामा धेरै शृङ्खला चलाइने उनले जनाए ।

## रहलपहल कुरा

थारू गीत, सङ्गीत, चलचित्र निर्माणमा पनि अगाडि छ कैलाली । जनसङ्ख्या पनि कम भएर होला कैलालीको तुलनामा कञ्चनपुर निकै पछाडि छ । कैलालीकी अन्नु चौधरीले थारू मात्रै होइन, नेपाली गीतमा पनि आफ्नो पहिचान बनाइसकेकी छिन् । कैलालीकै अर्की गायिका समीक्षा चौधरी थारू गीतमा स्थापित छिन् तर गायनमा रमाउनेहरू मनिराम चौधरीबाहेक अरू लेखनमा देखिँदैनन् । पृथ्वीपुर, कैलालीका मनिरामलाई थारू समुदायको महालोकगायक भनिन्छ । उनी विधवा (२०५७) उपन्यास, हिमालके मुस्कान (२०५८) कविता, रसाइल करम (२०५९) कथासङ्ग्रह, दुखियारी बगिया (२०६१) कथासङ्ग्रह, बापसे पुत ज्ञानी फाँडाले बझाइ पानी (२०६२) खण्डकाव्यसङ्ग्रह प्रकाशन गरी थारू साहित्यमा विविध विधामा कलम चलाउने स्रष्टाका रूपमा देखा परे । साथै बिछोड (२०५८) तथा चम्फा फुलुवार (२०६०) थारू गीति क्यासेटसमेत प्रकाशन गरे ।

कानुन व्यवसायी रहेका पहलमानपुर, कैलालीका प्रेमराज चौधरीसँग २०६१ सालमा रेडियोकर्म गर्न नेपालगन्ज गएका बेला भेट भएको थियो । यिनको १३ थान कविताको सङ्ग्रह कहतु मैं (२०६०) थारू कवितासङ्ग्रह प्रकाशित भएको थियो । यही सङ्ग्रहमा आधारित रहेर उनीसँग रेडियोका लागि कुराकानी पनि गरेको थिएँ । लामो समय इन्सेकमा काम गरेका धनगढीका दिलबहादुर चौधरी बेलामौकामा विभिन्न मिडियामा समसामयिक विषयमा लेखिरहन्छन् । यसलाई सँगालोका रूपमा किन पुस्तक प्रकाशित गर्नुहुन्न ? भन्ने मेरो बारम्बारको ताकिता थेग्न नसकेर यिनले 'विद्रोहको झिल्को' पुस्तक प्रकाशन गरे ।

बर्दिया, राजापुरको भ्रमणमा निस्किएपछि मलाई कर्णालीपारिको कैलालीको टीकापुर छिर्न किन हो किन हुटहुटी जाग्छ । मैले २०५९ सालमै थारू–नेपाली भाषामा 'समयका उच्छवासहरू' हाइकुसङ्ग्रह प्रकाशन गरेको थिएँ । लम्कीसँगै जोडिएको अमौरी गाउँका तुलाराम चौधरी 'सनम' को 'तुहिन उपहार' (२०६१) हाइकु प्रकाशन गरेर मित्रता गाँसे । बिचमा भारत भासिएपछि पनि साहित्यिक कर्म छाडेनन् । बर्दियाली भाइ सोम डेमनडौराले जंग्रार साहित्यिक बखेरी बर्दियामा दर्ता गरेका थिए । त्यसकै मुम्बई शाखा गठन गरेका थिए तुलाले । भारतको मुम्बईबाट थारू भाषामा १९ जना स्रष्टाको संयुक्त थारू गजलसङ्ग्रह जेउनास (२०७१) प्रकाशन गरे । प्रवासबाट प्रकाशित यो थारू भाषाको पहिलो कृति भएको छ । तुलाकै गाउँले दीप लाइफ कियरले गोजी आकारमा 'तुँहार लग फूला' (२०६३) नामक थारूमा नौलो विधा तान्कासङ्ग्रह पस्केका छन् । यिनी अहिले मेरो सम्पर्कबाहिर छन् ।

म चाहन्छु थारू स्रष्टा नेपाली, अङ्ग्रेजीलगायत अन्य भाषामा पनि लेखेर आफ्नो समाजको साङ्गोपाङ्गो आयतन फैलाउन् । थारू साहित्य राष्ट्रिय सम्मेलनको कैलाली तथा कञ्चनपुरमा गरिएको दुवै स्थानमा मैले मदन पुरस्कार विजेता रामलाल जोशीलाई बक्ताको रूपमा डाकेको थिएँ । ती दुवै ठाउँको कार्यक्रममा जोशीले भनेका थिए, "थारू भाषी क्षेत्रमा बसेकाले तपाईंहरूको समुदायबारे सोधखोज गरेर आख्यान लेख्दै छु । थारू स्रष्टालाई रिसर्च गर्ने पर्दैन । मौलिक विषय धेरै छन् लेख्नलाई, कलम दौडाउनोस् ।" मलाई आशा छ, थारू साहित्यको श्रीवृद्धिका लागि सामूहिक लेखन अभियान अन्तर्गत सुदूरपश्चिमलगायत समग्र थरुहटमा मैले गरेको लगानी त्यसै खेर जाने छैन ।

म धनगढी गएँ भने भाइ सत्यनारायण दहितको घरमा बस्न अनुकूल ठान्छु । उनको थारू भाषामा मुक्तकसङ्ग्रह झिर्खि प्रकाशित छ । उनका तिखा मुक्तकले मलाई जति घोचेका छन्, अरूका मुक्तक फिका फिका लाग्छन् । साहित्यिक रूपले सुदूरपश्चिम मेरो दोस्रो घर हो । आफ्नो घर म कहाँ पो बिर्सिन सक्छु र ? ■

**देउखुरी, दाङ**

सुदूरपश्चिम कर्णाली **विशेषाङ्क**

# कर्णाली एक पहिचान अनेक

डबल महतारा



कर्णाली एक सन्धियुक्त व्युत्पन्न शब्द हो । 'कर्ण' र 'आली' शब्द मिलेर कर्णाली बनेको हो । 'कर्ण' भनेको कान वा अविवाहित अवस्थामा कुन्तीबाट जन्मेका महाभारतका एक प्रसिद्ध पात्र भन्ने बुझिन्छ । त्यस्तै 'आली' भनेको प्रवाह, खेतगरा छुट्याउनका लागि प्रयोग गरिने साँधलाई जनाउँछ । 'आल' शब्दमा 'ई' प्रत्यय लागेर पनि 'आली' भएको हो । यसको अर्थ भूमि भन्ने बुझिन्छ ।

शाब्दिक अर्थको हिसाबले यसलाई महाभारतका प्रसिद्ध पात्र कर्णले मोक्ष प्राप्तिका लागि यस क्षेत्रमा कर्मकाण्ड गरी आफ्नो जीवनको केही समय बिताएकाले यसको नाम 'कर्णाली' रहन गएको जनविश्वास रहेको छ । त्यसै गरी संस्कृत भाषामा 'कर्ण' कान र 'आली' प्रवाह वा नदी भनेर पनि बुझिन्छ । विशेष गरी संस्कृत साहित्य र वेदहरूमा 'आली' शब्दले बग्ने जलधारा वा नदीलाई जनाउन प्रयोग भएको पाइन्छ । त्यस कारण कान जस्तै सुन्न सकिने आफ्नै प्रवाहमा बग्ने नदी भएकाले यसलाई 'कर्णाली' नामाकरण गरिएको हुन सक्ने अर्को भनाइ रहेको छ । यो नेपालका आदिवासी, पौराणिक कथा र प्राकृतिक सम्पदाको एक सङ्गम हो । यसरी 'कर्णाली' शब्द आफैँमा सांस्कृतिक, धार्मिक एवं पौराणिक हिसाबले अत्यन्तै ओझपूर्ण रहेको छ । यही प्रसिद्ध कर्णाली नदीको नामबाट तात्कालीन पञ्चायती शासनकाल २०२९ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्दा हुम्ला, मुगु, जुम्ला, डोल्पा र कालीकोट गरी पाँच वटा जिल्लालाई मिलाएर कर्णाली अञ्चल भनेर नामकरण गरिएको थियो । नेपालको नयाँ संविधान-२०७२ अनुसार मुलुकलाई सात वटा प्रदेशमा पुनर्संरचना गर्दा साबिक कर्णाली अञ्चलसहित यस आसपासका अन्य पाँच वटा जिल्लालाई मिलाएर ६ नम्बर प्रदेश बनाइयो । पछि प्रदेश सभाले २०७५ असोज २१ गतेका दिन प्रदेशको नाम 'कर्णाली' र प्रदेश राजधानी सुर्खेत राख्ने निर्णय गरेको थियो ।

## हिउँ फुल्ने हिमाल

कर्णाली प्रदेशमा हुम्ला, मुगु, डोल्पा, कालीकोट, जुम्ला, दैलेख, सुर्खेत, जाजरकोट, सल्यान र रुकुमपश्चिम गरी १० जिल्ला छन् । कर्णाली प्रदेशले नेपालको झन्डै १८.७५% भूभाग ओगटेको छ । जसको कुल क्षेत्रफल झन्डै २४ हजार चार सय वर्ग किलोमिटर हुन आउँछ ।

कर्णाली प्रदेशलाई भौगोलिक रूपमा तीन भागमा विभाजन गर्न सकिन्छ । हुम्ला, मुगु र डोल्पा जिल्ला उच्च हिमाली क्षेत्रमा पर्छन्, त्यहाँका अधिकांश हिमालमा बाह्रै महिना हिउँ फुलिरहेको हुन्छ । कालीकोट, जुम्ला, जाजरकोट, सल्यान, रुकुम, दैलेख पहाडी क्षेत्रमा पर्छन् ।

यी जिल्ला मानव बस्ती, कृषि र वनजङ्गलका हिसाबले महत्त्वपूर्ण रहेका छन् भने सुर्खेतको केही भाग कर्णाली प्रदेशको तराई/उपत्यका क्षेत्र मानिन्छ । त्यस्तै जुम्लाको सिँजा उपत्यकालाई पनि तराईका रूपमा लिन सकिन्छ । जहाँ धान उत्पादन र सहरीकरणको हिसाबले अत्यन्तै महत्त्वपूर्ण मानिन्छ ।

## प्राकृतिक धार्मिक/पर्यटकीय सम्पदा

कर्णाली प्राकृतिक, धार्मिक एवं पर्यटकीय दृष्टिकोणले अति नै सम्भावना बोकेको प्रदेश हो । नेपालकै ठुलो ताल रारा, सबैभन्दा ठुलो जिल्ला डोल्पा, सबैभन्दा अग्लो झरना पचाल झरना र सबैभन्दा लामो नदी कर्णाली यसै प्रदेशमा पर्दछन् । रारा राष्ट्रिय निकुञ्ज र से फोक्सुन्डो राष्ट्रिय निकुञ्ज जस्ता संरक्षित क्षेत्र रहेको यो प्रदेश पर्यटकीय दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ ।

हुम्लाको लिमी भ्याली, अपर डोल्पा ट्रेक, कर्णाली जलविहार, सैपाल, कान्जीरोवा, बाल्सी, छिवा हिमाललगायत थुप्रै हिमशृङ्खला पर्यटकका लागि प्रमुख गन्तव्य हुन् । यहाँको जैविक विविधता, हिमाली शृङ्खला, गहिरा खोँच तथा प्रचुर जलस्रोतका कारण यस क्षेत्रको महत्त्व अझ बढेको छ । जुम्लाको चन्दननाथ, सिँजा उपत्यका, दैलेखको पञ्चकोशी, डोल्पाको त्रिपुरासुन्दरी, सुर्खेतको काँक्रेबिहार, कौशिल्यानाथ मन्दिर, कालीकोटको पचाल झरना क्षेत्र, हुम्लाको हल्जी गुम्बा, सल्यान कुपिण्डे ताल, जाजरकोट दरबारदेखि लिएर हिमाली क्षेत्रमा रहेका विभिन्न कलात्मक गुम्बा सांस्कृतिक एवं धार्मिक पर्यटनका प्रमुख आधार हुन् । साहसिक पर्यटनको दृष्टिले पनि कर्णाली अत्यन्तै सम्भावनायुक्त प्रदेश हो ।

## सामाजिक/सांस्कृतिक विविधता

कर्णाली प्रदेश बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक एवं सामाजिक विविधता भएको क्षेत्र हो । यहाँ क्षेत्री, ब्राह्मण, ठकुरी, मगर, लामा, तामाङ, दलित, थारूलगायत जातजातिको बसोबास रहेको छ । उनीहरूका आआफ्नै खालका बोलीचाली, वेशभूषा, पर्व, उत्सव तथा सांस्कृतिक परम्परा रहेका छन् । यहाँ खस, थारू, गुरुङ, तामाङ, भोटे शेर्पालगायतका स्थानीय उपभाषा प्रयोगमा छन् । हिन्दु, बौद्धलगायतका धार्मिक परम्परा रहेका छन् । यहाँ दसैँ, तिहार, छठ, माघेसङ्क्रान्ति, लोसारलगायतका पर्व मनाइन्छन् । यहाँका समुदायमा हस्तकला, काष्ठकला, कपडा बुन्ने कला, माटोका भाँडा र मूर्तिकला लोकप्रिय छन् । बौद्ध गुम्बामा भित्तेचित्रका साथै धार्मिक मूर्ति ऐतिहासिक र धार्मिक दृष्टिले महत्त्वपूर्ण छन् । यहाँका महिलाले ठाउँ अनुसार विभिन्न खालका गरगहना लगाउँछन् । अधिकांश पुरुषले टोपी लगाउने गर्दछन् । जातीय पहिचान अनुसार फरक फरक शैलीका पोसाक रहेका छन् । जातीय समुदाय अनुसार विभिन्न पर्व, नाच, गीत, वेशभूषा र परम्परा रहेका छन् । दसैँ, तिहार, माघी, भुओ, मैलो, लोसार, चैतेदसैँ, गौरा यहाँका मुख्य सांस्कृतिक पर्व हुन् । यस प्रदेशका अधिकांश मानिसले देउडा गाउने गर्दछन् । त्यसका साथै भ्याउरे, सेलो, मारुनी र सिँगारु नाच पनि यहाँका मौलिक सांस्कृतिक सम्पदा हुन् ।

## प्राकृतिक फार्मेसी, फलफूलको भण्डार

कर्णाली नेपालको सबैभन्दा ठुलो र जैविक विविधता भएको प्रदेश हो । यहाँ थुप्रै प्रकारका जडीबुटी र फलफूल पाइन्छन् । संसारकै महँगोमा बिक्री हुने जडीबुटीमध्येको एक यार्सागुम्बा यहीँ प्रदेशको हुम्ला, मुगु र डोल्पा जिल्लामा पाइन्छ । यसका अतिरिक्त जटामसी, चिराइतो, सतुवा, बोजो, तितेपाती, पाँचऔँले, गुर्जो आदि जडीबुटी पनि यही प्रदेशमा नै पाइन्छन् । यहाँका चट्टानमा सिलाजित पाइन्छ । कर्णाली सौन्दर्यको खानी हो ।

कर्णालीका जडीबुटी परम्परागत र वैकल्पिक एवं आयुर्वेदिक उपचारमा प्रयोग गरिन्छ । यी जडीबुटी प्रायः दुई हजार मिटरभन्दा माथिको उचाइमा पाइन्छन् । यहाँका हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालीकोट आदि हिमाली जिल्ला प्रमुख जडीबुटी क्षेत्र हुन् । त्यसैले कर्णालीलाई प्राकृतिक फार्मेसी भन्ने गरिन्छ । साबिक कर्णाली नेपालकै स्याउ उत्पादनको पकेट क्षेत्र मानिन्छ । यहाँको स्याउ स्वादिलो मात्र होइन, स्वास्थ्यवर्धक पनि छ । यसका साथै ओखर, चुली, खामु, नासपाती, आरू, खुर्पानी, सुन्तला, किबी, अमिला आदि फलफूल प्रशस्त मात्रामा पाइन्छन् । जहाँ स्याउ फल्छ, त्यहाँ ओखर, चुली, खामु पनि फल्ने गर्छ । दैलेख, सल्यान, जाजरकोट जिल्ला सुन्तलाका लागि उपयुक्त छन् । मध्यपहाडी भूभाग सुन्तला, किबी र अमिला उत्पादनको पकेट क्षेत्र मानिन्छ । सुर्खेतमा आँप उत्पादन हुने गर्छ । स्थानीय जडीबुटी र फलफूल प्रशोधन गर्ने उद्योग सञ्चालन गर्न सकेको खण्डमा रोजगारीमा वृद्धि गर्नुका साथै देशको अर्थतन्त्रमा टेवा पुऱ्याउन सकिन्छ । अब यहाँको सरकारले यस क्षेत्रलाई जडीबुटी र फलफूल पकेट क्षेत्र निर्धारण गरी त्यही अनुसारका कार्यक्रम सञ्चालन गर्न जोड दिनु पर्छ । स्याउ र फलफूलबाट जामजेली, जुस, चिप्स बनाएर विदेशसम्म निर्यात गर्न सकिन्छ । हिमाली क्षेत्रमा अन्तर्राष्ट्रिय जडीबुटीजन्य शैक्षिक प्रतिष्ठान एवं विश्वविद्यालय निर्माण गरी जडीबुटीको ज्ञान प्रचारप्रसार गर्न सकिन्छ ।

## नेपाली भाषा साहित्यको उद्गमस्थल

कर्णाली भाषा विज्ञानको दृष्टिले पनि अत्यन्त महत्त्वपूर्ण स्थान हो । नेपाली भाषाको प्रारम्भिक रूप खस भाषा जुम्लाको सिन्जा उपत्यकाबाट फैलिएको हो । यही खस भाषाले नै आधुनिक नेपाली भाषाको आधार तयार

पारेको हो । त्यसैले यसलाई नेपाली भाषा संस्कृतिको उद्गमस्थलको रूपमा चिनिन्छ । कर्णालीका अधिकांश ठाउँमा अहिले पनि खस भाषा बोलिन्छ । संस्कृत र तिब्बती–भुटानी भाषासँगको मिश्रणबाट विकास भएको मानिन्छ खस भाषा । खस भाषाको विकास १२ औँ शताब्दीबाट सुरु भएको मानिन्छ । तात्कालीन खस राज्यमा खस भाषा बोलिन्थ्यो । यस भाषाले विभिन्न विकासका चरण पार गर्दै आधुनिक नेपाली भाषामा रूपान्तरण भएको हो । अहिले पनि कतिपय खस भाषाका शब्द अन्य भाषीले बुझ्न गारो पर्दछ । कर्णालीको सामाज, संस्कृति र संस्कारले नेपाली भाषासाहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । साबिक कर्णालीका हुम्ला, जुम्ला, डोल्पा, कालीकोट र मुगुलगायत यस आसपासका क्षेत्र प्राचीन खस साम्राज्यका महत्त्वपूर्ण किल्ला हुन् । यहाँको खस समुदाय नेपालको मध्य र पूर्वी भाग तथा भारतको दार्जिलिङ, आसामलगायतका विभिन्न स्थानमा बसाइँ सर्ने क्रममा खस भाषा फैलिएको मानिन्छ ।

## जलस्रोतको अपार क्षेत्र

जलस्रोतको दृष्टिले कर्णाली प्रदेश अत्यन्तै धनी छ । नेपालको सबैभन्दा लामो नदी कर्णालीदेखि लिएर भेरी, तिला, हुम्ला कर्णाली, मुगु कर्णाली, बबई जस्ता सहायक नदी यही प्रदेशमा रहेका छन् । हुम्लामा हुम्ला कर्णाली, हेप्का खोला, सर्केगाड खोला, गल्फागाड, कुवाडी खोला, मुगुमा मुगु कर्णाली, डोल्फु कर्णाली, गमखोला, खत्याड खोला, डोल्पामा ठुली भेरी, सानी भेरी, से फोक्सुन्डो खोला आदि, जुम्लामा तिला, हिमा, जावा नदी आदि, कालीकोटमा फुगाड, सान्नीगाड, थिर्पुगाड, भर्तागाड, बालीगाड आदि सहायक नदी र खोला रहेका छन् । त्यसै गरी दैलेखमा रामघाटखोला, छामघाड खोला, पराजुली खोला, कट्टी खोला, रति खोला, साना खोला आदि, जाजरकोटमा खारखारा खोला, उद्यारी खोला, जुवानी खोला, खाप्ने खोला, उत्तरगङ्गा खोला आदि, सुर्खेतमा भेरी, बबई, खुर्खोरि खोला, सेरा खोला, दङ्गीशरण खोला, चौर खोला, बनियानी खोला, इत्रम खोला आदि, सल्यानमा भेरी, शारदा, लुहम खोला, वनगाड, मासखोला, दार्मा खोला, मोक्ला खोला, कोरवाङ खोला रहेका छन् ।

खस जातिको मुख्य धर्म हिन्दु हो । उनीहरू हिन्दु संस्कार अनुसार नै आफ्ना सामाजिक चालचलन र मूल्यमान्यता अवलम्बन गर्ने गर्दछन् । धर्मको हिसाबले हिन्दु भए पनि उनीहरूले बौद्धलगायत अन्य धर्मालम्बीसँग नजिकको सम्बन्ध राख्दै आएका छन् । कर्णालीका हिमाली क्षेत्रमा बौद्ध धर्मावलम्बीको बसोबास रहेको छ । त्यहाँ हिन्दु र बौद्धको बिचमा सामाजिक सद्भाव, मेलमिलाप र धार्मिक सहिष्णुता रहेको छ ।

कर्णालीका सबै समुदायमा खस संस्कृति झल्किने गरेको छ । यस क्षेत्रमा जन्म, व्रतबन्ध र विवाहमा चाँड्ची (फाक) भन्ने चलन छ । रातभरि घरको छतमा आगो बालेर त्यसको वरिपरि घुम्दै देवीदेवताका पौराणिक एवं धार्मिक कथा गीतको शैलीमा गाउने गरिन्छ । राति महिलाले कुचो वा कुनै वस्तुलाई महिलाको गरगहना लगाइदिएर बालो बनाई हातमा नचाउने चलन छ । त्यस्तै डोकोलाई केटीको कपडा र गरगहना लगाइदिएर चम्फा बनाउने चलन छ ।

पुरुषले चाल्नोमा गिलो पिठोको नाकमुख बनाएर मुखौटो लगाउने र नाच्ने प्रचलन छ । केटालाई बाक्टे र केटीलाई बक्ट्यानी भनेर सम्बोधन गरिन्छ । उनीहरूलाई बाजा वा गीतमा नचाउने गरिन्छ । दिउँसो हरिनो नाच्ने गर्दछन् । एक जोडी डोकोलाई लठ्ठीले वरपर अड्याउने र त्यसलाई कपडाले छोपी घोडा बनाउने गरिन्छ । त्यसमा बस्ने मुखौटो लगाएको मान्छेले हातमा खुकुरी र मफलर समातेर बाजाको तालमा नाच्ने गर्छन् । त्यस्तै ढालतरवारको खेल पनि खेलिन्छ । कर्णालीमा विभिन्न जात जातिका आआफ्नै खालका लोकसंस्कृति र परम्परा छन् । कर्णालीको मुख्य सांस्कृतिक परम्परा भनेको देउडा नाच हो । यसमा केटा र केटी वा कुनै दुई पक्षबिचमा गीतका माध्यमबाट सवालजवाफ गरिन्छ । देउडाले मानव समुदायलाई एकता गर्न र कुनै पनि नयाँ कामका लागि आत्मबल वृद्धि गर्ने काम गर्दछ । कर्णालीका सबै समुदायमा यो परम्परा रहेको छ । यसले सामाजिक एकता र मेलमिलापमा जोड दिन्छ । देउडा गीतमा माया, प्रेम, सद्भाव, विभिन्न सामाजिक सन्देशलगायत जीवनका विभिन्न पाटापक्ष उजागर भएका हुन्छन् । हालको कर्णाली प्रदेशको जाजरकोट, सल्यान, रुकुमतिर भने देउडाका साथै सिँगारु र टप्पा नाच्ने प्रचलन रहेको छ । यस्ता नाचले सामाजिक एकता र समृद्धि कायम गर्ने कार्यमा सहयोग पुऱ्याइरहेका छन् । समाज रूपान्तरणदेखि लिएर राज्यसत्ता परिवर्तन गर्ने जुनसुकै आन्दोलन र विद्रोहमा कर्णाली सक्रिय देखिन्छ । कर्णालीवासी सामाजिक, आर्थिक, जातीय र वर्गीय असमानताका विरुद्धमा हुने जुनसुकै आन्दोलनमा डटेर सक्रियताका साथ लड्दै आएका छन् ।

अन्त्यमा, कर्णालीले नेपालको भाषा, साहित्य, संस्कृति, राजनीति, धर्म, संस्कार, सामाजिक संरचना र जलस्रोतको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको छ । भौगोलिक विकटताले भौतिक, आर्थिक, शैक्षिक विकासमा चुनौती ल्याएको भए पनि ती चुनौतीलाई सामना गर्न सक्ने सामर्थ्य बोकेर कर्णाली आफ्नै प्रवाहमा बगिरहेको छ । कर्णाली सामाजिक संरचना र बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय एक क्रान्तिकारी चेत भएको रक्तिम किल्ला हो । ■

# काली–कर्णालीमा लोकप्रिय देउडा

गोविन्दप्रसाद पाण्डे

*स्याउ पाक्या नास्पती पाक्या, बागवानी फारम ।*
*पहिला मु सोधनी गर्छु, जिउ छ क्या आराम ॥*

गीतलाई लोकसंस्कृतिको एउटा महत्त्वपूर्ण हाँगाका रूपमा लिइएको छ । देउडा नामक लोकलहरी नेपालका तत्कालीन भेरी, कर्णाली, सेती र महाकाली अञ्चलका प्रायः सबै भूभागमा प्रख्यात रहेको छ । यस क्षेत्रको जनजीवन देउडा गीतसँग जोडिएको हुन्छ । यहाँका जनमानसका लागि देउडा गीत लोकप्रिय छ । यो गीत तत्काल बनाएर स्वर मिलाएर गाउन सकिन्छ । यी गीतको मूल रूप न्याउल्या गीत भए पनि देउडामा बढी खेलिने भएकाले आजभोलि यसलाई देउडा गीतका रूपमा चिन्ने र चिनाउने गरिन्छ । देउडा गीतहरू परम्परादेखि चलिआएका र जनसमुदायमा गहिरो छाप पारिसकेका हुन्छन् । देउडा गीत प्रेमका दृष्टिले अति मार्मिक हुन्छन् जस्तै :

*डालो भाग्यो उत्तिसैको, पात झ्यो रैसको ।*
*रिन पाया ब्याज तिर्न्या थिया, बाजका बैसको ॥*
*गोब्रेनी भुजेनी भित्र, चुम्लायाको धारो ।*
*साँच्चै माया लाउन्या भया, मुटु गर सारो ।*

देउडा कुममा कुम जोडी हात मिलाएर खुट्टाको विशेष चालमा घुमीघुमी नाच्ने गरिन्छ । यो नाचको आफ्नै प्रकृति र नियम छ । खुट्टाको चालमा अगाडि बढ्ने सुरुमा हात जोडेर पङ्क्तिबद्ध भएका देउडा खेलाडी खेल सुरु हुनेबित्तिकै देब्रे खुट्टा एक पाइला अगाडि हान्छन् दायाँ खुट्टालाई आधा पाइला यसरी सबैले एकै तालमा खुट्टा हानेर अगाडि बढ्दै फन्का लगाई देउडा खेलको मजा लिन्छन् । देब्रे पाइला पहिला चालेर खेलिने खेल भएकाले यसको नाम देउडा रहन गएको पनि भन्ने भनाइ छ । देउडा गीतमा दुई वटा पङ्क्ति रहन्छन् । पहिलो र दोस्रो पङ्क्तिको अन्त्यमा लय मिलाइन्छ । देउडा विशेष प्रकारको पद्यात्मक गीतको श्रेणीमा पर्दछ । देउडा गीतलाई नेपाली लोकगीतको पुरातन रूपको कोटीमा पनि राखिएको छ । यसको उत्पत्ति नेपाली भाषाको जन्मभूमि कर्णाली क्षेत्रबाट भएको हो भन्ने भनाइ छ । युवायुवती, वयस्क, बुढापाका आदिबिच गाइनुका साथै घाँस, दाउरा, वनपाखामा गएका बेला वा खेतबारीमा काम गर्दागर्दै मनमा विरह र लहरी चलेमा एक्लै वा समूहमा भाका मिलाएर गाउने सिलसिलामा देउडा गीतका मूल फुट्दछन् । हेरौँ यसरी मूल फुट्ने देउडा गीत :

*आज भोल को रोप्दो होला, बाबाज्यूको सेरो ।*
*मु माया बाजकै मान्दो, बाज मान्दैनौ मेरो ॥*
*दुल्ल देयी देखिन्या रैछ, दैलेखको गढी ।*
*तुला जोखौ पाथा भरौ, कस्को माया बढी ॥*

यति ठुलो भूभागका मानिसले परम्परागत रूपमा गाउँदै आएका देउडाको महत्त्व दुई शब्दमा लेखिने कुरै होइन । यसको महत्त्वका बारेमा मात्रै छुट्टै ग्रन्थ बन्न सक्छ । यस क्षेत्रका मानिसका मुक्तकण्ठमा देउडागीत झुण्डिएका हुन्छन् । अलिकति ठाउँ पाउनेबित्तिकै हरेकका मुखबाट देउडाका थामी नसक्ना भल बग्छन् र देउडाको भलले गर्दा जाने पहिरोले भत्काउने र बिगार्ने नभई सपार्ने, बनाउने र जोड्ने काम गर्दछ । यसरी निस्कने गीतले दुःखी, बैरागीका मनमा सान्त्वना दिने काम गर्दछ । देउडा गीत यस क्षेत्रका सार्वजनिक सम्पत्तिका रूपमा रहेका छन् । प्रत्येक देउडा गीतका भाव र मर्म आफ्नै खालका हुन्छन् । देउडा गीत तिखा वाण जस्तै हुन्छन् जसको गोलीले सबैका मुटुमा चसक्क बिझाउँछ ।

*को जाला कट्टिका लेख, दुलाल भाका गाउन्या ।*
*कैले होलान् बैरागीका, सुदिन फर्किआउन्या ॥*

यस क्षेत्रका मानिस कुममा कुम र हातमा हात मिलाएर दुई पाइला अगाडि एक पाइलो पछाडि गर्दै जिउडाललाई मरक्क मर्काउँदै देउडा खेल खेल्दछन् । जब घोचिला तथा पेचिला प्रश्न सुरु हुन्छन् तब खेल अचम्मै चम्किन्छ । जब देउडा खेल पूर्ण रसरङ्गमा उत्रिसक्दछ त्यसबेला आकाशमा ताराको गति टक्क रोकिए जस्तो उडिरहेका चराहरू नजिक आई डालीमा बसे जस्तो तथा न्याउली र कोइली पनि चुप लागेर रमिता हेरिरहे जस्तो भान हुन्छ ।

देउडा गीतका गेडीसँगै देउडा खेल आरम्भ हुँदा

सबैका आँखामा अनौठो चुम्बक हुन्छ भने इसारले चुपुक्क चुपुक्क मधुर रस पिए जस्तो देखिन्छ । खेलाडी सबैमा हौसला र उल्लास हुन्छ । त्यहाँ सुनौलो र शान्त दुनियाँ भएको अनुभूति हुन्छ । विरह, वेदना, पीडा, लज्जाशीलता, चिन्ता तथा सुर्ता जस्ता चिज त्यहाँबाट पहिले नै भागिसकेका हुन्छन् । यस खेलमा आपसमा मुटु साटासाट गर्दै मधुरागरूपी गीत गाइन्छन् । खेलाडी विजय अभिलासाले विभोर हुँदै सपनामा बग्न लाग्दछन् ।

देउडालाई नेपाली संस्कृति र सभ्यताको धारक रूपमा लिन सकिन्छ किनभने वर्तमान नेपाली संस्कृतिको प्रवाह यसै काली कर्णाली क्षेत्रबाट भएको छ । यस क्षेत्रमा प्राचीनकालदेखि आजसम्म देउडा विधाले निरन्तर संरक्षण र माया पाएको छ । देउडामार्फत आफ्नो मनमा लागेका विभिन्न कुरा सजिलैसँग व्यक्त गर्न सकिन्छ । देउडागीतमा लुकेका शब्दले एतिहासिक महत्त्व राख्दछन् । इतिहासको बिर्सिएको पाटोको अध्ययन, अनुसन्धान गर्नमा देउडा गीत सहायक हुने गर्दछन् । ऐतिहासिक घटनवालीलाई चिटिक्क सिँगारेर जनसमक्ष राख्ने काममा देउडाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । समाजमा परिवर्तित रूपरेखा र तिनका आवश्यकता औँल्याउनमा देउडा विधा अति सफल भएको छ । देउडामा वक्तृत्व र अभिनय कौशल हुनाले यदि कसैलाई देउडाबाट गाली गरिन्छ भने उसले हाँसी हाँसी स्वीकार गर्दछ । देउडाले निर्भीकतासाथ समाजको मनोदशा चित्रण गर्ने सफलता पाउनुमा सर्वोत्तम पक्ष समूह स्वर खेल हो । यसबाट समुदायमा घटेका सबै खाले राम्रा नराम्रा कुरा अभिमञ्चनमार्फत प्रकाशमा आउँछन् ।

समाजमा परिवर्तित रूपरेखा र तिनका आवश्यकता औँल्याउनमा देउडा विधा अति सफल भएको छ । देउडामा वक्तृत्व र अभिनय कौशल हुनाले यदि कसैलाई देउडाबाट गाली गरिन्छ भने उसले हाँसी हाँसी स्वीकार गर्दछ ।

*स्याउ सिमी छन् घर घर, बजारको ठाउँ छैन ।*
*भित्र मुट्टु जल्याकै छ, देखिन्या घाउ छैन ॥*
*जडीबुटी पाटन भरी, घुच्ची च्याउ वन भरी ।*
*जती दुःख पोख्या पनि, वेदना मन भरी ॥*

प्रेम, वेदना र रोदनका साथै गाउँठाउँमा भए गरेका विकृति र विसङ्गतिको विरोध तथा प्राकृतिक र मनमोहक कुराको प्रशंसा गर्ने काम देउडागीतमार्फत हुने हुँदा यसको महत्त्व अझ बढेको छ । देउडालाई यस क्षेत्रमा मानिसले आफ्नै सम्पत्ति जस्तो मानी संरक्षण तथा सम्भार गर्न खोज्नुबाटै देउडाको महत्त्व र महिमा प्रस्ट हुन्छ । देउडा लहरीको स्थानीय जनजीवनसँग गहिरो सम्बन्ध रहेको हुन्छ । हामी आफ्नो साइनु लाग्ने मामा-माइजू, सालासाली तथा दिदीभिनाजुलाई जति माया गर्छौं त्यत्तिकै यसक्षेत्रका बासिन्दाले देउडालाई माया गर्दछन् भन्ने कुरा यी गीतले देखाउँछन् :

*नेपाली भई चिनिन्या हामी, दौरा सुरुवाल लाउनाले ।*
*मन मेरो उज्यालो भयो, देउडा गीत गाउनाले ॥*

तत्कालीन समयका कर्णाली, भेरी, सेती र महाकाली अञ्चलसम्मका दराखोला, पाखा, कन्दरामा स्थानीय चार्डपर्व, जात्रामेला, वनपाखा, घाँसदाउरा तथा ग्वाला जाँदा गाइँदै आएका देउडा गीतको इतिहासमा नयाँ पाटो थपेर देउडा गीतको महत्त्व अझ बढाउने काम केही वर्षयता राजधानीलगायतका नेपालका मुख्य सहरमा मनाइने गौरा पर्वले गरेको छ । मध्य र सुदूरपश्चिमबाट विविध कामका लागि घरबाहिर गएकालाई आफ्नो संस्कृतिलाई बिर्सन हुँदैन भन्ने कुरामा गौरा पर्वले राम्रो पाठ सिकाएको छ । गौरा पर्व मनाउने सिलसिलामा काठमाडौँको खुलामञ्चमा सबै पक्षका राजनीतिक व्यक्तित्व, कर्मचारी, विद्यार्थी तथा अन्य सर्वसाधारण गरी १० औँ हजारको सहभागिता देखिनु र आकाशमा उडिराखेका हाँसका बथान जस्तै गरी कुममा कुम जोडेर देउडा खेल्नुले गर्दा देउडाको उचाइ वृद्धि भएको छ । यसरी सबै पक्षका मानिसले देउडालाई आफ्नो सम्पत्तिका रूपमा माया गरिदिनुले देउडा हल्काफुल्का तथा तल्लो जातिले गाउने गीत हो भन्नेहरूका मुखमा बुजो लागेको छ ।

अहिले आएर काली कर्णालीका विभिन्न ठाउँमा नियमित रूपमा देउडा तथा सांस्कृतिक कार्यक्रम हुने गरेका छन् । कैलालीको टीकापुरदेखि लम्कीचुहासम्मको क्षेत्रमा विभिन्न बारमा नियमित रूपमा लाग्ने हाटबजारमा देउडा खेल हुने गर्दछन् । बाँकेको कोहलपुर सुर्खेत राजमार्गस्थित बानियाभारमा प्रत्येक शनिबार देउडा खेल हुँदै आएको छ । सुर्खेतको खुला मञ्चमा महिनाको १ र ३० गते गरी दुई दिन नियमित रूपमा देउडा तथा सांस्कृतिक कार्यक्रम हुने गर्दछ ।

देउडा भन्नासाथ, 'आहा कति राम्रो है ! पोहोर साल काठमाडौँको खुलामञ्चमा देउडा नचेको देखेको थिएँ, मलाई त साह्रै रमाइलो लाग्यो' भन्छन् । निश्चित भूभागमा प्राचीन समयदेखि रहेको देउडा ५० को दशकयता राष्ट्रव्यापी भएको छ । नेपालका मुख्य-मुख्य सहरमा निर्विवाद रूपमा देउडागीत र देउडाखेल आयोजना गरिन थालेका छन् ।

*कादैमा बन्दुक हाली, काँ जान्छै दर्नाली ।*
*आउदा जाँदा पानी पिउँला, नसुकेयी कर्णाली ॥* ■

# नेपालगंजिया भाषामा संवाद

पुष्पराज श्रेष्ठ

लुम्बिनी प्रदेशमा पर्ने नेपालगन्ज नगर तिसको दशकसम्म साबिकको राप्ती, मेरी र कर्णालीका २४ जिल्लाको केन्द्र थियो । दैनिक आवश्यकताका वस्तु खरिद गर्न, शिक्षा प्राप्त गर्न र औषधीमूलो गर्ने थलोका रूपमा नेपालगन्जको महत्त्वपूर्ण स्थान र पहिचान थियो। तत्कालीन सुदूरपश्चिमाञ्चलका कैलाली, बैतडी, अछाम, दार्चुला, कञ्चनपुरलगायत केही जिल्लाका केही मानिस भारतको दिल्ली, देहरादुन, बरेली, धार्चुला, हरिद्वार, गौरीफन्टालगायत केही सहर र कस्बातिर गए पनि भारत जान नचाहने र नसक्ने नेपालगन्जमै आउँथे । यहाँको प्रमुख बजार त्रिभुवन चोक र एकलैनी बजार थियो । सल्यानी बङ्गला, दैलेखी बङ्गला निर्माण गरिएका थिए जहाँ पहाड, हिमालबाट आउने हटारुहरू (हाट गर्न आउने) बास बस्थे । महेन्द्र क्याम्पसमा अध्ययन गर्नेहरू नेपालका विभिन्न मन्त्रालयका मन्त्री, सांसद तथा नीति निर्माणको तहसम्म पुगेर अहिले पनि क्रियाशील छन् ।

तिसको दशकको लगभग अन्त्यसम्म नेपालगन्जका केही रैथानेले बोल्ने भाषा बेग्लै किसिमको थियो । विभिन्न जिल्लाबाट बसाइँ सरेर आई स्थायी रूपले नेपालगन्ज र वरिपरि बस्नेले आआफूमा आफ्नै भाषाको प्रयोग गर्थे भने बाहिर चाहिँ नेपाली भाषाको । नेपालगंजियाले पनि एकआपसमा नेपालगंजिया भाषा बोल्ने गर्थे, खास गरी साथीभाइ र समान उमेर भएकाहरूबिच यो भाषा निकै प्रचलित थियो । बालक, युवा उमेरका र बिन्दास प्रकृतिकाबिचको संवादमा नै यसको बढी प्रयोग हुन्थ्यो । कुनै औपचारिक वा लेखापढीमा भन्दा बोलीचालीमा मात्र प्रयोग हुने भाषा हो यो, नेपालगंजिया भाषा । रमाइलो वा ठट्यौली पारामा बोल्नु पर्दा यही भाषाको प्रयोग गर्थे/गर्छन् ।

चालिसको दशकअघिसम्म नेपालगन्जमा छिटपुट रूपमा नेपाली भाषाका पत्रपत्रिका उपलब्ध थिए । गोरखापत्र, मधुपर्क, रूपरेखा, नयाँ सन्देश, रहस्य, मातृभूमि, सुरमा सरोवरलगायत केही नेपाली दैनिक, साप्ताहिक र मासिक पत्रपत्रिका सीमित सङ्ख्यामा पुग्थे । नेपालगन्जमा साप्ताहिक 'किरण' नियमित रूपले प्रकाशन हुन्थ्यो । नेपाली भाषाका पत्रपत्रिका पढ्नका लागि सरकारी कार्यालय, सूचना केन्द्र वा महेन्द्र पुस्तकालय पुग्नुपर्थ्यो । घर, पसलमा आउने चाहिँ दिल्ली, बम्बई, लखनउबाट प्रकाशित हुने नवभारत टाइम्स, हिन्दुस्तान, दिनमान, दैनिक जागरण, सरिता, मुक्ता आदि ५० औँ प्रमुख दैनिक, साप्ताहिक र मासिक पत्रपत्रिका हुन् । उपन्यास पनि हिन्दीकै लोकप्रिय थिए । त्यसैले नेपालगंजिया भाषामा हिन्दी र अवधि भाषाका शब्द पसेका छन् ।

भारतीय भाषाको प्रभाव परेको भए पनि हिन्दी शब्दलाई आफ्नै तरिकाले प्रयोग भएको पाइन्छ नेपालगंजिया भाषामा । यहाँको स्थानीय भाषामा सबैभन्दा बढी बोलिनेमध्येको एक शब्द हो 'बे' । यहाँ साथी, यारलाई 'बे' भनिन्छ तर ठुलोले सानोलाई पनि मायाँ गरेर 'कां जानलागिस्, बे ?' पनि भन्छन् । 'बे' को अगाडि 'ए' वा 'अ' थपेर 'एबे' या 'अबे' भनेर पनि बोलिने गरिन्छ । 'एबे ! बसन्तेले के गरिराछ ? हेरम् त ?'

साथी, यारलाई दोस् (हिन्दी शब्द दोस्तलाई छोट्याएको) पनि भन्छन् । 'अरे दोस् ! एक्लै एक्लै चल्दिस्, रबडी खान ?' दुधबाट बनाइने यहाँको रबडी प्रसिद्ध थियो तर अचेल अधिकांश विक्रेताले मैदा मिसाउनाले स्वादिष्ट हुँदैनन् । नेपालगंजियाबिचको संवाद रोचक हुन्छ । 'तेल्ले मेरो साइकिललाई आफ्नैतना गरिराछ ।' अर्थात् त्यसले मेरो साइकललाई आफ्नै जस्तो गरिरहेको छ ।

'हिंजो कां गथिस्, बे ?' गएको थिइस् को छोटकरी रूप, गथिस् । 'चल बे, ज्यादा नबका ।' बकाउनु भनेको झुटा कुरा गर्नु हो । आफूलाई कसैको कुरा सुन्न मन लागेको छैन तर उसले बोलिरहेको छ भने पनि 'अबे ज्यादा नबका' धेरै गन गन नगर भन्छन् । 'चल फूट, यहाँबाट ।' यहाँबाट जा भनेको ।

'झपट्टा नमारेस् बे ।' यो भनेको झम्टेर वा हतारिएर कुनै सामान वा वस्तु लिनु ता कि त्यो सामान

वा वस्तु फुत्की नहालोस् । 'कहाँ चल्दिस् बे ?' चल्दिस् अर्थात् हिँडिस् ।' 'बहुत मूराहा छ त्यो ।' अर्थात् त्यो सारै बदमास छ, चकचके छ ।

'ज्यादा नक्सेबाजी नदेखा ।' नक्सेबाजी भनेको राम्रो, आकर्षक देखिएर, नक्कल पारेर हिँड्नु, हिरोपन्ती प्रदर्शन गर्नु हो । 'अबे, तं हरदम तौवाइराख्छस् ।' तँ जुनबेला पनि रिसाइरहेको हुन्छस्, तेरो पारा हर समय चढिरहेकै हुन्छ भनेको । धेरै घमन्ड, धेरै चुरिफुरी वा फूर्ति नदेखा भन्नुपर्‍यो भने नेपालगंजियाहरू 'ज्यादा ताव/ताऊ नदेखा' भन्छन् ।

'तं हिंजो साइकल रप्टियाएर कां गैराथिस् बे ?' रप्टियाउनु भनेको बढी गतिमा साइकल चलाउनु हो । बाइक, गाडीलाई रप्टियाउनु भनिन्न । नेपालगंजिया भाषा प्रचलनमा रहँदा सर्वसाधारणको पहुँचमा मोटरसाइकल र गाडी थिएनन् पनि ।अधिकांश साइकल नै चढ्थे ।

'अबे, अझै बूत लगा न ।' बूत लगाउनु भनेको बल, तागत, शक्ति लगाउनु हो ।' तेरो कन्पटी लाल गर्छु, ज्यादा बकबक नगर ।' कानमुनि वा कन्चटमा झापट लगाउनु वा हिर्काउनु भनको ।

'तेरो सब मूराहीपंती उतारी दिन्छु ।' वा 'तेरो नक्सेबाजी उतारी दिन्छु ।' भनेको चाहिँ तेरो बदमासीपन झारीदिन्छु भनेको । 'अरे यार, बहुत तगडासित भोक लागिराछ । क्यै खवा न बे । मसित आज एक दमडी छैन ।' मलाई धेरै भोक लागेको छ । केही ख्वाऊ, मसित आज कत्ति पनि पैसा छैन भनेको हो ।

नेपालगंजियाहरूले 'हिंजो तेल्ले भोजमा बहुत तुडिराथ्यो ।' भनेपछि तेल्ले भनेको त्यसले र तुडिराथ्यो भनेको धेरै खाइरहेको थियो भनेर बुझ्नु पर्छ । 'अरे, फोकटियाको पाइजाओस् त तारकूल पनि खाइदिन्छ ।' सित्तैमा भनेको फोकटिया हो र अलकत्रालाई तारकूल भन्छन् ।'बहुत चिम्मर छ बे, त्यो ।' हेर्दा पातलो तर बलियो र शक्ति भएको र सहनशीलता भएको, चाम्रो भनेको हो । त्यसै गरी आफ्नो पैसा खर्च गर्न लोभ मान्ने कन्जुसलाई पनि चिम्मर भनिन्छ । 'तेल्ले केटि फिटियाइराछ बे ।' केटाले केटी फकाउनुलाई फिटियाउनु भनिन्छ ।' अबे अलि लम्बा लग्गी ल्या त, आम तुड्नु पर्‍यो ।' लग्गी भनेको लट्ठी हो । सिनेमा हेर्न जानु पर्‍यो भने भनिन्छ, 'फिलिम हेर्न जाम, बे ।'

'एबे रम्मे ! (रमेश) किन चिल्लाइराछस् बे ?' बेसरी कराउनुलाई चिल्लाउनु भनिन्छ ।' कां जान लाइस् ?' कहाँ जान थालिस् ? 'कां जान लाथिस् बे ?' कहाँ जान लागेको थिइस् ? भनेर भनेको । 'अबे त्यो बल्लु त कच्चाइगएछ (बौलाएछ) । 'कुन्नि के के बक्किराथ्यो' (नचाहिँदो कुरा बक बक गरिरहेको थियो ) 'तैंले हिंजो माधे -माधव) लाई के भन्देथिस्, बे रु आज मार बौराइराथ्यो ।' रिसले चुर भएर कराउनुलाई पनि बौराउनु भन्छन् । 'आज बाभन कहाँ गायब भैगयो, बे । दानबद्दु लगाम भनेको ।' आज बाहुन कता हराएछन् । रक्षाबन्धनको डोरो लगाउँ भनेको । 'अबे, हिंजो लम्बुले पतंग चुप्काएर ल्याएछ, मुन्नाको दुकानबाट । तेल्ले पतै पाएन ।' यहाँ चुप्काउनु भनेको आँखा छलेर चोरेर ल्याउनु हो । 'हिंजो त म आजका गुण्डाराज फिलिम हेर्न गएथिएं । एकदम राम्रो छ, बे ।' यहाँ एकदम भनेको 'धेरै' हो ।

'ए बे हेर त । मेरो कुकुरको पिल्ला पुलको ह्यूम पाइपभित्र पिली गाछ । समातेर ल्या त ।' यहाँ पिली गाछ भनेको पसेको छ भनिएको । पोखरीको पानीमा पस्नुलाई पनि पिल्नु भनिन्छ । 'अबे रामू हड्डी ! कहां चक्कर लगाई रहेछस्, बे ?' यहाँ हड्डी भनेको पनि चाम्रो, अलिकति चकचके, बदमासी पनि गर्ने, झुटा कुरा पनि गरिहाल्ने प्रवृत्ति भएकोलाई हड्डी भन्छन् । 'अबे एउटा सामान खोजी राथिएं । पूरा मोहल्ला छान मारेँ कतै पाएन बे ।' टोलभरि घुमेर खोजी गर्दा पनि सामान पाएन भनेको हो । 'आज दिनभरि कां गायब थिइस् चल, बस्ता निकालेर पढ्न बस् नाई त तलाईं बहुत सोंठा लगाउँछु ।' पातलो, मसिनो तर दुई/तीन हात लामो लट्ठीलाई साँठा भन्छन् । यहाँ लट्ठीले हिर्काउँछु भनेको हो । यसलाई 'सोठियाउँछु' पनि भन्छन् । 'अबे रग्घु ! (राकेश) तेरो बैनीलाई के भो, बे ? अघिन (अघि) मार् (धेरै) रोइराथी ।' अब रग्घुको जवाफ 'अबे, तेल्ले पिपि किन्न पैसा मागिराथि । मांले रिसाएर तेस्को झोंटा तान्दिनु भो ।' नेपालगन्जमा पहिले पहिले चकलेटलाई 'पिपि' भन्ने चलन थियो । कपाल वा जगल्टालाई 'झोंटा' भनिन्थ्यो । विसं २०२५।०२६ सम्म नेपालगन्जमा जन्मनेहरूमध्ये अधिकांशले अझैसम्म आमालाई 'मां' भन्ने गरेको सुनिन्छ ।

अरू थुप्रै शब्द र वाक्य पनि छन् । यातायात र सञ्चारका साधनको तीव्र विकासका कारण नेपालबाट धेरै रैथाने भाषा बोल्न छाडिएको यो समयमा नेपालगन्जमा बोलिने यस्ता भाषा र शब्द पनि लगभग लोप भइसकेको अवस्थामा पुग्न लागिसकेको छ । तापनि काठमाडौँमै समेत कुनै भोज वा पार्टीमा नेपालगंजियाहरू भेटिए भने ठुलै स्वरमा, बिन्दास पारामा, आफ्नो भाषामा कुराकानी गरेर आनन्द लिने गरेको पाइने हुँदा यो भाषा निमिट्यान्न भइसकेको चाहिँ छैन भन्न सकिन्छ । यस्ता स्थानीय भाषाको संरक्षण गर्न सम्बन्धित सबै पक्षले ध्यान दिनु आवश्यक छ । यो भाषा लोप भएर नजाओस्, सबैतिर नेपालगंजिया भाषाको जानकारी लेखमार्फत होस् भन्ने उद्देश्यले नै यो सानो प्रयास यहाँ गरिएको हो । ■

# हिमाली भूखण्डकी महादेवी बडीमालिका

पद्मराज जोशी 'प्रभात'

आजभन्दा ४.५ करोड वर्ष पूर्वसम्म क्षीरोद सागर अर्थात् टेथिस सागरले परिवेष्ठित भूगोलमा दक्षिणको भारतीय प्लेट र उत्तरको युरोसियन प्लेट एकआपसमा ठोक्किन जाँदा दुई वटै प्लेटको दबाबले जमिन माथि उठ्दा वर्तमान हिमालयको निर्माण भएको थियो । त्यहाँ रहेको क्षीरोद सागर (पयोधि) उत्तर र दक्षिणतिर सर्न जाँदा पूर्वपश्चिम फैलिएको दुई हजार किलोमिटर लामो हिमालयको निर्माण भएको भूगर्भविद्को ठहर छ । यही दुई हजार किलोमिटर लामो हिमालयको मध्यविन्दुमा महामाया महादेवी बडीमालिका भगवतीको श्री विग्रह स्थापित छ ।

हिमालयलाई देवात्मा हिमालय भनिने गरिन्छ । जुन प्रकृतिका दिव्य तत्त्व हुन्छन् । तिनै तत्त्व देवीदेवता हुन् । ती तत्त्व हिमालयमा विद्यमान हुन्छन् । दिव्य ऊर्जाले युक्त ती देव तत्त्वले जीवनलाई गतिशील बनाउने हुँदा मानिसले तिनकाप्रति आस्था प्रकट गर्दछन् । आस्था प्रकट गर्ने क्रममा मानिसले आफूमा भएका नकारात्मक तत्त्व ती दिव्य तत्त्वसमक्ष समर्पण गर्दछन् र ती दिव्य तत्त्वबाट आफूमा सकारात्मक ऊर्जा प्राप्त भएको अनुभूति गर्दै पुण्य प्राप्त भएको महसुस गर्दछन् । त्यस्तै दिव्य ऊर्जाले युक्त दर्शनीय सम्पदा हुन्, महामाया महादेवी बडीमालिका ।

प्राणी जगत्मा मानवको विशेष स्थान छ । क्रियाशील चेतना, संवाद गर्ने भाषा र लचकदार शारीरिक विशेषताका कारण मानव जातिले भूगोल र खगोलमा रहेका विभिन्न रहस्यलाई उद्घाटन गर्दै आएको छ । यिनै रहस्यभित्रको एउटा अनुभूति हो आस्था । आस्थालाई विज्ञानको कसौटीमा परीक्षण गर्न सकिँदैन । आस्था मानव हृदयमा उत्पन्न हुने अमूर्त विश्वास हो । जब त्यस अमूर्त विश्वासलाई मूर्त क्रियासँग जोडिन्छ, तब ती दुईको जोडबाट जुन योगफल आउँछ त्यसै योगफलको नाम धर्म हो । यसरी धर्मको उत्पत्ति भएपछि धर्मभित्र ईश्वरीय सत्तालाई स्थापित गर्ने कार्य भयो । त्यसमा कुनै धर्मले ईश्वरीय सत्तालाई स्विकारेन । जसमा जैन, बुद्ध, कन्फ्युसियस आदि धर्म पर्दछन् भने हिन्दु, मुस्लिम, इसाई, यहुदी आदि धर्मले ईश्वरीय अस्तित्त्वलाई स्वीकार गरे । हिन्दु धर्मभित्र शक्तिको उपासनालाई महत्त्वपूर्ण मानिन थाल्यो । ईश्वरीय

सत्ताको मुख्य तत्त्व शक्तिलाई मानिन थाल्यो । जहाँ ब्रह्मा, विष्णु, महेश्वरसहित इन्द्रादि देवतासमेत शक्तिको उपासना गर्न थाले । त्यही ईश्वरीय शक्तिको मुख्य केन्द्र हुन् बडीमालिका ।

## बडीमालिकाको स्थान परिचय

बडीमालिका हिन्दुको प्रसिद्ध तीर्थस्थल कैलाश पर्वत र मानसरोवरको दक्षिण भागमा पर्ने सुदूरपश्चिम नेपालमा स्थित सेती नदी जलाधार क्षेत्रको बाजुरा जिल्लामा अवस्थित छन् । हाल त्रिवेणी नगरपालिकामा पर्ने बडीमालिका क्षेत्रको जल वृद्धगङ्गा (बुढीगङ्गा) हुँदै सेती नदीमा सङ्गठित हुने हुँदा त्यस क्षेत्रलाई सेती नदी जलाधार क्षेत्र भनिएको हो ।

मानसरोवरको पूर्व-उत्तरतिर प्राचीनकालको देवसत्ताको मुख्यालय अलकापुरी (स्वर्ग) र मानसरोवरको दक्षिणतिर संसारकै अन्तिम मातृसत्तात्मक स्त्रीराज्य थियो । त्यस स्त्रीराज्यकी नायिकालाई महामाया महादेवीको नामले सम्बोधन गर्ने गरिन्थ्यो । ती महामाया ईश्वर अर्थात् ब्रह्मको निर्गुण स्वरूपले सम्पन्न भएका कारण महामायालाई प्रतीक मानी त्यसबेलाका देवजातिहरू (देवता र ऋषिमुनिले) आफ्नो मालिक, शक्तिको केन्द्र, तिनै महामाया, महादेवी (देवीहरूकी पनि देवी) लाई मालिक स्वरूप मालिका भनी सम्बोधन गर्न थाले । देवीहरूमा पनि श्रेष्ठ महामाया संस्कृतिको पनि केन्द्रबिन्दु भएको सबैभन्दा श्रेष्ठ योगमाया (योगशक्तिले प्रकट हुन सक्ने र विलीन हुन सक्ने क्षमताका कारण) लाई बडीमालिका भनी पुकारा गर्न थाले ।

प्राचीनकालमा जब जब देवता दैत्यद्वारा पराजित हुन्थे । तब देवता देवी भगवतीको शरणमा आएर राज्य प्राप्तिका लागि ठुला ठुला अनुष्ठान गर्ने गर्दथे । त्यसै प्रसङ्गमा देवताले राज्य प्राप्तिका लागि त्यसै स्थानमा वाजपेय यज्ञ गरेर भगवती महामाया महादेवीबाट शक्ति प्राप्त गरेर राज्य प्राप्त गर्ने गर्दथे । सत्ता प्राप्तिका लागि गरिने राजसूय यज्ञ, वाजपेयी यज्ञ र अम्बा नाम गरेका यज्ञ गर्ने प्रचलन वैदिककालमा विद्यमान थियो । देवताले त्यही वाजपेय यज्ञ गरेका कारण त्यसको नाम बाजुरा रहेको र वृकासुरले देवतालाई पराजय गरेपछि त्यसै स्थानमा देवताले अम्बा यज्ञ गरेर शक्ति प्राप्त गरेका प्रसङ्ग देवी भागवत आदि पुराणमा वर्णन गरिएको छ । आज मात्र नभई देवता, सिद्ध, गन्धर्वले समेत सेवा गरिएकी ऊर्जा पुञ्ज भगवती बडीमालिका वैदिक देवताकी भूदेवी हुन् । जो भूमिमा ऊर्जा स्वरूपमा विद्यमान रहेर लोक रक्षा गर्ने लोक विश्वास रहँदै आएको छ ।

महामाया महादेवीलाई प्रकृतिको महत्त्व स्वरूपको रूपमा मन्त्रद्रष्टा ऋषिमुनिले आदि शक्तिका रूपमा पूजन कृतन गरिएकी देवी हुन्, बडीमालिका । प्रकृतिको महत्त्वबाट नै रूपान्तरणको प्रक्रियाद्वारा सृष्टिको सिर्जना भएका कारण ऋग्वेदकालमा मन्त्रद्रष्टा ऋषिमुनिले सप्तसती गाथालाई प्रकाशमा ल्याएका थिए । सप्तसती गाथा जुन भगवती महादेवी महामाया भुवनेश्वरी बडीमालिकाको गाथा थियो । इतिहासका दृष्टिमा ऋषिमुनिले प्रकाशमा ल्याएको त्यो पहिलो गाथा थियो । भगवतीका सहस्त्र नाम छन् । त्यसमध्येको योगमाया भगवतीको मूल स्वरूपको श्रीविग्रह भएका कारण योगमाया भगवतीलाई बडीमालिकाका नामले सम्बोधन गरिएको देखिन्छ ।

बडीमालिका भगवतीको श्रीविग्रह पञ्चभौतिक तत्त्वका प्रतीक पञ्चपुर पर्वत र देवलोकको सभास्थल देवतट पर्वतको बिचमा पर्ने मल्लीको पर्वतमा विद्यमान छ । स्कन्दपुराणको मानस खण्डमा मालिका महात्म्य नामक शीर्षकमा भगवती बडीमालिकाको गाथा सजाइएको छ । जसमा व्यासजीले ऋषिलाई भन्नुभएको छ ।

*सर्वेभ्यो गिरिमुख्यभ्योऽधिको देवतटः स्मृतः ।*
*तस्मादप्याधिक : पुण्यो गिरि पञ्चपुरोऽतिवै ॥२॥*
*तयोर्मध्य महादेवी मालिका पुज्यते शिवा ।*
*देवगन्धर्व सिद्धैश्यच पूजिता वरदेश्वरी ॥३॥*
*तयोः पर्वतयोदिव्यं माहात्म्यं मुनिसत्तमाः*
*न शक्यते महापुण्यं वक्तुं वर्षशतैरपि ॥४॥*
*यत्र पुरेसु दिव्यषु पञ्चसु मुनि सत्तमाः ।*
उषित्वा देवताः सर्वाः सेवन्ते परमेश्वरी ॥५॥

अर्थात्, व्यासजी भन्नुहुन्छ, "हे मुनिवरहरू हो ! सबै प्रमुख पर्वतहरूमध्ये देवतट नामक पर्वत अधिक पुण्यदायक छ । तथापि त्योभन्दा पनि पञ्चपुर नामक पर्वत सबैभन्दा बढी पुण्यदायक छ । यी दुई वटा पर्वत देवतट र पञ्चपुरका बिचमा देवता गन्धर्वसिद्ध आदिद्वारा पूजा गरिएकी वरदा देवी मालिका विराजमान हुनुहुन्छ । हे मुनिश्रेष्ठहरू ! यी दुई पर्वतको महात्म्य दिव्य छ र अत्यधिक पुण्यदायक छ । यी पाँच पुरमा सबै देवता बसेर परमेश्वरी देवी मालिकाको सेवा गर्दछन् । जसरी कैलाश पर्वतलाई भगवान् शिवको श्रीविग्रह स्वरूप मानेर कैलाशको दर्शन गरिन्छ त्यसै गरी मालिका भगवतीको विराजित मल्लीका पर्वतलाई पनि आध्यशक्ति भगवतीको श्रीविग्रह अर्थात् स्वरूप मानिन्छ । त्यो पर्वत नै भगवतीको शरीर भएको प्रसङ्ग मालिका महात्म्य यसरी उल्लेख गरिएको छ ।

*इतिदेवा महेन्द्रद्या : प्रब्रुवन्ति पुनः पुनः ।*
*पर्वतस्य स्वरूपेण यत्र जागर्ति शाङ्करी ॥११॥*
*देहभुत महादेव्या गिरि येयान्ति मानवाः*
*नर्वे शोचन्ति तेधन्याः संसारे मुनिसत्तमा ॥१४॥*

अर्थात्, त्यहाँ पर्वतको स्वरूपमा शङ्करको प्रिया पार्वती (आदिशक्ति पार्वती जो पर्वतकै पर्यायवाची अर्थात् पर्वत निवासनी आदिशक्ति पार्वती) विराजमान

हुनहुन्छ ॥११॥

हे मुनि हो ! जुन मानिस महादेवीकै देह शरीर स्वरूपका रूपमा रहेको यस पर्वतमा जान्छन् तिनीहरू धन्य हुन्छन् ।

## बडीमालिका दर्शनको थालनी

बडीमालिकाको दर्शन वैदिककालबाट नै शुभारम्भ भएको पुष्टि विभिन्न पुराणमा उल्लेखित प्रसङ्गले गर्छन् नै । तथापि लौकिक रूपमा हेमजट र सुरज नाम गरेका किराँत राजा भगवती मालिकाको उपासक रहेको प्रसङ्ग योगवाशिष्ठ आदि ग्रन्थले सङ्केत गरेका छन् । त्यसपछि आर्यहरूको यस भूखण्डमा पुनरागमन भइसकेपछि उनीहरूले आफ्नी आराध्यदेवीका रूपमा मालिकाको पूजा गर्दै आएका छन् । यमुनादत्त वैष्णवले कस्साइटका सम्बन्धमा लेखेको कुमाउको इतिहासमा ऋग्वेदको प्रसङ्ग आँल्याउँदै दमुना शब्दको प्रयोग गर्नुभएको छ ।

भगवान् शिवको एउटा स्वरूपलाई किराँतेश्वर पनि भन्ने गरिन्छ । त्यस अर्थमा किराँतले भगवती मालिकाको दर्शन गरेका प्रसङ्ग सन्दर्भच्युत हुन सक्छन् । कुमाउमा खसले ती राजकिराँतलाई विस्थापित गरी इसापूर्व दुई वर्षदेखि छ सय वर्षको बिचमा दुई सय वर्षसम्म राज्य गरेको प्रसङ्ग विदेशी इतिहासकार एवं भाषाविज्ञ एट्किन्सन र ग्रिसियसले उल्लेख गरेका छन् । पछि कुमाउमा खसराज्य विघटन भएपछि सिँजा उपत्यकालाई कर्मथलो बनाई खसले विशाल साम्राज्य खडा गरेका थिए । राज्य खडा गर्नुपूर्व कुममा खसको शासन कायम रहेकै समयमा ईसापूर्व तीन सय वर्षअघि कर्णालीमा मल्लको बसोबास रहेको प्रसङ्ग केही अध्येताले उल्लेख गरेका छन् । यस अर्थमा मालिकाको दर्शन गर्ने परम्परा ईसापूर्वदेखि नै शुभारम्भ भएको हुन सक्छ । जसको कारण कुमाउ र गढवालका निवासी आज पनि बडीमालिका भगवतीलाई आफ्नी इष्टदेवी मान्दछन् र जीवनमा बडीमालिकाको दर्शन गर्नु आफ्नो कर्तव्य ठान्दछन् ।

जहरसिंह थापाका अनुसार दीपराज छत्यालका पालामा मन्दिर निर्माण भएको थियो । त्यसपछि साके १५९१ मा जुम्लाका कल्याल वंशीराजा वीरभद्र शाही र साके १६७९ मा सुदर्शन शाहले मन्दिरको जीर्णोद्धार गरेका थिए । पछि २०३६ मा पैमाका मूल पुजारीको पहलमा श्री ५ को सरकारबाट र २०३९ सालमा जिल्ला प्रशासन कार्यालयबाट शिव मन्दिरको स्थापना र २०६३ मा नयाँ मूर्तिको स्थापना भएको थियो । हाल आएर २०८१/८२ मा मूल पुजारीको पहलमा नेपाली सेनाले महत्त्वपूर्ण कलात्मक र अत्यन्तै सुन्दर मन्दिर निर्माण गरेको छ । पुरातात्त्विक विधि र प्रविधिबाट हिमाली भूखण्डमा निर्माण भएको यस मन्दिरले नेपाली सभ्यताको विकासमा प्रशंसनीय योगदान प्रदान गरेको छ । भारत वर्षकै आस्थाको धरोहरका रूपमा स्थापित हुन सक्ने यो दर्शनीय सम्पदा नेपाल राष्ट्रकै गौरवसँग गाँसिन पुगेको छ । यसको निर्माणमा संलग्न नेपाली सेना मालिकाका पुजारी र सम्बद्ध सबै अभिनन्दनका पात्र हुनुहुन्छ । बडीमालिका भगवती सुदूरपश्चिमका लागि पर्यटन प्रवर्धनको आधार स्तम्भ हुन् । बडीमालिका भगवती सेती महाकाली र कर्णाली भूखण्डकी आराध्य देवी हुन् । मालिकाको पूजा नभएसम्म यहाँका देवीदेवताको पूजा हुँदैन । मालिकाको पूजा भइसकेपछि अन्य देवीदेवताको पूजा र विभिन्न चाडपर्व शुभारम्भ गरी मनाउने गरिन्छ । यी विविध कारणले गर्दा मालिका दर्शनको यात्रा अतिप्राचीनकालदेखि नै भएको बुझिन्छ । भगवतीको यात्रा १५ दिनअगाडिबाट सुरु हुन्छ । डोटीबाट गोरखनाथको फौज र जुम्लाबाट चन्दननाथको फौज देवी पूजनका लागि सरकारी टोलीसहित प्रस्थान गर्ने गर्दछन् । त्यस समयमा डोटीमा भगवती शैलेश्वरीको आँगनबाट पूजारीले पूजा गरी नेपाली सेना, नेपाल प्रहरीले सलामी दिइसकेपछि बाजा गाजाका साथ लोकलस्करले नाचन्थलीसम्म पुऱ्याई त्यहाँ पनि सेना र प्रहरीले सलामी दिएर भगवती मालिकालाई प्रस्थानका लागि बिदाइ गरिन्छ । त्यस क्रममा दीपायल दिल्पेश्वरको भुरुडी र वैद्यनाथको अक्षता लगेर पञ्चपुरको बाटो हुँदै त्रिवेणीमा पुगिन्छ र त्यहाँ छत्रले भगवतीलाई स्नान गराई ध्वजाका साथमा दुवै फौज एकाकार भई मालिका दर्शनका लागि प्रस्थान गर्दछन् । त्यस क्रममा रासकोबाट पनि ध्वजा समावेश भएको हुन्छ । यसरी श्रावण शुक्ल चतुर्दशीको दिनमा भगवती मालिकाको दर्शन गर्ने गरिन्छ ।

यात्रुले यात्राको तयारी गर्दा धेरै भारी सामान लिनु हुँदैन । साथमा सुँध्ने कपुर लिनु पर्दछ । त्यहाँ अक्सिजनको अभाव हुने हुँदा कपुरलाई समय समयमा सुँघ्दा सास लिन सहज हुन्छ । साथमा अमिलो पिरो नुनिलो अचार लिनु पर्छ र नुनिलो पिरो टफी चकलेट काजु बदाम किसमिस ओखर जस्ता ऊर्जा दिने खाद्य वस्तु साथमा राख्दा यात्रा सहज हुन्छ । बडीमालिकामा सतीदेवीको अङ्ग पतन भएको स्वस्थानीमा भेटिन्छ । भगवतीको ज्ञान गरिमा अथाह छ । यो सानो आलेखमा सबै विषयवस्तुको अन्वेषण गर्नु सम्भव छैन । तथापि बडीमालिका क्षेत्रको ऐतिहासिक विवरण प्राप्त गर्नका लागि पुरातात्त्विक (आर्कियोलोजी) विधिबाट अध्ययन हुनु आवश्यक छ । बडीमालिकालाई भारत वर्षकै आस्थाको केन्द्र बनाउन भारतका निकटस्थ स्थानमा मालिका भगवतीसम्बन्धी प्रचारात्मक अभियान सञ्चालन गधरेर पर्यटन प्रवर्धनमा योगदान पुऱ्याउन सकिन्छ । नवनिर्मित मन्दिरले भारतमा करोडौँ हिन्दुको ध्यानाकर्षण गर्न सकिन्छ त्यसका लागि हामी सबै जुट्नु पर्छ । ■

# सुदूरपश्चिममा विवाह संस्कार

भूपी सरोवर

## विवाह

विवाह दुई व्यक्तिमध्ये (प्रचिलत संस्कार अनुसार एक नर र एक नारी) का बिच सामाजिक, धार्मिक र कानुनी रूपमा एकअर्कासित कानुनी रूपमै सँगै जीवन बिताउने गरी जोडिने सम्बन्ध हो। विवाहले दुई परिवारबिच नयाँ सम्बन्ध जोड्ने काम गर्छ। नेपालसँगै अरू विदेशको क्षेत्रमा आफ्ना आफ्ना हिन्दु समाजमा विवाहको परम्परा बसाल्ने श्रेय उद्दालकपुत्र श्वेतकेतुलाई दिइन्छ । उनले थिति बसाल्नुअघि विवाहको चलन थिएन। महिला र पुरुष केही समयको सम्झौता गरेर बस्दथे । सम्झौतामा यति जना छोराछोरी नजन्माएसम्म सँगै बस्ने, त्यसपछि आफ्नो आफ्नो किसिमले स्वतन्त्र हुने, अनि महिला वा पुरुषसँग शारीरिक सम्बन्ध राख्ने वा नराख्ने जस्ता धेरै विषयमा मौखिक समझदारी हुन्थ्यो।

## रोचक कहानी

विवाहको चलनबारे हाम्रो पुराणमा रोचक कहानी अर्थात् कथा पढ्न पाइन्छ । ऋषि उद्दालककी स्वानी (पत्नी) लाई कुनै बलियो मानिसले जबर्जस्ती लैजान बल गऱ्यो । यो देखेपछि उद्दालकले केही पनि वास्ता (प्रतिक्रिया) जनाएनन् । श्वेतकेतुलाई भने आफ्नी आमा (माता) माथि बलजफ्ती भएको मन परेन।

उनले त्यसलाई रोक्न खोजे । उद्दालकले आफ्ना छोरालाई भने, "नरोक, यो हाम्रो पहिलेबाट चलिआएको सामाजिक परम्परा हो ।" यो घटनाले श्वेतकेतुलाई यतिसम्म असर गऱ्यो कि पछि गएर उनले बलजफ्ती अर्कालाई उठाउने व्यवस्था रोके। उनले एक श्रीमती/एक श्रीमान्को व्यवस्था बनाउन प्रयास गरे।

अर्को एक कहानी अनुसार दीर्घतमा नाम गरेका ऋषि थिए। उनी जन्मैदै अन्धा थिए। उनको यौन अत्याचारको बानी सहन नसकेर उनलाई श्रीमतीले छाडिन्। यो देखेपछि दीर्घतमाले श्रीमतीले श्रीमान्लाई छाड्न नहुने नियम बनाए। यिनै सबै घटनामा श्रीमान् श्रीमतीको नभइनहुने देखिए पनि विवाह र धर्मका कामकाजमा जोडिएका थिएनन्।

## रामायण अनुसारको कहानी

श्रीमतीको महत्त्व कति हुन्छ भन्ने देखाउनका लागि रामायणमा एक निकै रोचक प्रसङ्ग छ। श्रीरामले जीवनमा सीताबाहेक अरू कसैसँग विवाह गर्नुभएन । सीतालाई जङ्गलमा छाडेपछि भएको अश्वमेध यज्ञ श्रीमतीबिना पूरा नहुने भएका कारण रामले सीताको प्रतिमा बनाएर यज्ञ पूरा गर्नुभयो।

महाभारतकालसम्म पुगुन्जेलसम्म चार वर्णाश्रमको व्यवस्था भइसकेको देखिन्छ । महाभारतको आदिपर्वमा आश्रम धर्म र पतिव्रता धर्मका विषयमा उल्लेख गरिएको पाइन्छ । शिक्षा ग्रहण गर्न गुरुकुल जाने र २५ वर्षका उमेरसम्म उहीँ बसेर ब्रह्मचर्य पालन गरी विद्या लिने काम सम्पन्न भइसकेपछि गृहस्थाश्रममा प्रवेश गर्नका लागि धार्मिक विधि अनुसार विवाह गर्ने चलन चल्यो। विवाहलाई एक नभइनहुने संस्कार बनायो। दुई आत्माका स्वच्छ बन्धनका रूपमा लिन लागियो। विवाह नभएका मानिस आधाअधुरा हुने भनी मान्न थालियो । पछि पछि व्यापार र बन्दोबस्तीबाट अकुत सम्पत्ति जम्मा हुन लागेपछि एक श्रीमान्ले धेरै श्रीमती राख्ने चलन विकास हुन लाग्यो । सम्पत्तिकै अवस्था हेरेर दुईभन्दा ज्यादा श्रीमती र श्रीमान्को चलन पनि सुरु भयो। समय आवश्यकता अनुसार एक कन्यासँग धार्मिक विवाह गर्ने, सम्पत्तिको हकदार धर्मपत्नीबाट जन्मेका छोराको मात्रै हुने जस्ता धेरै नियम थपिन लागे। हिन्दु धर्म अनुसार विवाह त्यस्तो संस्कार हो जसलाई निकै सोचविचार गरेर पूरा गर्नु पर्छ । टाढा टाढासम्मको रगतसम्बन्धको छानबिन गर्नु पर्छ । यसबाट दुवै पक्ष सन्तुष्ट भएपछि कामकुरो अघि बढ्छ । शुभ साइत र लगन निकालिन्छ । वैदिक पण्डितबाटै कर्मकाण्ड पद्धति अनुसार विवाह गरिन्छ र गराइन्छ।

मानिसमाथि देवऋण, ऋषिऋण र पितृऋण गरेर तीन प्रकारका ऋण हुन्छन् । यज्ञ जस्ता कामबाट देवऋण, स्वाध्यायबाट ऋषिऋण र रामणा किसिमले ब्राह्म विवाह गरेर पितृका लागि श्राद्धतर्पण गर्न योग्य धार्मिक र सदाचारी

छोरो जन्माएपछि पितृऋणबाट मुक्त हुन सकिन्छ । यसरी पितृको सेवा र सद्धर्म पालनको परम्परा सुरक्षित बनाइराख्नका लागि छोराछोरी जन्माउने गर्नु विवाहको एक ठुलो उद्देश्य पनि हो ।

विवाहमा मगनी भएपछि टीकाटालो गर्ने गरिन्छ । यसलाई पहिला पहिला 'अठोट लाउने' भनिन्थ्यो । दुङ्गो गरेपछि छोरा (वर) का पक्षबाट छोरी (कन्या) का घरमा चिठी लैजाने काम गरिन्छ । यसमा लगन समय पनि लेखिएको हुन्छ । वरियाती कन्या घरमा पुग्न लाग्दा जन्तीको सङ्ख्या पनि पहिला खबर गर्नका लागि जन्तीका तर्फ बाट खबरे (भतखराउ) पठाइन्छ । कन्या पक्षका घरगाउँलेले खबरेलाई जिस्क्याउने धेरै तरिका अपनाउने पुरानो चलनमा आजकाल विधि पुऱ्याउने कार्यका रूपमा यसमा सुधार आएको छ । कसारभित्र पैसा राख्ने, दहीमा नुन राख्ने, चटनी अर्थात् अचारमा चिनी हालेर खान दिने, सुत्ने ओछ्यानका लागि दिएको सिरकभित्र सर्स्युंका दाना राख्ने, मकैमा खोया राख्ने, अमला जस्ता चिज राख्ने, केराका कोसाको हुक्का बनाएर राखिदिने गरिन्थ्यो । यस्ता कामलाई हास्ने हसाउने रमाइला कामका रूपमा लिइन्थ्यो । कतै कतै यस्ता कामले नराम्रो गलत रूप लिन्थ्यो र लिइन्थ्यो पनि ।

विवाहमा सिलोकबाट सवालजवाफ गर्ने काम गाउँघरमा कहीँकतै अझै पनि रहेको छ । जन्ती र घरगाउँले पक्षबिच रातभरि पनि सवालजवाफ गरी रात काट्ने गर्छन् र रात काट्न पनि सकिन्छ । यस्ता सिलोकेबाट वरका घरबाट वर अन्माएपछि सोही रात वरका घरमा गाउँले महिला जम्मा भएर रत्यौली खेल्ने गर्छन् । रातमा खेलिने र रतिराग किसिमका गीत गाइने हुनाले यस्तो रामरमाइलोलाई रत्यौली भन्ने गरिएको हो । रत्यौलीको भिन्नै भोज खाने र खसी काट्ने पनि गर्ने गरिने हुनाले रत्यौली विवाहको एक पक्षका रूपमा रहेको पाइन्छ । महिलाको मात्रै जमघट हुने हुनाले रत्यौलीका गीतमा लाज लाग्ने केही अश्लील शब्द पनि भन्ने गरेको पाइन्छ तर आजकल त्यस्ता गीत र नाचमा सुधार आएको छ । महिला पुरुष दुवै मिलेर नाच्ने गाउने गर्दै रत्यौली मनाउने चलन पनि बढेको छ । केराका थुमको घोडामा परालको पुच्छर बनाएर महिलाले सारी माथि माथि सारेर नाटक गरेर रत्यौली मनाउने हुनाले पुरुषलाई त्यहाँ जान नदिने गरिन्थ्यो र गरिन्छ पनि । पुरुषको भेषमा पनि महिला मान्छे नै हुन्थे र हुन्छन् पनि ।

## रत्यौली गीत

*रत्यौलीको बोको छ, खाउँला भनी धोको छ*
*दिदी पनि आऊ यहाँ, बहिनी पनि आऊ यहाँ*
*बेहुलाकी आमालाई पनि तानेर ल्याऊ यहाँ*
*यसरी विवाहमा गाइने अरू सिलोकका नमुना*

*सवाल- कहाँबाट आउनुभयो हजुर विवाहमा कहाँ बस्नुभयो बास ?*
*जन्तीका मुखमा फुरौला अड्के काँबाट फेर्नुहोला सास ?*
*जवाफ - घरबाट आयौँ हामी जन्ती यैँ बस्यौँ बास*
*जन्तीका मुखमा फुलौरा अड्केमा नाकबाट फेरौँला सास ।*
*सवाल- कति बाट्नुभयो दाम्ला नाम्लो कति बाट्नुभयो कुचा ?*
*कति आउनुभयो बुढापाका कति आउनुभयो फुच्चा ?*
*जवाफ- चाहिने जति बाट्यौँ दाम्लानाम्लो चाहिने जति बाट्यौँ कुचा*
*चाहिने जति आयौँ बुढापाका चाहिने जति आयौँ फुचा ।*
*सवाल- कसकी छोरी श्रीसिता रानी कसका छोरा राम ?*
*कसका छोरा वीर हनुमान कसका छोरा जून घाम ?*
*जवाफ- जनककी छोरी श्रीसिता रानी दशरथका छोरा राम पवन (वायु) का छोरा वीर हनुमान कश्यपका छोरा जून घाम ।*
*सवाल- कहाँ पलायो करकलो लिउँणो कहाँ पलायो तामा ?*
*कसका हौ हजुर नातिपनाति को हुन् हजुरका मामा ?*
*जवाफ- खोलाखाली पलायो करकलो लिउँणो बाँसमा पलायो तामा*
*बड्डाबाजेका हौँ नातिपनाति आमाका दाइभाइ हुन् मामा ।*
*सवाल- तुलसीको लिङ्गो नौ ठाउँ बाङ्गो नवौँ ठाउँ लगायो चराले गुँड*
*यी चराको के के हो नाम लगाउँछौ अर्थ कि जान्दछौ कि ठाउँ ?*
*जवाफ- तुलसीको लिङ्गो नौ ठाउँ बाङ्गो नौ ठाउँ लगायो चराले गुँड*

यी चराको हीरामोती नाम लायौँ अर्थ छोड्दैनौँ ठाउँ ।

विवाहमा ढोली र दमाई गीत र नाच अर्को रमाइलो हुन्छ ।

ढोली र दमाई गीत र नाच विवाहको जुन समयमा पनि हुन सक्छ तर बेहुली भित्र्याएपछिको बिदाइ बेलामा भने धनीका घरपरिवारमा त नाचगान गराएर ढोली र दमाईलाई रुपैयाँ पैसा दिएर बिदा गर्ने गरिन्छ । सराबर रक्सी खाने समाजमा सराबर रक्सी खाएर नाचगान, बाजा बजाउने गरेर बेहुलाबेहुलीलाई राखेर देउसीभैलोका आशीष जस्ता आशिष लिने र दिने पनि गरिन्छ ।

*ढोली र दमाई गीतहरूको एक भाका :*

*'वारि साल नि पारि साल' बिचमा सतीसाल नि हजुर*
*'जेठी नाच नि माइली गीत गाऊ' कान्छीले बत्ती बाल नि हजुर*
*'पानी पऱ्यो नि रिम्झिम्म' गैरीखेतको सिम्मा नि हजुर*
*'बालकैमा विवाह भयो' थैली रुमाल जिम्मा नि हजुर*
*'वल्लो खोलो नि पल्लो खोलो' कमिलाको गोलो नि हजुर*
*'चट्ट गरी सिलाइदेऊ दमाई' कान्छी लाउने चोलो नि हजुर*

'गाई त चरो नि रनवन' भैँसीलाई वन छैन नि हजुर 'उडी जाऊँ भने पनि म प्वाँख होइन' बस्नलाई मन छैन नि हजुर । विवाह संस्कारमा पछि जोडिएको अर्को प्रथा 'खाँडो जगाउने' प्रथा हो ।

खड्ग पूजाप्रथा विवाह विधिभित्रै पर्छ । यो प्रथा पछि 'खाँडो जगाउने प्रथा' का रूपमा विकसित बनेको हो । 'खड्ग' शब्दबाट 'खाँडो' बनेको हो । खाँडोमा जङ्गबहादुरको गाथा गाइने र अङ्ग्रेजलाई गाली गरिन्छ । जसबाट नेपाल (अङ्ग्रेज युद्ध र जङ्गबहादुर शासक भएपछि यो खड्ग पुज्ने प्रथा खाँडोका रूपमा लिएको हो भनेर अनुमान गर्न सकिन्छ । विवाहमा बेहुली बनेकी कन्यालाई अपहरण (भगाउन) गर्न आउने सम्भावनाबाट सचेत भई हतियार तयार गरेर बस्ने काम हो ।

वैदिक सनातन धर्ममा गरिने मागी विवाहमा वरबधूका अनेक कुरा जुराएर विवाह गर्ने संस्कार छ । अचेल जुराउने काम र विधिलाई त्यति मतलब गरिँदैन । वेद र उपनिषद्मा विवाहका बारेमा खुलेर लेखेको पाइँदैन तर पनि स्मृति र पुराणमा विवाहका बारेमा धेरै गहिरो र निकै कुरा उल्लेख भएका छन् । त्यसमध्ये विवाह गराउने बेला अभिभावकले ध्यान दिनुपर्ने केही शास्त्रीय कुरा यस्ता छन् :-

विशेष परिस्थितिमा बाहेक दाइको भन्दा पहिला भाइको र दिदीको भन्दा पहिला बहिनीको विवाह नगर्नु ।

छोराको विवाह गरेको छ महिनासम्म छोरीको विवाह गर्नुहुँदैन । छ महिनाका बिचमा दुई वटी एकै गर्भबाट जन्मेका छोरीको विवाह कुनै हालतमा पनि गर्नु हुँदैन । एक विवाहका साथ अर्को विवाह र एकै वरका लागि एकैचोटि दुई कन्याको विवाह गर्नु हुँदैन । सहोदर दाइभाइको विवाह सहोदर दिदीबहिनी सँग र एकैचोटि दुई विवाह र मुण्डन कर्म पनि गर्नु हुँदैन । आफ्ना कुलमा तीन पुस्ताभित्र छोराको विवाह गरेपछि छ महिनासम्म छोरी या सहोदर भाइको विवाह गर्नु हुँदैन । दुई सहोदर दाइभाइको या दिदीबहिनीको बहिनी छ महिनाभित्र गर्नु हुँदैन । जुडुवा भए दुवैको एकै किसिमको संस्कार एकै दिन या एकै मण्डपमा हुन सक्दछ ।

बुहारी भित्र्याएको छ महिनासम्म कन्या छोरीलाई पतिका घर पनि नपठाउनु । वर्ष फेरिएछ भने छ महिनाभित्र खास काम गरे पनि या गरे राम्रो हुन्छ । एउटै आमाबाट जन्मेका दाइ बहिनी या दिदीभाइ एकआपसमा विवाह नगर्नु । भइहाल्यो भने तिनीहरूबाट जन्मेका छोराछोरी कमजोर जन्मिन्छन् भनेर वेदपुराणमा वर्णन गरेको छ ।

## विवाहको उमेर

शास्त्र अनुसार विवाह गर्ने उमेर केटीको हकमा १६ बाट माथितिर र केटाको हकमा २५ वर्षको उमेरमा गर्दथे । विवाह छिटो भए पनि आयुर्वेदका ग्रन्थमा छोराछोरी जन्माउन १८ वर्षपछि मात्रै योग्य हुन्छ भनी पाइन्छ । व्रतबन्ध गर्ने पहिलो उमेर र त्यसपछि वेद अध्ययन गर्न लाग्ने तोकिएको समय हेर्दा प्राचीनकालमा पनि पुरुषको विवाह गर्ने उमेर कमभन्दा कम २५ वर्ष हुने गरेको देखिन्छ । सुदूरपश्चिममा विवाहभित्र अलग्गै अस्तित्व रहेको पान दुर्गाविनी ।

पान दुर्गाविनी पनि विवाहको एक ठुलो हिस्सा बोकेको एक सानो विवाह नै हो । बेहुलाले बेहुलीलाई आफ्ना घर भित्र्याएपछि दोस्रो दिन भोजभतेर सकेको दिन साँझपख बेहुलीपट्टिका माइतीले बेहुलीलाई सँगै लगेर घर जाने गर्छन् तर घरसम्म नपुगी आधाबाटोमा माइतीले घर जस्तै बनाई बस्छन् । खानपिन पकाइन्छ । बेहुलीलाई माइतीले लागेपछि केही समयपछि बेहुलापट्टिबाट बेहुलो र दुई/चार जना जन्ती भएर जान्छन् । बेहुली र जन्तीलाई बेहुलीतिरकाले स्वागत सम्मान गर्ने र आफ्नो रीति अनुसार पूजापाठ, प्रसाद बाँड्ने, टीकाटालो, खानपिन र दानदक्षिणा गरेर बेहुलीलाई अन्माएर बेहुलासँग पठाउने काम गरिन्छ ।

पान दुर्गाविनी भएन भने विवाह अधुरो हुने भनी जान्नेमान्ने र बुढापाकाको भनाइ छ । ठिटाठिटीलाई त रमाइलो गर्ने, सालासाली जिस्किन पाइने हुनाले त्यो त छँदै छ ।

## विवाह र आधुनिक समाज

सम्भव भएसम्मका उपायले प्राचीनकालमा दाम्पत्य जीवनलाई आमरण सौहार्द्रपूर्ण बनाइएका थिए । आधुनिककालमा वासनालाई प्रेम मानेर मान्छे भुक्किने काम बढेको छ । एकअर्कालाई बुझ्ने क्रममा महिला र पुरुष आवश्यकताभन्दा पनि ज्यादा अगाडि बढेर समस्या थपिएका पनि छन् । संसारभरि सबै कुरा बुझेर भएको प्रेम विवाहमा पनि छोराछोरीको इच्छा नगर्ने जस्ता विकृति देखिएका छन् । अहिले जे जस्ता विवाहका अवस्था देखिएका छन् । यी अवस्था पहिला पहिला पनि हुने गरेको प्रसङ्ग पुराणमा छ । ज्यादाभन्दा ज्यादा स्वतन्त्रताले मान्छेको अस्तित्व सङ्कटमा पर्छ भनेर बेला बेलामा कठोरता अपनाइएका कुरा पनि छन् ।

जति पनि लामा तर्क कुरा गरे पनि विवाह छोराछोरी जन्माउनका लागि गरिन्छ । यस कारण विकसित देशमा पनि श्रीमान् श्रीमतीलाई सन्तान जन्माउन या ज्यादा सन्तान जन्माउनका लागि हौसला दिन थालिएको छ । प्रकृतिले दिएको प्रकृति जस्तो महिलाको गुणलाई पुरुषले र पुरुषको गुणलाई महिलाले स्वतन्त्र र मर्यादित बनाउनु नै सबैका हितमा हुन्छ । अधिकार सृष्टिको बाधक हुनु राम्रो होइन । ■

बैतडी

# मानसी भैलो र मानसी संस्कृति

डा. पदमराज कलौनी

भैलो पर्व कहिलेदेखि मनाउन थालियो भन्नेबारेमा यकिन इतिहास पाइँदैन । भैलोलाई यमपञ्चक, भाइटीका, भैलो, दीपावाली, तिहार, दुत्या आदि भन्दछन् । मानसखण्डमा बसोबास गर्ने रानाथारूले दिवारी (दीपावली) र थारू (चौधरी) समुदायले डेवारी भन्दछन् । मानसखण्ड (बैतडी, दार्चुला, डडेलधुरा, डोटी, अछाम, बझाङ, बाजुरा, कैलाली कञ्चनपुर एवं कर्णाली) मा प्रायः भैलो भनिन्छ । मानसी हिन्दु चाडपर्व पौराणिक कथा, धार्मिक ग्रन्थ र धार्मिक घटनामा आधारित छन् । उदाहरणका लागि होली राधा र कृष्णको प्रेमसँग सम्बन्धित छ । दसैँ रावणमाथि भगवान् रामको विजयको प्रतीक मानिन्छ । भैलो पर्वका अनेक पौराणिक कथा एवं किंवदन्तीमा आधारित छ । दीपावालीको उत्पत्ति भगवान् रामको १४ वर्षको वनवासबाट फर्कदा अयोध्यावासीले दियो बालेर उज्यालो बनाएर स्वागत गरेकाले दीपावली मनाउन थालेको सन्दर्भ छ । अर्को सन्दर्भ भगवान् कृष्णले नरकासुरको बध गरेकाले सोही खुसियालीमा दिपोत्सव गरिएको मानिन्छ । समुद्र मन्थनबाट देवी लक्ष्मीको उदय र भगवान् विष्णुसँग उनको विवाह भएको दिनको सम्झनास्वरूप दिपोत्सव पर्व मानिएको भन्ने छ । भगवान विष्णुले आफ्नो वामन अवतारमा राजा बलिसँग तीन पाइला जमिन मागे र उनलाई पातालको राजा बनाएपछि बलिको वार्षिक यात्राको सम्झनामा भैलो मनाइन्छ । महाभारतका अनुसार १२ वर्षको वनवास सकेर कार्तिक अमावश्याको दिन पाण्डव हस्तिनापुर आएको अवसरको सम्झनामा यो पर्व मनाइन्छ । सिख समुदायले दिवालीलाई 'बन्दी छोड' दिवसका रूपमा मनाउँछन् । यसै गरी मुगल सम्राट् जहाँगिरले गुरु हरगोविन्द साहिब र ५२ अन्य हिन्दु राजालाई कैदबाट मुक्त गरेको खुसियाली एवं सम्झनामा मनाइन्छ । कसैले यो पर्व यमकी बहिनी यमुनाले तिलक (निधारमा टीका) लगाएर यमलाई स्वागत गरेको प्रतीकका रूपमा मनाउँछन् । जैन धर्मावलम्बीले २४ औँ जैन तीर्थङ्कर भगवान् महावीरको निर्वाण र आध्यात्मिक जागरणको सम्झनामा मनाउँछन् । भैलो एवं दीपावलीका अनेकन पौराणिक कथा र सन्दर्भ छन् ।

किसानले बर्खेबाली भित्र्याएर भैलो पर्व मनाउँछन् । भैलो पर्वको पौराणिक महत्त्व छ । चाडपर्व पौराणिक कथामा आधारित छन् । भैलाको नाम भूगोल अनुसार फरक फरक किंवदन्ती र पौराणिक सन्दर्भ अनुसार पाइन्छ । भैलो मनाउने तौरतरिका समेत भिन्न छन् । भैलो पर्वमा किसानले धान, कोदो, मकै, दलहन आदि बाली भित्र्याएर भैलो खेल्दा औधी खुसी हुन्छन् । अन्नादि थन्क्याएर समृद्धिकी देवी लक्ष्मीको पूजा गर्छन् । भाइटीकाका लागि चामलका परिकार (सेल, अनर्सा, चिउरा, फिनी, लया, पिठायो आदि) बनाएर पूजाआजा गर्ने र खाने गर्दछन् । घरआँगनमा लगाइएको सयपत्री (हजारी) र सुपारी फूलको मालाले दैलो सिँगार्ने गर्छन् । चिउराले पुजेर दाजुभाइ तथा दिदीबहिनीको घाँटीमा हजारी र सुपारी फूलको माला लगाउँछन् । चाडपर्वको सन्देश आफ्नो परिवार एवं इष्टमित्रसँगै बसेर मिलेर मनाउनु पर्छ भन्ने हो ।

**भैलोको अर्थ** : कार्तिक कृष्णपक्षमा मनाइने भैलोलाई भइलो पनि भनिन्छ । भैलोको अर्थ भलो होस् शुभ होस् भन्ने हो । भैलो लोकगीतमा विभिन्न सन्दर्भका गाथा गाइन्छन् । भैलाराले प्रत्येक घर (घरमा गएर लोकगीतको माध्यमले सिस (आशीर्वाद) दिन्छन् । जसलाई सिस दिनु भनिन्छ । सिसको अर्थ भलाइ एवं समृद्धिको कामना गर्नु हो । आशीर्वाद दिनु हो । भैलो समूहमा गाइन्छ । भैलो खेलेबापत भैलारालाई चामल, सेलरोटी, मिष्ठान्न, फलफूल, नगद पैसा आदि दिइन्छ । घरआँगनमा भैलारा आएर भैलो गाउनु सगुन र साक्षत् लक्ष्मी आएर सिस दिएको विश्वास गरिन्छ । भैलाराले सिसमा असल होस्, कल्याण होस्, समृद्धि होस्, धन धान्य होस् आदि कामना गर्छन् । सिसमा प्रतीकका रूपमा हिमाल हिउँ छन्ज्या, समुद्र पानी छन्ज्या, मटखण्ड माटो छन्ज्या, दुबाकी जानी फैलि रे, गुबाकी जानी फुलि रे आदि सन्दर्भ जोडेर भैलाराले सिस दिन्छन् । भैलोको सिसमा 'सर्वजन हिताय, सर्वजन सुखाय' हुन्छ । भैलो पर्वले समग्र जीवजन्तु र पर्यावरणको कामना र बोध गराउँछ ।

मानसखण्डमा मनाइने पर्वमा गौरापर्व महान् पर्व हो । त्यसपछिको महत्त्वपूर्ण र ठुलो पर्व भैलो नै हो । मानसखण्डमा यमपञ्चकमा यमराज आफ्नी बहिनी यमुनाको घरमा आएर पाँच दिनसम्म रमाइलो गरी भेटघाटमा बिताएको सन्दर्भले भैलो पर्वको ऐतिहासिक एवं पौराणिक महत्त्व झल्किन्छ । यमपञ्चकमा कसैको मृत्यु भएमा ऊ सिधै स्वर्ग जान्छ भन्ने किंवदन्ती छ । पाँच दिन यमराज आफ्नी बहिनीको घरमा हुन्छन् । यमराजको कार्यालयमा बिदा हुने भएकाले पाप र धर्मको लेखाजोखा हुँदैन भन्ने लोकविश्वास छ । भैलो पर्वमा काग, कुकुर, गाई, गोरु (बल्ल), दाजुभाइ आदिको पूजा गरिन्छ । चिउराले पुज्ने, कहिल्यै नओइलाउने मखमली फूलको माला, सुपारी फूलको माला, मखमली फूलको माला, दुबोको माला र कहिल्यै रङ नखुइलिने सयपत्री फूलको माला घाँटीमा लगाई यश, ऐश्वर्य, कीर्ति, धनवान् सन्तानको सुख, दीर्घायु, सुस्वास्थ्य आदिको कामना गरिन्छ । भैलोले एकातिर मानव तथा पशुपन्छीबिचको प्रगाढ सम्बन्ध देखाउँछ भने अर्कातिर दाजुभाइ तथा दिदीबहिनीको प्रगाढ आत्मीयता र पवित्र स्नेहलाई उजागर गर्दछ । यमपञ्चकका प्रत्येक दिनमा कसै न कसैको पूजा गरी मनाइने हुँदा प्रत्येक दिन महत्त्वपूर्ण हुन्छ । चाडपर्व मनाउने क्रममा भाइचारा सम्बन्ध कायम हुन्छ । पारिवारिक भेटघाटले खुसियाली थपिन्छ । केटाकेटी र अन्य मानिसले मनोरञ्जन गर्न पाउँछन् । मिठोमसिनो खानेकुरा खान पाइन्छ । नयाँ लुगामा बालबालिका रमाँउछन् । पर्वहरू भेटघाट र खुसियाली साट्ने अवसर हुन् ।

**भैलोको ऐतिहासिक पक्ष** : कार्तिक कृष्ण त्रयोदशीका दिन धन्वन्तरीको जन्म दिनलाई धनतेरसका रूपमा मनाइन्छ । वैदिक आयुर्वेदका प्रवर्तक एवं जन्मदाता भगवान् धन्वन्तरी हुन् । धन्वन्तरीलाई भगवान् विष्णुको अवतार मानिन्छ । उनी आयुर्वेद चिकित्साका प्रवर्तक (जनक) थिए । शरद पूर्णिमाका दिन चन्द्रमा, कार्तिक द्वादशीका कामधेनु गाई, त्रयोदशीका दिन धन्वन्तरी, चतुर्दशीका दिन कालीमाता र अमावस्याका दिन भगवती महालक्ष्मीको क्षीर सागरद्वारा प्रादुर्भाव भएको सन्दर्भ विष्णु पुराणमा पाइन्छ । मानसखण्ड क्षेत्रमा भैलो पर्व कात्तिक र पुसमा मनाइन्छ । हिमालय क्षेत्रमा पुसमा मनाइन्छ भने पहाड र तराईमा कात्तिक महिनामा मनाइन्छ । बैतडीको ककडपाखा क्षेत्रमा पुसमा खेलिने भैलोलाई बुढो भैलो भनिन्छ । ककडपाखाबाहेक भाइटीकाको दिन खेलिने भैलोलाई पनि बुढो भैलो भनिन्छ । बुढो भनिनुको कारण बुढो भैलो खेल्नहरू बुढापाका हुन्छन् ।

हिमालय भेकमा पुस महिनामा खेलिने भएकोले पुसे भैलो भनिएको हो । हिमाली जिल्लाका केही स्थानमा कात्तिकमा मनाइने भैलो पर्वको ११ दिनपछि कार्तिक शुक्ल एकादशी तिथिमा मनाइन्छ । यसलाई हरिबोधनी वा देवोत्थान एकादशीको नामले सम्बोधन गरिन्छ । भैलोले मानसखण्डको सांस्कृतिक समृद्धि, सामाजिक एकता र लोक परम्परालाई जीवन्त प्रतिविम्बित गर्दछ । भैलो पर्व सरसफाइको पर्व हो । घरको सफाइ, लिपपोत, ऐपण कलाको जीवन्तस्वरूप भैलोमा हेर्न पाइन्छ ।

भैलो पर्वको कुसंस्कारका रूपमा जुवा, तास, कौडा आदि खेल्ने परम्परा छ । लक्ष्मीलाई खुसी पार्न पटाखा, झिरझिर बत्ती, आतिसबाजी, बम पड्काउने आगजनी हुन्छ । पटाखा मानव स्वास्थ्यका लागि हानिकारक हुन्छन् । बालबालिका र पशुपन्छीको सुन्ने क्षमता कमजोर हुन्छ । पटाखा तथा अन्य विस्फोटक पदार्थबाट निस्कने धुवाँले वातावरण प्रदूषणमय हुन्छ । श्वासप्रश्वासका बिरामीलाई समस्या आउन सक्छ ।

**पौराणिक सन्दर्भ** : असार महिनाको शुक्ल पक्षमा पर्ने (हरिशयनी) एकादशीका दिन भगवान् विष्णुले महाबली शङ्खासुर राक्षसको बध गरेका थिए । युद्धबाट थकित विष्णु विश्राम गर्न क्षीर सागरमा शेषनाग (शेष शय्या) मा सुतेका थिए । हरिबोधनी एकादशीमा सुतेका विष्णु देवोत्थान एकादशीका दिन ब्युँझिए । विष्णु निद्राबाट ब्युँझिएको खुसियालीमा हिमाली क्षेत्रमा बुढो भैलो वा पुसे भैलो मनाइन्छ ।

**मान्यता** : भैलोका तीन वटा रूप छन् । अर्थात् यसलाई लक्ष्मीका तीन वटा अवस्थालाई जनाउँछ ।

१. **कोजाग्रत** : यसलाई सानो भैलो भनिन्छ । यसको अर्थ को जाग्रत छ अर्थात् को जागेको छ भन्ने हो । कोजाग्रतलाई लक्ष्मीको बाल्यावस्था मानिन्छ । पौर्णमासीमा मनाइने भैलो सानो भैलो हो ।

२. **महालक्ष्मी पूजन** : कार्तिक कृष्ण पक्षमा मनाइने लक्ष्मी पूजालाई लक्ष्मीको यौवनावस्था मानिन्छ ।

३. **बुढो भैलो** : कार्तिक शुक्ल एकादशीका दिन मनाइने भैलोलाई बुढो भैलो भनिन्छ । यो लक्ष्मीको वृद्धावस्था हो ।

**भैलोमा गरिने शृङ्गार** : घरभित्र, बाहिर, भ्याल, ढोका, आँगन आदि लिपपोत गरी विभिन्न किसिमका बुट्टा (ऐपण कला) ले घर, आँगन, सिँढी, ढोका, पूजाकोठा आदि सजाइन्छ । रातो माटोले लिपेर त्यसमाथि पिठायोले विभिन्न किसिमका बुट्टा भरिन्छ । पिठायोकै सहायताले लक्ष्मीका खुट्टा (प्रतीकात्मक) घरको आँगनदेखि सिँढी, मूलढोका हुँदै पूजाआजा गर्ने स्थलसम्म बनाइन्छ । मान्यता अनुसार लक्ष्मी यही खुट्टामा टेकेर भित्रिन्छिन् भन्ने लोकविश्वास छ । साइत अनुसार पूजा गर्ने समयमा घरका बहुमूल्य गरगहना र नगद पैसा राखेर पूजा गर्ने प्रचलन छ । अर्को मान्यता अनुसार निद्राबाट विष्णु जागेपछि उखुको सिँढी चढेर क्षीर सागरबाट बाहिर आएका थिए

भन्ने छ । घरको मूल ढोका, खरखजाना राखेको बाकस, दराज, सेफ आदिको मुखाकृतिमा स्वस्तिक चिह्न बनाएर पूजा गरिन्छ ।

**कर्णालीको पुसे भैलो** : जुम्लाका बलिराजाले युद्धसामग्री जुटाउन नसक्दा सेनालाई खाद्यान्नाभाव नहोस् भनेर जनताको घर घरमा गएर ऋतु जनाउने बहानामा अन्न र पैसा माग्न आदेश दिएका थिए । राजाको आज्ञाको विरोध गर्न नसकेर जनताले सेनालाई सामर्थ्य अनुसार खाद्यान्न र पैसा दिए । बिस्तारै सोही चलन पछि भैलोका रूपमा खेलिएको जनविश्वास एवं किंवदन्ती छ ।

**बलि राजाको प्रसङ्ग** : भैलोमा 'हामी त्यसै आएका होइनौं (बलिराजाले पठाएको' भन्ने प्रसङ्ग भैलो र देउसुरेमा आउँछ । यसबारेमा छोटो चर्चा गर्न आवश्यक देखिन्छ ।

**पौराणिक बलि राजा** : मानसखण्डको भैलोमा आउने बलि राजा पौराणिक हुन् । उनी बिरोचनका छोरा र प्रह्लादका नाति थिए । बलि दानवीर र शक्तिशाली भएका कारण घमन्डी थिए । विष्णुपुराणका अनुसार दैलोमा माग्न आउनेलाई खाली हात पठाउँदैनथे । कथा अनुसार उनले धनकी देवी लक्ष्मीलाई अधीनमा राखेर सम्पन्न भएका थिए । अति गरेपछि वामनको अवतार लिएर विष्णुले बलिको दैलोमा भिक्षा माग्न आए । घमन्डले मात्तिएका बलिराजाले भिक्षामा के माग्न चाहन्छौ खुलेर माग भने । जोगीको भेषमा आएका वामनले तीन पाइला जमिन मागे । बलि दिन तयार भएपछि नारायणले विशाल स्वरूप धारण गरी एक पाइला आकाशमा, एक पाइला पृथ्वीमा र तेस्रो पाइला बलिको टाउकोमा टेकेर पाताल लोक पठाई लक्ष्मीलाई मुक्त गरे । दानशीलता र न्यायप्रियतामा प्रख्यात बलिलाई विष्णुले पाताल लोकमा चिरञ्जीवीको वरदान दिए । सोही समयदेखि यमपञ्चकको समयमा उनी एक पटक पाताल लोक आउने विश्वासले 'हामी त्यसै आएका होइनौं, बलि राजाले पठाएको' भनेर सम्मानार्थ भैलाराले भट्याउने गर्छन् ।

**जुम्लाका बलि राजा** : जहाँसम्म कर्णालीको भैलोको प्रसङ्ग छ सिँजा खसराज्य र तिब्बतको खारी राज्यबिच घेरै दिनसम्म ताक्लाखार (ताउलाखार) क्षेत्रमा भीषण युद्ध भएको प्रसङ्गसँग जोडिन्छ । युद्धमा खस सेनाले जितेपछि सिँजा फर्किने क्रममा सेनाको रासनपानी सकिएछ । सेनाले जनतासँग सजिलै खाद्यान्न प्राप्त नगरेपछि राजाको आज्ञानुसार विजयोत्सव मनाउँदै मनाउन खाद्यान र पैसा माग्न थाले । युद्ध विजयोत्सवको रूपमा 'हामी त्यसै आएका होइनौं, बलि राजाले पठाएको' भन्दै माग्दै सिँजामा आए । कालान्तरमा यही थेगो जुम्लाको भैलोमा चलनचल्तीमा आएको किंवदन्ती छ ।

**मगर जातिका बलि राजा** : देउसीको प्रसङ्गमा आउने बलि राजा १४ औं शताब्दीका मगर जातिका राजा बलिहाङ हुन् । प्राचीन समयमा (अहिलेको पश्चिम नेपाल) बलिहाङ भन्ने एक जना मगर राजा न्यायप्रेमी, धर्मात्मा र भविष्य द्रष्टाले प्रख्यात थिए । उनमा दिव्यज्ञान थियो । उनले आफू मर्ने घोषणा गरी प्रजालाई बोलाएर 'जसरी हामी एकआपसमा दुःखसुखसँग मिलेर बसेका छौं, मेरो मृत्युपछि पनि त्यसरी नै मिलेर बस्नु र मेरो मृत्यु कात्तिक महिनाको पूर्णिमाको उत्तरार्ध र औंसीको प्रारम्भ हुन्छ' भनी घोषणा गरे । जनप्रिय राजालाई बचाउने केही उपाय छ कि भनेर राजासँग बिन्ती गरे । बलिले 'राति यमदूत लिन आएको समयमा दीपोत्सव गरी यमदूतसँग रोइकराई बिन्ती गरेमा मलाई प्राणदान पाइन्छ' भनेपछि प्रजाले राजाको आज्ञानुसार रातभर दीपोत्सव गरेर जाग्राम बसे । रातिको समयमा निद्राबाट जोगिन जाग्राम बसेकाले 'फाइलो फाइलो' भट्याउन थाले । यमदूतले राजाप्रतिको प्रगाढ माया देखेर बलिहाङ राजालाई प्राणदान दिएको किंवदन्ती छ । बलि राजा बचेको खुसियालीमा घर घरमा दियो बालेर नाच्दै गाउँदै 'देउसुरे' गाउदै जाँदा 'देउसी' चलनमा आएको हो । मगर भाषामा 'फाइलो' को अर्थ 'हामीले बचायौं' हुन्छ । 'देउसी' को अर्थ धर्मात्मा 'पुजारी' र 'रे' को अर्थ राजा हुन्छ । राजालाई बचाएको खुसी बाँड्न देउसी खेलेका थिए ।

*ए है, मन मन साथी हो– देउसुरे (द्यौसुरे)*
*हामी त्यसै आएनौं– देउसुरे*
*बलि राजाले पठाएको– देउसुरे*

**भैलो पुसमा मनाइने कारण** : हिमाली जिल्लामा पुस महिना खेतीपातीबाट फुर्सद हुन्छ । जाडोको महिना फुर्सदिलो हुने भएकाले भैलो खेलिन्छ । किंवदन्ती अनुसार सिँजाका बलिराजले फुर्सदको समयमा गाउँघरमा गएर भैलो खेल्न आदेश दिएका थिए ।

**पुसे भैलो खेल्ने अवधि** : पुसे भैलो मङ्सिर पूर्णिमा (नानी भैलो/सानो भैलो) एक दिन खेलिन्छ । त्यसपछि पुसे औंसीको दिनदेखि पाँच दिनसम्म खेलिन्छ । भैलो आउनुअघि घरनजिकको चउर (सार्वजनिक जग्गा) मा भैलाराले सामूहिक भोज गर्छन् । स्थानीय भाषामा सामूहिक भोजलाई 'पाठेभात' भनिन्छ ।

नानी भैलीको लोकगीत

*आउँसीका बार – भैलो*
*दरमुद बार – भैलो*
*दराम्या खोली – भैलो*
*बाँसैकी फोली – भैलो*
*बाँसैकी वित्ति – भैलो*
*आर्या न तार्या – भैलो*
*पिपलु डाल्या – भैलो*

जुम्ली भैलोमा भैलोको उत्पत्ति कहाँ र कसरी भयो भन्ने प्रसङ्ग भैलो गीतमा छ । जस्तै,

*भैलो पैल्हाको भैलो मानसरोवर उज्यो – भैलो*
*सरोवरका भैलोले क्या कै खान्की पायो – भैलो*
*सरोवरका भैलाले यै यै खान्की पायो – भैलो*
*हाँस खेलन्या, पुली पाड्न्या तीर्थ खान्की पायो – भैलो आदि ।*

उपरोक्त भैलो गीतमा भैलोको उत्पत्ति मावसरोवर भएको हो भन्ने स्पष्ट जानकारी छ । मानव सभ्यताको उत्पत्तिस्थल मानसरोवर (तीर्थस्थल) भएकोले भैलो जन्मिनु स्वाभाविक मानिन्छ ।

एउटा लोकगीतको प्रसङ्ग पनि यहाँ उल्लेखनीय छ,

*काँ र जन्म्यो भैलो मानसरोवर कविलास– भैलो*
*ऐंरदेखि भैलो ताक्लाखार आयो– भैलो*
*ताक्लाखार भैलाले क्या को खान्की पायो– भैलो*
*ताक्लाखार भैलोले सुन खान्की पायो– भैलो*

उपरोक्त भैलो गीतमा पनि भैलो मानसरोवरमा जन्मिएको प्रसङ्ग छ । ऐंरदेखि भैलो खेल्दै ताक्लाखार पुग्दा त्यहाँ भैलाराले सुन पाएको कुरा उल्लेख छ ।

बैतडीमा औंसीको दिनदेखि भाइटीकासम्म भैलो खेलिन्छ । भाइटीकाका दिन खेलिने भैलोलाई बुढो भैलो भनिन्छ ।

बैतडीमा औंसीका दिन खेलिने भैलो

*औंसी बार– भैलो*
*गाईको त्यारो– भैलो*
*धर्म धुवारो– भैलो*

**भैलोको पौराणिक महत्त्व** : उज्यालोको पर्वका बारेमा प्राचीन ग्रन्थमा वर्णन गरिएको छ । दीपावलीसँग सम्बन्धित तथ्यले पर्वको आफ्नै ऐतिहासिक महत्त्व छ । धार्मिक दृष्टिकोणबाट दीपावलीको पर्वको ऐतिहासिक महत्त्व छँदै छ ।

**चाडपर्वको सांस्कृतिक महत्त्व** : मानसखण्डका अधिकांश लोकपर्व प्रकृति र कृषिसँग सम्बन्धित छन् । जस्तै, विषपति पर्व वसन्तको स्वागतार्थ वैशाख सङ्क्रान्तिका दिन मनाइन्छ । सङ्क्रान्तिको बिहान नुहाउँदा जङ्गली गुलाबको फूल टाउकोमा राखी नुहाउँदा शरीरमा भएको रोगव्याधि समाप्त हुने र आगामी दिन रोग नलाग्ने लोक विश्वास छ । नुहाउँदा 'फूल चढ्यो, विष बग्यो' भन्ने चलन बैतडीमा छ । हर्‍यालो पर्व हरियाली र मनसुनको आगमनको प्रतीक मानिन्छ । किसानले राम्रो फसलको कामना गर्दै हर्‍यालो (मेलको फलेको हाँगा, तेलपउरो, झिरझिरकाँडी) संयुक्त रूपमा खेतगराको बिचभागमा गाड्ने चलन छ । बुढी बाँध्ने र बुढी पोल्ने पर्व पशु कल्याणका लागि मनाइन्छ । चाडपर्वहरू समुदाय र एकताका प्रतीक हुन् । चाडपर्वले मानिसलाई एकसाथ एकै स्थानमा भेला गराउने शक्ति राख्छन् । समुदायको भावनालाई सुदृढ बनाउँछन् । सामूहिक रूपले भेला भएका बखत परम्परागत लोकगीत गाउँदै नाचगान गर्छन् । पर्व विशेषका खानाका परिकार पकाएर खाएर शुभकामना आदान प्रदान गर्छन् । गौरा पर्व यस्तै किसिमको सामूहिक पूजाको पर्व हो । चाडपर्वले एकआपसमा प्रेम, सद्भाव, त्याग, तपस्या र समर्पणलाई प्रोत्साहन गर्दै दाम्पत्य जीवनको कामना गरिन्छ ।

लोक परम्पराको संरक्षण गर्न चाडपर्व महत्त्वपूर्ण हुन्छन् । स्थानीय लोकसाहित्य जस्तै, लोककथा, लोकगीत, लोकसङ्गीत, लोकनृत्य, लोकनाट्य आदि पुस्तान्तरण हुँदै आएका छन् । चाडपर्वले मानिसमा सकारात्मक ऊर्जा प्रसारण गर्दछ । माघेसङ्क्रान्ति पर्व चरम जाडोको समयमा मनाइन्छ । यसको आगमनको तयारीको प्रतीक जाडो बुझिन्छ । माघे सङ्क्रान्तिका दिन अनिवार्य नुहाउँदा रोग र नकारात्मकताबाट बचिन्छ भन्ने लोकविश्वास छ । कन्दमूल, तिलको लड्डु आदि खानाले शरीरमा नयाँ ऊर्जा प्रदान गर्दछ ।

**चाडपर्वको धार्मिक महत्त्व** : कैलाश मानसरोवर क्षेत्र उसै पनि गौरा महेश्वर (पार्वती र शिव) को पवित्र भूमि हो । ऋषिमुनिको तपस्थली हो । 'मानंसरोवर' मानसको अर्थ 'मन' (सामान्यतया बुद्धि, धारणा, भेदभावसहित मानसिक क्षमतालाई जनाउँछ) र सरोवरको अर्थ ताल वा ठुलो पोखरी हो । मानसरोवर तालालाई हिन्दू, बौद्ध, जैन धर्म र तिब्बती परम्परामा अत्यन्त महत्त्वपूर्ण एवं पवित्र मानिन्छ । हिन्दु पुराणका अनुसार मानसरोवरमा स्नान गर्नाले सात जन्मको पाप पखालिन्छ भन्ने छ । स्नान गर्नाले मानसिक शुद्धि र ब्रह्मज्ञान प्राप्त हुन्छ । मानसखण्ड कैलाश मानसरोवरको आदि खण्ड र देवभूमि मानिन्छ । यहाँ हिन्दुका केदारनाथ, बद्रीनाथ, शिवालय, भगवती माताको वासस्थानलगायत अनेकन पवित्र स्थल र मन्दिर छन् । चाडपर्वले मठमन्दिर एवं स्थानको गरिमा उजागर गर्दै देवीदेवतासँग मानिसको सम्बन्धलाई जोड्छ ।

**मानसखण्डको संस्कृति** : यहाँको संस्कृति सरल जीवनशैलीमा आधारित छ । भौगोलिक र सामाजिक भिन्नताका बिच चाडपर्व मनाइन्छन् । महिनापिच्छे मनाइने चाडपर्वले फरक फरक सन्दर्भ र पौराणिक कथालाई जानकारी गराउँछ ।

**चाडपर्व विशेषको पहिरन** : चाडपर्वमा पहिरनको पनि प्रमुखता हुन्छ । मानसी परम्परागत पोसाक जस्तै, महिलाले लगाउने घाघरो, आङडो, पिछौडो, गरगहनामा बाला, सुता, पैंडा, गलोबन्द आदि लोपोन्मुख छन् । आधुनिक महिला साडी, ब्लाउज, पेटीकोट, सौल आदि लगाउँछन् । पुरुषले कोट, पाइन्ट, नेपाली टोपी आदि लगाउने गर्छन् ।

**खानाका परिकार** : चाडपर्व उत्सव वा भोजका लागि छुट्याइएको दिन हो । विशेष गरी चाडपर्व धार्मिक महत्त्वका हुन्छन् । चाडपर्व वार्षिकोत्सव वा अन्य महत्त्वपूर्ण घटनाका लागि सम्झिने अवसर हुन् । चाडपर्वमा मिठोमसिनो पकाएर

खाने गरिन्छ । चाडपर्वमा घिपाको (घिउमा पकाउने) र तेलपाको (तेलमा पकाउने) परम्परा छ । जस्तै, लउन, पुरी, सेल, पुवा, रोट, बटुक, माडा, हलुवा, खिर आदि । यसका अतिरिक्त दाल, भात, तरकारी, अचार, मौसमी फलफूल आदि खाने गरिन्छ ।

### लोकसाहित्यको प्रवर्धनमा सहयोग

चाडपर्व विशेषका फाग, सगुन, लोकगीत आदिले मानसी लोकसाहित्यलाई पुस्तान्तरण गर्न सहयोग पुऱ्याएको छ । फाग र सगुनहरू महिलाप्रधान लोकसाहित्य हुन् । आजभोलि लोकसाहित्यलाई लेख्य रूपमा लेखिन थालिएको छ । पारम्परिक लोकसाहित्य सरल, सहज र प्राकृतिक अभिव्यक्तिका रूपमा जीवन्त र पुस्तान्तरण हुँदै आएको छ ।

**बसाइँसराइको प्रभाव** : ग्रामीण क्षेत्रबाट सहर, सहरबाट काठमाडौँ उपत्यका र विदेश पलायन हुने अवस्थाले लोककला, लोकसङ्गीत र भाषाको संरक्षणमा असर पारेको छ । परम्परागत रूप र शब्दको अभाव खट्किँदै गएको छ । लोकसाहित्यको अस्तित्वमाथि खतरा छ । ■

कविता

# श्री बाला त्रिपुरासुन्दरी भगवती

योगेन्द्रबहादुर शाही

सबैको जय पुकार्ने बाला त्रिपुरासुन्दरी
देवीको शक्ति असीम भक्ति अटुट संसारी
डोल्पामा माता सुन्दरी गाथा मन्दिर, सुन्दर
फोक्सुन्डोले नि' कुँदेको छ त, तक्दिर संसार ।

त्रिपुरादेवी सुशङ्कोदरी योगिनी, मालिका
भैरवेश्वर महादेवकी शिवानी, कालिका
सतीदेवीको कन्ड्यौलो नि पतन भएको
पुराना सारा ग्रन्थले पनि वर्णन गरेको ।

मेघादी देव वरदान पाए, वर्षाको मूलमा
नियतिले नै बादलले सधैँ मुकुट छुनुमा
भैरवी भेष ताम्रवरणी त्रिवेणी गल्लीगार
मुकुटेश्वर हिमाल हाँस बोलेर बहार ।

माताको तप धार्मिक राप जीवन, यौवन
भाग्यले साथ दर्शन पाए ध्यानस्थ हवन
सिंहराज मस्टो उत्तर छल विराज महान्
मस्टोले देवी बहिनी रूप सदा नै सम्मान ।

आश्चर्य रह्यो अद्भुत पनि शक्ति यो भनेर
रङ्गिन भेष नौ दुर्गा उडी पुतली बनेर

नौ बहिनीको पुतली रूप चारमा छोपिइन्
ए झट्टै शिला बनेर ढुङ्गा ठाउँमै रोपिइन् ।

उडेर गई नेपालगन्ज बनी बागेश्वरी
सल्यान खैरा जुम्लामा उही कनकासुन्दरी
बैतडी रण, बाजुरा बढी बनेर मालिका
सर्वत्र पुज्य, यत्रतत्र स्तुत्य, दुर्गाको रूपमा ।

कमार्याकोटे माथिको डाँडा मन्दिर सुन्दर
त्यो रम्य पाखो दक्षिणतिर दुःसाध्य छ भिर
बसेका देव तपस्या गरी खप्तड स्वामीले
महिमा माता बढायौ धन्य बनायौँ धामीले ।

सिंहराजमा मस्टोको गाथा मुकुटेश्वरको
छ नित्य पूजा, छ साध्य कथा बिहानी भोरको
नाचगान छ आराधना छ भक्तिमा, शक्तिमा
जोडिनु पर्छ देवीको श्रद्धा पितृमा, व्यक्तिमा ।

विक्रमशाही तपस्यारत माईको पाउमा
अर्पण गरी बनेर योगी पवित्र ठाउँमा
हे भक्तजन हे पालीगण, पूजामा, विधिमा
सुखमै रहुन् मानिस माताको निधिमा ।

काम्कोटी कान्छी, शङ्कराचार्य टेकेको आँगन
भारतबाट आएर गए पीठमा नमन
महात्माजन सर्मपण ध्यान बढेको महिमा
हर्षको पर्व, सबैको गर्व माताको गरिमा ।

भैरवनाथ पुजिनुहुन्छ मानेर मूलीमा
माइकोगाथा कमार्याकोट डाँडाको चुलीमा
त्रिपुरा बाला सुन्दरी देवी जोग्माया नामले
शताब्दीदेखि पुजिइन् यहाँ पवित्र धामले । ■

# कर्णालीको लोकसाहित्यमा मागल र मङ्लेरी

लोकसाहित्यका मर्मज्ञले पनि मागललाई खासै परिभाषित गरेको देखिन्न । केही विद्वान् भने मागलबारे यसो भन्दछन्, "छैटी, न्वारान, चूडाकर्म, व्रतबन्ध र विवाह जस्ता संस्कारमा नेपाली नारीले एक प्रकारको गीत गाउँछन्, त्यसैलाई मागल भनिन्छ ।

मोतीराज बम

लोकसाहित्यको एक महत्त्वपूर्ण विधा हो मागल । कर्णाली प्रदेशमा मागल र मङ्लेरीको स्थान सबैभन्दा माथि हुन्छ । अन्य गीत र गायनभन्दा उच्च र सम्मानित हुन्छ मागल । कर्णाली प्रदेशका लोकसाहित्य र लोकसांस्कृतिक विधा उपविधामा मागलको प्रमुख भूमिका रहन्छ । कुनै मङ्गल कार्य गर्नुपूर्व कुनै कार्यको सदासर्वदा मङ्गल होस्, शुभ होस्, राम्रो होस् भनेर मागलमार्फत आशीर्वाद माग्ने र दिने चलन छ । मागलबिनाको कार्य शुभ मानिँदैन र गरिँदैन पनि । आर्य संस्कृति र संस्कारमा मागलको अनिवार्य उपस्थिति हुन्छ । यसलाई भूगोल, समाज र परिवेश अनुसार कतै मागल, कतै मङ्गलाचरण, कतै मङ्गलगान पनि भन्दछन् । कर्णाली प्रदेशमा भने मागल नै भनिन्छ । मागल गाउनेलाई मङ्लेरी भन्ने गर्छन् । मागल संस्कृतबाट आएको मङ्गल शब्दको तद्भव रूप हो । मागल शुभकार्यमा मात्रै गाउने र भन्ने गरिन्छ । यो संस्कारगत गीत हो । शुभकार्यमा मात्र गाइने भएकाले यस गीतलाई शुभकार्यको प्रतीक मानिन्छ । मागल गाउने परम्पराको थालनी देवीदेवताबाटै भएको हो । देवीदेवताका भक्त, अनुयायी, पुजारी, उपासक मान्छे नै हुने भएकाले आफ्नो भलाइका लागि देवीदेवता र ईश्वरसँग आशीर्वाद लिन रचिएका भक्तिभावपूर्ण आराधना गीत र शुभाशिष नै मागल हुन् ।

जीवनको बीजारोपणदेखि अन्त्यावस्थासम्म मान्छेले गरिने शुभकार्य र गाइने मागल श्रुतिमधुर हुन्छन् । मागल खास गरी शास्त्रीय गीत हो । लोकजन्य

गीतको प्रारूप पनि हो । पछि मङ्गलगानका रूपमा गाउन थालियो । अहिले पनि मङ्लेरीहरू मागल गाउँदा पूरै लेग्रो तानेर लम्बेतान लयमा शब्द नटुक्र्याईकन स्वरविच्छेद नगरीकन गाउँछन् । यो बाजारहित गीत हो । प्रयत्न गरियो भने शास्त्रीय गीतमा बजाइने तान्पुरा बाजा यस गीतमा बजाउन सकिन्छ होला तर कर्णाली प्रदेशमा तान्पुरा बाजाको ज्ञान र प्रयोग हालसम्म छैन । बिनासङ्गीत नै मागल गाइन्छ र भनिन्छ ।

## मागलको उत्पत्ति

मान्छे जब मान्छेका रूपमा यस ब्रह्माण्डमा अवतरित भएर विभिन्न कालखण्ड पार गर्दै वैदिककालमा आयो अनि आफ्ना सनातनी संस्कारसँग मागल गानको पनि रचना गऱ्यो । जसरी संस्कृतको एउटा श्लोक छ, 'मङ्गलम भगवान् विष्णु मङ्गलम गरुडध्वज मङ्गलम पुण्डरिकाक्ष मङ्गलाय तनोहरि ।' यसैका आधारमा मागल अर्थात् मङ्गलगानको पनि रचना गरी गाउन थालियो । यो आलेख पढेपछि वेद वेदाङ्गका ज्ञाता अवस्य पनि मागलको उत्पत्तिबारे निर्क्योल गर्लान् । मैले त विद्वान् विदुषीलाई झस्का लाएको मात्र हो । कर्मका आधारमा जब मान्छेका जात र थर बने यिनै जात र थरका आधारमा संस्कार र संस्कृति बने । त्यसैको फेरोमा लोकसाहित्यको प्रादुर्भाव भयो । विभिन्न गाथा, गीत, बिरुदावली, उखान, टुक्का, सिलोक, भारत, कथा कुथुङ्ग्रीको सिर्जना भयो । मङ्गल शब्द नै शुभ, राम्रो, खुसी, प्रसन्न, प्रफुल्ल कुनै बाधा, व्यावधान, अड्चन, पीडा, दुःख, रोदन, क्रन्दन, कष्ट, यातना, प्रताडनारहित शब्द हो । त्यसकारण सुखका दिनमा मात्रै यो मागलगीत प्रयोग हुन थाल्यो । देवीदेवताको भक्ति, स्तुति र प्रशस्तिगान हुँदै मान्छेले आफ्ना अन्य शुभकार्यमा पनि गाउन थाले ।

## मागलको परिभाषा

मागल गीतको परिभाषाका बारे आजसम्म कुनै लेखोट र मानक पाइँदैन । लोकसाहित्यका मर्मज्ञले पनि मागललाई खासै परिभाषित गरेको देखिन्न । केही विद्वान् भने मागलबारे यसो भन्दछन्, "छैटी, न्वारान, चूडाकर्म, व्रतबन्ध र विवाह जस्ता संस्कारमा नेपाली नारीले एक प्रकारको गीत गाउँछन् त्यसैलाई मागल भनिन्छ ।" मागल, फाग र सगुन पर्यावाची शब्दका रूपमा लिइए तापनि सगुन भौतिक वस्तुको नाम हो । फाग र मागल आशीर्वचन हुन् । तसर्थ कुनै शुभ कार्यमा मागल र फाग गाइन्छ सगुन बाँडिन्छ ।

## मागल गायन

मान्छे जन्मेदेखि जीवनपर्यन्त हुने हरेक शुभ कार्यमा मागल भनिन्छ । मान्छेको समाजले निम्नबमोजिम कार्यलाई शुभ कार्य मान्दै आएको छ । अथवा यस्तो अवस्थामा मात्र मागल गाइन्छ । जन्म, छैटी, न्वारान, मुण्डन, व्रतबन्ध, विवाह, यज्ञ, चिउराकुटाइ, लड्डु पडाइ, जन्ती जाँदा, जन्ती आउँदा, बेहुली गृहप्रवेश, गृह निर्माण, गृहपूजा, चौरासी पूजा, कोही ठुलो मान्छे भएका बेला, कसैले सफलता प्राप्त गरेका बेला मागल गाइन्छ । कर्णाली प्रदेशको लोकसाहित्यमा जेठो, सम्मानित र विशिष्ठ विधा हो मागल । अन्य लोकसाहित्यमा जस्तो रसिकता, रोमाञ्चकता मागलमा पाइँदैन किनकि यो संस्कारिक गीत हो ।

## मङ्लेरीको स्थान

मागल नारीप्रधान गीत भएकाले मागल गाउनेलाई मङ्लेरी भन्दछन् । कर्णाली प्रदेशमा मङ्लेरीको स्थान विशिष्ट र सम्मानित हुन्छ । यहाँ मागल गाउन सधवा र विधवा केही छुट्याइँदैन । जसले जानेको छ उसलाई बोलाइन्छ । ऐभाँती नारीलाई मात्र स्थान दिने भन्ने छैन । मागल गाउने महिला प्रायः पाइँदैनन् । लय लामो र शब्द अस्पष्ट जस्तै हुने भएकाले महिला मागल गाउन त्यति रुचि राख्दैनन् । यसतर्फ राग अनुराग भएकी महिला मात्रै मागल गाउन र भन्न सिक्दछन् । यस कारण गाउँघरमा मङ्लेरी सीमित मात्रामा हुन्छन् । कहिलेकहीँ त छिमेकी गाउँबाट समेत बोलाउनुपर्ने अवस्था आउँछ । मङ्लेरीलाई समाजले उच्च सम्मान गर्छ । उनीहरूलाई हेर्ने दृष्टिकोण नै आदरपूर्वक हुन्छ । विशेष आसन दिइन्छ र खानपिनको प्रबन्ध पनि अरूभन्दा भिन्न परिकार हुन्छ । कर्णाली प्रदेशको समाजले मङ्लेरी, धामी र डाङ्ग्रीलाई विशिष्ट खालको स्थान दिइएको हुन्छ ।

## केही मागल र भावार्थ

राष्ट्रभाषाको प्रारूप खस भाषिका हो । यहाँ मागलमा खस शब्दहरू जस्ताको तस्तै राखिएको हुनाले बुझ्न सजिलो होस् भनेर मागलको भावार्थसमेत खुलाइएको छ ।

***देवीदेवताको मागल –***

*देवी– आफू दाजु बसिगयौ रमाइला ज्युली*
*दुःखी बुइनी पठाइअल्यौ हिंअइ र शङ्कर*
*खाउँ त भन्या मार्सी छैन हिमालचुलीमाथि*
*ओडन्या कामली छैन हिमालचुली माथि*
*देउता– हामरा कि बैनालुऔ हिमालचुली बस*
*बाह्र हातको नेजा बुइनौ हुँइर पुऱ्याइदिउँला*
*कालू कैलु गाईको दुध हुँइर पुऱ्याइदिउँला*
*बाह्र हातको छिट बुइनौ हुँइर पुऱ्याइदिउँला*
*बस बुइनी बस अब हिंअइ र शङ्कर ...*

भावार्थ : यसमा देवी र देउता दुई दाजुबैनीको सवालजवाफ छ । बैनीले आफू राम्रो ठाउँमा बसेर मलाई

हिउँ पर्ने चिसो हिमालमा किन पठाएको हो भनेर गुनासो गर्छिन् । दाजुले पनि १२ हातको नेजा त्यहीँ पठाउँला, कालु कैलु गाईको दुध पठाउँला दुःख नमानी बस बैनी भनेर सम्झाउँछन् ।

***बच्चा जन्मिएको बेलाको मागल :***

*जाउन जाउन जोल्या भाइऔ जोइसेलो हेराउन*
*आँङ्च जति हालिअल्या पाथी जति चाउँल*
*हुँइर मनि हालिअल्या असरूपी धन*
*कोर बाटो गयो भाइऔ जोइसिज्यूका घर*
*दायाँ बाटो गयो भाइऔ जोइसिज्यूका घर*
*बायाँ बाटो गयो भाइऔ दारै न केदार*
*कोर जति होला भाइऔ जोइसिज्यूका घर*
*जोलि मार्का भुक्न लाग्या जोइसिज्यूका घर*
*डोड्न्या होइनौँ चोन्न्या होइनौँ जोइसेलो हेराउँन्या*
*जोलि मार्का थामी देउन जोइसिज्यूका घर*
*भाइर निस्क जोइसिज्यूअए जोइसेलो हेराउँदो*
*सुन खोया मुझेलिउँदो रूप खोया पात्तो*
*साँच्चै हाम्मा जोइसिज्यूले धुलौटो थाप्याछन्*
*साँच्चै हाम्मा जोइसिज्यूले घडी पात्तो दिया ...*

**भावार्थ** : घरमा बच्चा जन्मिसकेपछि बुढापाकाले यो बच्चा कस्तो ग्रहदशा लिएर जन्मेको हो जोइसी बाहुनलाई हेराउनु पर्छ भनी सल्लाह दिन्छन् । जोइसी हेराउन जाँदा एक पाथी चामल असर्फी पैसा लिएर जाउँ भन्छन् । दायाँ बाटोबाट जोइसीको घर पुग्छन् । जोइसीको घरमा कुकुर हुन्छन् । कुकुर समात्न लगाएर जोइसीलाई बोलाउँछन् जोइसीले सुनौलो थैलीबाट सुन्दर पात्रो हेरेर बच्चाको ग्रहदशा ठिक भएको सन्देश दिन्छन् ।

***जग्य (यज्ञ) स्थापनाको मागल :***

*जाउन जाउन जोलि भाइऔ*
*ल्याउन ल्याउन जोलि भाइऔ चोखी निउँती माटो*
*काँ र होला चोखी निउती माटो*
*हरिचौण दुबिचौण हुँइर होला चोखी निउँती माटो*
*ल्याउन ल्याउन जोलि भाइऔ कैलु के र गोबर*
*ल्याउन ल्याउन जोलि भाइऔ कैलु के र गौँत*
*ब्राह्मणका हातबाट मण्डपै सुध्याओ*
*हाल हाल ब्राह्मणौ सुनरेखी हाल*
*ल्याउन ल्याउन जोलि भाइऔ सालुमालु पात*
*थाप थाप ब्राह्मणौ तारै र तिपुर*
*लेख लेख ब्राह्मणौ सुरजैका फूल*
*राख राख जजमानौ भारै र मोतिया*
*थाप थाप ब्राह्मणौ पञ्चै र कलश ...*

**भावार्थ** : ए ! तन्नेरी भाइहरू यज्ञ हाल्नका लागि चोखो माटो लिएर आओ । हरियो दुबोले भरिएको ठाउँको माटो र कैलु गाईको गाहुँत र गोबर ल्याओ । ब्राह्मणको हातबाट यो ठाउँलाई शुद्ध र पवित्र बनाएपछि यसै ठाउँमा यज्ञ हाल्नु पर्छ । हे ! ब्राह्मणजी अब सुनको रेखी हालेर सूर्य जस्तै फूल बुट्टा भरेर यज्ञ स्थापना गर र जजमानले पनि चामल, प्रसाद र भेटी राख । अनि ब्राह्मणले पञ्चकलश थाप भनिएको छ ।

***छैटीको मागल :***

*गोणा बस्या बाला तेरा चतुर्मुखी ब्रह्मा*
*दाइना बसिन् बाला तेरा जन्मदिन्या आमा*
*बायाँ बसिन् बाला तेरा कर्म के र फुपू*
*शिर बसिन् बाला तेरा भाग लेख्न्या भाविनी*
*लेख लेख भाविनिऔ पूरै भाग लेख*
*बुवा धर्म गडा बाउली पूरा भाग लेख*
*लेख के र थलो पनि यै बालाका भाग*
*औल के र जिउलो पनि यै बालाका भाग ...*

**भावार्थ** : जन्मिने बालाको खुट्टानिर चारमुख भएका ब्रह्मा बसेका छन् । दाइनेतिर जन्मदिने आमा बसेकी छन् । बायाँतिर कर्मदिने फुपू बसेकी छन् । शिरमा भने भाग्यरेखा कोर्ने भाविनी बसेर भाग्य लेख्दै छन् । लेकको थलो र बँसीको जिउलो पनि यै बच्चाको नाममा लेखिएको छ ।

***जन्ती हिँड्ने बेलाको मागल :***

*उठ्यो दलो रामजिउको पानै फुल्याजन*
*हँण्यो दलो रामजिउको पुतलीका भेष*
*आजदेखि मेरो बालो दुरु देश बाइगो*
*महादेव महारुद्रौ तुमि दाइना भया*
*मेरो बालो रजपुत्र भोक भोकाओला*
*मेरो बालो रजपुत्र निद निदाओला*
*थुमकी भुवानी माइऔ तुमि दाइनी भया*
*बाह्र देव तितरकोटि तुमि दाइना भया*
*यिनी ब्याउला दुलैयाका हकवाला भया ...*

**भावार्थ** : भगवान् रामको लस्कर हिँडे जस्तै अब जन्तीको टाँडो हिँड्यो । अत्यन्त हर्ष उल्लासका साथ हिँडेको जन्तीको लस्कर धेरै टाढा जानु छ । हे महादेव ३३ कोटि देवता तिमी दाइना भएर मेरो बालाको रक्षा गर्नु । बाटोमा भोक लाग्ला निद्रा लाग्ला हेरविचार गर्नु भनेर ३३ कोटि देउतालाई पुकारा गरिएको छ ।

कर्णाली प्रदेशमा संस्कार अनुसार मागल फरक हुन्छन् । लयविधान भने एउटै हो तर हरेक संस्कारगत मागलमा देवीदेउताका नाम जोडिएका हुन्छन् । कुनै पनि शुभ कार्य गर्नका लागि देउताको आशीर्वाद अनिवार्य रूपमा लिनैपर्छ । मागललाई शुभ गीत, आशीर्वाद गीत, आशिष गीत, फलिफाप गीत, भलाइ गीत, उन्नतिप्रगति गीत भन्दा पनि हुन्छ तर मानक गीतका रूपमा मागल नै स्थापित भएको हुनाले मागल गीतले नै लोकसाहित्यमा सर्वपरिचित छ । ■

सुदूरपश्चिम कर्णाली **विशेषाङ्क**

# रामो लेखक हुन अरूका प्रशस्त कृति पढ्नु पर्छ

**लोकेन्द्रबहादुर चन्द**

**पिता महावीर चन्द तथा माता लक्ष्मीदेवीका सुपुत्र लोकेन्द्रबहादुर चन्द विसं १९९६ फागुन ३ गते बैतडीको कुरुकुटियामा जन्मिनुभएको हो । अर्थशास्त्र र राजनीतिशास्त्रमा स्नातक तथा कानुनमा एलएलबी गर्नुभएका चन्दलाई मदन पुरस्कार अर्पण गरिएको छ । नेपाली साहित्यलाई आख्यान, निबन्ध, कविता, प्रहसन, नाटक विधामार्फत योगदान गर्नुभएका उहाँका कृति अङ्ग्रेजीमा पनि अनुवाद भइसकेका छन् । विगत पाँच दशकदेखि साहित्य साधनामा संलग्न वरिष्ठ साहित्यकार चन्दले शङ्कर लामिछाने प्रतिष्ठानद्वारा २०७५ मा अभिनन्दित हुनुका साथै विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गर्नुभएको छ । विद्यार्थीकालमा फुटबल र क्रिकेट खेलका पारखी चन्दको पहिलो साहित्यिक कृति नै 'बाह्रौं खेलाडी' हो । उहाँ भन्नुहुन्छ, "बाह्रौं खेलाडी र निर्णायक मत दिने व्यक्तिको महत्त्व नपत्याउने खोला जस्तै हुने रहेछ ।" राजनीतिमा मिस्टर क्लिन भनेर चिनिनुहुने उहाँ प्रजातन्त्र पुनर्स्थापनापूर्व दुई पटक र गणतन्त्र आउनुअघि दुई पटक गरी आजसम्म चार पटक नेपालको प्रधानमन्त्री पदमा आसीन हुनुभयो ।**

**वरिष्ठ सर्जक चन्दका बाह्रौं खेलाडी (व्यङ्ग्यात्मक निबन्धसङ्ग्रह), नेताको साथी (प्रहसनसङ्ग्रह), हिउँको तन्ना (कथासङ्ग्रह, प्रकाशकः साझा प्रकाशन), इन्द्रधनुष (हिन्दी कवितासङ्ग्रह), (डा. कृष्णचन्द्र मिश्र हिन्दी सम्मान पुरस्कार प्राप्त कृति), अपरिचित (कवितासङ्ग्रह), विसर्जन (२०५४ मा मदन पुरस्कार प्राप्त कथासङ्ग्रह, प्रकाशक साझा प्रकाशन), सन्ध्यावली (कवितासङ्ग्रह), पाहुनाघर (कथासङ्ग्रह), कुर्सी, द चेयर (अङ्ग्रेजीमा), तिम्रो झलक (छन्दात्मक कवितासङ्ग्रह), स्प्रिङ : एन एडेप्ट डाइरेक्टर (कवितासङ्ग्रह), अपराजिता (सामाजिक उपन्यास) लेमिङहरू (कथासङ्ग्रह), रात्रिभोज (कथासङ्ग्रह), बदलिँदो समयचक्र (उपन्यास) लगायत छन् । पाहुनाघरको अङ्ग्रेजी (अनुवाद) उहाँको कृति प्रकाशनोन्मुख छ ।**

**कसरी बितिरहेको छ यहाँको दिनचर्या ?**

मैले अहिले उमेरले ८५ वर्ष पार गरिसकेको छु । निवासभित्रै लौरो टेकेर मर्निङ वाक गर्छु । घरभित्रै रहन्छु धेरै जसो समय । मेरो लेखनप्रतिको समर्पण र ऊर्जा भने अझै केही सक्रिय छ ।

**यहाँको साहित्य लेखन कहिलेबाट सुरु भयो ?**

गाउँमा भाषा पाठशालाभन्दा बढी पढ्ने विद्यालय थिएन । हाम्रा अभिभावकले शिक्षाको महत्त्व बुझ्नुभएको हुनाले हामी पढ्न भारतको पिथौरागढ लगियौँ । मेरो साहित्य यात्रा भारतको विद्यालयमा पढ्दैदेखि सुरु भएको हो । जाडो महिनाको बिदामा ट्युसन पढाइन्थ्यो । त्यहाँ पढ्दै गर्दा म र मेरा काकाका छोरा (पछि नेपाल प्रहरीका डिआइजी) लाई डेरामा ट्युसन पढाउने गुरु आफैँ कवि थिए । हामी भाडा तिरेर डेरामा पढ्न बसेका थियौँ । नजिकै बल खेल्ने ठुलो चौर र वन पनि थियो । उनी बेलाबखत हामीलाई छाडेर वनतिर एकान्तमा गई कविता लेख्थे । तिनै कवि गुरु वंशीधर भट्टले मलाई कविता लेख्न प्रोत्साहन गरे । मलाई याद छ– मैले लेखेको १० 'लाइन' को पहिलो कविता फूल र नदीको विषयमा थियो । उनले कविता जाँचेर बिग्रेका ठाउँमा सच्याउँदै स्याबास् भने ।

त्यसबेला मैले नेपालीमा नभएर हिन्दीमा कविता लेखेँ । बेलायतमा भएको भए अङ्ग्रेजीमा लेख्थेँ होला । भारतमा थिएँ, हिन्दीमा लेखेँ । मैले विसं २०१७ देखि मात्र नेपाली भाषामा साहित्य लेख्न थालेको हुँ । कविता

लेखिरहेको मलाई २०१८ मा कथा लेख्न मन लाग्यो । त्यसबिचमा केही कथा लेखेँ । यही क्रममा एकाङ्कीतिर पनि कलम चलाएँ । पछि मैले पूर्णाङ्की नाटक लेखे पनि प्रकाशन भएको चाहिँ छैन । यतिले पनि चित्त नबुझेपछि मैले आफूलाई प्रहसन विधा लेखनतिर मोडेँ । मैले बिस्तारै प्रहसन विधामा पनि कलम चलाएँ । एउटा प्रहसन 'ठकठकेहरू' मा त टेलिफिल्म नै बनाइयो ।

**कसबाट र कसरी प्रभावित हुनुभयो ?**

पिथौरागढमा पढ्न जानुभन्दा अघि घरमा पिताजीले गर्नुभएको श्लोकवाचन र पिथौरागढबाट घरमा आउनुभएका सितारवादकको भजनकीर्तन आदिबाट पनि प्रभावित भइयो । घरमा सत्यनारायण र रुद्राभिषेक जस्ता पूजाआजा कार्य भएका दिन गाउँलेको भजन गाउन, सुन्न अनि पञ्चामृत एवं अपुङ्गो जस्ता प्रसाद खान धेरै जनाको घुइँचो लाग्थ्यो । भजन र श्लोकवाचनमा जाँगर चलाउनेलाई अलि धेरै प्रसाद खान दिइन्थ्यो । बालवयमा त्यो गुलियो प्रसादको लोभ नगर्ने सायद कोही पनि हुँदैन । मैले पनि यस्तोमा रहर गर्दै गणेश, सूर्य, देवी, शिव र लक्ष्मीनारायणका स्तुति वा पाठ पढेर कण्ठस्थ गर्न थालेँ ।

पछि पिथौरागढ पढ्न गएपछि ट्युसन पढाउने गुरु तथा कवि वंशीधर भट्टले मलाई कविता लेख्न प्रोत्साहन गरेका हुन् । मैले लेखेका कविता सच्याउँदै वा सम्पादन गर्दै उनले प्रेरणा दिएर धाप मारे । यस्तै नैनीतालमा पढ्दा निबन्ध लेखन प्रतियोगिता भयो । चार दिनभित्र दुई पृष्ठको आफूलाई मन परेको विषयमा लेख्न भनिएको थियो । मैले पहिलो प्रयासमा लेखेको निबन्ध दोस्रो स्थानसहित पुरस्कृत भयो । यो मेरा लागि त चमत्कार नै चस्मा विषयमा लेखिएको सो निबन्ध करिब छ/सात वर्षपछि परिष्कारसहित मधुपर्क पत्रिकामा छापिएको थियो । करिब दुई महिनापछि राष्ट्रिय पञ्चायतको उपाध्यक्ष पदमा सक्रिय रहँदा एउटा भोज कार्यक्रममा साहित्यकार सूर्यविक्रम ज्ञवालीले उक्त निबन्धबारे प्रशंसा गर्नुभएको थियो । मेरो घरमा आएका कसैले (नाम बिर्सिएँ) त्यो निबन्ध मधुपर्कमा छाप्न दिएका रहेछन् । पछि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले पनि मेरो कृति छाप्यो ।

**कसरी बढिरहेको छ लेखन गतिविधि ?**

उमेरले गर्दा अहिले त म खासै लेख्न सक्दिनँ । आफूले बोलेको अरूले लेखिदिँदा सन्तोषजनक भाव नआउने रहेछ । सन्तोषजनक भाव आउनका लागि उसले लेखेको धेरैचोटि पढ्नुपर्ने हुन्छ ।

**वर्तमान लेखनप्रति सन्तुष्ट हुनुहुन्छ ?**

अहिलेका लेखक प्रायः सामाजिक सञ्जालमा अभ्यस्त छन् जस्तो लाग्छ । यसमा सुधार नभए साहित्यको भविष्य राम्रो छैन । सामाजिक सञ्जालले धेरैलाई बरालेको र थोरैलाई बिगारेको पनि छ ।

**कुनै नयाँ कृतिको तयारीमा हुनुहुन्छ कि ?**

पाहुनाघर (कथासङ्ग्रह) को अङ्ग्रेजी अनुवाद गेस्ट हाउस प्रकाशन गर्ने तयारीमा छु । वयोजन्य सुस्तता एकातिर छ भने मानसिक सक्रियता पनि अर्कोतिर छ । घोस्ट राइटिङ नेपालले यसको प्रकाशन गर्ने जिम्मा लिएको छ । लेखक सहकर्मीसँग सम्पादनमा व्यस्त छु । साथै केही पुराना लेख, रचनाका पाण्डुलिपि पनि छन् मसँग । तिनलाई व्यवस्थित गरेर प्रकाशन गर्न राम्रो सम्पादक र प्रकाशकको खोजी गरिरहेको छु ।

**साहित्य लेखनमा घरपरिवारको साथ सहयोग छ ?**

साहित्य लेखनमा घरपरिवारको साथ सहयोग पूरापूर छ मलाई । माहिला छोरा अरुण चन्दले २०३५ सालमा इन्द्रधनुष प्रकाशन गरेर सार्वजनिक गर्न धेरै सहयोग गरेका थिए ।

**तपाईं आफ्ना कृतिबाट सन्तुष्ट हुनुहुन्छ ?**

म आफ्नो लेखनबाट भरपूर सन्तुष्ट छु । मेरो विसर्जन कृतिले २०५४ सालको मदन पुरस्कार पाए पनि मलाई विसर्जनले भन्दा बाह्रौँ खेलाडीले नै आजसम्म बढी चर्चा, लोकप्रियता र सम्मान दिइरहेको छ ।

**लेख्ने विषयवस्तु कसरी छान्नुहुन्छ ?**

मैले लेख्ने विषयवस्तु अरूका कृति पढेरै छान्ने गर्छु । आफू राम्रो लेखक हुन चाहनेले अरूको कृति पढेर आफ्नो ज्ञानको भण्डार भरिपूर्ण बनाउनु पर्छ । आफूले अरूको कृति नपढ्ने अनि अरूले चाहिँ आफ्नो सबै पढिदियोस् भन्नु उचित होइन तर अहिलेको लेखक समाजमा अरूको कृति नपढ्नेको बाहुल्य छ ।

**साहित्य र स्रष्टाप्रति राष्ट्रको कस्तो जिम्मेवारी रहन्छ जस्तो लाग्छ ?**

अधिकांश साहित्यले समसामयिक सामाजिक, राजनीतिक र सांस्कृतिक परिवेशको चित्रण गरेको हुन्छ । अन्धविश्वास, कुरीति, विकृति, विसङ्गति आदिको विरोध गरेको हुन्छ । समाजका हरेक पक्षलाई अग्रगामी दिशाबोध गराइरहेको हुन्छ । स्रष्टा आफू पनि यसै समाजभित्रको पात्र भएको हुँदा जीवन भोगाइमा केही न केही छाप गढ्न पुग्नु अनौठो होइन । त्यसैले साहित्यलाई समाजको ऐना मानिएको होला । मनभित्र गढेका, गुम्सिएका अनुभूतिलाई एक सचेत नागरिकको हिसाबले साहित्यमार्फत समाज र राष्ट्रलाई यथास्थितिबोध गराउनु स्रष्टाको जिम्मेवारी पनि हो । राष्ट्रको ध्यान पुग्न नसकेका धेरै विषयलाई स्रष्टाले अगाडि ल्याइरहेको हुन्छ । वास्तवमा यहाँका अधिकांश स्रष्टाले राष्ट्रका लागि निःस्वार्थ सेवा गरिरहेका छन् । तसर्थ राष्ट्रले पनि साहित्य र स्रष्टालाई देश विकास तथा समृद्धिको अपरिहार्य अङ्गका रूपमा माया गर्नु पर्छ जस्तो लाग्छ । ■

*प्रस्तुति : जयराम सापकोटा*

# अनौठो भूतको जात्रा 'जोगेनी जाँत'

कैलाश पाण्डे

डडेलधुरा जिल्लाको भागेश्वर गाउँपालिका–२ स्थित जोगेनी टुपुरामा भदौ महिनामा डोटी राज्यको रुपाल गर्खामा अद्भुत प्रकृतिको जात्रा हुन्छ । जसलाई जोगेनी जाँत भनिन्छ । डोटी क्षेत्रमा देवीदेवताको मुख्य पूजाको अवसरलाई जाँत अर्थात् जात्रा भन्ने गरिन्छ । समान्यतया जाँत तिथिमा हुन्छन् । तिथिसँगै अगाडिपछाडि पनि पूजा हुने गर्छ; जसलाई डाडागन्त भन्ने गरिन्छ । कुनै पर्व विशेष केही दिन दिएर पूजाअर्चना गर्ने जात्रा मनाउने रीत परम्परालाई जाँत भनिन्छ । देवताको पूजा लाग्ने दिनलाई हुलो भन्ने गरिन्छ । जाँत थरी थरीका हुन्छन् । जाँतमा देउरा ल्याउने पनि गरिन्छ । जाँतमा चौलो बनाइन्छ । चौलोमा वीर चरित्रको प्रदर्शन गरिएको हुन्छ । वीरताको चर्चा वीरगाथा वर्णन, वीरतासम्बन्धी आयुध प्रदर्शन गरिन्छन् । छुट्टाछुट्टै भाँतीका चालचलन हुन्छन् जाँतमा । विभिन्न स्थानमा लाग्ने मेला जात्रा जाँतमध्ये निकै पृथक् र विशिष्ट महत्त्व बोकेको जाँत डडेलधुरा जिल्ला भागेश्वर गाउँपालिका–२, रुपालमा हुने गर्छ । प्रत्येक तेस्रो वर्ष गौरा विसर्जन गरेको भोलिपल्ट अद्भुत किसिमको भूतको जाँत हुने गर्छ ।

रुपाल संस्कृतिको छुट्टै पहिचान भएको क्षेत्र हो । तत्कालीन डोटी राज्यका तमाम गर्खामध्ये रुपालको विशिष्ट परिचय देखिन्छ । रुपाल भगवान् भागेश्वर, असिग्राम, खिटकेश्वर महादेव आदि देवादिदेवका स्वरूपबाट निवास भएको क्षेत्र मानिन्छ । विद्वत् वर्गको वासस्थान रहेकाले ब्रम्हपुरी पनि भन्ने गरिन्छ । प्रत्येक चाडपर्व जात्रा महोत्सव, जीवनोपयोगी संस्कार विधिपूर्वक गरिन्छन् । पहाडी क्षेत्रको मनोरम उपत्यका बिचमा रुद्रावती प्रवाहित भइरहेको अति नै सुन्दर बस्ती हो रुपाल ।

*रुद्रा तदतुरेजाता शङ्कर पाद निस्रीता*
*पूर्वे भागेश्वरो देव धुन्धु पर्वत सुव्रत ।*

रङ्गुन नदीको प्रसङ्गमा रङ्गुन नदीको उत्तरमा शतरुद्रा रहेको उल्लेख छ । शतरुद्रामध्ये रुपालको मध्य भएर रुद्रावती शङ्कर भगवान्को पाउबाट निस्केर प्रवाहित छन् । जसको पूर्वतर्फ भागेश्वर भगवान् विराजमान हुनुहुन्छ ।

जेठी नेपाल, कान्छी रुपाल पनि भन्ने गरिन्थ्यो । गर्खाको चर्चा हुँदा 'पश्यो भण्णु पशुपति हो जोराइल जङ्गी हो, पिलकोटी लट्ठीको बल रुपाल रङ्गी हो' भनेर सुन्दर रमणीय रुपालको चर्चा पाइन्छ । हरेक चाडपर्वमा रुपालको मौलिक संस्कृति रहिआएको छ । रुपाली शैली, बान्की, छाँटले भिन्नै पहिचान दिन्छ । मौलिक संस्कृतिको विशिष्ट पहिचान बोकेको जोगेनी जाँतको छुट्टै महत्त्व रहिआएको छ ।

योगिनीबाट जोगिनी हुँदै जोगेनी भनिएको हुनु पर्छ । शास्त्र, पुराणमा चौसट्ठी योगिनीको वर्णन पाइन्छ । जाँतमा पनि चौसट्ठी माता भनेर चौसट्ठी योगिनीलाई नै जोगेनी भनिएको हुनु पर्छ । स्कन्दपुराणमा भागेश्वरको चर्चा हुँदा पुजन्ते सिद्धयोगिनी भनेर योगिनीको उल्लेख गरिएको पाइन्छ ।

विभिन्न पूजापाठमा नवग्रह मण्डलसँगै चौसट्ठी योगिनीको मण्डल बनाई पूजा गरिन्छ । यज्ञयज्ञादि अनुष्ठानमा चौसट्ठी योगिनीको विशेष पूजा प्रायः पृथक् वेदीमा चक्र बनाएर गरिन्छ । चौसट्ठी योगिनीलाई विभिन्न किसिमले उल्लेख गरेको पाइन्छ । यज्ञयज्ञादिमा चौसट्ठी योगिनीको छुट्टै वेदी बनाएर विशेष पूजा गरिन्छ । साधारण पूजामा प्रायः षोडश मातृका मण्डमा चौसट्ठी योगिनी आवाहन तथा पूजा गरिन्छ । चौसट्ठी योगिनीलाई यसरी नामा दिइएको पाइन्छ ।

१) दिव्ययोगा २) महायोगा ३) सिद्धयोगा ४) महेश्वरी ५) पिशाचिनी ६) डाकिनी ७) कालरात्रि ८) निशाचर ९) कङ्काल १०) रौद्रबेताल ११) हुकार १२) उर्ध्वकेश १३) बिरुपाक्ष १४) शुष्काङ्ग १५) नरभोजी १६) फटका १७) वीरभद्रा १८) धुम्राक्ष १९) कलहप्रिया २०) रक्ताक्षा २१) राक्षस २२) घोरा २३) विश्वरूपा २४) भयङ्कर २५) कामाक्ष २६) उग्रचामुण्ड २७) भिषणा २८) त्रिपुरन्तकाय २९) वीरकौमारी ३०) चण्डी ३१)

बाराही ३२) मुण्डधारणी ३३) भैरवी ३४) हस्तिनी ३५) क्रोधदुर्मुखी ३६) पेतबाहिनी ३७) खट्वाङ्गदीर्घलम्बोष्ठी ३८) मालती ३९) मन्त्रयोगेनी ४०) अस्थिनी ४१) चक्रिणी ४२) ग्राहा ४३) भुवनेश्वरी ४४) कण्टकी ४५) कारकी ४६) शुभ्रा ४७) क्रीयाय ४८) दुती ४९) कराली ५०) शङ्खनी ५१) पद्मिनी ५२) क्षीरा ५३) असन्धा ५४) प्रहारिणी ५५) लक्ष्मी ५६) कामुकी ५७) लोला ५८) काकदृष्टि ५९) अधोमुखी ६०) धूर्जटी ६१) मालिनी ६२) धोरा ६३) कपाली र ६४)विषभोजनी चौसट्ठी योगिनीको आवाहन गरी ॐ चतुषष्टियोगिनीभ्यो नमस् मन्त्रद्वारा गन्धादि उपचारका साथ पूजा गरिन्छ ।

'अनेकभावसंयुक्ता संसारार्णवतारिणी । यज्ञे कुर्वन्तु निर्विघ्नं श्रेयो यच्छन्तु मातरस्' भनेर प्रार्थना गरिन्छ । चौसट्ठी योगिनीको विभिन्न यज्ञयज्ञादिमा पूजा गरिन्छ । रुपालमा अद्भुत रूपमा पूजा गरिने र दिनभर चौलोमा भोस्सी खेली जात्रा मनाइने योगिनीको सङ्ख्या भने ३६४ रहेको छ । ६४ माता भली खुसी हुन्नी भन्ने भनाइबाट चौसट्ठी योगिनीको प्रसङ्ग आउँछ । जोगेनी टुपुरामा रहेका ढुङ्गाको सङ्ख्या पनि ३६४ छ । निकै भिन्न प्रकारको पूजा विधान छ । प्रत्येक तेस्रो वर्ष बिरुडा पञ्चमीका दिन कर्नैको धामीबाट हुने पजनीमा शनिबार र मङ्गलबार पर्ने गरी दिन तोकिन्छ । रुपाल गाउँको प्रत्येक घरबाट पूजाका लागि नाली डोरी उठाइन्छ । सुनी जातका मानिसबाट पूजा लगाइन्छ । जात्रा लाग्ने अघिल्लो दिन गौरा विसर्जन गरिन्छ । गौरा ल्याइने प्रत्येक खलामा चौलो खेलिन्छ । चौलो खेलिनुलाई चलो हाण्णु भनिन्छ । जोगेनी जात्राको सम्पूर्ण व्यवस्थापन पूजाआजा दलित समुदायबाट हुन्छ । अन्य सबै वर्ग समुदायको सहभागिता हुन्छ ।

## जोगेनी जाँतको इतिहास

जोगेनी जाँत नाागी मल्ल राजाका पालामा सुरु भएको भनाइ छ । रुपालको महाकाली नदीनजिकै जाख भन्ने गाउँमा 'सुनी' जातिको बसोबास थियो । उनीहरू महाकाली नदीमा माछा मार्ने गर्दथे । एक दिन त्यस गाउँका काका भतिज नाता पर्ने दुई जना माछा मार्न जाल लिएर महाकाली गएछन् । त्यस दिन जालभित्र मान्छेकै अनुहारको माछा पर्छ । उनीहरूले त्यो जालसहितको माछालाई घिसार्दै तान्दै घरमा लगे । घर पुगेपछि त्यस माछालाई के गर्ने भनेर गाउँका सबैलाई बोलाइ कुरा गर्न थाले । कोही गाउँले यसलाई काटेर खाऊँ भन्न थाले भने कोही गाउँले यसलाई अजयमेरु दरबार लैजाऔं भन्न थालेछन् ।

त्योबेला अजयमेरुमा नागी मल्लको शासन थियो । गाउँमा कुनै नयाँ घटना वा नयाँ वस्तु भेटिएमा दरबारमा लैजानुपर्ने चलन थियो । त्यसैले सबै गाउँले ती माछालाई जालसहित अजयमेरु दरबार लैजाने निर्णय गरे ।

राति नै लैजानुपर्ने भएकाले गाउँले सबै मिली त्यो जालसहित नै बोकेर हिँड्न थाले । जाँदै गर्दा एउटा माछा जालबाट निक्लेर भाग्छ । रातभरि हिँड्दाहिँड्दै बयलबाट भन्ने ठाउँमा पुग्दा त्यहाँ पनि जालबाट एउटा माछा निस्केर भाग्छ ।

त्यहाँबाट जाँदै गर्दा एउटा डाँडामा पुगेपछि थकान मेट्न एकछिन बस्न थाले र जाल पनि छेउमै राखे । केही छिनपछि उज्यालो भयो । तिनीहरू हिँडौं भनेर जाल राखेकोतिर गए तर त्यहाँ त जालभित्र ढुङ्गा थिए । त्यो देखेर र सबै जना आत्तिएछन् त्यसैबेला आकाश गर्जिएछ र पानी परेछ । ती सुनीहरू डराउँछन् । यो के भयो ? कसरी भयो ? भनेर र सबै घर भाग्न थालेछन् ।

त्यसपछि पूरै रुपालमा अनर्थ र अशान्ति भएछ । कोही काम्न त कोही पागल भए रे । यस्तो अनर्थ देखेर गाउँका सबै मिली धामीझाँक्री बोलाएर पजनी गरेछन् । लामो समय पजनी हुँदा पनि निष्कर्षमा पुग्न सकेनन् ।

पछि त्यहीँ रुपाल कोटेउडाको कर्लै देवताले शान्त पाऱ्यो । कर्नैले सुनी तिरुवा बोलाउने आदेश गरे । पजनीमा आएका सुनीहरू त्यो घटना बताएछन् तर पनि कसैले पनि शान्त गर्न सकेनन् । जाखका सुनीले गरेको वर्णन सुनेर अद्भुत किसिमको आतङ्क समाधान गरी अमनचैन र शान्ति कायम गर्ने कार्य भयो ।

भनिन्छ, कर्लै देवतामा ज्योतिष ज्ञान पनि भएकाले विषम परिस्थितिको समाधान गर्न सकेका हुन् । कर्लै देवताले ती ढुङ्गामा 'जोगेनी माता र वीर (भूत) भएकाले तिनीहरूको राम्रो योगले पूजा गरेपछि शान्त हुने र यो पूजा प्रत्येक तीन वर्षमा गर्नुपर्ने हुन्छ । पूजामा दुईखुट्टे र चारखुट्टेको बली दिइन्छ । हरेक रुपालीले अनिवार्य सहभागी हुनुपर्ने । प्रत्येक घरबाट पूजा सामग्री उठाउनुपर्ने । सुनीले नौ दिन व्रत बसेर साधना गर्नुपर्ने व्यवस्था गरियो ।

त्योबेला कर्लै देवताले 'जोगेनी माता र वीरलाई शान्त पार्नका लागि भएको पजनीमा जोगेनी माताले मानिसका रूपमा आई यसरी पूजा खाने भनेकाले त्यहाँ पूजाआजाका साथै बलि चढाइन्छ । स्थानीय देवताका धामी पनि पजनीमा बस्दछन् । भूमिको मालिक भएकाले कैलपालको भूमिका निकै महत्त्वपूर्ण रहेको हुन्छ । समैजी देवताले पनि महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ । बाटोमा छुट्टिएकाको अघिल्लो साँझ जोगेनी पातलमा पूजा हुन्छ ।

रुपाल गाउँका सुनी थरका एक जना महाकाली नदीमा माछा मार्न गएका थिए । महाकालीमा चौसट्ठी योगिनी पौडिरहेका थिए । योगिनीलाई पूर्वजन्मको श्राप

थियो कलियुगमा मनुष्यले छुनेबित्तिकै पत्थर भएर बस्ने । त्यही श्राप मोचनका लागि मानव आऊन् र स्पर्श गरुन् भनी नदीमा माछा रूपमा पौडिरहेका थिए । संयोग त्यस्तै पऱ्यो । सुनीले नदीमा जाल छम्काए जालमा योगिनी समातिइन् । सुनीलाई योगिनीले आफ्नो परिचय दिए । सुनीलाई हामी तिम्रो कुनै काम आउन सक्दछौं । एक पटक प्रयोग गर्ने गर्न सक्छौ । सुनीले अजयमेरु कोटको राजा निकै शक्तिशाली छ त्यसका विरुद्ध प्रयोग गर्नुपऱ्यो भनी योगिनीसहितको जाल बोकेर हिँडे । बोक्ने समय योगिनी पत्थर रूप भइसकेका थिए । एउटा पत्थर जोगेनी पातालमा खस्यो । अजयमेरुकोट पुऱ्याउने सुरसहित हिँडेका सुनी रुपाल गाउँको माथी उच्चो डाँडामा पुग्दा उज्यालो भएछ । जसलाई जोगेनी टुपुरो भन्ने गरिन्छ ।

त्यही डाँडामा बोकेर लगेका योगिनी छोडेर घर फर्किए । नौतडीका जोशीको हाल्दो (बेसार) रोप्ने जमिन थियो बेसारकै बारीमा योगिनी छाडिएका थिए । बेसार गोडमेल गर्न एक बामनी (जोशी पत्नी) त्यहाँ पुगिन् । योगिनी भूत रूपमा थिए । भूत योगिनीले मानिस आएको चाल पाए ती बामनीलाई खाइदिए । बामनी त्यही मृत अवस्थामा थिइन् । राति अबेरसम्म घर नआएकोमा घरका मानिस चिन्तित भए खोजीमा निस्किए हल्दी गडामा मृत अवस्था भेटे । मरेको कारण पत्ता लगाउन लागे ।

कोटेउडामा सार्कीको घरमा एक जना केटा मानिस थियो । उक्त केटालाई कर्नै भनी चिन्दथे । कर्नै नाउँ गरेको केटा एक दिन आफ्ना बुवासँग रुद्रावती तर्दा उसको बुवा नदीमा बगेछन् । उनी निकै ठुला ज्योतिषी थिए । तन्त्रसाधक पनि थिए । बुवा नदी तर्दा बगेपछि ज्योतिषीको छोरो एक्लै निन्याउरो अनुहार लगाई रुन लागे । त्यतिबेला त्यही बाटो गरी कोटेउडाका एक जना सार्की आएछन् । एक्लै रोइरहेको केटोलाई आफूसँगै लगे तिनै ज्योतिषी पुत्र कर्नै थिए । उनले तन्त्रसाधना जानेका थिए । हल्दिगडामा भएको घटना कर्नैले पनि सुने । बगौली तन्त्रसाधकसमेत रहेका कर्नैले भूत योगिनीबाट घटना घटेको र अझै यस्ता घटना घट्दै जाने बताए । नभन्दै विभिन्न घटना अप्रत्याशित रूपमा घट्दै गए । वस्तुभाउ मरे, मानिसमाथि नै आक्रमण भएपछि रुपाली सबै कर्नैसँग समस्या समाधानको उपाय खोज्नका लागि छलफल गरे । कर्नैले उपाय निकाले ।

रुपालमा विकराल समस्या आयो । समस्या समाधानका लागि कर्नै देवताले उपाय खोजे स्थानीय देवताका धामी बसाए । जाख घर भएका सुनी पनि बोलाए । सुनीले योगिनी जालमा छोपेपछि भएको संवाद सुनाए । जालमा समातिएपछि मैले तिनका बारेमा सोधें 'को हौ ? कसरी मेरो जालमा फस्यौ ?' भन्दा तीमध्येबाट उमेरले छिप्पिएकी गेरु वस्त्र धारण गरेकी आइमाई जस्ती देखिने अगाडि आएर भन्छिन्, "म चौसट्ठी योगिनीमध्ये एक हुँ । यी ३६३ मेरा छोरा हुन् । यतै खेल्छौं, मसानमा रमाउँछौं, मुर्दा बोकेको देख्दा अति खुसी हुन्छौं । जीवित मानिससँग सामान्यतः बैरभाव छैन । हाम्रो बाटो छेके हामीलाई जिस्क्याए मेरा छोरा जाइ लागिहाल्छन् ।" सुनीको कुरा सुनेर कर्नैलाई थप बल पुग्यो । समाधानका उपाय निकाल्न सजिलो भयो । स्थानीय देवता कैलपाल, लाटाराय, समैजीका धामीले पनि कर्नैलाई सघाए । देवताको बलले योगिनीसहितका भूतलाई नियन्त्रणमा ल्याए । रुपाल गाउँ किन आतङ्कित गरेको के गरेर यो समस्याको समाधान हुन्छ भनी योगिनीलाई सोधियो । योगिनीले समाधान सुनाइ, "प्रत्येक तेस्रो वर्ष गौरा विसर्जन गरेको भोलिपल्ट पूजा लगाउनु । दुई खुट्टा भएको प्राणीको बलि दिनु, चार खुट्टा भएको जीव पनि ३६४ पातलामा जौका एकपल्टे रोटी त्यसैमा मासुको टुक्रा राखेर हामीलाई ल्याएर आउने सुनीले पूजा लगाउनू । दुई खुट्टा भएको जीव भनी डराउन भएन, कुखुराले पनि मान्ने छु । रुपालमा हरेक गौरा हुने ठाउँबाट चौलो उठाउनु । सबै रुपाली अनिवार्य समावेश हुनुपर्ने छ ।" जोगेनीले तोकेका सर्त पूरा गराउने कर्नैले जिम्मा लिए । जोगिनी शान्तिपूर्वक रहने प्रण गरिन् । हल्दोगडामा योगिनी चक्र जस्तै गोलो घुम्न मिल्ने ठाउँ छ । त्यसलाई मण्डल भनेर भन्ने गरिन्छ । सोही मण्डलमा बामनीमाताको पनि पूजा हुन्छ । प्रत्येक घरबाट निगालाको लट्ठीमा नेजा धा बाँधेर ल्याउनुपर्ने । नाङ्गो खुकुरी तरबार, दाइन दमाउ, सिट्टी खाकरसहित चौलो खेल्नुपर्ने प्रचलन छ । एक जनाले चौलोमा जोगेनीको गाथा भन्नुपर्ने, अरूले भोर भोस्सी भनी साथ दिएर गोलोमा छड्के छड्के घुम्नुपर्ने हुन्छ । 'चौलोको रौनकता जोगेनी जाँतको दिन बिहानै सबै गाउँले खाना खाएर आआफ्नो देउथलीमा चौलो खेल्छन् । मूल चौलो कोटेउडाको भएकाले सबैभन्दा पहिले अगाडि बढ्छ र पड चौलोसँग मिसिन्छन् । पड र कोटेउडाको चौलो, पड चौलोको देवथली गोल्देउखलामा केहीबेर चौलो

कोटेउडामा सार्कीको घरमा एक जना केटा मानिस थियो । उक्त केटालाई कर्नै भनी चिन्दथे । कर्नै नाउँ गरेको केटो एक दिन आफ्ना बुवासँग रुद्रावती तर्दा उसको बुवा नदीमा बगेछन् । उनी निकै ठुला ज्योतिषी थिए । तन्त्रसाधक पनि थिए ।

खेल्छन् । तला रुपालमा बाह्रगाउँ जोरा ठकुराठीसहितको चौलो लाटादेउका खलामा हुन्छ । समैजी, कैलपाल बिणा बसी रक्षार्थ काम गरेका हुन्छन् । रन्चुलाको चौलो रुइनपटा मिलाइन्छ । रुइनपटामा तल्ला रुपालीको एकै चौलो हुन्छ । नौतड्या हाऱ्या भनी खेलबाट बाहिर रहेकालाई जिस्क्याइन्छ, हारेन हाऱ्या भनी खेलमा सामेल हुन्छन् । कुनैबेला तल्ला रुपाली हाऱ्या, कुनैबेला बिस्तड्या हाऱ्या भनिन्छ भने अधिकांश नौतड्या हाऱ्या बढी भनिन्छ । त्यसपछि चौलो खेल्दाखेल्दै गन्तव्य स्थलमा पुग्छ । सबैभन्दा पहिले डमरु बजाई सार्की, तिरुवा र सुनीहरू कुण्डमा पस्छन् । त्यसपछि कुण्डमा चौलो पस्छ । पाँच/पाँच फन्का घुमेपछि त्यो चौलो (पडकोटेउडा) नौतडीको चौलोलाई पछ्याउन जान्छ । पछ्याएपछि फेरि चौलो कुण्डमै प्रवेश गर्छ र चौलो खेल्छ । केही समय चौलो खेलेपछि त्यो चौलो (पडकोटेउडा नौतडी) बिस्तडीको चौलो पऱ्याउन जान्छ । चार वटै चौलो मिसिएपछि कुण्डमा चौलो खेल्छन् । कतिबेला आधा चौलो बाहिर गएर खेल्छ भने कतिबेला पूरै चौलो बाहिर जान्छ । खेल्दाखेल्दै तल्ली रुपालको चौलो आइपुगेको खबर सुनेपछि त्यो चौलो (पडकोटेउडा नौतडी बिस्तडी) पछ्याउन जान्छ । तल्ली रुपालको चौलो र पछ्याउन गएको चौलोको मिसिने ठाउँ भिरालो भएकाले धेरै मानिस चिप्लिन्छन् पनि । पाँच वटै चौलो मिसिएपछि कुण्डमा खुट्टा राख्नसम्म ठाउँ हुँदैन । त्यसमा पनि अधिकांश चौलो खेल्नेहरूसँग तरबार, खुकुरी, सिस्नुको हाँगा, काँडा भएको लौरी र नेजाध्वजा हुन्छन् । कुण्डमा खेलिरहेको चौलोको आवाज, सिठी बजाएको आवाज र दमाहा (दाइन) को आवाजले त्यहाँको वातावरण मनमोहक हुन्छ । हातहतियारसहित चौलो खेल्ने भएकाले चोटपटक पनि लाग्ने गर्दछ । चौलो खेल्दाखेल्दै लागेको चोटपटकलाई जोगेनी माताको आशीर्वाद हो भनी त्यहींको माटो लगाउँछन् । खेल्ने क्रममा कर्ले देवताको धामीलाई तिरुवाले काँधमा राखी भित्रबाहिर घुमाउँछन् । घुमाउने बेलामा धामीले बाख्रालाई मुखले च्यापेको हुन्छ । त्यसपछि पूजाविधि सुरु हुन्छ भने चौलो बाहिर जान्छ । उता सार्की र तिरुवाका महिला एकपल्टे जौको रोटी पकाउँछन् ।

## पूजाआजा

कुण्ड खाली भएपछि मसानको माटोले रेखा हालिन्छ र सालका पातला बिछ्याएर चामल अनि कालो मसी छरिन्छ । त्यसपछि कुखुराको टाउको काटेर उडाइन्छ भने बाख्राको बली कुण्डको बिचमा ३६४ ढुङ्गामा (३६४ वीरहरूको माथि) राखेर दिइन्छ ।

बाख्राको सबै खुन (रगत) ३६४ ढुङ्गामा छरिन्छ । त्यसपछि एकपल्टे रोटी ल्याएर त्यहाँ बिछ्याइएका पातलामा एक/एक गरी राखिन्छ । भित्र पूजा चल्दै गर्दा बाहिर गएको चौलोभित्र आउन धेरै प्रयास गर्छ तर सुनी जातिका मान्छे आउन दिँदैनन् । सुनीहरू चौलोभित्र नआउन् भनी सिस्नु, लौरी, तरबार, खुकुरी र घङारुको हाँगाले प्रतिकार गर्छन् ।

बली दिइएको बाख्रालाई काटेर कलेजो र मासुका ३६४ भाग बनाएर कुण्डभित्रका ३६४ ढुङ्गालाई दिइन्छ । अनि पूजाविधि सकिन्छ र कुण्डमा भएका रोटी उठाउँछन् । त्यसैबेला बाहिर गएको चौलो कुण्डमा पस्छ र दिनभरि चौलो खेलिरहन्छ । बिहानदेखि साँझसम्म निरन्तर खेलिरहेका चौलोले दिनभर त्यहाँको वातावरण गुञ्जयमान बनाइरहेको हुन्छ । निरन्तर नरोकिने चौलोमा कतिबेला खेल पनि हाल्ने गरिन्छ ।

*थाइ थाइ पालुरी घाँस वाइथाइ*
*कारी कुरि आसि क्याइ उद्याउँछै*
*तम भिना तति क्याइ उदास*

बिचैमा एक जना उफ्रिएर चौलोको बिचमा पस्छ र जोडले कुर्लन्छ । ओ ज्वानौ कि हेरि रै छौ त्यति भन्ने सबै एकसाथ भन्छन् भोर भोस्सी फेरि त्यही क्रम सुरु हुन्छ ।

यस्तै शब्दमा चैत खेल चलिरहँदा बिचैमा कुनै एक ओज्वानौ भोर भोस्सी भनी उफ्रन्छ सबै गोलो घेरामा भोर भोस्सी भन्दै । उफ्रन्छन् । दिनभरि खेल्दाखेल्दै यस जात्राको रमझममा यताउता घुम्न अति नै मनमोहक लाग्छ । दिनमा पुरुषको चौलो हुन्छ भने महिला देउडा खेल्छन् । यो जात्रा विशेष गरी भादौ महिनामा हुन्छ । दिनभर रमाइलो गरेर जात्रा सम्पन्न हुन्छ । अँध्यारो भएपछि वीरहरू चौलो खेल्ने भएकाले सबैजना आआफ्नो घर फर्कन्छन् । अद्भुत किसिमको जात्रा हुन्छ रुपालमा प्रत्येक तेस्रो वर्ष । हरेक तेस्रो वर्ष जाँत नभएमा गाउँमा अनिष्ट हुन्छ भन्ने मान्यता छ । ६४ माता भल खुसी हुन्नी वरदान दिन्नी भनेर भोस्सी खेलिन्छ । चौलो सुरु भएसँगै घरका भ्यालढोका बन्द गरिन्छन् । हरेक रुपाली अनिवार्य जात्रामा सामेल हुन्छन् । किरियापुत्री रहेका, आशौच बारेका, महिनावारी भएका सबैले अनिवार्य जाँतमा जानुपर्ने हुन्छ । वस्तुभाउ गोठमा बाँधेर भ्यालढोका बन्द गरेर जात्रामा जान्छन् । जुन प्रकृतिमा जोगेनी टुपुरामा भोस्सी हुन्छ, त्यस्तै हरेक देउखलामा पनि हुन्छ भन्ने मान्यता रहेको छ । जाँतको अघिल्लो राति जोगिनी रातभर गाउँमा विचरण गर्ने भएकाले सजग, सतर्क रहनुपर्ने हुन्छ । संस्कृति एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुन्छ भनिन्छ । पुस्तौँपुस्तादेखि निरतर हस्तान्तरित संस्कृति हो जोगेनी जाँत । पहिलो पटक हेर्नेका लागि नौलो भए पनि रुपालीका लागि अनिवार्य र उत्सव पनि हो । दिउँसोको मेला भएकाले भेटघाटको अवसर पनि हो । ■

***परशुराम, डडेलधुरा***

# डोट्याली लोकसाहित्यमा पहिरन

प्रकाश पैंतोला

पहिरन शरीर छोप्न र शोभा बढाउन मात्र होइन, पहिरनले मानिसको सभ्यता, संस्कृति र पहिचान पनि बोकेको हुन्छ । मानिसको लिङ्ग, सामाजिक, आर्थिक अवस्था, कामधन्दा र सामाजिक वर्ग जस्ता कुरा समेत पहिरनले झल्काउँछ । साहित्य समाजको ऐना हो । त्यसमा पनि लोकसाहित्य त हाम्रो चालचलन र जिन्दगी जिउने तरिकाको भण्डार नै हो । लोकसाहित्यमा हाम्रो आचारविचार, रीतिथिति, नातागोता, चालढाल, मायाप्रीति सबै अटाउँछ । फेरि पहिरन जस्तो कुरा लोकसाहित्यमा नअटाउने सवाल नै उठ्दैन ।

डोट्याली लोकसाहित्यका उखान, किस्सा, भडा, आइन, बाताँ जस्ता विधामा पनि पहिरनका कुरा आउँछन् नै तर लोकगीतमा पहिरनका कुरा सबैभन्दा बढी आएका छन् । डोट्याली लोकगीत अन्तर्गत देउडा, ठाडीभाका, हुड्क्यौली, भडाहा, धुम्मारी, चाँचरी, ठाडो, ढुस्को, सगुन, फाग, भैन, पुतलागीत, भुवागीत आदि पर्दछन् । बोलचालको डोट्याली भाषा र लोकसाहित्यको डोट्याली भाषामा धेरै फरक छ । डोट्याली लोकगीतमा पहिरन र गरगहनाका लागि विशेष शब्द प्रयोग गरिएका छन् । गौरा पर्वमा खेलिने पाण्डवको चाँचरीका एक हरफ हेरौँ :

*खला सुप्पो दिउँलो दशमि पातलो, रोताली गातैको बागो,*
*घिउ खानि दिउँलो चाँवल मानी, रोताली मथाकि साइ ।*

माथिको हरफमा आएको गातैको बागो भनेको बोलचालको भाषामा आङको भोटो हो । मथाकि साइ भनेको शिरको पगरी हो । पगरी विशेष मानिसले मात्र पहिरने चलन छ, जस्तो कि धामी, दुलहा.. । कसैको मान सम्मानमा समेत पगरी पहिराइन्छ ।

*मुर्मुर्याइ दाडीका वीर चल्या रे,*
*लामी लफेताका पाइक चल्या रे...*

यी पङ्क्ति डोट्याली लोकरामायणको ढुस्काबाट आएका हुन् । सीताको खोजमा लफेता अर्थात् दौरासुरुवाल लगाएका सिपाहीको लस्कर चलेको प्रसङ्ग यहाँ आएको छ ।

*पिठि गुसाँइका बघम्बर छाला,*
*टाटु गुसाँइका रुद्रकी माला ।*
*हात गुसाँइका टिमुरकी सोट्टा..*

गौरा पर्वमा ढोलक र मुजुराको तालमा डुल्दै खेलिने डोट्याली लोकगीतको प्रस्तुत ताँतीमा सीता हरण गर्न आएका रावणको सन्न्यासी भेषको बयान गरिएको छ ।

जन्मदेखि विवाहसम्मका संस्कार गीत, फागमा पहिरनको प्रसङ्ग सबैभन्दा बढी आउँछ ।

*हम दिय बबा मेरा गातैकि मेखला, हमरि मै*
*पास्नीकि बेला,*

*हम दिय माय मेरी जाडैकि सुतना हमरि मै*
*पास्नीकि बेला ।*
*हम दिय काकु मेरा शिरैको सर्पोस, हमरि मै*
*पास्नीकि बेला,*
*हम दिय काकी मेरी गातैकि झकुली, हमरि मै*
*पास्नीकि बेला ।*

माथिको हरफमा बालकले मेखला अर्थात् कन्धनी मागेको कुरा व्यक्त गरेको छ । सुतना भनेको नेपालीमा सुरुवाल हो । सर्पोस टोपीलाई भनिएको हो । हुन त डोट्याली भाषामा झकुली, झक्कु या झिउँटालाई बालवस्त्रको समावेशी शब्दका रूपमा पनि प्रयोग गरिन्छ तर यहाँ प्रयुक्त झकुली छोरीचेलीले लगाउने गलादेखि गोडासम्म छोप्ने खालको पोसाक हो ।।

विवाहमा बेहुलाबेहुलीले लगाउने पोसाकका प्रसङ्ग पनि हेरी हालौँ :

*मालैका बनियाँ लोग्या मेरो बोल ले न, पयँलाइको मोल अरि दे न..*
*को रे गया बाला तेरा गजपरिहाट, को रे लिया लगुडाइकि पाट..*

पयँला/पयँलीले जुत्ता चप्पल जनाउँछ । लगुडाकि पाट भनेको लत्ताको पन्तुरो हो ।

बेसाहा खोज्ज र वर्षमा एकपल्ट गौरामा परिवारका लागि एकसरो कपडा ल्याउन पनि मुस्किल हुने गरिबीमा छोराको विवाहका लागि सुनचाँदीका गहना तथा विवाहका विशेष कपडा किन्न त महाभारत नै हुन्थ्यो । तब कसैकसैले त सुन भनेर पित्तल लग्ने, अरूका कपडा र गहना मागेर लगी बेहुली पक्षलाई ठग्ने पनि गर्थे । यो प्रसङ्गमा विवाहको फागबाट एक अंश लिएर हेरौँ :

सुन भणी पितल लेया रुपा भणी गिलटः, तसा तिनः बल्ला गोःठ बाद..

अङिया पुरानु लेया, घगिया धगौटी, तसा तिन छारो घसीदिय... ।

अङिया/आङडो भनेको चोलो हो । अङियालाई कुनै स्थानको फागमा खाकलो पनि भनिएको छ । घाँगर (घगिया) समेत अर्काको मागेर लिएको (धगौटी) बेहली पक्षले थाहा पाएपछि निकै खल्लीबल्ली र खिसीटिउरी हुन्थ्यो । त्यस्ता निर्लज्ज जन्तीलाई गोरु गोठमा बाँध्नु पर्छ भन्ने कुरा माथिका हरफमा आएको छ ।

*पैर बाली पैर बाली रतन कामली,*
*तेरी आइछ पैःरनी बेला..*
*पैर बाली पैर बाली गलियाइकी सुता,*
*तेरी आइछ पैःरनी बेला..*
*पैर बाली पैर बाली बाउडण्ण पैर,*
*तेरी आइछ पैःरनी बेला..*
*पैर बाली पैर बाली कम्पनीकी मला,*
*तेरी आइछ पैःरनी बेला..*

रतन कामली भनेको रातो पछ्यौरी हो । सुता घाँटीमा लगाउने चाँदीको गहना हो । बाउडण्ण हातका बाला हुन् । कम्पनी माला चाँदीका एक/एक तोलाका रुपियाँको माला हो, जो सम्पन्न घरका महिलाले लाउन पाउँथे । मध्यमवर्गीयले अठन्नी (आठ आना) माला लगाउँथे भने कमजोर वर्गका महिलाले कि त चवन्नी (चार आना) माला कि पोते पहिरन्थे ।

गरगहना र कपडामा महिला आज पनि मायामोह नै राख्छन् । धनसम्पत्तिमा आफ्नो अधिकार नहुने, बैङ्क तथा वित्तीय संस्था नहुने त्यो जमानामा आपत्विपत्का बेला पनि काम लाग्ने हुनाले गहनामा मोह राख्नु स्वाभाविक नै हो । गहनालाई कति महत्त्व दिइन्थ्यो भन्ने कुरा फागको यो अंशबाट हेरौँ :

कण्ठसिरी पैरी बाली कति रुबस भैछ, बुलाकीले झिकै रुबस भैछ..

कानैका तारिका पैरी बाली रुबस भैछ, हबेलीले झिकै रुबस भैछ.. ।

गौरा नचाउने बेलाको यो पङ्क्तिले पनि गहनाप्रतिको नारी मोह दर्शाउँछ–

नाककी बेसरी बिजाइ नाचै लै नाइ आउनो

जब गौःरालाई नाककी बेसरी अर्थात् बुलाकी मिल्छ तब हर्षले पुलकित भएर नाच फुर्छ ।

त्यसै गरी गौरा घर जाने बेला गौराको मोह रहेका गरगहना उनकी आमाले पठाएको प्रसङ्गसमेत रन्झनियाँ गीतमा आउँछ :

लैझा बुवा लोली गोःरा रन्झनियाँ, लाड़ी नाककी नथुली रन्झनियाँ ।

डेउडा गीत त सुदूरपश्चिमेली लोकसाहित्यको ऐना नै हो । डेउडामा पहिरनको कुरा नआउने कुरा नै भएन ।

पिछाउडीका तल्ला चाल, काँकडीको बीउ छ,
हिरौदा (अडौठी) काँइ जन हालेइ, तैमा मेरो जिउ छ ।

*पाखी ओडी ठण्णी हुन्छे, न्यानो गुदडीले,*
*नैनामा पर्छेलो पड्यो, साइकी मुदडीले ।*
*बारै पाटा झकुलीका, एकै पाटो छोटो,*
*और क्याकि दोष दिनु, आफ्नै कर्म खोटी ।*

आफ्नो अलग्गै पहिचान बोकेको डोट्याली पहिरन र सरल जनजीवनको विम्ब बनेको लोकसङ्गीतमा आज पाश्चात्य संस्कृतिको प्रभाव परेको छ । आज लोकगीत र परम्परागत पहिरन दुवै लोपोन्मुख छन् । संस्कृति पहिचानको द्योतक हुनाले सांस्कृतिक विचलनले पहिचान नै धरापमा पर्ने खतरा रहन्छ । तसर्थ आफ्नो भाषा, संस्कृति र परम्पराको जगेर्ना गर्नु हामी सबैको दायित्व हो । ■

# सुदूरपश्चिमका लोकगीत विस्तारमा जनकविकेशरी थापा

यज्ञराज उपाध्याय

सुदूरपश्चिम प्रदेशका लोकगीत शरद्ऋतुको जुनेली रात बनेर प्रत्येक महिला पुरुषको मन मनमा उज्यालो छरिरहेका हुन्छन् । पहाडमा गुराँस, प्याउली र प्रत्येक घरका आली र कान्लामा हजारी (सयपत्री) फूल फुले झैँ प्रत्येक सुदूरपश्चिमवासीका मन मनमा लोकगीतका सुवासिला आस्थाका प्रियफूल ढकमक्क फुलेर सुवास छरिरहेका हुन्छन् । दुःख र पीडाले आक्रान्त बनेका यहाँका लाखौँलाख जन जनका मन न्याउल्या (डेउडा), ठाडीभाका, चैत, चाँचरीलगायतका लोकगीत गाएर नै आनन्दको अनुभूति गर्दछन् । सुदूरपश्चिम प्रदेशको लोकगीत र त्यहाँको जनजीवनको सम्बन्ध माछा र पानीको झैँ सुमधुर रहेको छ । आमाको काखमा दुध चुस्दैदेखि आमाले गाएका फाग, मागल र ठाडीभाकामा एकाग्र भएर सुनिरहने बच्चाहरू तन्नेरी भएपछि न्याउल्या (डेउडा) खेल्दै रमाउँदै जीवन बिताउने गर्दछन् । आमाबुबासँगै घाँसदाउरा र खेतीपातीमा सघाउन जाने बालबच्चादेखि बुढ्यौलीले कपाल फुलेर सेताम्मे भएका बुढापाका न्याउल्या (डेउडा) भनेपछि हुरुक्कै हुन्छन् । सुदूरपश्चिमको लोकजीवनको इतिहासको विभिन्न कालखण्डमा अपि र सैपालको सेतो हिउँ झैँ आफ्नो सुवासिलो कञ्चनपनलाई निखार्दै अनि कर्णप्रिय सुमधुर लयलाई मन मनका आली आली र कान्ला कान्लामा सम्याउँदै लोकगीतले यहाँको लोकजीवनलाई छपक्कै ढाकेको देखिन्छ ।

बाल्यकालदेखि नै साहित्य सिर्जना, लोकगीतको सङ्कलन र गायन तथा लोकसाहित्यको अध्ययन र अनुसन्धानमा सम्पूर्ण जीवन समर्पित गरेका धर्मराज थापा सबै नेपालीको साझा ढुकढुकी बन्न पुगेका छन् । जीवनका सबै उर्वर वसन्त देशको गौरव वृद्धिका लागि यस्तै सत्कर्ममा समर्पण गरेका कर्मयोगी जनकविकेशरी धर्मराज थापाका जन्मदेखि जीवनपर्यन्तको सङ्क्षिप्त परिचय यहाँ उल्लेख गरिएको छ । पिता हर्कबहादुर थापा, माता मनमायाको पवित्र कोखबाट विसं १९८१ आषाढ शुक्ल चतुर्दशी, साउने सङ्क्रान्तिको दिन जीवनको सुन्दरतम् ज्योति हेर्न बाटुलेचौर पोखरामा जनकविकेशरी धर्मराज थापाको जन्म भएको थियो । धर्मराज थापाको चिनाको नाम भुवनबहादुर थापा थियो । भुवनबहादुर थापापछि धर्मराज थापा नामबाट विख्यात हुन पुगे । धर्मराज थापाको जन्मस्थान पोखरा भूस्वर्गका रूपमा परिचित छ । त्यहाँको रम्य र सौम्य लोकजीवनका भोगाइलाई विषयवस्तु बनाई लोकसर्जकद्वारा सिर्जना भई लोककलाकारद्वारा गाइने मौलिक र सिर्जनात्मक सम्पूर्ण गीतलाई लोकगीत भनिन्छ । धेरै जसो मौलिक लोकगीत आफ्नै विशेष परिचययुक्त नामबाट प्रसिद्ध भएका हुन्छन् । सुदूरपश्चिम प्रदेशका लोकगीत पनि न्याउल्या (डेउडा), फाग, धमारी, चाँचरी, ढुस्को, ठाडीभाका, हुड्केली, देउडा जस्ता नामबाट प्रसिद्ध भएका छन् । विभिन्न नामले परिचित यी लोकगीतमा न्याउल्या (डेउडा) सर्वप्रिय विधा हो । न्याउल्या (डेउडा) गाउँदा गीत र डेढ स्टेपमा खुट्टाका पदचाल चाल्दै खेल्दा खेलका रूपमा चिनिन्छ । वर्तुलाकार रूपमा घुमेर खुट्टाका पदचाल डेढ स्टेपमा चाल्दै गीत गाएर खेल खेलिने भएकाले यसलाई डेउडा भनिएको हो । सुदूरपश्चिम प्रदेशका लोकगीतको विस्तारमा धर्मराज थापाले गरेको

योगदानलाई निम्न शीर्षक अन्तर्गत अध्ययन गरिएको छ ।

नेपाली लाकेगीतको गायन परम्पराको विकास क्रमलाई हेर्दा २००७ सालदेखि आधुनिककालको थालनी मानिएको छ तर काली-कर्णाली क्षेत्रमा तत्कालीन अवस्थाबाट नै आधुनिकतातिर अङ्कमाल गरिसकेको देखिँदैन । लामो समयसम्मको जहानियाँ राणाशासनको अन्त्य भएर २००७ सालमा प्रजातन्त्रको स्थापनापश्चात् नेपालमा देखा परेका आधुनिक लोकगीत सङ्गीतका सुसेलीमा काली-कर्णाली क्षेत्रका लोककलाकारले अङ्कमाल गर्न पाएका कुनै प्रमाण भेटिँदैनन् । त्यसैले काली-कर्णाली क्षेत्रको लोकगायनको विकासक्रमलाई २००७ सालदेखि नै आधुनिकालसँग जोड्न त्यति सान्दर्भिक देखिँदैन । २००७ सालमा स्थापना भएको रेडियो नेपालमा काली-कर्णाली क्षेत्रका लोककलाकारको प्रवेश त धेरै परको कुरा हो, रेडियोबाट प्रसारण भएका लोकगीत सुन्ने पहुँचसम्म थिएन यस क्षेत्रका बहुसङ्ख्यक जनतालाई । राणाको निरङ्कुश प्रवृत्तिबाट मुक्त भई मुक्तिको सास फेरेको आभास पनि तत्कालै गर्न पाएका थिएनन् त्यस क्षेत्रका जनताले । मौलिक परम्परा पुस्तान्तरण हुँदै आएका होरी, धमारी, गौरा, भारीखेल, रनपुतला, छलिया, भुओ, ढुस्को, चैत, चाँचरी, न्याउल्या (डेउडा), फाग, सगुन, मागललगायतका लोकगीतले भने काली-कर्णाली क्षेत्रका बस्तीबस्तीमा, घरआँगन, मेलापात, खेतीकिसानी, पूजाआजा, चाडपर्व र मेलामहोत्सवमा त्यहींकै भूगोलभित्र मात्र बुर्कुसी मारिरहेका थिए ।

विसं २०१५ सालतिर जनकविकेशरी धर्मराज थापा लोकगीतको अध्ययन र सङ्कलनको सिलसिलामा सुदूरपश्चिम क्षेत्रका विभिन्न जिल्लामा पुगेका थिए । उनले सँगै बोकेर लिएको रेडियोबाट त्यहाँका जनतालाई नेपाली कलाकारले रेडियो नेपालमा गाएका गीत सुनाउन थाले । ती गीत सुनेर सुदूरपश्चिम क्षेत्रका स्थानीय लोककलाकारले बेग्लै प्रकारको अनुभूति प्राप्त गर्न थाले र जनकविकेशरी धर्मराज थापाबाट प्रेरणा पनि प्राप्त गरे । यसै क्रममा २०१६ सालमा जनकविकेशरी धर्मराज थापा बम्फाङ गएका थिए । २३ वर्षीय परिमल स्नेहीको धर्मराज थापासँग भेट भयो । धर्मराज थापाकै सहयोगमा २०१७ सालमा 'उदै देश मेरै माइत जानु भमरा, बुबाका दाहिने कुम बस्नु भमरा' बोलको गीत परिमल स्नेहीले रेडियो नेपालमा रेकर्ड गरेका थिए । परिमल स्नेहीको यही गीत काली-कर्णाली क्षेत्रबाट रेडियो नेपालमा रेकर्ड भएको पहिलो गीत हुन पुग्यो । लोकगायक परिमल स्नेहीले तत्कालीन समयमै धर्मराज थापाको सहयोगमा रेडियो नेपालको लोकलहरी कार्यक्रममा 'तेरा घर पुगे बहाणी बाबु' बोलको गीत पनि गाएका थिए । त्यसपछि क्रमशः उनका भुइँचम्पा, चम्पाका बरौन्या आया भुइँचम्पा, चरी माऱ्यो भृकुटी बर्माले, जोगी आयो सहरमा ब्यौपारी, छोरेट्टाछोरेट्टीका लेक भैंसा घर पैसा जस्ता दर्जनौं लोकडेउडा गीत रेडियो नेपालमा रेकर्ड भएका थिए ।

जनकविकेशरी धर्मराज थापाको २०१५ सालको सुदूरपश्चिम क्षेत्रको भ्रमणले त्यस क्षेत्रको लोकडेउडा गायनको विकासक्रमको आधुनिककालको ढोका उघारेको मान्न सकिन्छ । धर्मराज थापाका प्रेरणाबाट सुदूरपश्चिम क्षेत्रका लोकडेउडा गायकलाई आधुनिकतातिर लम्किन प्रेरणा प्राप्त भएको र पहिलो पटक लोकगीत रेकर्ड गर्न पनि विशेष सहयोग प्राप्त भएको देखिन्छ । प्राचीनकालदेखि काली-कर्णाली क्षेत्रकै भूगोलभित्र परम्परागत शैलीमै गाइने त्यहाँका लोकगीत २०१५ सालपछि नयाँ शैली र ढाँचामा तालबाजाको प्रयोग गरी गाउने परम्पराको थालनी भयो । वर्तुलाकार समूहमा आबद्ध हुँदै डेढ स्टेप अगाडि र पछाडि खुट्टा चालेर (पैतला मिलाएर) सामूहिक रूपमा लयबद्ध गरी गाइने डेउडालगायतका काली-कर्णाली क्षेत्रका लोकगीतलाई तालमा आबद्ध गराएर कि-बोर्ड, गितार, सारङ्गी, मादल, बाँसुरी, हारमोनियमलगायतका आधुनिक र लोकबाजाको प्रयोग गरी गीत रेकर्ड हुन थाले । यसरी रेकर्ड भएका गीत रेडियो नेपालबाट प्रसारण भएर देशका कुना कुनामा पुग्न थाले । स्टुडियोमा गीत रेकर्ड गरी क्यासेट एल्बम निकाल्ने कार्यको पनि सुरुवात भयो । टेपरेकर्डमा क्यासेट बजाएर काली-कर्णाली क्षेत्रका कलाकारका कर्णप्रिय स्वरहरू गाउँघरमा गुञ्जिन थाले । यस क्षेत्रको लोकगीत-सङ्गीतमा नयाँपन र उमङ्ग थपिन पुग्यो । यज्ञराज उपाध्यायको 'राइभ्रुमा' जस्ता नयाँपन र बान्की थपिएका यस क्षेत्रका लोकगीतले पुर्वेली श्रोताको ध्यान पनि काली-कर्णाली क्षेत्रतिर आकर्षित गर्न थाल्यो । यही आधारमा २०१५ सालदेखि २०४९ सालसम्मको समयावधिलाई काली-कर्णाली क्षेत्रको लोकडेउडा गायन परम्पराको विकासक्रममा आधुनिककालको संज्ञा दिनु उपयुक्त हुन्छ । यस कालका प्रणेताका रूपमा धर्मराज थापाको योगदान अविस्मरणीय रहेको देखिन्छ ।

सुदूरपश्चिम प्रदेश नेपालको एक विकट क्षेत्रका रूपमा परिचित छ । राजधानी काठमाडौँबाट दूरदराजमा रहेको सुदूरपश्चिम प्रदेशले चेतना र शैक्षिक स्तरको पछौटेपनको सामना लामो समयसम्म गर्नुपरेको कुरा जगजाहेर छ । तत्कालीन अवस्थाको एक मात्र केन्द्रीय सञ्चार माध्यम रेडियो नेपालसँग यस क्षेत्रका लोककलाकारको पहुँच नपुगेकै कारण यस प्रदेशको लोकगीतको विकास र विस्तार हुन सकेको थिएन । यो अभावलाई जनकविकेशरी धर्मराज थापाले पूरा गरे । २०१५ सालपछि लोकसाहित्य, संस्कृति र लोकगीत सङ्गीतको अध्ययन, अनुसन्धान र सङ्कलनका लागि त्यस क्षेत्रमा गरेको गर्विलो भ्रमणले त्यहाँका लोकगायकले धर्मराज थापामार्फत रेडियो नेपालसँग जोडिने सौभाग्य प्राप्त गरे । नेपाली साहित्य, संस्कृति र लोकगीत विधाका स्वनामधन्य युगपुरुष गायक, सङ्कलक, कवि, अन्वेषक र लेखक विराट व्यक्तित्वका

धनी जनकविकेशरी धर्मराज थापाको एउटै छुट्टै विशेषता थियो । उनी अध्ययन र अनुसन्धानको सिलसिलामा जहाँ जहाँ पुग्थे त्यहाँ त्यहाँका कला साधक र नवप्रतिभालाई भेटेर उनीहरूको कलाकारिताको मुक्तकण्ठले प्रशंसा मात्र होइन, आवश्यक पर्ने सम्पूर्ण सहयोग गर्नुका साथै नवप्रतिभालाई काठमाडौँ ल्याएर स्वर परीक्षा र रेडियो नेपालमा गीत रेकर्ड गराइदिन्थे । त्यस क्षेत्रका करे थापा, भोरलङ् स्वार, नामसरी, परिमल स्नेहीलगायतका प्रतिभायुक्त लोकगायकलाई प्रोत्साहित गरेर अघि बढ्न दिएको प्रेरणा विर्सिनसक्नु छ । यसै सन्दर्भमा बभ्राङका परिमल स्नेहीलाई घरमै भेटेर काठमाडौँ बोलाई गीत रेकर्ड गराइदिएको प्रसङ्ग यहाँ उल्लेख गरिएको छ ।

कर्णप्रिय स्वरका धनी र प्रतिभा सम्पन्न लोकगायक परिमल स्नेहीलाई गायक बन्ने प्रेरणा उनैका बुवा सन्तवीर वाडा रसाइलीबाट प्राप्त भएको थियो । उनका बुवा सन्तवीर पनि गीतसङ्गीतका पारखी थिए, जसले गर्दा घरमा हार्मोनियम र तबलाको जोहो गरेर राखेका थिए । आफ्नो बुवाले हार्मोनियम बजाउने र गाउने गरेको सुन्दा बाल्यवस्थादेखि नै परिमल स्नेहीको बालसुलभ हृदयमा गीतसङ्गीतप्रतिको अमिट छाप बस्न गएको थियो । आफ्नै बुवाको प्रेरणाबाट गायक बनेका परिमल स्नेहीका मार्गदर्शक भने जनकविकेशरी धर्मराज थापा थिए । जनकविकेशरी धर्मराज थापा बभ्राङको यात्रामा जाँदा सन्तवीरलाई भेट्न घरमा गएछन् र परिमल स्नेहीका लागि सबैभन्दा सौभाग्यको दिन त्यही नै भयो । बुवालाई भेट्न आएका थापालाई गीत गाएर सुनाउने मौका परिमल स्नेहीले त्यही दिन पाए । प्रकृतिले सिञ्चित हरभरा फाँट र आफ्नै मौलिक संस्कृतिले लालित्य छरेको बभ्राङको चैनपुरको एउटा दलित परिवारको २३ बर्से युवाले अत्यन्त मिठो स्वरमा गाएको गीतले जनकविकेशरी धर्मराज थापालाई ठुलै प्रभाव पारेछ र थापाले 'काठमाडौँ आयौ भने मलाई भेट्नु, म रेडियो नेपालको लोकलहरी कार्यक्रममा तिम्रो गीत रेकर्ड गराई दिउँला' भनेछन् । परिमल स्नेहीलाई जेठको प्रचण्ड गर्मीमा तिर्खाएको बटुवालाई पानीको धारा भेट्टाए जस्तै भयो । रेडियो नेपालमा गीत गाउने र रेकर्ड गराउने सुन्दर परिकल्पना मनको अन्तरकुन्तरमा सजाउँदै त्यो सुन्दर दिनको पर्खाइमा धेरै दिन रुमल्लिनु परेन स्नेहीलाई । २०१७ सालमा गृह मन्त्रालय अन्तर्गत मुखिया स्तरको उनले जागिर पाए र तत्कालै ग्राम कार्यकर्ता तालिमका लागि काठमाडौँ जाने अवसर पाए । त्यसै बखत धर्मराज थापासँग भेट गरी गीत रेकर्ड गराए र रेडियो नेपालबाट सबै नेपालीको घरआँगनमा स्नेहीको सुमधुर स्वर गुञ्जन थाल्यो र उनी लोकप्रिय कलाकारका रूपमा स्थापित हुन पुगे । यसैले प्रतिभा प्रोत्साहन र प्रेरणाजनकका रूपमा धर्मराज थापाको योगदान सुदूरपश्चिम प्रदेशका जनमानसको मन मनमा श्रद्धापूर्वक सञ्चित भइरहेको छ । सुदूरपश्चिमको लोकगीतको पर्याय बनेको 'डेउडा' बढी प्रचलनमा ल्याउने भूमिका जनकविकेशरी धर्मराज थापाको पाइन्छ । लोकसाहित्यको अध्ययन र अनुसन्धानका क्रममा त्यस क्षेत्रको भ्रमणपश्चात् काठमाडौँ आएर रेडियो नेपालबाट डेउडा गीत भनेर प्रसारण गरेपछि यस शब्दले देशभरि नै झाङ्गिने अवसर पाएको कुरा त्यहाँका लोकसंस्कृतिका जानकारबाट सुन्न पाइन्छ । प्राचीनकालदेखि प्रचलनमा रहेको 'न्याउल्या' खेलका रूपमा खेल्दा खुट्टाका पदचाल डेढ स्टेपमा चालिने र डेउढी पारेर कोल घुमाए झैँ वर्तुलाकार रूपमा खेलिने हुँदा यसमा डेढीको प्रमुखता रहेकाले डेउडा भन्न पनि सुहाउने धर्मराज थापाको भनाइ रहेको छ । यसै अनुरूप धर्मराज थापाले डेउडा भनेर रेडियो नेपालबाट प्रसारण गरेपछि यो शब्द सबैको जनजिब्रोमा झुण्डिन पुग्यो । न्याउल्या ओझेलमा परेर डेउडा सबैको मन मनको प्रिय शब्द हुन गएको छ ।

भाषा, साहित्य र संस्कृतिले लालित्य छरेको बाटुलेचौर पोखरामा जन्मेका जनकविकेशरी धर्मराज थापाको हृदयमा राष्ट्रियताको बास थियो । रगतका थोपा थोपामा राष्ट्रप्रेम मिसिएको थियो । हातले चलाउने कलम र मसीमा अदम्य साहस र दरिलो पौरख दौडिरहेको हुन्थ्यो । मेचीदेखि महाकालीसम्मका हिमाल, पहाड र तराईका समथर फाँट, अनि त्यहाँका गाउँबस्ती र ती गाउँबस्तीका संस्कृति, रीतिरिवाज, परम्परा, पुर्खाले छाडेर गएका मौलिक लोकगीत धर्मराज थापाका आँखाका नानीमा सदैव झुल्किरहेका हुन्थे । यिनै कुरालाई आत्मसात् गरी जनकविकेशरी धर्मराज थापाले देशको गौरव वृद्धिका लागि निर्वाह गर्नुपर्ने दायित्वलाई बुझी सद्चित्तले कर्तव्यको पालना गरे । जसले गर्दा समाजमा सबैको पुण्यवान् भई उच्चकोटिको कवि, गायक, अन्वेषक, सङ्कलक र सम्पादकका रूपमा कहलाइए । हिमालयको शृङ्खलामा असङ्ख्य हिमशृङ्खला विद्यमान रहन्छन् तर ती सबै सगरमाथा हुँदैनन् । लोकसाहित्य, संस्कृति र लोकगीतको सारतत्त्वलाई सूक्ष्मतम् विचरण गरी आफ्नो सिर्जनाको गहकिलो आधार निर्माण गर्दै फरिलो र भरिलो वैविध्यपूर्ण कृति नेपाली वाङ्मयको भण्डारमा सजाएर नेपाली वाङ्मयको विशाल फाँटमा सगरमाथाकै रूपमा आफूलाई उभ्याउन धर्मराज थापा सफल भए तर यो आभास कहिल्यै, कसैलाई पनि गराएनन् स्वनामधन्य युगपुरुष धर्मराज थापाले । सायद भगवान् श्रीकृष्णले गीतामा भनेको 'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन' अर्थात् कर्मयोगी पुरुषले कर्म गर तर परिणामको लोभ र म मात्र भन्ने अभिमान कहिल्यै नगर भनेको यही हो भन्ने निष्कर्षसहित कर्मयोगी धर्मराज थापाले नेपाल र नेपालीको गौरव वृद्धिका लागि गरेका सत्कर्म उच्चकोटिको रहेका र उनको योगदान विशिष्ट रहेको मूल्याङ्कन यस गोष्ठीपत्रमा गरिएको छ । ■

# राष्ट्रिय विभूति जयपृथ्वीबहादुर सिंह

मनिराज जोशी



तत्कालीन बम्फाङ राज्यको भोपुरमा विसं १९३४ भदौ ७ गते श्रवण (अभिजित) नक्षत्र, मङ्गलबारका दिन जन्मेका मानवतावादी राजा जयपृथ्वीबहादुर सिंहको महासागर यस्कन जीवनीबाट एक लोहोटा मात्र जल पाउँदा केही ऋण हलुको भएको छ, गर्वका साथ मसी पोख्दै छु । राजा विक्रमबहादुर सिंहका रानीमध्ये रुद्रकुमारी सिंहका गर्भबाट यस धराधाममा पादार्पण गर्नुभएका बालक जयपृथ्वीबहादुर सिंहको राशिको नाम नै थियो जयपृथ्वीबहादुर सिंह । लग्न कुण्डलीमा पर्ने पञ्चमहापुरुष योगमध्ये पाँचौं शतिकृट शशकनाम महापुरुष योग पारेर आएका जयपृथ्वीबहादुर सिंहको बालझीडा अन्य केटाकेटीभन्दा पृथक् थियो । शान्त र गम्भीर स्वभावका जयपृथ्वीबहादुर सिंहको अनुहारमा आशाका किरण गुडिरहेका थिए । दयालु, मायालु र परोपकारीपन बाल्यकालबाटै देखा परेको हुन्थ्यो । खाना खाँदा पनि आफैं मात्र नखाएर भाइहरू र अरू साथीसँगीले खाए नखाएको कुरामा निकै ध्यान दिन्थे । सबैले खाइसकेपछि मात्र आफू खान बस्ने गर्दथे ।

जयपृथ्वीबहादुर सिंहको अनुहार एकपल्ट देख्ने मानिस एकटक हेरेकाहेरै हुन्थे । उनको कलिलो अनुहारमा त्यो आकर्षण थियो । लगनशीलता, शालीनता, भद्रता कोमलता र मानवता बाल्यकालबाटै लुकेको पाइन्थ्यो । पढाइमा पनि अब्बल जयपृथ्वीबहादुर सिंह राजदरबार र सबै भारदार भाइ र जनताका प्यारा थिए । सबैलाई रिझाउन सक्ने खुबी उनमा थियो । राजकुमार ज्येष्ठपुत्र भएकाले पनि उनले पाएको सम्मान संस्कार माया र मर्यादा छुट्टै थियो ।

राजा विक्रमबहादुर सिंहका चार रानीबाट जन्मेका १४ छोरामध्ये जेठा जयपृथ्वीबहादुर थिए । सबैभन्दा जेठा ललितबहादुर सिंह हुन् । त्यसो त मानवतावादी राजा जयपृथ्वीबहादुर माइला भन्नुपर्ने हो तापनि जेठा युवराजको नाममा लोकप्रिय बनेका जयपृथ्वीबहादुर सिंह जेठामा गनिन्थे । अर्कोतिर बम्फाङी राजा विक्रमबहादुर सिंहकी धर्मपत्नी अर्थात् जयपृथ्वबहादुर सिंहकी आमा राणपुत्री थिइन् । त्यतिखेर राणाशासन भएको हुँदा राणाकी छोरीको पनि बम्फाङ राजदरबारमा एकछत्री शासन चल्ने गर्थ्यो । माइतीको आडमा जगजगी गर्ने र सौतालाई नराम्रो व्यवहार गर्ने गरेपछि धार्मिक एवं उदारवादी राजा विक्रमबहादुर सिंहको नियन्त्रणबाहिर पुग्दा बालक जयपृथ्वीलाई लिएर रुद्रकुमारी देवी माइत जान थालिन् । बम्फाङी जनताले जयपृथ्वीबहादुरलाई रोक्दारोक्दै लिएर जाँदा हजारौं जना पछि लागेर रोएका थिए । यसै रिसले क्रूर राणाले राजा विक्रमबहादुर सिंहलाई राजगद्दीबाट अपदस्त गरी नाबालक जयपृथ्वीबहादुर सिंहलाई राजगद्दीमा आसीन

गएका थिए । जयपृथ्वीबहादुर सिंहका पुर्खा पहिले बम थिए । शक्ति बम नाम गरेका एक जना ठकुरीको निधारमा गोरुको सिंह जस्तो कालो कोठी पलाएपछि सिङ सिङ भन्दाभन्दै बम ठकुरीबाट सिंह भएका थिए ।

बझाङको राजधानीमा हरेक वर्ष बज्रपात भइरहने गर्दथ्यो । ज्योतिषीको सल्लाहमा बज्रपात भइरहेको समयमा भोपुरमा राजाले हातमा नाङ्गो तरबार लिएर तयार भइराख्ने आकाशबाट खसिरहेको बजुलाई राजाले काटेर दुई टुक्रा पार्ने भने अनुसार खस्नै लागेको बज्रलाई राजले काटेर दुई टुक्रा बनाएपछि बर्सेनि खसिरहने बज्रपात बन्द भयो र जनता सुखसित रहे । बज्र धेरै खस्ने भएकाले भोपुरको नाम बज्रग भयो । बज्रग शब्दको अपभ्रश हुँदाहुँदै बझाङ भएको किंवदन्ती पनि भेटिन्छ । विसं १९४२ मा आठ वर्षको उमेरमा बझाङ छोडेर जयपृथ्वीबहादुर सिंह आमासँग तत्कालको नेपाल (काठमाडौँ) गएका थिए । बालक जयपृथ्वीबहादुर सिंहलाई काठमाडौँ नजान बझाडी जनताले राजासमक्ष निवेदन पनि गरेका थिए । रानीहरू रुद्रकुमारी देवीको कुरा सुनेर तत्कालीन राणाशासकले राजा विक्रमबहादुर सिंहलाई पदच्यूत गरी विसं १९४६ मा १२ वर्षको बाल्यावस्थामै युवराज जयपृथ्वीबहादुर सिंहलाई राजा घोषणा गरेका थिए ।

जयपृथ्वीबहादुर सिंह बझाङबाट काठमाडौँ सरेपछि काठमाडौँस्थित दरबार प्राथमिक स्कुलबाट अध्ययन सुरु गरेर भारत कोलकता पठाइयो । कोलकाता विश्वविद्यालयबाट प्रवेशिका र माध्यमिक शिक्षा उत्तीर्ण गरेपछि प्रयागमा गएर आइएसम्मको शिक्षा आर्जन गरेका थिए ।

विसं १९५१ मा श्री ३ चन्द्र शमशेरकी छोरी खगेश्वरी देवीसँग राजा जयपृथ्वीबहादुर सिंहको विवाह भयो । जयपृथ्वीको उमेर १७ र खगेश्वरी देवी १४ वर्षकै उमेरमा विवाह बन्धनमा बाँधिएका थिए । राजा जयपृथ्वीबहादुर सिंह र रानी खगेश्वरी देवीको एक मात्र सन्तान छोरी जन्मेकी थिइन् ती पनि अल्पायुमै दिवंगत भएपछि राजा निःसन्तान रहे ।

मानवतावादी जयपृथ्वीबहादुर सिंहले नेपाली भाषालाई स्थापित गर्ने अक्षरमाला विसं १९५८, व्यवहारमाला १९५८, भूगोलविद्या १९५८, पदार्थ तत्त्वविवेक १९५८, बालबोध १९५८, ज्ञानमाला १९५८, श्रेस्ताबोध १९५८, प्राकृत व्याकरण १९६८, शिक्षादर्पण १९६४, तत्त्वप्रशंसा १९७० समेत १० कृति रचना गरेर आफ्नो भाषाको प्रवर्धन एवं संरक्षण गरेका थिए । त्यतिखेर नेपालमा राष्ट्रभाषा घोषणा भएको थिएन । धेरै जसो हिन्दी, खस भाषा र आआफ्ना भाषामा लेख्ने चलन चलेको थियो । यसका साथै शतश्लोकीय रामायण, गङ्गालहरी आदि पनि लेखन प्रकाशन गरेका थिए । जयपृथ्वीबहादुर सिंहले मानवताका क्षेत्रमा सुरु गरेका कार्यहरू :

क) कमैया मुक्ति
ख) स्वास्थ्य शक्ति
ग) यातायात विकास
घ) प्रशासन र न्यायसुधार

राष्ट्रिय स्तरको महत्त्वपूर्ण कार्यको सुरुवात
गोरखापत्रको स्थापना, प्रभाव र विस्तार
राष्ट्र विकासका चिन्तन
संसदीय अवधारणा
भौतिक पूर्वाधार
करिया मुक्ति
मानवतावादको सिद्धान्त र साधना

क) मानवतावाद स्थापना
ख) जयपृथ्वीको विश्वभ्रमण, दार्शनिक प्रवचन
ग) जयपृथ्वीको शान्ति फन्डा
घ) बर्माको रङ्गुनमा जेपी इन्स्टिच्युट स्थापना

विकासप्रति जनताका प्यारा राजा जयपृथ्वीबहादुर सिंहले जनतालाई शिक्षा प्रदान गर्नका लागि आफू बसेको नक्सालस्थित घरमा आफैँ पाठ्यक्रम लेखेर प्रधानाध्यापक आफैँ भएर पढाउन सुरु गरे ।

विभिन्न सिप सिक्नका लागि आठ जना स्थानीय बझाङबाट काठमाडौँ ल्याएर सिप सिकाए । सिकर्मी, डकर्मी, भूमिसुधार, कृषि, सिलाई, आयुर्वेद, चिकित्सा उद्योग र वाद्यवादन जस्ता सिप सिकाएर पठाएका थिए । काठमाडौँमा राणासँगको मतभेदपछि आफूले सञ्चालन गरिरहेको विद्यालयलाई आफ्नै जिल्ला बझाङ भोपुरमा लिएर पढाउन सुरु गरे । भारतबाट रामदत्त अवस्थी शिक्षक मगाएर पारिश्रमिक दिएर पढाउन सुरु गरे । दरबारका बालकबाट फिस लिन लगाए तर जनताका छोरालाई खानपिनदेखि शिक्षा निःशुल्क गराए ।

जग्गा नापजाँच गरेर भूमिसुधार मालपोत र नापीको व्यवस्था गरे । भाँडाकुँडा बनाउने उद्योग सिलाइकटाइका साथै बाटाघाटा बनाउन लगाए । आधुनिक कृषिको विकास गराए । तत्कालीन समाजको जातीयका नाममा हेपिएका दलित र तिनका नाममा यातना भोगिरहेका महिलाका पक्षमा खुला बहस गरे । राणासँगको बेमेलपछि भारत निर्वासनमा गएर बैङ्गलोरलाई जयपृथ्वी भवन निर्माण गरी मानवताका पक्षमा लगनशील भई संसारभर भ्रमण गरे । विश्वका धेरै देशमा पुगेर मानवताका पक्षमा गरेका उनका महान् कार्यले विश्वमा उनको यश फैलियो । जतातै जयपृथ्वीबहादुर सिंहको जयजयकार हुन थाल्यो ।

द्वितीय विश्वयुद्धमा परेर भोक, रोग र यातना भोगिरहेका अबोस्नियाका पीडितको उद्धार सेवामा लागेर राजा जयपृथ्वीबहादुर सिंहले मानवताको वास्तविक पाठ पठाएका थिए । बम र बारुदले क्षतिग्रस्त भएको भूमि

र भोकानाङ्गा, दीनहीन जनताको हबिगत कोमल मन भएका राजाले सहन गर्न सकेनन् । धेरैकालसम्म आफैँ खटेर यथाशक्य पीडितलाई उद्धार गरे ।

मानवतावाद सिद्धान्तलाई विश्वव्यापी बनाउन अमेरिका, जापान, बर्मा आदि धेरै देशमा भ्रमण गरे । तत्काल सोभियत सङ्घले अनुमति नदिएपछि चिठी लेखेर आफ्नो विश्व भ्रमणको उद्देश्य अवगत गराए । उनले बोलेका शब्द शब्द मानवताका पक्षमा हृदयस्पर्शी र उम्लिरहेको चहऱ्याइरहेको मनोघाउमा मलमको काम गर्दथे । विश्वमा नेपालको छवि उच्च पारेर संसारभरि मानवताको पाठ पठाएर संसारकै बन्दनीय बन्न पुगेका जयपृथ्वीबहादुर सिंहलाई विश्व जगत्को द्वितीय गौतम बुद्ध भनेर सम्बोधन र सम्मान गर्ने गरेको थियो । मानवतावादका नाममा उनले धेरै लेख लेखेर, प्रवचन गरेको वकालतबाट विश्व जगत् निकै प्रभावित भएको थियो र जयपृथ्वीबहादुरको यत्रतत्र सर्वत्र जयजयकार हुने गर्दथ्यो ।

अमानवीय व्यवहारले पीडित अबोस्निया (एकोसिया) पीडितको सेवा गर्दैगर्दा त्यहाँ भएको बम र बारुदको धुवाँले मानवतावादी राजा जयपृथ्वीबहादुर सिंहलाई मुटुको रोग लाग्यो । मुटुरोगबाट ग्रसित हुँदै फर्केर भारतको बैङ्गलोर जयपृथ्वी भवनमा विसं १९९७ आसोज १ गते ६३ वर्षको उमेरमा जयपृथ्वीबहादुर सिंहले मृत्युवरण गरे ।

मानवतावादी राजा जयपृथ्वीबहादुर सिंहको मृत्युको खबरले संसार, रोयो शोकमग्न भयो । मानवताका पुजारी सिङ्गो जीवन मानव सेवामा अर्पण गरेर सुखभोग निद्रा, मान, प्रतिष्ठा त्यागेर मानवतावादका नमुना बनेका सबै मानवका प्राणप्रिय भएका हुँदा संसारले शोक सभा, श्रद्धाञ्जली सभाको आयोजना गऱ्यो । नेपालका परिवारवाद राणाशासकले मने कुनै वास्ता गरेनन् । आज उनको मानवतावाद संसारका निर्धा, दीनदुःखी गरिबको बाँच्ने आधार बनेको छ । द्वितीय गौतम बुद्ध भनेर संसारले घोषणा गर्दा पनि नेपाल सरकारले सुनेको थिएन । जे होस् हालसालमा राष्ट्रिय विभूति भनेर नेपाल सरकारले घोषणा गरेको कार्य स्तुत्य छ । नेपालका गौरव नेपाललाई संसारभर चिनाउने मानवताका सिद्धान्तकार सबैका मनमुटुमा बस्न सफल जनताका प्यारा मानवतावादी राजा जयपृथ्वीबहादुर सिंहका योगदानको उच्च सम्मान हुनु पर्छ । ■

कविता

# छोरा मान्छे

ईश्वर साउद 'भिक्षु'

चाहे बनोस् तिम्रो जन्मभूमि
रण मैदान, पोतियोस् रगतले
युद्ध मैदानमा सङ्घर्षको जसरी पनि तिम्रो जित हुनु पर्छ
चाहे बगोस् तिम्रो शरीरका हरेक अङ्ग अङ्गबाट
रगतका एक एक थोपा
चाहे तिम्रो जिउबाट खलखली
साउने भेल झैँ बगून्
पसिनाका अनवरत भेलहरू
जहाँ हुने छन् खडा
जिन्दगी जिउने अनेकौँ बाधा व्यवधानहरू
आखिर तिमी जो पऱ्यौ
छोरा मान्छे ।
तिमीले जन्मेको छैटौँ दिनबाट
आफ्नो जीवनको भाग्यरेखा पाएका थियौ रे !
जहाँ लेखिएको हुन्छ
तिम्रा बढ्दै गइरहेका हरेक
कदमहरूमा एकपछि अर्को गर्दै
चुनौती र समस्याको ओइरो लाग्ने छ
जन्मेको शिशुपनमा
आफ्ना हातपाखुरा हलचल गराउने काम
जहाँ रोदन, पीडा, छट्पटी
बाल्यकाल प्रवेशसँगै
आमाबुवाले देखाएको बाटो हिँड्नुपर्ने
थरी थरीका बाध्यता र अड्चनहरू
किशोर अवस्थामा पुग्छन् जब
ती पाउहरूका चाल जसै
तिम्रा हजारौँ लाखौँको भिडमा
साउनको बर्सातमा यत्रतत्र सर्वत्र
उम्रिएका च्याउ झैँ
तिम्रा लागि उम्रिने छन्
ती सुखभन्दा धेरै दुःखका टुसाहरू
जहाँ तिम्रा पाउहरूका रफ्तार त्यही बाटोबाट
अगाडि बढ्ने छन्
आखिर तिमीले
जो लियौ छोराको जन्म । ■

# त्यो बेला यस्तो थियो अहिले कस्तो होला ?

विजयध्वज थापा

२०३३ सालको कुरा हो । राष्ट्रिय विकास सेवाका विद्यार्थीको हैसियतले म कर्णाली अञ्चलको हुम्ला जिल्लाको तत्कालीन दार्मा गाउँमा साथी रेवतबहादुर कार्कीसँग पुगेको थिएँ । मेरो मुख्य काम स्कुलमा पढाउनु र विकासको काम गर्नु थियो । गाउँमा पुग्दा आश्चर्यको स्थिति थियो । भ्यालढोका नभएको भुइँतले स्कुल त्यो पनि बन्द । कक्षाकोठामा गोबरको थुप्रो । विद्यार्थी थिएनन् । सात दिन गाउँ डुलेर विद्यार्थी जम्मा गरियो । धेरैजसो 'क' 'ख' पढ्ने । सोभन्दा माथि ७ कक्षासम्म दुई/चार, दुई/चार मात्र । जम्मा दुई जना ४ कक्षा पास शिक्षक । तैपनि स्कुल सञ्चालन भयो । चार महिनामा भैलो खेलेको पैसामा आफ्नो पैसा थपेर विकास पुस्तकालय नाम दिएर पुस्तकालय खोलेर सबै कक्षाको पाठ्यक्रमको पुस्तक राखियो । छैटौँ, सातौँ महिनामा गाउँलेको श्रमदान जुटाएर आफूले समेत ढुङ्गा फोरेर, ओसारेर स्कुल भवन, खेलकुद मैदान, मेच टेबल तयार गरेर विद्यार्थीको सङ्ख्या बढाएर हाईस्कुल माग गरियो । सदरमुकाममा समेत हाईस्कुल नभएको अवस्था भएकाले ठुलो सङ्घर्ष भयो तर हाईस्कुल स्वीकृत गराएर सञ्चालनमा ल्याइयो ।

## अहिले कस्तो होला !

एउटा कोदोको रोटी पाउँदा काठमाडौँको गुँदपाकभन्दा स्वादिलो लाग्थ्यो मलाई, अहिले के के पाइन्छ होला !

स्कुलको विद्यार्थी, टोपीभरि हिउँ जम्मा गरेर नुनखुर्सानी हालेर करम करम खाएर भोक मार्ने गर्दथे । हिजोआज के खान्छन् होला !

धेरै जसोको कपडा कहीँ न कहीँ टालेकै हुन्थ्यो, कसै कसैको त केही ठाउँमा टालेको मात्र होइन, टालेकै टालो पनि फाटेर टालोमाथि फेरि अर्को टालो हुन्थ्यो । धेरैको खुट्टामा जुत्ता हुँदैनथ्यो । प्रायः सबैले चिलिममा सुर्ती हालेर (सुल्पा) तानेकै हुन्थे । सलाई, मटीतेल पाइँदैनथ्यो । सल्लाको दियालो (झरो) बाल्नु पर्थ्यो । ४० औँ कोस वर एउटा बागवानी केन्द्रबाहेक कुनै सरकारी कार्यालय थिएन । बिरामी पर्दाको उपचार नै धामीझाँक्री हो । छाती, पेट, हातखुट्टा जहाँ दुखे पनि सुकेको घाँस राखेर पोल्ने चलन थियो । यसलाई बातो हान्ने भनिन्थ्यो ।

नयाँ मानिस आएमा 'गोर्खाली मान्ठ' भनेर ढोका थुन्ने चलन थियो । घाउ भएर रगत बग्दा घोडाको दिसा राखेर रगत रोक्ने रे ! आफूले देखेकोमा आयोडिन लगाइयो । रूखबाट लडेर हातखुट्टामा घाउ भई रगत बगेको ठाउँमा घोडाको लिदी दल्न लागेको बेलामा पुगेर आयोडिन लगाई ब्यान्डेज गरिदिँदा खुसी भई धामीजीले दिएको सुकेको फर्सीको भुजुरीले धेरै दिन तरकारी खान पुगेको त्यो दिन रमाइलो थियो । टाउको जिउ दुखेकालाई एपिसी भन्ने आफूसँग भएको औषधी बाँड्दा सबैलाई सधैँ दिन भ्याइएन ।

एक महिनादेखि दिसापिसाब बन्द भएर मर्ने अवस्थामा पुगेकालाई मिल्क अफ म्याग्नेसिया भनिने आफ्नो औषधीले ठिक भएकाले डक्टर वैद्य होइन, भगवान् भैँ एकछिन पुजिएँ ।

चैत/वैशाखमा सबैको घरमा अन्न सकिएर भोकभोकै मर्ने अवस्था आउँदा आफू पछि पछि सयौँ जनताको फौज लिएर जजसकहाँ अन्न छ, उनीहरूलाई अन्न सापटी दिन बाध्य पारेर भुखमरीबाट जोगाएर गरिब जनतालाई राहत दिलाउँदा त्यो वेला जेनजीले जितेको दिन जस्तै आनन्द आएको थियो । के अहिले त्यहाँ खान पुग्छ होला ? मिमी वडामा खानेपानी नभएर पाएको दुःख देख्न नसकेर पानीको स्रोत पत्ता लगाएर लुगा फुकालेर कुवा खनेका थियौँ । के अहिले त्यहाँ धारा पुग्यो

होला ? दार्मा गाउँदेखि देउलीसम्मको बाटोमा जनश्रमदान जुटाएर ढुङ्गा छापेका थियौँ । ढुङ्गा फोर्दा झमझमाएको हात याद आउँछ के अहिले त्यहाँ बाटो बन्यो होला ?

काठमाडौँमा ताकिता गर्दा गर्दा बल्लबल्ल एउटा हेल्थपोस्ट आयो । हातखुट्टा, टाउका दुखेका मानिस अस्पताल जान थाले । अस्पतालमा भएको सरकारी औषधी एस्पिरिन दिइयो । त्यसले बिरामीलाई छोएन र हामीकहाँ आए । हामीले एपिसी दियौँ । दुखेको चट्टै भयो । अहिले त्यहाँ कुन कुन औषधी जान्छ होला !

गाउँमा झैझगडा, मुद्दा मामिला, ऋण असुली, जारीसम्बन्धी (अर्काकी श्रीमतीलाई भगाएर लैजाने) जस्ता मुद्दा पर्दा पनि न्याय दिने कुनै इकाइ थिएन । मस्टो देवताको मन्दिरमा गएर पाठो काटेर पाठोको कलेजो झिकेर हेर्दा कलेजोमा कुनै दाग भएमा दोषी ठहरिने र सफा भएमा निर्दोषी ठहरिने प्रचलन भएकोमा हामीले निसाफ दिन थालेपछि हाम्रै सहयोग लिन थालेकाले आफू मास्टर, डक्टर, वैद्य, इन्जिनियर, पुलिस, प्रशासक, वकिल, न्यायधीश सबै बन्न परेको सम्झँदा अनौठो लाग्छ । के अहिले पनि यस्तै होला त ?

गाउँबाट भारीका भारी हाते, औँले, कटुके, आतिसस जस्ता जडीबुटी बाहिरका व्यापारी आएर सङ्कलन गरेर नेपालगन्ज हुँदै भारततर्फ निकासी गर्दथे । त्यसको स्थानीय तहमा कुनै आम्दानी हुँदैन थियो । कुनै प्रशासनिक इकाइ छँदै थिएन । यसमा पनि आफ्नै नियम लागु गरायौँ । प्रतिभारी पाँच रुपियाँ पञ्चायतलाई बुझाउनुपर्ने र पञ्चायतले सो रकम स्कुलको खातामा जम्मा गर्नुपर्ने नियम बनायौँ । यो कानुनविपरीत भए पनि आँट गरेरै नियम बनायौँ । के अहिले नियम अनुसार व्यवस्था भयो होला ?

गाउँमा सिँचाइ भएमा खेतीपाती राम्रो हुने छ भनेर जनताको श्रमदान जुटाएर २०/२१ किलोमिटर जति टाढाको तामेहिमालबाट कुलो खनेर पानी ल्याएर सिँचाइको व्यवस्था मिलाएको र सोको आफ्नो हिसाबले इस्टमेट गरेर २२ हजार जिल्लामा माग गरेका थियौँ । हामी बसुन्जेल केही भएन । चेकजाँच गर्दै थिए होलान् । हामी आएपछि १४ हजार स्वीकृत गरेर भुक्तानी दिए रे ! के अब त्यस ठाउँमा पक्की नहर बन्यो होला त ?

गरिब गाउँ मासु खाने भनेको दुर्लभ कुरा थियो । कहिलेकाहीँ कुनै हुनेखानेले साना पाठा काटेको सुनिन्थ्यो । पाठालाई लाहुरे भन्थे । के अझै लाहुरे काट्छन् त त्यहाँ ?

हुम्लाको माथिल्लो भेगबाट कस्तूरी सङ्कलन गरेर सहरतर्फ चोरीनिकासी हुँदो रहेछ । सरकार केवल कानुन बनाएर बस्ने रहेछ । हामीले प्रहरी चेकपोस्ट पार गरेर चोरीनिकासी हुँदै गरेका २६ वटा (२० तोला) कस्तूरी बरामद गरेर बुझाएका थियौँ । के अहिले चोरीनिकासी रोकियो होला त ?

गाउँमा परिवार नियोजनको प्रचार गर्दै हिँड्दा एक रात कोही अचानक कोठामा आएर मलाई बच्चा हुने गराइदेऊ भनी लम्पसार पर्दा भिटामिन बी कम्प्लेक्स दिएर पठाइयो, अरूले के गर्थे होलान् ? त्यतिखेर त्यस गाउँमा एक थोपा पनि जाँडरक्सी पाइँदैन थियो । कसैले खाँदैन थिए । पहिले त्यस्तो थियो अहिले कस्तो होला ? ■

कविता

# पात्रता

निभा शाह

गुँड सिन्काहरूको सङ्ग्रहालय हो
सिन्का भनेर भयो त
सिन्कामा नै गुँड हुने पात्रता हुन्छ ।

चरा प्वाँखहरूको सङ्ग्रहालय हो
प्वाँख भनेर भयो त
प्वाँखमा नै उडान भर्ने पात्रता हुन्छ ।

सूर्य घामधर्साहरूको सङ्ग्रहालय हो
घामधर्सा भनेर भयो त
घामधर्सामा नै उज्यालो छर्ने पात्रता हुन्छ ।

समुद्र हिउँथोपाहरूको सङ्ग्रहालय हो
हिउँथोपा भनेर भयो त
हिउँथोपामा नै समुद्र हुने पात्रता हुन्छ । ■

# सुदूरपश्चिममा पशुपालन र सेरौदो संस्कृति

मौलिक संस्कृतिमा सम्पन्न सुदूरपश्चिम प्रदेशमा मानिसका कुलदेवता भए जस्तै गाईभैँसीको पनि कुलदेवता हुन्छ । पशुको कुलदेवतालाई स्थानीय भाषामा केर भनिन्छ । गाईको केर यकिन गर्न कुनै देवताको मन्दिरमा देवताको नाममा कल्पिदान गरेर ब्राह्मणलाई दान गरेमा सोही देवता गाईको केर मानिन्छ ।

वासुदेव नाथ

सुदूरपश्चिम प्रदेशमा गाईभैँसीपालन व्यवसायलाई अत्यन्तै महत्त्वपूर्ण व्यवसायका रूपमा लिइन्छ । हिन्दु धर्मका १६ संस्कारमध्ये नामकरणलाई महत्त्व दिइए अनुसार यसको प्रभाव गाईभैँसीपालनमा पनि पर्न गई नवजात बाच्छाबाच्छी एवं पाडापाडीको पनि न्वारान गरिन्छ । परापूर्वकालदेखि मानव जीवनमा गाईभैँसीपालनको आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक महत्त्व रहेको छ । घरखर्चका दृष्टिकोणले गाईभैँसीलाई विशेष महत्त्व दिइएको पाइन्छ । गाई ब्याएको नवौँ दिन र भैँसी ब्याएको ११ औँ दिनमा न्वारान गरिन्छ । २२ औँ दिनमा विधिवत् चोख्याउने कार्यक्रम हुन्छ । चोख्याउँदा गुरुपुरोहितले अनुष्ठान गरी चोख्याउँछन् । चोख्याएपछि मात्र धार्मिक तथा बुढापाकाले गोरस उपभोग गर्छन् ।

सेरौदोको अर्थ : २२ औँ दिनको नौनी ततार्एर तयार गरेको घिउ र सोही दिनको दुध मिसाएर तयार गरी होमादिका लागि तयार गरेको घिउ र दुध मिश्रित वस्तुलाई सेरौदो भनिन्छ ।

मौलिक संस्कृतिमा सम्पन्न सुदूरपश्चिम प्रदेशमा मानिसको कुलदेवता भए जस्तै गाईभैँसीको पनि कुलदेवता हुन्छ । पशुको कुलदेवतालाई स्थानीय भाषामा केर भनिन्छ । गाईको केर यकिन गर्न कुनै देवताको मन्दिरमा देवताको नाममा कल्पिदान गरेर ब्राह्मणलाई दान गरेमा सोही देवता गाईको केर मानिन्छ । भैँसीको केर सम्बन्धमा भैँसीको न्वारन गरेपछि उसको माउको केर जुन थियो त्यसै देवताको केर नवजात पाडीको हुन्छ । यदि कुनै गाईभैँसीको केर (कुलदेवता) यकिन भएको छैन भने पहिलो बेतमा नै त्यसलाई डोब की केर ठानेर सेरौदो राखिन्छ । गाईभैँसी चोख्याउन सर्वप्रथम चोख्याउने सामग्री (ढाँटीकन्न (धानको खस्रो भुस), सरस्यौँ (सर्स्यु), कालो तोरी, कालो मासको गेडा, डाँसी ढुङ्गा (दर्शन ढुङ्गा), भिमिरकाणी (वन कुरिलो) को पात र काँडा मिसाएर ब्राह्मणद्वारा अनुष्ठान गरी केही भाग कपडामा बाँधेर डोरीले ब्याएको माउ र नवजात पाडापाडी तथा बाच्छाबाच्छीको घाँटीमा झुन्ड्याइन्छ । बाँकी रहेको (मन्तर गरेको) सामग्रीलाई

तावा वा ठुलो डाडुमा बलेको कोइलामा राखेर धुपार दिने (धुपौरो गर्ने) गरिन्छ । धुपौरोले ब्याएको गाईभैँसीको कल्चौँडोतिर धुवा दिँदा थुन तथा कल्चौँडोमा लाग्ने थुनेलो रोगको सङ्क्रमण लाग्दैन भन्ने जनविश्वास छ । धुपौरो गर्नुको अर्को उद्देश्य गाईभैँसीलाई आँखा (नजर) नलागोस् वा कसैको नजर लागेको भए नजर हटोस् भन्ने हुन्छ । धुपौरो गरिसकेपछि त्यो धुपौरो भाँडो लगेर दोबाटो वा चौबाटोमा लगेर घोप्ट्याएर पछाडि नहेरी गोठतिर आउने प्रचलन छ । गाईभैँसी चोख्याउँदा घरका बुढापाका मान्छेले वा पुरेतले चोख्याउने गरिन्छ । खास गरी चोख्याउने दिनमा ब्याएको गाईभैँसी र तिनका नवजात बाच्छाबाच्छी र पाडापाडीलाई दियो देखाउने, निधारमा रातो अक्षता टीका लगाउने र गच्छे अनुसार कपडाको वा धागाको माला बनाएर मन्त्रोच्चारण गरी चोख्याइएको वस्तु वा सामग्री घाँटीमा लगाइन्छ । नवजात बाच्छाबाच्छी तथा पाडापाडीको विशेषता (रङ, जिउडाल आदि) अनुसार नामकरण गरिन्छ ।

गाईभैँसीको न्वारान ब्याएको नवौँ दिनमा गरे पनि २२ औँ दिन पुगेपछि मात्र बुढापाका, पूजारी, पण्डितलगायतका मान्छेले गोरस (दुध, दही, घिउ, मही) खाने र देवीदेवताको पूजाआजामा गोरस प्रयोग गरिन्छ । गाईभैँसी ब्याएको २२ औँ दिनअगाडि प्रयोग गरिएका भाँडाकुँडा (पारो, विण्णो, कुस्या, फुर्या, ढुण्या आदि) धोइपखाली सुकाएर घिउ लगाएको कुर्जो (तितेपाती) लाई आगो बलेको कोइलामा राखी धुप्याउने (धुपौरो गर्ने) गरिन्छ । धुप्याइएको भाँडामा २२ औँ दिनको पहिलो दुध र पहिलो चोटि ततएको घिउ गाईभैँसीको कुलदेवताको पूजामा हवनका लागि राखिन्छ । जसलाई सेरौदो भनिन्छ । यस दिन बिहान दुहेको दुध र त्यस दिनसम्म जम्मा पारेको नौनी ततएर घिउ तयार गरिन्छ । पहिला पहिला सेरौदो राख्ने ढुणे (तेल वा घिउ राख्ने काठको भाँडो) मा राख्ने गरिन्थ्यो । आजभोलि काँचको सिसी धेरै जसो एक पाउको सिसीमा घिउ हालेर त्यसमा थोरै मात्रामा दुध राखिन्छ । यसरी दुध र घिउ मिसाएर तयार गरिसकेपछि सेरौदोका रूपमा तयार भएको भाँडो सुरक्षितसाथ राखिन्छ । गाईभैँसीको केर लागेको वा कुलदेवताको पूजा जहिले हुन्छ त्यसै समयमा उक्त स्थानमा होम गर्न सेरौदो प्रयोग गरिन्छ । सेरौदोलाई कुनै कुनै ठाउँमा छकानो पनि भनिन्छ । लामो समयसम्म भण्डार गरेर राखेको सेरौदोमा रहेको दुधमा भएको पानीको मात्रा सुकेर ठोस र चिल्लो पदार्थ मात्र बाँकी रहन्छ जुन पेस्ट (मलहम) रूपमा हुन्छ । लामो समयसम्म राखेको सेरौदो औषधीय गुणको हुन्छ । स्थानीय किसानले सेरौदोलाई आगो वा तातोपानीले जलेको भाग तथा हड्डी भाँचिएको भागमा मालिस गर्छन् । यसो गर्दा लाभदायी हुन्छ भन्ने लोकविश्वास छ ।

गाईभैँसीको केर यकिन भएको खण्डमा जुन दिन उसको केरवाला देवताको पूजा गरिन्छ त्यसै दिन घरमा भण्डार गरी राखेको सेरौदो होम गरिन्छ । गाईभैँसीको केर यकिन नभएमा चोपिलो रुख (तिमिलो, बेडुलो, बर, पिपल आदि) को फेदमुनि शिला राखेर पूजा गरिन्छ । यसरी गाईभैँसीको कुल्या (कुल देवता) पुज्दा एउटा टपरीमा उक्त गाईभैँसीको गोबर राखी त्यसैमा दुधालु काठको प्रायः तिमिलोको सानो हाँगा काटेर किलो गाडेर सानो गलिउँ (दाम्लो) बाधेर पूजा गरी उक्त किलामा दुध चढाइन्छ । किलामा दुध चढाउनुलाई किला दुध हाल्ने भनिन्छ । गाईभैँसीको कुल्या पुज्दा सुदूरपश्चिमेली लोक परम्परामा प्राकृतिक शिला पूजाविधि अनुसार गात स्नान, पञ्चपूर्वाङ्ग, हवन आदि गरेर कुल्या पुज्ने गरिन्छ । कुल्या पूज्ने कार्य ब्राह्मणद्वारा गरिन्छ ।

गाईभैँसीको केर यकिन भएको खण्डमा जुन दिन उसको केरवाला देवताको पूजा गरिन्छ त्यसै दिन घरमा भण्डार गरी राखेको सेरौदो होम गरिन्छ । गाईभैँसीको केर यकिन नभएमा चोपिलो रुख (तिमिलो, बेडुलो, बर, पिपल आदि) को फेदमुनि शिला राखेर पूजा गरिन्छ ।

कहिलेकाहीँ गाईभैँसीले राम्ररी दुध दिएन वा समयमा दुध दिएन वा छाक हान्यो (कुनै छाक दुध दिएन) भने कुल्या रिसाएको अर्थमा अर्थ्याइन्छ । कुल्या रिसाएको वा नरिसाएको छिनोफानो गर्ने कार्य ज्योतिष वा धामी झाँक्रीले गर्छन् । कहिलेकाहीँ दुध नदिने र डोकाउने (पशुले कल्चौँडोमा दुधमा दुध जम्मा गरेको देखिने तर दुध नपग्ने अवस्था) मा पनि कुल्या बिग्रेर वा कुल्याले दुःख मानेर वा चोखा लागेर (बोक्सी वा डङ्किनी) छाक टारेको अनुमान गरिन्छ । देउताको केर भएका पशुको दुध जातविशेषलाई बार्ने चलन अद्यापि छ । जात मात्र होइन, सुत्केरी, महिनावारी, आशौच बारेको आदि समयमा पनि गोरस बार्ने चलन छ । यसै गरी दुध, दही, मही पोखिएको ठाउँमा खुट्टाले खुण्नु (कुल्चिनु) हुँदैन र कुल्चिएमा कुल देवता रिसाउँछन् भन्ने जनविश्वास रहेको पाइन्छ । सेरौदो बनाएर राख्ने वा सेरौदोको होम गराएमा कुलदेवताले सधैँ गोरसले भरिपूर्ण राख्दछ भन्ने विश्वास रहेको छ । गाईभैँसीपालनमा सेरौदो राख्ने एउटा महत्त्वपूर्ण संस्कृतिको पहिचान पछिल्लो समयमा क्रमशः लोपोन्मुख हुँदै गएको छ । नयाँ पिँढीलाई सेरौदो संस्कृतिको संरक्षण तथा संवर्धन गराउनुपर्ने टड्कारो आवश्यकता छ । ■

# कर्णाली प्रदेश सङ्घीयता र उपलब्धि

डा. दीपेन्द्र रोकाया

नेपाल सङ्घीयतामा गएको १० वर्ष पुगे पनि प्रदेश स्थापना भएको आठ वर्ष भयो । यहाँ प्रायःले कसले के पायो भन्ने जोडकोणबाट सङ्घीयतामाथि प्रहार भएको पाइन्छ । यस अवधिमा सङ्घीय शासन प्रणाली अन्तर्गत कर्णाली प्रदेशले भौतिक पूर्वाधार, सामाजिक विकास, कानुनी संरचना निर्माण र तहगत समन्वय जस्ता विभिन्न क्षेत्रमा महत्त्वपूर्ण प्रगति गरेको देखिन्छ ।

कर्णाली प्रदेश निर्माणका लागि जगको ढुङ्गा हालेको हुनाले त्यसको लेखाजोखा गरिरहन मन लाग्दछ । ढाकर बोक्नेहरू गाडीमा हिँड्न थालेका छन् । टाला लगाउनेहरू लुगा लगाउने भएका छन् । साहुको घरमा थैला बोकेर बेसा बिसाउन जानेहरू मनलाग्दी पसलमा किनेर लिने भएका छन् । रुपैयाँ पनि बिक्री नहुने जमाना गएको छ । हरेक उत्पादनले मूल्य पाउने वातावरण बनेको छ ।

नेपालको संविधान अनुसार कर्णाली प्रदेशमा ४० जना प्रदेश सभा सदस्य छन् । प्रदेश सरकार अन्तर्गत आठ मन्त्रालय, योजना आयोग, लोक सेवा आयोग, लेखा नियन्त्रक कार्यालयलगायत प्रदेशभर १३४ वटा निकाय छन् । पर्याप्त जनशक्ति नभए पनि नजिकको सरकार भएकाले भएका भौतिक, सामाजिक र आर्थिक विकास हेर्रौं ।

## भौतिक पूर्वाधार विकास

पञ्चायतकाल र बहुदलकालको भन्दा बितेका सात वर्षमा पूर्वाधार विकासमा उल्लेखनीय प्रगति भएका छन् । प्रदेशमा तीन हजार छ सय ८६ किमी सडक विस्तार भएको छ, जसमध्ये दुई किमी कालोपत्रे र ६६५ किमी ग्राभेल भएका छन् । सङ्घीयताअघि जम्मा ३७ पालिकामा सडकले छोएको थियो । अहिले थप ४० पालिका केन्द्रसम्म सडक विस्तार भएको छ । दुई पालिकामा जोडिने क्रममा छन् । यो सङ्घीयता नभएको भए कालीकोट लालिघाटको सडक हुम्ला सिमकोटसम्म पुग्ने थिएन ।

यसबिचमा १०४ झोलुङ्गे र ४७ सडक पुल निर्माण भएका छन् । सुर्खेतको विमानस्थल विस्तार कार्य अल्मलिएको भए पनि १५ हेलिप्याड निर्माण भएका छन् । ज्याफ्टिङ र केबलकारको सम्भाव्यता अध्ययन भएको छ । कर्णाली र भेरी कोरिडोरमार्फत यातायात सञ्जाल विस्तार भएको छ । ऊर्जामा १७.४१ मेगावाट विद्युत् उत्पादन भएको छ । यो मात्रा बढाउने गरी जलविद्युत् आयोजना पाइपलाइनमा छन् । सिँचाइमा ६८ योजनाले करिब नौ हजार पाँच सय ५९ हेक्टरमा सुविधा पुऱ्याएको देखिन्छ । खानेपानी सुविधा पनि बढेको देखिन्छ ।

## सामाजिक विकास

शिक्षा क्षेत्रमा तीन हजार ३८ सामुदायिक र १४९ संस्थागत विद्यालय छन् । १० हजार ५४ शिक्षक छन् । ५६३ विद्यालयमा भवन निर्माण भई ६० हजार विद्यार्थीले पक्की भवनमा पढ्न पाएका छन् । पाँच हिमाली आवासीय विद्यालय निर्माण हुँदै छन् । लक्षित वर्ग छात्रवृत्तिका साथै एक पालिका सात प्राविधिक विषयलाई स्नातक तहमा अध्ययनका लागि छात्रवृत्तिका लागि प्रोत्साहन भएको छ । डिजिटल सिकाइ केन्द्र निर्माणको काम हुँदै छ ।

स्वास्थ्यमा ३४ अस्पताल, ३३१ स्वास्थ्य चौकी, २३ आयुर्वेदिक औषधालयसहित सेवा विस्तार भएको छ । कालागाउँमा प्रदेश अस्पताल निर्माण भएको छ । २६५ गर्भवती महिलाको हवाई उद्धार र पोषण कार्यक्रम प्रभावकारी देखिएका छन् ।

महिला र बालबालिकाका लागि महिला सशक्तीकरण, बालविवाह र हिंसाविरुद्ध कार्यक्रम, किशोरी आत्मसुरक्षा तालिम सञ्चालनमा छन् । कार्यान्वयनमा पुनरवलोकन गर्नुपर्ने देखिए पनि छोरी सुरक्षा योजना बनेको छ । युवालक्षित कार्यक्रम अन्तर्गत मुख्यमन्त्री रोजगार

कार्यक्रम सबै वडामा सञ्चालन भएको छ । खेलकुद क्षेत्रमा सबै जिल्लामा खेल मैदान निर्माण, रङ्गशाला र कभर्ड हल निर्माण भई खेलकुदलाई व्यावसायिक बनाउने प्रयास भइरहेको छ । संस्कृति संरक्षणमा काँक्रेविहार, खस सभ्यता केन्द्र, प्रदेश सङ्ग्रहालय, पिली युद्ध सङ्ग्रहालय, लामा सांस्कृतिक मञ्च, थपाल्या व्यासी सांस्कृतिक सङ्ग्रहालय स्थापना भएका छन् ।

कृषिमा अर्गानिक कृषि ऐन लागु भएको छ । एक हजार २४६ कृषकले ब्याज अनुदान पाएका छन् । ठाउँ ठाउँमा अदुवा, स्याउ, दुध, बाली प्रशोधन केन्द्र र शीतगृह निर्माण हुन थालेका छन् । कर्णालीबाटै ३४५ मेट्रिक टन सुकेको अर्गानिक अदुवा युरोपमा निर्यात भइरहेको छ ।

पशुपालन र मत्स्यपालनमा स्रोत केन्द्र स्थापना गरिएका छन् । वार्षिक ८७ मेट्रिक टन माछा उत्पादन र ३३ स्याउ बगैँचा सञ्चालित छन् । जडीबुटीमा वार्षिक छ करोडको व्यापार हुँदै आएको छ । छिन्चुमा प्रशोधन कारखाना निर्माण हुँदै छ । उद्योग र व्यापारमा ३६ हजार उद्योगमध्ये नौ हजार ५८३ लघु घरेलु उद्योग छन् । तीन हजार ५०४ नयाँ उद्योग दर्ता भएका छन् । प्रदेश औद्योगिक ग्राम निर्माण गरी सञ्चालनमा आएको छ ।

पर्यटनमा ५२ पदमार्ग, २० होमस्टे, ४० पर्यटन सडक, ३१ मठमन्दिर निर्माण भएको देखिएका छन् । बुलबुले ताल, रारा, फोक्सुन्डो, काँक्रेविहार संरक्षण र विकासमा विशेष जोड दिइएको छ । निजी क्षेत्र र सहकारीमा लगानी प्रोत्साहन, सहकार्य र नीति निर्माणमा ध्यान दिइएको पाइन्छ ।

गरिबी निवारणमा मुख्यमन्त्री रोजगार कार्यक्रम, विपन्न परिवार परिचयपत्र, आयआर्जन कार्यक्रम सञ्चालन भएका छन् । उद्यमशीलता विकासका लागि ब्याज अनुदान कार्यक्रम लागु गरिएको पाइन्छ । विपत् व्यवस्थापनमा नीति तथा रणनीतिक योजना बनेको छ । जलवायु परिवर्तन अनुकूलन योजना ३४ भन्दा बढी पालिकामा कार्यान्वयनमा छन् । जलाधार संरक्षणमा १३२ कार्यक्रम, एक सय हेक्टर वृक्षरोपण, १५८ रिचार्ज पोखरी र ५२ पानीका मुहान संरक्षण गरिएको तथ्याङ्क भेटिन्छ ।

सुशासनका लागि शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न प्रदेश प्रहरी गठन गर्न तयारी नै छ । शासकीय सुधार अन्तर्गत कानुनी, संस्थागत र संरचनागत सुधार, कर्मचारी तालिम, नतिजामूलक अनुगमन प्रणाली लागु गरिएको पाइन्छ । प्रदेश निजामती सेवा ऐन कार्यान्वयनमा आइसकेको छ । कर्णाली प्रदेशमा योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन विभिन्न पहल भएका छन् तर भने जति सुधार भएको छैन । अन्तरसरकारी समन्वय र सहकार्यका लागि सङ्घ र स्थानीय तहसँग समन्वय, साझेदारी र नियमित समीक्षा बैठकको आयोजना गरिएको पाइन्छ । शिक्षा, स्वास्थ्य, समाज कल्याण, खेलकुद आदि क्षेत्रमा सहकार्य विस्तार गरिएको देखिन्छ । कोभिड-१९ व्यवस्थापनमा पनि समन्वयकारी भूमिका प्रभावकारी रूपमा भएकाले कम क्षति भएको थियो । दिगो विकासका लागि प्रदेश आयोजना बैङ्क स्थापना गरिएको छ जसले समन्वय र लगानीको वातावरण सिर्जना गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ तर चालु आर्थिक वर्षको बजेट ल्याउँदा कार्यान्वयन पद्धतिमा आलोचना भएको थियो । नीति तथा योजनालाई परिणाममुखी बनाउन मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट तथा कार्यक्रमबिच तालमेल राख्नुपर्ने हुन्छ । एक करोडभन्दा माथिका आयोजना अनुगमन तथा मूल्याङ्कन प्रदेशबाटै हुनु पर्छ । आव २०७५/७६ देखि बजेट विनियोजन गरिँदै आएको छ । गत वर्षको वार्षिक बजेट ६५ प्रतिशत मात्र कार्यान्वयन भयो । यसले कार्यान्वयन पक्ष कमजोर रहेको देखाउँछ । आन्तरिक राजस्व परिचालनमा कमजोरी, सङ्घीय अनुदानमा निर्भरता र बजेटको समयमै खर्च नहुनु मुख्य समस्या हुन् । प्रदेश सभाको सन्दर्भमा, पहिलोले ५३ र दोस्रो सभाले सात वटा ऐन निर्माण गरेको पाइन्छ । हालसम्म सरकारबाट सभामा ८३ वटा विधेयक दर्ता भएको पाइन्छ । प्रदेश सभामा विधायन, सामाजिक विकास, अर्थ र लेखा समिति छन् । तहगत अन्तरसम्बन्ध सुधारका लागि प्रदेश समन्वय परिषद् स्थापना भएको र ती नियमित बैठक बसेको देखिन्छ । बैठकले नीति निर्माण र योजनाको समन्वयमा महत्त्वपूर्ण निर्णय गरेको पनि पाइन्छ ।

यद्यपि योजना कार्यान्वयनमा राजनीतिक अस्थिरता, प्रशासनिक कमजोरी, वित्तीय अभाव, तथा नीतिगत अस्पष्टता जस्ता समस्यामा अलमलिएको देखिन्छ । यस खाले समस्याको समाधानका लागि दीर्घकालीन नीति, समन्वय, सुदृढीकरण, रणनीतिक लगानी र परिणाममुखी अनुगमन प्रणाली विकास गर्नु पर्छ ।

विगतमा महेन्द्रबहादुर शाही, जीवनबहादुर शाही, राजकुमार शर्मा र अहिले यामलाल कँडेल नेतृत्वको सरकार छ । काठमाडौँमा पानी पर्दा कर्णालीमा छाता ओढ्नुपर्ने राजनीतिक विचारधाराले अस्थिरता देखिए पनि यहाँ गरिबी र विकटतालाई प्रमुख प्रतिपक्षी मान्ने चलन बसेको छ । यसैको परिणाम कर्णाली प्रदेशमा विगत ३० वर्षमा नभएको भौतिक तथा सामाजिक विकास सङ्घीयता आएपछि देखिएको छ । यसो त नेपाल विस्तारपश्चात् कर्णाली प्रदेशले सङ्घीयता आएपछि यत्रो विकास देख्न पाइएको हो । यद्यपि कार्यान्वयन पक्ष भने जस्तो नहुँदा त्यही मात्रामा आलोचना र असन्तुष्टि देखा पर्रिहेका छन् । यी दुवै खाले तथ्यलाई मनन गर्दै यदि कर्णालीको राम्रो तस्बिर हेर्नु छ भने सकारात्मक भएर सोच्ने, बोल्ने र कार्य गर्न थाल्नु पर्छ । ■

# रुकुमेली ठाडीभाकामा लय, भाव र अलङ्कार

पूर्ण वली

ठाडीभाका रुकुमेली लोकवार्ताको प्रमुख अङ्ग हो । धारिलो एवं चोटिलो लोकसाहित्यको हो । गाउँदा लामो स्वर सुनिने भएकाले यसलाई ठाडीभाका भनिएको पनि पाइन्छ । खास गरी रुकुम, सल्यान र दाङको आसपासमा बोलिने भाषामा 'ठ' वा 'ड' लाई 'र' उच्चारण गरिन्छ । जस्तै, पढ्नु-पर्नु डाँडो-डाँरो, ठाडो-ठारो आदि । खस भाषामा पहिले पहिले 'ष' लाई 'ख' उच्चारण गरिन्थ्यो । पुराना तमसुक वा शिलापत्रमा 'ख' को सट्टा 'ष' प्रयोग भएको पाइन्छ जस्तै : 'गोषाँ' । यसरी नै रुकुमेली ठेट भाषामा ठाडीभाकालाई ठारी भाखा भनिएको हो ।

ठाडी भाखा कर्णाली प्रदेशका विभिन्न जिल्लामा गाइने पुरानो लोकभाका हो । ठाडीभाकाका गीतहरू भावनात्मक दृष्टिले अत्यन्तै गहिरा, मार्मिक र लाक्षणिक हुन्छन् । प्रेम, घृणा, दुःखसुख, विरह, गुनासो, व्यङ्ग्यको साथै जीवन दर्शनसम्मका भावना ठाडीभाकामा अभिव्यक्त हुन्छन् । ठाडीभाका एक्लै पनि गाइन्छ र समूहमा पनि । वाद्यवादनबिना वा वाद्यवादनसहित पनि गाइन्छ । वनपाखामा घाँसदाउरा गर्न जाँदा, खेतबारीमा काम गर्दै, वा साँझपख गोठाला बस्ती फर्कंदा ठाडीभाकाका स्वरले पाखा-पखेरा गुन्जिन्थे । यी गीतले त्यतिबेलाको जीवनशैली, दुःखसुख र समाजको चेतना उजागर गर्छन् । सांस्कृतिक दृष्टिले ठाडीभाका युवायुवतीबिचको प्रेम र आत्मीयताको सेतु पनि थियो । बिहे, भोजभतेरलगायतका धार्मिक तथा सांस्कृतिक अनुष्ठानमा राति युवायुवतीको समूहले ठाडीभाका गाएर बाजा लाग्ने (दोहोरी) पनि गर्दथे । केही दशकअघि यस क्षेत्रका केटा साँझपख केटीको घरमा गएर रातभर गाएर दुःखसुख साट्दै मनोरञ्जन गर्ने चलन थियो, जसलाई 'छोट्टी बस्ने' वा 'कक्कर खाने' भनिन्थ्यो । यो प्रेमिल र सांस्कृतिक परम्परा हाल लोपोन्मुख भएको छ ।

ठाडीभाकाको ठेलोमा (पहिलो पङ्क्ति) स्थानविशेषका नदी, ताल, चुचुरा आदिको परिचय पनि पाउन सकिन्छ । ठाडीभाकाको माध्यमबाट व्यङ्ग्य, क्रोध, अनुनय, जिज्ञासा, कुतूहलता, आदि भाव पनि व्यक्त भएको पाइन्छ । उत्पत्तिकालका ठाडीभाका जति प्रभावकारी र लक्षणात्मक थिए अहिलेको नयाँपुस्ताले त्यसमा संशोधन गरी वा आफूखुसी नयाँ रूपमा रचिएका ठाडीभाका विम्ब, सान्दर्भिकता, संरचनाको र भावको हिसाबले पनि त्यति प्रभावकारी देखिँदैनन् ।

ठाडीभाकामा पद, वर्ण, मात्रा, गणको नियम अनुसार सिर्जना हुने रचनालाई पद्य भनिन्छ । पद्यमा उच्चारण र ध्वनिको महत्त्व हुन्छ जबकि गद्यमा उच्चारण वा स्वर गौण हुन्छ ।

गीतमा निम्नानुसारका तत्त्व हुन्छन् : १) लय २) अन्त्यानुप्रास ३) छन्द ४) सङ्गीत ५) स्थायी भाव र अन्तरा

ठाडीभाकामा पनि उल्लिखित तत्त्व विद्यमान हुन्छन् । ठाडीभाकालाई सस्वर पढ्दा नै स्वरको आरोहअवरोह स्वतःस्फूर्त उत्पन्न हुन्छ । यसले श्रोतालाई भावनात्मक रूपमा आकर्षित गर्छ । ठाडीभाकाका लय विभिन्न प्रकारका पाइन्छन् ।

हिलो लाग्यो धुलो लाग्यो, काँसेको पैरीमा

ढल पर्छ कि कुढल पर्छ, बसिग्याँ मैरीमा ।

(सङ्कलक : अर्जुनकुमार रिजाल) । अन्त्यानुप्रासले गीतको अन्त्यमा अक्षर, शब्द वा स्वरको पुनरावृत्ति गर्दै ताल मिलाउँछ । उल्लिखित ठाडीभाकाको गेरोको ठेलोमा आएको अन्तिम शब्द 'लाइगो चाटन' सँग मिल्ने गरी टुप्पोको अन्तिम शब्द 'लाइगो फाटन' को स्वरमा पुनरावृत्ति भएको छ । छन्दले प्रस्तुतिको स्वरूप र सूत्रबद्धता प्रदान गर्छ । लोकलय प्रायः आक्षरिक छन्दमा रचिएका हुन्छन् । ठाडीभाकाको संरचना प्रत्येक गेराको पहिलो लहरलाई ठेलो भनिन्छ भने दोस्रो लहरलाई टुप्पो । ठेलोले टुप्पोका लागि आधार र वातावरण तयार गर्दछ । टुप्पोलाई कति धारिलो र बलियो तुल्याउने भन्ने कुरा ठेलामा निर्भर

रहेको हुन्छ । प्रकटमा जे भन्नुपर्ने हो त्यो टुप्पोमा भए पनि ठेलोले टुप्पोलाई तिखार्ने काम गरेको हुन्छ । सामान्यतया ठेलोमा प्रकृतिको वर्णन गरिन्छ भने टुप्पोले भन्न खोजिएको कुरालाई ।

*रातका उँदै दिनका उँदै काँ जान्चइ पानीय (ठेलो)*
*मेरा के चारैका छै र सुनका चवानीय । (टुबो)*
*तालको माछी तालै रन्देउ : पाखा झिक्या कुन्च (ठेलो)*
*साइकै हो चवानी सिक्का साइले लाया हुन्च । (टुबो)*

**देउडा गीत**

*बालो राम्रो फुल्यालीको जमरा दसैँको*
*जुग् जमाना कस्ता आया भर् छैन कसैको ।*
*(सङ्कलक : अनिपाल कार्की आँसु)*
*यस्तै गरी हुम्लातिर गाइने ठाडीभाका :*
*कै ठौरदै बिदा भयौ कै ठौर जाने हौ*
*मेरै जन काँ माने हौ मान्दा त माने हौ ।*
*(सङ्कलक : मोहनसिँ कार्की)*
*ठाडीभाकाको संरचनासँग मिल्दाजुल्दा अन्य लोकगीत र लोकनाच*

**लहरे भाका** : यो गीत लामो स्वर झिकेर गाइने हुँदा लहरे गीत पनि भनिन्छ । वनपाखा गएको बेला बिनावाद्यवादन पनि गाउन सकिन्छ । दैलेखतिर यसलाई न्याउला पनि भनिन्छ । यस भाकामा सामान्यतया माया, प्रेम, हर्ष, विस्मात् विरह आदि भावका गीत गाइन्छ । जस्तै :

*गुवालाले ठोक्न लाइगो फलाटैका किला*
*बैँसैमा बैरागी हुन्या कर्मा है कि लिला । (कमप्रसाद देवकोटा)*
*सादुनसित लरे मालु, पिपलसित वर*
*दुखारीलाई जाँहोइ उस्तै, सुख्ख काँ पो छ र । (भद्र नकाल)*

**उखानको रूपमा ठाडीभाका** : बुढापाकाहरूले अर्ती उपदेश दिँदा वा गुनासो पोख्दा लयबिना नै उखान, टुक्का जस्तै ठाडीभाकाको पनि प्रयोग गर्दछन् । जस्तै :

"अ भाराबैरागौ मर्नु, क्यार्दान् र बलै ! गीत गाउनेले भन्चन् 'हाट जाने भिरबाटिमा बास बस्यो नुन्या, न फिरि जोवनै आउन्या न मनैको हुन्या !' भन्दाइनी ता भैयो नि ! यो जोवन त्यत्तिकै गैयो बगालौ, अब पछुताई क्यार्दान् र !"

यसरी लय, ताल र वाद्यवादनबिना पनि ठाडीभाकाको प्रयोग हुन्छ ।

**बाजा लाग्ने (दोहोरी)** : सामान्यतया धार्मिक तथा सांस्कृतिक चाडपर्वको रातभरि युवक (छोट्या) तथा युवती (छोट्टी) जम्मा भएर मादलको तालमा बाजा लाग्ने गरिन्छ । यसमा नृत्यको प्रयोग विरलै हुन्छ । बाजा लाग्दा सामान्यतया मायाप्रेमको भाव प्रदर्शित हुन्छ । कहिलेकाहीँ बाजा लाग्दा गीतको टुङ्ग्याउनी निष्कर्षको फलस्वरूप छोट्याले युवतीलाई रक्छिन्छन् (भगाउनु) र नयाँ घरबार जोड्दछन् । जस्तै :

*छोट्टी : आज बैनी काँ गै भन्त्याँ गाई ग्वाला गै छ र*
*खुटुक्क बारुली लाग्त्यो भेट हुने रैछ र ।*
*छोट्या : बर्खा लाग्यो म धुदेन कबाले टालीलाई*
*छेउमै आइजौ के भनुँ र घरबारे सालीलाई ।*

**सिङारु** :भ्याली, मादल, डौँरी, मुरली जस्ता वाद्यवादनका सामग्रीसहित बजाउने र गाउनेको समूह र एक जनादेखि लिएर चार/पाँच जनासम्म नचारु (नृत्यकार) समेत सँगसँगै नाच्ने रुकुमतिरको परम्परागत नाच सिङारु हो । यसमा पुरुषले महिलाका गहना तथा कालो चोली, रातो धोती र शिरमा पछ्यौरी आदि लगाएर नाच्ने गर्छन् । सङ्गीतको तालमा वाद्यवादकसँगै नचारु घुमी घुमी तथा उठी बसी नाच्दछन् ।

**झाप्रे** : उल्लिखित वाद्यवादन तथा गीतसँगै एकल, युगल वा समूहगत रूपमा केटा वा केटी उफ्री उफ्री नाच्ने एक परम्परागत नाच हो । ठाडीभाकाको लयको साथसाथै अन्य लयमा पनि यो नाच नाच्ने गरिन्छ । यसको लय र नाच दुवै छरितो हुन्छ ।

**टप्पा** : उल्लिखित वाद्यवादनका साथै सङ्गीतका आधुनिक माध्यमसमेत प्रयोग गरी केटा वा केटी ठाँटिएर नाचिने समूहगत नाच टप्पा हो । यो नाच पनि छरितो खालको हुन्छ । उदाहरण :

*रातका उँदै दिनका उँदै काँ जान्चइ पानीय*
*काँ जान्चइ पानीय सुन मैना काँ जान्चइ पानीय ।*
*मेरा के चारैका छै र सुनका चवानीय*
सुनका चवानीय सुन मैना सुनका चवानीय ।
(मुसी नाटक/पूर्ण ओली)

बाडुल्की लागेको जस्तै गरी ठाडीभाकाको गीत गाइन्छ । यसमा पुरुष र महिलाले दोहोरी पनि खेल्छन् । परम्परागत लोकनाटक हिउँपामा पनि यो भाका प्रयोग भएको पाइन्छ ।

सारी (बाडुल्की) दिउँला (बाडुल्की) चोली (बाडुल्की) दिउँला
मेरा (बाडुल्की) भाइका (बाडुल्की) आइजौ ।
(सङ्कलक : योगमाया ओली)

*चः : लौरे चः ठाडीभाकाकै गीतको सुरुमा (कतै कतै बिचमा पनि) र अन्तिममा चः लौरे चः जोडेर लामो भाका हालिन्छ । कतै कतै चः चः लौरे (लारे–प्यारी) चः चः पनि भनिन्छ ।*
*जस्तै, चः लौरे गार घटट पिसेको मकै किम्ली फुले आटो चः लौरे चः*
*चः लौरे चाल पाया फर्काउनेइ थियाँ जोबन जानी बाटो । चः लौरे चः । (सङ्कलक : चिताराम खड्का)*

**रत्यौली** : बिहेका लागि दुलाहा तथा लोग्ने मान्छे दुलही

ल्याउन दुलहीको घरमा गएको बखत बिहेको अघिल्लो रात दुलाहाको घरमा महिला मात्र जम्मा भएर स्वतन्त्रतापूर्वक छाडा किसिमका गीत गाउँदै नाच्ने गर्दछन् । दुलहाकी आमालाई लोग्ने मान्छेको वेशभूषामा बदलेर अरू महिलाले दुलाहाकी आमालाई जिस्क्याउँछन् । पहिले पहिले रत्यौलीमा ठाडीभाकामा गीत गाउने गरिए तापनि अहिले भने आधुनिक गीत गाउने गरिन्छ ।

जाजरकोट तथा रुकुमतिर प्रचलित ठाडीभाकाको अर्को मिठो लय ख्याली हो । यो लयमा गीत मात्र पनि गाइन्छ वा गीतसँग सिँगारु नाच पनि नाचिन्छ । पैँसेरी नाचमा पनि यो गीतको प्रयोग गर्ने गरिन्छ । ठाडीभाकाकै अर्को लय साइँलोजी हो । साइँलोजी कुनै सङ्गीतबिना गाउने गरिन्छ । गुरुङहरूको घाटु नाचको लयसँग मिल्दोजुल्दो यो लयमा मुसी नाटकमा साइँलोजीसँग नृत्य पनि प्रदर्शन गरिएको छ । गाउँखाने कथालाई ठाडीभाकाका रूपमा ढालेर सवालजवाफ गरिने खेललाई न्याम्ना भनिन्छ । यसमा पनि लय र सङ्गीत मिलाएर वा नमिलाएर पनि खेलिन्छ । उल्लिखित उदाहरणबाट के देखिन्छ भने ठाडीभाका गीत मात्र नभई आख्यान, नाटक, गीत, सङ्गीत आदिको विशेषता बोकेको मध्यपश्चिमेलीको कलात्मक अभिव्यक्तिको माध्यम हो ।

**अलङ्कारमय ठाडीभाका** : कर्णाली प्रदेशमा गाइने ठाडीभाका नेपाली साहित्यका तत्त्व भाव, रस र अलङ्कारले भरिपूर्ण हुनुको साथै विम्ब, उपमा, प्रतीक तथा मानवीकरणको प्रचुर रूपमा प्रयोग भएको पाइन्छ । अलङ्कारले भाषागत प्रस्तुतिलाई चमत्कारपूर्ण तुल्याउँछ । श्रोतालाई सुनौँ सुनौँ बनाउँछ । ठाडीभाका पनि काव्यिक प्रस्तुति भएकाले विभिन्न अलङ्कारको प्रयोग भएको पाइन्छ ।

एक समान ध्वनि अक्षर वा वर्णको पुनरावृत्ति नै अनुप्रास हो । पहिले प्रयोग भइसकेका शब्द जस्तै स्वर वा वर्णमा मिल्दोजुल्दो अर्को शब्द प्रयोग भयो भने अनुप्रास भनिन्छ । जस्तै, कुन्च/हुन्च, नल्को/झल्को, गन्छु/गम्छु आदि । *अनुप्रासका उदाहरण :*

*अन्त्यानुप्रास :*
*मैँसीले दमारै काट्यो गोठालो बबै छ,*
*क्यार्न रुन्चै जल्ने मन तो जस्तो सबै छ ।*

पहिलो पङ्क्तिको अन्तिममा 'बबै छ' मा रहेको स्वर तथा वर्णको पुनरावृत्ति दोस्रो पङ्क्तिको अन्तिममा आएको 'सबै छ' मा भएको छ । पङ्क्तिको सुरुमा आउने शब्दको स्वर र वर्णको समानतालाई आद्यानुप्रास भनिन्छ । ठाडीभाकाको सिँगारु गीत आद्यानुप्रासको सुन्दर नमुना हो । सिँगारु गीतमा कुनै एक मात्र शब्द होइन कि पद्यांशको पूरै भाग नै सुरुमा आएर दोहोरिन पुग्दछ ।

अर्थको चमत्कारद्वारा भाषा वा काव्यको सौन्दर्य बढाउने कला नै अर्थालङ्कार हो । यसमा विम्वविधानको त्यो रूप आउँछ जसले भावलाई सशक्त पार्दै मानवचक्षु सामुन्ने प्रस्तुतिको विम्ब प्रस्तुत गर्दछ । विभिन्न विद्वान्ले अलङ्कारलाई विभिन्न वर्गमा विभाजन गरेका छन् ।

*उपमा अलङ्कार :*

उपमाको अर्थ हो समता तुलना, दँजाइ, दृष्टान्त, उदाहरण दिनु । अर्थात् कुनै एक वस्तुलाई अर्को वस्तुसँग दाँज्ने वा तुलना गर्ने काम नै उपमा हो । अप्रसिद्ध वस्तुलाई प्रसिद्ध वस्तुसँग तुलना गरे उपमा अलङ्कार हुन्छ । यस अलङ्कारमा प्रस्तुत र अप्रस्तुत कुनै दुई भिन्न वस्तुको सादृश्य मिलाई तुलना गरिन्छ र भिन्नता कायम राखिन्छ । उपमाका चार तत्त्व हुन्छन्: उपमेय, उपमान, साधारण धर्म र वाचक शब्द । यहाँ 'मन' उपमेय हो । हात्ती उपमान हो । हात्तीकै जस्तो भनेको 'ठुलो' भनिएको हो । यहाँ 'ठुलो' साधारण धर्म लुप्त गरिएको छ । 'जस्तो' वाचक शब्द हो । उपमेय (जसको तुलना गरिन्छ) मा नै उपमान (जोसँग तुलना गरिन्छ) को आरोप गर्दा रूपक अलङ्कार हुन्छ । अर्थात् यसमा उपमेय र उपमानको भिन्नता नराखी एउटै रूपमा बयान गरिन्छ । उपमा अलङ्कारमा साधारण धर्म र वाचक शब्द हटाइदिँदा रूपक अलङ्कार बन्छ । उत्प्रेक्षाको शाब्दिक अर्थ हुन्छः अन्दाज वा अनुमान । प्रस्तुत कुरामा अप्रस्तुत कुराको कल्पना गर्दा उत्प्रेक्षा अलङ्कार हुन्छ । उत्प्रेक्षा अलङ्कारमा स्वाभाविक कुरालाई कुनै हेतु वा क्रियाद्वारा अर्के रूपमा प्रकट गरी सम्भावना दर्शाइएको हुन्छ । अतिशयोक्तिको अर्थ हुन्छ उक्तिमा अतिशयता । सामान्य कुरालाई बढाइचढाइ गरेर वर्णन गर्दा अतिशयोक्ति अलङ्कार हुन्छ । यस अलङ्कारमा उपमेयलाई लुकाई उपमानको मात्र उल्लेख गरिन्छ । अर्थात् प्रस्तुतलाई लुकाई अप्रस्तुतद्वारा क्रियाको वर्णन गरिन्छ । अर्को शब्दमा कुनै कुराको वर्णन सीमा नाघी चर्कोसित बढाएर गरिएमा अतिशयोक्ति अलङ्कार हुन्छ । यस अलङ्कारलाई प्रतीकका रूपमा समेत लिइन्छ । उपमेयमा भएका गुण उपमानमा पनि असम्भव भएको रूपमा वर्णन गरिएको अलङ्कारलाई अद्भूतोपमा भनिन्छ । शाब्दिक अर्थमा भन्दा अर्काको पछि नलाग्ने बानी, कार्य वा नीतिलाई अनन्वय भनिन्छ । अनन्वयको अर्थ उही हो । उपमेयलाई नै उपमान मान्ने

दृष्टान्तको शाब्दिक अर्थ हुन्छ प्रसङ्गमा आएका विषयवस्तुलाई छर्लङ्ग्याउने विषय वा वाक्य; प्रस्तुत गरिने उदाहरण । यस अलङ्कारमा दुई वाक्यमा एकअर्काको पारस्परिक विम्ब प्रतिविम्बको भाव सम्बन्ध

हुन्छ । उपमान र उपमेयका धर्ममा सादृश्य भएका खण्डमा पर्ने अलङ्कार दृष्टान्त अलङ्कार हो। दीपकको शाब्दिक अर्थ हुन्छ दीप वा बत्ती । दीपक अलङ्कारमा एउटै धर्म वा क्रियाका साथ प्रस्तुत वा अप्रस्तुतको समानता देखाइन्छ । प्रस्तुत थोरै हुन्छ भने अप्रस्तुत धेरै हुन्छ । काव्यमा प्रस्तुत र अप्रस्तुत दुवै विषयको समान धर्मको वर्णन हुने अर्थालङ्कार नै दीपक हो अपह्नुतिको शाब्दिक अर्थ लुकाउने वा बहाना गर्ने काम भन्न हुन्छ । ढाँटेर एक थोकलाई अर्के थोकमा प्रस्तुत गर्दा अपह्नुति अलङ्कार हुन्छ। यस अलङ्कारमा प्रस्तुत वा विषय वा उपमेयलाई निषेध गरेर त्यही विषयमा अप्रस्तुत अथवा विषय वा उपमानको आरोप गरिन्छ ।

सन्देहको शाब्दिक अर्थ हुन्छः दोधार, अन्योल, शङ्का, भ्रम वा भ्रान्ति । कुनै विषय वा कारण हो कि होइनको अवस्था नै सन्देह हो । उपमेयमा उपमानको चमत्कारले संशय हुँदा सन्देह अलङ्कार हुन्छ । अर्थगर्भित टुक्कामय उक्तिलाई लोकोक्ति भनिन्छ । लोकोक्तिबाट समाजमा प्रचलित उखान तथा टुक्काको माध्यमबाट नैतिकता तथा सदाचारका पाठ पढाइएको हुन्छ । यस्ता लोकोक्तिलाई साहित्य वा गीतको माध्यमबाट सफलताका साथ प्रयोग गर्दा लोकोक्ति अलङ्कार हुन जान्छ । यही लोकोक्ति अभिधा अर्थमा प्रयोग हुँदा लोकोक्ति हुन्छ भने त्यही उक्ति लक्षणा वा व्यञ्जनाको अर्थमा प्रयुक्त हुँदा छेकोक्ति हुन्छ ।

*विरोधाभास :*

वास्तविक विरोध नभए पनि विरोध झल्किएको देखिन्छ भने विरोधाभास अलङ्कार हुन्छ । विभावनाको शाब्दिक अर्थ हुन्छ अनुगामी वा प्रतिगामी अनुभूतिको शृङ्खला, कल्पना, सोचाइ, आशय, विवेक, विचार वादविवाद, पक्षविपक्षबारे उठेको तर्क । कारण नभई कुनै कार्य भएको छ भने विभावना अलङ्कार हुन्छ । व्यतिरेकको शाब्दिक अर्थ हुन्छ परस्पर नमिल्ने विरोधी गुण वा कारण, अन्तर, भेद, अन्वयभन्दा भिन्न प्रक्रिया, अतिक्रमण । उपमानभन्दा उपमेयमा बढी गुण देखाएमा व्यतिरेक अलङ्कार हुन्छ। केही धर्मका आधारमा समान उपमान, उपमेयमा उपमानभन्दा केही गुणको आधिक्य वा न्यूनता भई वैधर्म्य वा फरक बुझिएमा व्यतिरेक अर्थालङ्कार हुन जान्छ । उदाहरण :

*काँचो छाम्नु, पाको छाम्नु, तिजु माजा फल*
*देख्नु मै, पैरनु मैनै कर्णालीका जल ।*

*निदर्शना अलङ्कार :*

भिन्न भिन्न वाक्यार्थमा उपमान र उपमेयको कल्पना गरी अभेद सम्बन्ध देखाउँदा निदर्शना अलङ्कार हुन्छ। दुई वाक्यका अर्थमा अन्तर हुँदाहुँदै पनि उपमाद्वारा तिनीहरूका सम्बन्धको कल्पना गर्दा साहित्यमा हुने अर्थालङ्कार नै निदर्शना अलङ्कार हो ।

प्रतीकले अप्रत्यक्ष अर्थ तथा गहिराइ बोकेको हुन्छ र एउटा वस्तु, घटना वा पात्रका माध्यमबाट अर्को गहिरो अर्थ जनाउँछ । एकै शब्दले भिन्न भिन्न पाठकका मनमा भिन्न अर्थ जगाउँछ । ठाडीभाका प्रतीकैप्रतीकले भरिपूर्ण हुन्छन्

*गोतामैको हिउँचुलीए धसक्क धस्की जा*
*कि फूल पैरनु होइजा कि फूल मस्की जा ।* ■

कविता

# बाबाको काख

मीना पन्त

बाबा हो एक उच्च सिंहासन,
बसी गई सन्तान् जहाँ स्वतन्त्र शासन ।
सन्तानका लागि त्यो काख एक सुरक्षित राज्य,
अचल, अटल एक स्वयम् अविभाज्य ।
आड भरोसा साहसको मुहान हो एक
शक्ति र सामर्थ्य दिने कार्यमा प्रत्येक ।
सन्तान नै हो मात्र एक त्यो काखको धनी,
अहोभाग्य हुन जान्छ त्यो काख पाउनु पनि ।
त्यही काखको कारणले मस्ती जीवन भर
न त चिन्ता न फिकर न कसैको डर ।
संसारका जम्मै सुख त्यै काखको मायामा
स्वर्गको आनन्द मिल्ने त्यो छत्र छायामा ।
मिलिरहोस् सबैलाई त्यो बाबाको काख,
गर्दछु कामना यही सबमा लाख लाख । ■

# शक्ति र भक्तिका लागि खार्पुनाथ

वसन्त रोकाया

यो संसार शक्ति र भक्तिले चलिरहेको छ । शक्ति र भक्तिको मूल केन्द्र भगवान् हुन् । यो सृष्टि नै भगवान् ब्रह्मा, विष्णु र महेश्वरको नाम र कामसँग जोडिएको छ । पवित्र धार्मिकस्थल खार्पुनाथ शक्ति र भक्तिका लागि प्रसिद्ध छ । जहाँ भगवान् शिव विराजमान हुनुहुन्छ त्यहाँ भक्तजन र आस्थावान् वर माग्ने र भर मान्ने गर्दछन् । खार्पुनाथ पशुपतिनाथको उत्तर ढोका र मानसरोवर कैलाशको प्रवेशद्वारका रूपमा पनि चाहिन्छ ।

## खार्पुनाथको उत्पत्ति, इतिहास र महिमा

खार्पु तीर्थ हो । यही पवित्र तीर्थमा नाथ (शिव) बस्नुभएकाले खार्पुनाथ भनिएको हो । खार्पुमा प्राकृतिक रूपमा डाँडो नै शिवलिङ्ग भएको र पवित्र नदी कर्णालीछेउमा बगिरहेको छ । महाभारतका सूर्यपुत्र दानवीर कर्णले मानसरोवरबाट बगेर आइरहेको यस नदीलाई पवित्र जल मानेर आफ्नो नालनर्सिङामा राखेर पिएको हुनाले यसलाई कर्नाली भनिएको हो भन्ने मान्यता छ । जहाँ खार्पु दोभान छ, जसलाई गौरी पनि भन्दछन् । यहाँ स्नान गर्ने गर्दछन् । खार्पु दोभान (गौरी) मा भगवान् विष्णु स्नान गर्न आएर कर्णाली पारिपट्टि शङ्खतोडा ढुङ्गाका रूपमा बस्नुभएको छ । भगवान् ब्रह्मा स्नान गर्न आउनु भई ब्रह्माकपाली ढुङ्गाका रूपमा रहनुभएको छ । नवदुर्गा भवानी स्नान गर्न आउनुभई तप्पन तातोपानीका रूपमा बस्नुभएको छ । श्यामकर्ण घोडा स्नान गर्न आई ढुङ्गामा बच्छेरी पाइलाका रूपमा रहेको छ । कबुली गाई स्नान गर्न आएर ढुङ्गामा कबुली गाई पाइलाका रूपमा रहेको छ । यमराज स्नान गर्न आई गौजो काट्ने ढुङ्गा (यमद्वार) का रूपमा रहनुभएको छ । यही भएर खार्पु दोभानको वरिपरि र छेउछाउमा मसानघाट छन् जसलाई त्रिपेनी भन्दछन् । भगवान् शिवले स्नान गरी खार्पु डाँडो शिवलिङ्गका रूपमा रहनुभएको छ जसभित्र भगवान् शिवको भव्य मन्दिर छ भन्ने जनविश्वास छ । त्यही भएर खार्पु मन्दिरमा धूपबत्ती बाल्दा यसको टुप्पोमा बास्ना र धुवाँ आउँछ भन्ने भनाइ छ । खार्पु दोभान (गौरी) मा स्वयम् पार्वती दुई वटा नदीको बिचमा टापुका रूपमा रहनुभएको छ । जसलाई पार्वतीको गोप्य अङ्गको आकारका रूपमा पनि बुझ्दछन् । देवादिदेव महादेवको वासस्थान कैलाशलाई जसरी हिन्दु र बौद्ध धर्मावलम्बी आस्था राख्छन् त्यसरी नै खार्पुनाथलाई पनि दुवै धर्मावलम्बीले पवित्र तीर्थका रूपमा मान्छन् । आफ्नो घरको अशुभगौ जो काट्न, वरदान माग्न र पूजाआजा गर्न आउँछन् । एउटा किंवदन्ती अनुसार ह्वाडेखोली लामा जसलाई बौद्ध धर्मावलम्बी गुरु पद्मसम्भव र हिन्दुहरू भगवान् शिवका रूपमा चिन्दछन् । उहाँले खार्पु दोभानमा स्नान गरी केही माथि कोट खौला जाने बाटोतिर ढुङ्गामा लामा पाइला छाडेर रलिङ गुम्बामा गई तपस्या गर्न लाग्नुभयो । ध्यान मुद्रामा उहाँले खार्पुलाई मानसरोवर र रलिङ तुथो (चुचुरो लाई कैलाश बनाउन लाग्दा बिहानीपख राक्षसरूपी काग रलिङको चुचुरोमा बसी कराएर लामाको ध्यान भङ्ग गरेकाले लामाले श्राप दिई कागरूपी राक्षस त्यही रलिङ चुचुरोमा भष्म भएको, अहिले पनि रलिङ चुचुरोमा कालो देखिँदा त्यसलाई काग हो भन्ने भनाइ छ । पछि लामा अर्थात् भगवान् शिवले यहाँ अशुभ भयो भनेर आफ्नो निवासस्थान कैलाश र मानसरोवर चीनको तिब्बतमा अवस्थित अहिलेको कैलाश पर्वत र मानसरोवर ताल बनाउनुभयो । त्यसैले पनि कैलाश, मानसरोवर, रलिङ र खार्पुनाथको सम्बन्ध जोडिएको छ । कैलाश, मानसरोवर

र रलिङको दर्शन गर्नुभन्दा पहिला खार्पुनाथको दर्शन गरेर मात्र जानु पर्छ भन्ने जनविश्वास र धार्मिक मान्यता छ । त्यसै गरी नै भगवान् शिवले खार्पुमा पवित्र तीर्थ र आफ्नो तपस्या स्थल बनाउनु भनी त्यहाँ रहेका डाँडालाई सोध्नुभयो र भन्नुभयो । ए डाँडाहरू, भोलि बिहानसम्म जुन डाँडा उप्केर यहाँ शिवलिङ्ग आकारमा बस्छ म त्यसलाई पवित्र तीर्थ र तपस्या स्थल बनाउँछु । त्यसपछि त्यहाँ रहेका चार दिशाका चार डाँडा दक्षिणमा रहेको छिप्राको लुवासुर डाँडा, उत्तरमा रहेको बरगाउँ डाँडा, पूर्वमा रहेको खर्पेलगाउँ डाँडा र पश्चिममा रहेको सिमकोट कुडिल्ला डाँडाको रातभरि प्रतिस्पर्धा चल्यो । बिहानीपख अरू डाँडा उप्किन नसकेको र सिमकोटको कुडिल्ला डाँडा उप्केर आई अहिलेको खार्पुडाँडा शिवलिङ्ग आकारमा रहेर बस्यो । जहाँ भगवान् शिव तपस्या गरी बसेर पवित्र तीर्थस्थल बनाए । खार्पु डाँडो र सिमकोट कुडिल्ला डाँडाको ढुङ्गा, माटो त्यही भएर समान अर्थात् एकै खालको छ भन्ने मान्यता छ । स्वस्थानी व्रतकथामा महादेवपत्नी वियोग भई सतीदेवीको मृत शरीरलाई पीठमा राखेर पृथ्वी भ्रमण गर्दा जुन जुन स्थानमा सतीदेवीको अङ्ग पतन भयो त्यहाँ त्यहाँ एक एक शक्तिपीठ र स्वम्भूलिङ्ग उत्पन्न हुँदै गयो । समस्त पीठको सङ्ख्या साढे सात करोड छ । त्यसमध्ये ५० पीठको मात्र दर्शन गरे पनि अवश्य मुक्ति प्राप्त हुन्छ । यस खार्पुमा सतीदेवीको काखी (खार) पतन भयो । त्यसैले यसलाई खार्पुनाथ भनिएको हो । यसको मूल थान गुफाको आकार काखी अर्थात् खार जस्तै छ । जहाँ महादेव शिवशक्ति स्वरूपमा रहेका छन् । एकातिर शिव तपस्या गरेर बसेको आकृति देखिन्छ भने अर्कोतिर ढुङ्गामा गणेश, दुर्गा भवानीलगायत भगवान्का विभिन्न स्वरूप देखिन्छन् । यहाँ धर्मी मान्छेले मात्र भगवान्का स्वरूप देख्न सक्छन् भन्ने जनविश्वास छ । यस सिद्धभूमि, मोक्षभूमि र पुण्यभूमि खार्पुनाथको महिमा स्कन्दपुराणमा पनि उल्लेख गरिएको पाइन्छ । जगत्गुरुले पनि खार्पुनाथ र मानसरोवर कैलाशको सम्बन्ध र महत्त्वबारे प्रवचन दिएको सुनिन्छ । खार्पुनाथको उत्पत्ति, इतिहास र महिमा अपरम्पार, अलौकिक र अद्भुत छ । जुन शक्ति र भक्तिका लागि खार्पुनाथ प्रसिद्ध र पवित्र तीर्थ मानिन्छ ।

खार्पुनाथको सम्बन्ध हुम्लाको नामकरणसँग पनि जोडिएको छ । महाभारतकालमा पाण्डवले खार्पुनाथमा कोटिहोम लगाएको किंवदन्ती पाइन्छ । पछि योगी नरहरिनाथले पनि यहाँ कोटिहोम गरेको भेटिन्छ । यही कोटिहोमबाट अपभ्रंश भई हुम्ला भएको भन्ने बुझिन्छ । खार्पुनाथ हुम्लाको पहिलो मन्दिर हो । योभन्दा पहिला यहाँ माडु मात्र निर्माण भएको पाइन्छ । एउटा भनाइ अनुसार खर्पेलगाउँका तत्कालीन भलादमी भीमबहादुर शाहीले सपनामा खार्पुको गुफाभित्र चल्ला ली माउ चरिरहेको र टुप्पोमा धुवाँ जस्तो आएको देखे । ब्युँझिएर आज के अचम्मको सपना देखेँ भन्ने सोचे । बिहान खर्पेलगाउँबाट त्यहाँ आइरहेका बेला साँच्चिकै खार्पु टुप्पोमा धुवाँ आइरहेको देखे । पछि हेर्दा त गुफाभित्र हलो, जुवा र अन्य सरसामान एक्कासि आगलागी भई त्यसको धुवाँ त्यहीँ भित्रबाट नै गई टुप्पोबाट निस्केको रहेछ । त्यतिखेर खार्पु जिउलामा काम गर्दा खर्पेलगाउँका मानिसले कामको सहजताका लागि हलो, जुवा, मुदोडो लुकाएर राख्थे । यसपछि यो ठाउँ त सत र शक्तिको ठाउँ रहिछ भनेर भीमबहादुर शाहीले त्यहाँ मन्दिर बनाए । पूजापाठ गर्न लगाए । माघेसङ्क्रान्ति मेला मनाउन थाले । त्यहाँ आउने मान्छे (तीर्थयात्री र बटुवा) बस्नका लागि धर्मशाला पनि बनाए । यस मन्दिरको रेखदेख र पूजाआजा गर्ने काम खर्पेल र यिङच्याले गर्न लागे । तसर्थ खर्पेल र यिङच्याले सेवाचाक्री, अरू मुलुक राम भन्ने गीत छ । त्यतिखेर सत्र सय हुम्लो, भीमबहादुर शाहीको कुम्लो भन्ने भनाइ पनि थियो । खार्पुनाथ शक्ति र भक्तिका लागि प्रसिद्ध हुँदै गयो । यसको महिमा र महत्त्व चिन्दै गए । टाढा टाढाबाट पनि भक्तजन माघेसङ्क्रान्ति मनाउन, वरदान माग्न, गौजो काट्न र साक्षात् शिवजीको दर्शन र पूजाआजा गर्न आउन थाले । यहाँको सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, प्राकृतिक र पर्यटकीय महत्त्व बढ्दै गयो । २०५५ सालमा तत्कालीन जिविस. सभापति जीवनबहादुर शाहीले खार्पुमा नयाँ शिवमन्दिर बनाएर खार्पुनाथ मन्दिर क्षेत्रको विकासका लागि गुरुयोजना बनाउन लगाउनुभयो । खार्पुनाथ शिवालय व्यवस्थापन समिति स्थापना गरी खार्पुनाथ मन्दिरको रेखदेख, मर्मतसम्भार, मेलापर्वहरु मनाउने र पूजापाठ गर्ने कार्य भइराखेको छ । २०७३ सालमा जीवनबहादुर शाही पर्यटनमन्त्री हुँदा खार्पुनाथ मन्दिरको जीर्णोद्धार गरी त्यहाँ प्यागोडा शैली (छाने शैली) को पक्की मन्दिर निर्माण भई उद्घाटन गर्नुभएको थियो । उहाँको पहलमा नेपाल सरकार पर्यटन मन्त्रालय र खार्पुनाथ गाउँपालिकाको सहकार्य र सक्रियतामा गुरुयोजना अनुरूप यस खार्पुनाथ मन्दिर क्षेत्रको नयाँ नयाँ संरचना बनाउने र विकास कार्य धमाधम अगाडि बढिरहेको छ । अझै पनि यस खार्पुनाथ मन्दिरको सेरोफेरो विकास गर्नका लागि धेरै काम गर्न बाँकी नै छ । नियमित पूजाआजा गर्नका लागि पुजारीको व्यवस्थापन गर्नुपर्ने पनि देखिन्छ । जिल्लास्तरीय, प्रदेशस्तरीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा एक शक्तिपीठ र भक्तिकेन्द्रका रूपमा यस खार्पुनाथ मन्दिरको विकास गरिनु आवश्यक रहेको देखिन्छ । पशुपति र कैलाशको शक्ति र स्वरूपमा रहेको खार्पुनाथको महिमा र महत्त्व उत्तिकै छ । प्रचारप्रसारको कमीले ओझेल परेको जस्तो भए पनि खार्पुनाथलाई वरदान माग्ने र भर मान्ने सङ्ख्या बढ्दै छ । शक्ति, भक्ति र आस्थाको केन्द्र खार्पुनाथ बन्दै छ । ■

# पठन संस्कृतिको साक्षी कैलाली जनपुस्तकालय

सुभाष सङ्कल्प भण्डारी

पुस्तकालय हाम्रो समाजको ज्ञान र चेतनाको केन्द्र हो । ज्ञान प्रसारण र हस्तान्तरणको सशक्त माध्यम हो । समाज विकास र परिवर्तनको संवाहक हो । खोज अनुसन्धानको आधारस्तम्भ हो । समाजलाई शिक्षित, चेतनशील र सुसंस्कृत बनाउन सहयोग गर्ने एउटा मुख्य कडीका रूपमा पुस्तकालयलाई लिन सकिन्छ । यो केवल पुस्तक राख्ने स्थान मात्र होइन, मानव सभ्यता र संस्कृतिको इतिहासलाई अभिलेखीकरण गर्दै लामो समयसम्म संरक्षण, संवर्धन र हस्तान्तरण गर्न सहयोग पुऱ्याउने माध्यम पनि हो । अध्ययन, अनुसन्धान, खोज र लेखनलाई प्रवर्धन गर्ने उत्प्रेरक हो पुस्तकालय । व्यक्ति र समाजको आलोचनात्मक सोच, सिर्जनात्मकता र सामाजिक राजनीतिक चेतना अभिवृद्धिमा सहयोग पुऱ्याउने महत्त्वपूर्ण माध्यम हो पुस्तकालय । पुस्तकालयले शिक्षा र अनुसन्धानको स्तरलाई बढाउँछ, सांस्कृतिक गतिविधि र स्थानीय इतिहासको संरक्षणमा योगदान पुऱ्याउँछ । समाजलाई शिक्षित, सुसूचित, सुसंस्कृत र समृद्ध बनाउँछ । अनुसन्धान, लेखन र अध्ययनलाई प्रवर्धन गर्छ । भविष्यका पुस्ताका लागि ज्ञान सम्पदा जोगाउन मद्दत गर्छ । पुस्तकालयमा पुस्तक, पत्रपत्रिका, रिपोर्ट, जर्नल, इन्टरनेट, डिजिटल स्रोत आदिबाट विभिन्न विषयका तथ्य, जानकारी र अद्यावधिक ज्ञान प्राप्त गर्न सकिन्छ ।

## ऐतिहासिक पृष्ठभूमि

सुदूरपश्चिम प्रदेशको प्रमुख सहर धनगढीमा अवस्थित कैलाली जनपुस्तकालय सुदूरपश्चिमकै सबैभन्दा पुरानो सामुदायिक पुस्तकालय हो । यसको स्थापना र विकासको इतिहास लामो छ । जतिबेला देशमा शिक्षा र चेतनाको विकास भएको थिएन, प्रजातान्त्रिक सङ्घसंस्थाको उदय भइरहेको थियो, पठन सामग्रीको उपलब्धता न्यून थिए । शैक्षिक संस्था औंलामा गन्न सकिने मात्र थिए । त्यो बखत धनगढीमा एउटा सामाजिक चेतना र परिवर्तनको सुरुवात भइसकेको उदाहरण सार्वजनिक पुस्तकालयको स्थापनाले प्रस्ट्याउँछ । १०४ वर्से लामो निरङ्कुश राणा शासनको अन्त्यपश्चात् प्रजातान्त्रिक सरकारले देशमा शिक्षा र सामाजिक जागरणको अभ्यास गरिरहँदा धनगढी पनि त्यसबाट अछुतो रहन सक्दैन । जसरी देशैभरि जनताले आफ्ना प्रजातान्त्रिक अधिकारको स्वतन्त्र भएर उपभोग गर्ने अभ्यास गर्दै थिए, त्यसैको फलस्वरूप शिक्षा र सामाजिक जागरणको वृक्ष पनि फैलिँदै गइरहेको थियो । धनगढीका स्व. जानकी विक्रम ज्ञवाली, जनकबहादुर कर्माचार्य, स्व. शेरबहादुर शाही, स्व. सन्तलाल महतो, स्व. रत्नभक्त श्रेष्ठ, स्व. श्यामप्रसाद खतिवडा, स्व. ताराप्रसाद श्रेष्ठलगायतका समाजसेवी तथा शिक्षाप्रेमी व्यक्तिले विसं २०१० मा 'कमलादेवी पुस्तकालय' स्थापना गर्नुहुन्छ । त्यसै आसपासमा विसं २०११ मा समाजसेवी तथा शिक्षाप्रेमी व्यक्तित्व स्व. खड्कबहादुर सिंहले 'जनता पुस्तकालय' स्थापना गर्नुभएको हुन्छ । हालको कैलाली जनपुस्तकालयको आधारस्तम्भ यिनै दुइटा पुस्तकालय हुन् । तत्कालीन समयमा दुई वटा पुस्तकालय सञ्चालन गर्न अप्ठ्यारो परेकाले दुवै पुस्तकालयका संस्थापकबिच आपसी समझदारी भई दुवै पुस्तकालयलाई एकत्रित गरी एउटा मात्र पुस्तकालय सञ्चालन गर्ने निर्णय हुन्छ र २०१४ सालमा कैलाली जनपुस्तकालयको नामकरण हुन्छ । यस कारण हालको कैलाली जनपुस्तकालयको स्थापनाको मिति विसं २०१४ माघ महिनाको श्रीपञ्चमीको दिनलाई मानिँदै आएको छ । स्थापनाको २६ वर्षपछि २०४० साल साउन २२ गतेका दिन जिल्ला प्रशासन कार्यालय, कैलालीमा विधिवत् रूपमा दर्ता भई कैलाली

जनपुस्तकालय सरकारबाट स्वीकृत भएको देखिन्छ ।

## पुस्तकालयको विकासक्रम

पुस्तकालय स्थापना त भयो तर आर्थिक अभावले भौतिक पूर्वाधारको विकास र पठन सामग्रीको उपलब्धता हुन सकिरहेको थिएन । खड्कबहादुर सिंह, खगराज पन्त र जनकबहादुर कर्माचार्यलगायतका युवा मिलेर तत्कालीन बडाहाकिम ताराप्रसाद उपाध्यायसँग अनुरोध गरी उहाँकै सक्रियता र प्रयासबाट कैलाली जनपुस्तकालयको जग्गा खरिद र भवन निर्माणको कार्य सम्पन्न भएको इतिहास छ । सो समयमा देशमा राजनीतिक परिस्थिति पनि फेरबदल भइरहन्थ्यो । जनतामा क्रमशः राजनीतिक चेतनाको बीजारोपण भइरहेको थियो । शैक्षिक तथा साहित्यिक सङ्घसंस्था थिएनन् । सूचना र सञ्चारका साधनको उपलब्धता एकदमै न्यून थियो । सबैको पहुँचमा थिएन । सार्वजनिक स्थलको विकास न्यून थियो । पठन सामग्रीको उपलब्धता र पहुँच सबैको बसमा थिएन । अशिक्षा र गरिबी व्याप्त थियो । समाज शिक्षा र चेतनाको यात्रामा बामे सर्दै थियो । यस्तो परिस्थितिमा कैलाली जनपुस्तकालयको स्थापना धनगढीबासीका लागि खुसी र गौरवको विषय थियो । विद्यालय र पुस्तकालय थिएनन् । सबैको पहुँचमा रेडियो र पत्रपत्रिका थिएनन् । कैलाली जनपुस्तकालयले पठन सामग्रीको उपलब्धता मात्र गराएन, सामाजिक, राजनीतिक चेतनाको ढोका खोल्ने काम पनि गऱ्यो । नागरिकलाई शिक्षित र सुसूचित गराई सभ्य र सुसंस्कृत समाज निर्माणको अभियानमा जग हाल्ने काम गऱ्यो । विभिन्न विधाका साहित्यिक पठन सामग्रीको उपलब्धता गराई व्यक्तिलाई सिर्जनशील र लेखनकलामा निपुण बनाउने काम गऱ्यो । ऐतिहासिक दस्ताबेजको सहज उपलब्धता गराई समाजको इतिहास, संस्कृति र परम्परालाई नयाँ पुस्तामा हस्तान्तरण गर्न भूमिका निभाएको छ ।

पुस्तकालय स्थापना गर्नु जति महत्त्वपूर्ण थियो, त्यसको उन्नयन र विकास गर्नु त्यति नै चुनौती पनि थियो त्यो समय । सीमित स्रोतसाधन, विकासमा पछाडि रहेको सुदूरपश्चिम । नेपालमा प्रिन्ट मिडियाको त्यति धेरै विकास भएको थिएन । धनगढीबाट काठमाडौँ धेरै कोसको दुरीमा थियो । न त सडक सञ्जाल जोडिएको थियो । काठमाडौँमा उपलब्ध हुने पठन सामग्री धनगढी पुऱ्याउन मुस्किल हुन्थ्यो । भारतसँग सीमा जोडिएका कारण भारतीय पत्रपत्रिकालगायत अन्य पठन सामग्रीको सहज उपलब्धता हुन्थ्यो । भारतीय र अमेरिकी राजदूतावासको सहयोगमा केही पत्रपत्रिका उपलब्ध थिए । राजनीतिक र साहित्यिक गफगाफ गर्ने साझा चौतारो थियो कैलाली जनपुस्तकालय । राजनीतिक चेतनाको निब माझ्ने धारिलो हतियार थियो पुस्तकालय । शैक्षिक जागरणको जग बसाल्ने मियो थियो पुस्तकालय । सामाजिक सङ्घ सङ्गठनको विस्तार र विकास गर्ने एउटा जननी थियो पुस्तकालय । पठन संस्कृतिमार्फत व्यक्तिको सिर्जनशीलता उत्खनन गर्ने कोदालो थियो पुस्तकालय । समग्रमा भन्दा सीमित साधन र स्रोतका बिच पनि अथाह ज्ञान र चेतना हस्तान्तरण गर्ने मुख्य केन्द्र थियो पुस्तकालय ।

## पुस्तकालयको साङ्गठनिक स्वरूप

कैलाली जनपुस्तकालय सञ्चालन र व्यवस्थापनका लागि एउटा प्रबन्ध समिति रहने प्रावधान रहेको छ । २०३८ सालमा कैलाली जनपुस्तकालयको विधान बनेको पाइन्छ । सोभन्दा अगाडि जिल्ला विकास समितिका सभापति यस पुस्तकालयको अध्यक्ष र अन्य व्यक्ति मनोनीत सदस्य रहने प्रावधान रहेको थियो । विसं २०३९ मा कैलाली जनपुस्तकालय जिल्ला प्रशासन कार्यालय, कैलालीमा दर्ता भएको पाइन्छ । संस्थाको आफ्नो छुट्टै विधान बनिसकेपछि यसका आजीवन सदस्यबाट प्रबन्ध समिति गठन हुने परम्पराको सुरुवात भएको पाइन्छ । हालसम्म स्व. देवकान्त पन्त, घनबहादुर शाह, स्व. दीनानाथ भट्ट, स्व. कृष्णबहादुर श्रेष्ठ, उमाकान्त जोशी र डा. टिएन जोशी पुस्तकालयको अध्यक्ष भइसक्नुभएको छ भने २०८२ भदौ १८ गते सम्पन्न ४८ औँ साधारण सभाबाट शिवराज ओझा तीनबर्से कालकालका लागि अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभएको छ । यसै गरी टङ्कप्रसाद जोशी उपाध्यक्ष, सुभाष सङ्कल्प भण्डारी सचिव, पदमराज जोशी सहसचिव र राजेन्द्र रैका कोषाध्यक्ष पदमा निर्वाचित हुनुभएको छ । वर्तमान प्रबन्ध समितिका सदस्यमा शेरसिंह खड्का, जयराज जोशी, राधाकुमारी फूलारा, टिआर पाठक, डिल्लीराज ओझा समर्पण, सुशीला भट्ट, हरिप्रसाद भट्ट, राधा कुमारी मिश्र, रुद्र निदाल र लक्ष्मीनारायण कुश्मी चयन हुनुभएको छ । यस पुस्तकालयमा हाल चार जना यशस्कर, ८२५ जना आजीवन र १५० साधारण सदस्य रहेका छन् ।

## पुस्तकालयको सेवा प्रवाह

सानो फुसको झुप्रोबाट सुरु भएको कैलाली जनपुस्तकालय आजका दिनमा पुग्दा सुदूरपश्चिमकै सबैभन्दा ठुलो र सम्पन्न पुस्तकालयका रूपमा परिचय स्थापित गर्न सफल भएको छ । दुई वटा तीनतले भवनबाट पुस्तकालयले आफ्नो सेवा प्रवाह गर्दै आइरहेको छ । पुस्तकालयमा विभिन्न विधाका गरी १३ हजारभन्दा बढी पुस्तक रहेका छन् । करिब पाँच दर्जनभन्दा बढी विभिन्न भाषाका स्थानीय तथा राष्ट्रिय दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक पत्रपत्रिका पुस्तकालयमा आउने गर्दछन् । लोक सेवा, शिक्षक सेवा, बैङ्किङ सेवा तथा विभिन्न प्रतिस्पर्धात्मक परीक्षाको तयारीका लागि महत्त्वपूर्ण पठन

सामग्री पनि पुस्तकालयले उपलब्ध गराउँदै आइरहेको छ । पुस्तकालयले स्थानीय इतिहास, संस्कृति, मौलिकता, दस्ताबेज, अभिलेख, पुराना पुस्तक तथा सामुदायिक सामग्री सुरक्षित राखेर संरक्षण र प्रवर्धन गर्ने काम गरेको छ । निःशुल्क इन्टरनेट सुविधा उपलब्ध गराउँदै आइरहेको छ । अलग्गै कम्प्युटर कक्षको व्यवस्था गरी निःशुल्क कम्प्युटर प्रशिक्षण सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

## साहित्यिक गतिविधि

सुदूरपश्चिममा साहित्यिक धरातललाई मलिलो र उर्वर बनाउने अभियानमा कैलाली जनपुस्तकालयको भूमिका अग्रपङ्क्तिमा आउँछ । स्थापनाकालदेखि नै कैलाली जनपुस्तकालयले धनगढीमा विविध साहित्यिक कार्यक्रम गर्दै आइरहेको छ । कवि गोष्ठी, पुस्तक परिचर्चा, साहित्यिक अन्तर्क्रिया, कविता प्रतियोगिता जस्ता थुप्रै कार्यक्रम अहिले पनि निरन्तर चलिरहेका छन् ।

पुस्तकालयले सञ्चालन गर्ने गरी धनगढीका विभिन्न व्यक्तिले साहित्यकारलाई हौसला र प्रोत्साहन दिन तथा साहित्यिक कर्म र कृतिलाई सम्मान गर्न दुई दर्जन राष्ट्रियस्तरका पुरस्कार स्थापना गरेका छन् । जुन पुरस्कार पुस्तकालयले आफ्नो वार्षिकोत्सव समारोह तथा विभिन्न अवसरमा प्रदान गर्दै आइरहेको छ । साथै साहित्यकारका साहित्यिक कृति प्रकाशनमा पनि पुस्तकालयले आर्थिक सहयोग गर्दै आइरहेको छ । पुस्तक प्रदर्शनी, छलफल कार्यक्रम, प्रशिक्षण, कार्यशाला, साहित्यिक कार्यक्रम आदि आयोजना गरी समुदायमा ज्ञान आदानप्रदानको माहोल बनाउँदै आइरहेको छ ।

पुस्तकालयको अर्को महत्त्वपूर्ण काम भनेको साहित्यिक रचना समेटेर बर्सेनि आफ्नो मुखपत्र 'मालिका' प्रकाशन गर्नु हो । २०४१ सालदेखि निरन्तर रूपमा 'मालिका' मार्फत सुदूरपश्चिमका साहित्यकारका साहित्यिक रचना प्रकाशन गर्दै आइरहेको छ । जसको पहिलो प्रधान सम्पादक स्व. दीनानाथ भट्ट हुनुहुन्थ्यो । मालिकाको १५ औँ अङ्कको कार्यकारी सम्पादक र १६ औँ अङ्कको प्रधान सम्पादकको जिम्मेवारीमा रही म आफैंले काम गरेको अनुभव छ । त्यसै गरी विभिन्न स्रष्टाहरूका अभिनन्दन ग्रन्थ र स्मृतिग्रन्थ पनि प्रकाशन गर्दै आइरहेको छ ।

युवा प्रतिभालाई हौसला, उत्साह र उत्प्रेरणा दिन उहाँका साहित्यिक कृति प्रकाशन गरिदिने, विमोचन गरिदिने, कृतिसमीक्षा कार्यक्रम आयोजना गरिदिने जस्ता महत्त्वपूर्ण कार्य कैलाली पुस्तकालयले गर्दै आइरहेको छ । विभिन्न साहित्यिक कार्यक्रम, कविता वाचन, पुस्तक लोकार्पण जस्ता गतिविधि गर्दै सांस्कृतिक चेतना फैलाउँदै आइरहेको छ ।

## साहित्यकारका जन्मजयन्ती

कैलाली जनपुस्तकालयले नेपालका महत्त्वपूर्ण साहित्यकारहरूका जन्मजयन्ती विभिन्न कार्यक्रम गरी मनाउँदै आएको छ । भानु जयन्ती, मोती जयन्ती, देवकोटा जयन्तीको अवसरमा कविता प्रतियोगिता, गजल लेखन प्रशिक्षण, रचना वाचन, पुस्तक परिचर्चा, कविको व्यक्तित्वमाथि विचारविमर्श जस्ता कार्यक्रम गर्दै आइरहेको छ । कैलाली जनपुस्तकालयले राष्ट्रिय विभूति पृथ्वीनारायण शाह र जयपृथ्वीबहादुर सिंहको जन्मजयन्तीमा उहाँहरूको व्यक्तित्वमाथि बहस, अन्तर्क्रिया कार्यक्रम गर्दै आइरहेको छ । त्यसै गरी प्रत्येक वर्ष भदौ १५ गते राष्ट्रिय पुस्तकालय दिवसका अवसरमा अन्तरविद्यालय हाजिरीजवाफ प्रतियोगिता, निबन्ध प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्दै आइरहेको छ ।

## पठन संस्कृतिको विकासमा पुस्तकालयको भूमिका

धनगढीमा पठन संस्कृतिको विकासमा कैलाली जनपुस्तकालयले अग्रणी भूमिका खेल्दै आइरहेको छ । विद्यालय तथा क्याम्पसका पाठ्यक्रमसँग सम्बन्धित सन्दर्भसामग्री जुन विद्यालय र क्याम्पसले उपलब्ध गराउन सकेका छैनन्, कैलाली जनपुस्तकालयले उपलब्ध गराउँदै आएको छ । आर्थिक रूपले विपन्न विद्यार्थीलाई पठन सामग्रीको सहज पहुँच र उपलब्धता गराएर व्यक्तित्व विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । महत्त्वपूर्ण धार्मिक पुस्तक पुस्तकालयमा उपलब्ध हुँदा घैरैलाई धर्मसंस्कृतिको अध्ययन गर्न सहज भएको छ । कलिला बालबालिकाका लागि बालसाहित्यका पुस्तक उपलब्ध हुँदा पुस्तकालयमा आएर पढ्ने बानीको विकास भएको छ । लोक सेवा, शिक्षक सेवा, बैङ्किङ सेवालगायत विभिन्न प्रतिस्पर्धात्मक परीक्षाको तयारी गर्न आवश्यक पठन सामग्री उपलब्ध गराउनुका साथै पुस्तकालयमा स्वस्थ पठन वातावरण तयार गर्न पुस्तकालयले पठन कक्षको व्यवस्था गरेको छ । जहाँ पाठक शान्त वातावरणमा दिनभर अध्ययन गर्न सक्छन् । उहाँको माग र आवश्यकता अनुसारका पुस्तक पुस्तकालयले उपलब्ध गराउँदै आएको छ । जसको फलस्वरूप दैनिक रूपमा पुस्तकालय आएर अध्ययन गर्ने पाठकको सङ्ख्या बढ्दै गइरहेको छ । समग्रमा भन्नुपर्दा कैलाली जनपुस्तकालयले सुदूरपश्चिमको साहित्य, भाषा र सांस्कृतिक पहिचानलाई बलियो बनाउन सहयोग गरेको छ । यसले स्थानीय समुदाय, लेखक, साहित्यकार र पाठकबिच एक सुन्दर मालामा उन्ने काम गरेको छ । यसले केवल पुस्तक पढ्ने मात्र स्थान उपलब्ध नगराई साहित्य, भाषा, संस्कृति र पठन संस्कृतिको विकासमा महत्त्वपूर्ण योगदान दिइरहेको छ । ■



सुदूरपश्चिम कर्णाली **विशेषाङ्क**

# काली–कर्णालीमा लेखनका यथेष्ट कच्चा पदार्थ छन्

रामलाल जोशी

**डोटी जिल्लाको तत्कालीन कानाचौर, कोटिलामा विसं २०३१ फागुन १७ गते पिता हरिभक्त जोशी तथा माता तुलशा जोशीका पुत्ररत्न रामलाल जोशी जन्मनुभयो। सुदूरपश्चिमलाई लेखन क्षेत्र बनाउनुभएका उहाँले त्यहाँकै कच्चा पदार्थलाई लेखनमा उपयोग गर्दै २०७२ सालमा 'ऐना' कथासङ्ग्रहका लागि मदन पुरस्कार प्राप्त गर्नुभयो। कविता, गजल, मुक्तकमा पनि कलम चलाउनुभएका उहाँको मुख्य लेखन क्षेत्र भने आख्यान नै हो। सुदूरपश्चिम साहित्य समाजका अध्यक्ष जोशीले समाजको भवन निर्माणदेखि विभिन्न पुरस्कार स्थापना गर्न विशेष पहल गर्नुभएको छ। साहित्यकार जोशीसँग मधुपर्कका लागि त्रिभुवनचन्द्र वाग्लेले गर्नुभएको संवादको सङ्क्षिप्त अंश–**

**सुदूरपश्चिममा रहेर नेपाली साहित्य तथा भाषा प्रवर्धनका लागि के गर्दै हुनुहुन्छ ?**

साहित्य प्रवर्धन हुने भनेको मुख्यतः लेखनबाट हो। जुनसुकै विधामा कलम चलाए पनि लेखकको मुख्य धर्म र कर्म नै लेख्नु हो। लेखकले लेखिदिएन भने भाषा, साहित्यको उन्नयन, विकास वा प्रवर्धन हुँदैन। अतः म लेख्ने काममा नै लागेको छु। कृति प्रकाशनको अन्तराल चाहिँ अलि लामो भयो।

अर्को कुरा धनगढीमा बसेर मैले लामो समय साहित्यिक गतिविधिमा आफ्नो जीवनको ऊर्जामय समय खर्च गरेँ। लगभग १२ वर्ष सुदूरपश्चिमाञ्चल साहित्य समाजको अध्यक्ष भएर समाजको आफ्नै तीनतले साहित्यिक भवन बनाउनेदेखि विश्व नेपाली साहित्य महोत्सव, सहित्यिक, सांस्कृतिक देश दर्शन अभियान र विभिन्न पुरस्कारको स्थापना जस्ता कैयौँ ऐतिहासिक काम गर्ने अवसर पाएँ। बिचमा छाडेको थिएँ। अहिले फेरि यहाँका अग्रज, अनुज सबैले पुनः अध्यक्ष बनाइदिएका छन्। फेरि साहित्यिक गतिविधिमा क्रियाशील छु।

**सुदूरपश्चिम तथा कर्णालीलाई साहित्यिक आँखाले कसरी हेर्नुहुन्छ**

सुदूरपश्चिम भन्नुस् या कर्णाली यो अलग होइन, एउटै र अन्योन्यास्रित क्षेत्र हो। सामाजिक, सांस्कृतिक, भाषिक र साहित्यिक दृष्टिले यो अभिन्न क्षेत्र हो। भौगोलिक, आर्थिक र विकासका दृष्टिले यो क्षेत्र अलि विकट, विपन्न र दुर्गम भए पनि भाषिक र सांस्कृतिक रूपले यो अत्यन्तै सम्पन्न र विविधता भएको क्षेत्र हो। साहित्यिक विषयवस्तुका दृष्टिले यहाँ अझै पनि कैयौँ भर्जिन विषयवस्तु छन्। लेखकका लागि जताततै कच्चा पदार्थ छन्। यस क्षेत्रको इतिहास सम्पन्न छ त्यसैले लेखनका लागि ऐतिहासिक खुराक छन्। वर्तमान अभावग्रस्त छ, त्यसैले लेखनका लागि कैयौँ कथाव्यथा छन्। यहाँ सुन्दर संस्कृति, प्रकृति र जीवनशैली छन्, त्यसैले प्रत्येक दृश्यमा कविता भेटिन्छन्। यहाँका मान्छे आत्मीय र निष्कपट छन्, त्यसैले प्रत्येक हृदयबाट कविता लेखिन्छन्।

**सुदूरपश्चिममा रहेर मदन पुरस्कार जित्दाको अनुभव कसरी व्यक्त गर्नुहुन्छ ?**

मदन पुरस्कार त्यति सहज होइन, अनि यसका लागि सम्पर्क, पहुँच र ठुलो सर्कल चाहिन्छ भन्ने मान्यता थियो पहिला। मेरो मनमा पनि त्यही भ्रम थियो। त्यसैले त्यसको आशा थिएन। एकाएक 'ऐना' ले मदन पुरस्कार पाउनु मेरो लागि आश्चर्य र खुसीको विषय बन्यो। मेरो लागि मात्रै होइन, समग्र काली–कर्णाली क्षेत्र र अझै मोफसलमा बसेर साहित्य साधना गर्नेका लागि पनि तर लेख्नु ठुलो कुरा रहेछ। निरन्तर साधना र कृतिको गुणवत्ता भयो भने लेखक आफैँ चिनिँदो रहेछ, पुरस्कारहरू आफैँ खोज्दै आउँदा रहेछन् भन्ने लाग्छ।

**नेपाली साहित्यमा सुदूरपश्चिम र कर्णालीको योगदानलाई**

**कसरी लेख्न सकिन्छ ?**

योगदान त ठुलो छ । विशेष गरी लोकसाहित्य र लोकगीत, सङ्गीतका माध्यमबाट ठुलो योगदान दिएको छ तर यहाँ जुन मात्रामा लेखनका लागि विषयवस्तुको यथेष्ठता र कच्चा पदार्थ छन्, त्यस हिसाबले लेखनका माध्यमबाट सुदूरपश्चिम र कर्णाली क्षेत्रले जुन हस्तक्षेप र प्रभाव देखाउनुपर्थ्यो त्यो भएको छैन जस्तो लाग्छ ।

**अहिले कुनै कृतिका लागि व्यस्त हुनुहुन्छ ?**

हजुर, हो । एउटा उपन्यास लेखनमा छु तर पछिल्लो समय फेरि संस्थाको जिम्मेवारी र साहित्यिक क्रियाकलापको व्यस्ततामा समय त पाइरहेको छैन तर पनि मन्द गतिमा लेखनको काम भइरहेको छ ।

**नेपाली वर्तमान साहित्यको कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

पछिल्ला केही वर्षयता लेखिएको नेपाली साहित्यको मूल्याङ्क नै भएको छैन जस्तो लाग्छ । विशेष गरी अहिले स्वस्थ समालोचना लेख्ने परम्परा नै टुट्यो जस्तो लाग्छ । समालोचनामार्फत गरिने खबरदारी र प्रोत्साहन दुवै नहुँदा अहिलेको नेपाली साहित्यले गति पहिल्याउन नसकेको हो कि जस्तो लाग्छ ।

**साहित्यमा देखिएका परिवर्तनलाई कसरी अनुभव गर्नुभएको छ ?**

साहित्य समाजको ऐना हो, त्यसैले विश्व परिवेश र समाजमा आएका परिवर्तनको प्रभाव साहित्यमा देखिनु बिलकुल स्वाभाविक हो तर पछिल्लो डिजिटल प्रविधिले ल्याएको परिवर्तनले जीवनबाट संवेदना खोस्दै लगेको छ । मानव जीवनका शाश्वत चिजहरू नै हामीभित्रका संवेदना हुन् । आज ती सबै हराएर जीवन नीरस हुँदै गएको आभास हुन थालेको छ । त्यही प्रभाव भोलि साहित्यमा देखियो भने त्यो बिलकुल यान्त्रिक र संवेदनाहीन हुने छ । त्यो खतरा आउन थालेको देख्छु ।

**सुदूरपश्चिमाञ्चल साहित्य समाजलाई कसरी हेर्नुभएको छ ?**

सुदूरपश्चिमाञ्चल साहित्य समाज यस क्षेत्रको एउटा ठुलो साहित्यिक, सांस्कृतिक र प्राज्ञिक थलो हो । २०५१ सालमा स्थापना भएको यस संस्थाले विशिष्ट काम गरेर आफ्नो इतिहास बनाइसकेको छ । यस क्षेत्रका साहित्यप्रेमीको सहयोगमा हामीले आफ्नै तीनतले भवन निर्माण गर्‍यौं । संसारभर छरिएका करिब चार सय जना नेपालीभाषी साहित्यकारलाई धनगढीमा निम्त्याएर २०७६ सालमा विश्व नेपाली साहित्य महोत्सव गर्‍यौं । १०१ वर्षको उमेरमा स्वयम् सहभागी भएर शताब्दी पुरुष सत्यमोहन जोशीले 'यो नेपालमै पहिलोपल्ट भएको ऐतिहासिक कार्यक्रम हो' भन्नुभयो । त्यसैलाई निरन्तरता दिएर फेरि २०७८ सालमा विश्व नेपाली नारी साहित्य महोत्सव गर्‍यौं । त्यसपछि बृहत् नेपाली साहित्य सम्मेलन गर्‍यौं । काली-कर्णालीको लोकसंस्कृति र लोकनृत्य लगेर २०७४ मा देश दर्शन अभियान सम्पन्न गर्‍यौं । २५ हजारदेखि १ लाख रुपियाँसम्मका सात वटा पुरस्कार स्थापना गरी तिनको अक्षयकोष स्थापना गरेका छौं । विभिन्न स्रष्टाहरूका कृति प्रकाशन र विमोचनमा सहयोग गरिरहेका छौं । नयाँ प्रतिभालाई प्रोत्साहन र पुरानालाई सम्मान गरेका छौं । साधक तथा सर्जकका जन्मजयन्ती मनाउँछौं । भानुजयन्तीलाई प्रत्येक वर्ष एउटा पर्वकै रूपमा मनाउने गर्छौं । यसरी सुदूरपश्चिम साहित्य समाजले यस क्षेत्रको मात्र नभएर समग्रमा नेपाली भाषा, साहित्य, कला, संस्कृतिको उन्नयन तथा स्रष्टाहरू सम्मान र प्रेरणाका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

**साहित्यमा मधुपर्कको योगदान कसरी मूल्याङ्कन गर्नुहुन्छ ?**

नेपाली साहित्यको उन्नयन र सेवामा मधुपर्कको योगदान भुल्नै नसकिने खालको छ । मैले स्वयम् पनि सुरुवातका दिनमा मधुपर्कमा प्रकाशन हेतु कैयौं पटक आफ्ना रचना पठाएको थिएँ । किनभने त्यसबेला मधुपर्क र गरिमा नै यस्ता मानक थिए, जसमा रचना छापिएपछि त्यो व्यक्ति लेखक भयो भन्ने मान्यता थियो । त्यसैले नयाँ स्रष्टालाई स्थापित गराउनेदेखि पुराना लेखकका नयाँ रचना पाठकलाई पढ्ने अवसर दिने नै मधुपर्क हो । यो विशुद्ध एउटा साहित्यिक पत्रिका भएको हुनाले नेपाली साहित्यमा मधुपर्कको उच्च र महत्त्वपूर्ण योगदान रहेको छ । २०८२ को मधुपर्क कर्णाली-सुदूरपश्चिम विशेषाङ्कका रूपमा प्रकाशित छ । जसले यस क्षेत्रका बारेमा केही प्रकाश पार्ने प्रयास गरेर त्यसका लागि मधुपर्क परिवारलाई विशेष धन्यवाद छ ।

**साहित्यमा मोफसल र केन्द्र भन्ने हुन्छ र ? धनगढीमा बसेर लेख्ने व्यक्तिलाई धनगढी केन्द्र र काठमाडौं मोफसल हुनुपर्ने होइन र ?**

मलाई लाग्छ, केन्द्र र मोफसल भूगोलका आधारमा वा भौगोलिक दुरीका आधारमा हुने चिज होइन । यो राज्यसत्ताले निर्धारण गरेको कुरा हो । राज्य चलाउने प्रमुख स्थान, जहाँ सेवासुविधा अनेक साधन र प्रशस्त अवसर हुने भइहाले । त्यसैले त्यो केन्द्र भयो । त्यसबाट टाढा रहेका स्थान स्वाभाविक रूपमा मोफसल भनिए ।

लेखनका हिसाबले त रामायण र महाभारत लेखिएका नदीका किनारा, गुफा वा ऋषिका आश्रम नै साहित्यको केन्द्र हुनुपर्ने हो नि तर भएनन् । किनभने तिनको पठन, तिनको मञ्चन र चर्चा परिचर्चा अन्ततः राजधानीहरूमा भयो । त्यसैले केन्द्र त्यसरी निर्धारण हुने भयो । त्यसैले मेरा लागि मेरो लेखनको केन्द्र धनगढी भए पनि मैले पाउने सेवासुविधा, सम्मान, चर्चा, परिचर्चा र अवसरको खोजीका लागि धनगढी काफी छैन । मैले काठमाडौंको मुख ताक्नैपर्ने हुन्छ । त्यसैले त्यो मुख ताकिने ठाउँ नै केन्द्र हो । काठमाडौं मेरा लागि केन्द्र हो, धनगढी मोफसल । यहाँ धेरै अवसर छैनन्, सुविधा छैनन् । काठमाडौं बसेर जे चिज म प्राप्त गर्न सक्छु यहाँ सक्दिनँ । त्यसैले काठमाडौं केन्द्र नै हो, धनगढी मोफसल । तथापि साहित्यको केन्द्र धनगढीलाई बनाउने अभियान भने जारी छ । ■

# मेलौली भगवतीको मौलिकता

देवेन्द्रदत्त भट्ट

नेपाल प्राकृतिक, सांस्कृतिक एवं पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ । यहाँको भाषा, कला, रीतिरिवाज, परम्पराले नेपाललाई विश्वभरि चिनाएको छ। बैतडी जिल्लाको मेलौली नगरपालिकास्थित मेलौली भगवतीको उत्पत्तिको सन्दर्भमा एउटा भनाइ रहेको छ । तत्कालीन अवस्थामा यस क्षेत्रमा विभिन्न जातजातिका व्यक्ति बसोबास गर्दथे । जाड, लोडो, सिलो, धुन, पराल, कार्की, कत्युर जस्ता जाति थिए भन्ने भनाइ पाइन्छ ।

कत्युरवंशीको एक व्यक्तिले पहिलो पटक मेलौली भगवतीको दर्शन पाएको र सोही ठाउँमा खरले छाएको मन्दिर बनाई कुलदेवताका रूपमा पूजन सुरु गरेको किंवदन्ती रहिआएको छ । कत्युरको अन्त्यपछि सो जिम्मा भट्टले प्राप्त गरेको पाइन्छ । मेलौलीको मूल पुजारी ओझा, धामी पुडिलो (हाल विष्ट र भुल) खामको मुखिया नायक, भणारे भट्ट र भाटलाई जिम्मा दिएको पाइन्छ । बदलिँदो परिस्थिति, जनसङ्ख्या वृद्धि, बसाइँसराइसँगै यसको सांस्कृतिक क्षेत्र विस्तार भएको छ । यस भेगमा बसोबास गर्ने विभिन्न समुदायको आआफ्नै जिम्मेवारी रहेको छ । हाल मौलिक पैगोडा शैलीमा रहेको मेलौली मन्दिरको व्यवस्थापन परम्पराबारे उल्लेख गरिएको एउटा मेलौलीको ठाडोखेल छ । डोटेली पद्य शैलीमा रहेको ठाडो खेलमा अजयमिर भूपति शाही राजाले गरेको सवालमा महत्त्वपूर्ण इतिहास रहेको पाइन्छ ।

मेलौली भगवती माताको ठाडो खेल

अजयमिर भूपति शाही राजा पुछन लाग्या बात
माता पुछन लाग्या बात २
कै पर्व होली साडी भुत्यार देवी दुर्गाकी जाँत ?
माता देवी दुर्गाइकी जाँत २
कार्तिक पुन्यू चतुर्दशी होली दुर्गाइकी जाँत
माता दुर्गाइकी जाँत ।
कत्तिस रैण्याकी पूजा लागन्छे, कत्तिस रैण्याको होम ?
माता कत्तिस रैण्याको होम ।
छत्तिस रैण्याकी पूजा लागन्छे, बत्तीस रैण्याको होम ।
माता २
को लोग्या होलो खामको मुख्या, को लोग्या होलो धामी ?
नाइकरे होलो खामको मुख्या, पुणिलो (विष्ट होलो धामी ।
माता
दाइन रे भया गाडका सिला फिर रित खेलन आँला ।
माता
मठैराज देउ
पितर देउ
बेताल देउ
छडी केदार
गौसेर बाननी
टुडे मसानी
नङरौँ केदार
लटा कटारी
सैलपाल निरपाल
बाह्र सय दानौँ
चन्द्र सुरज
ब्रह्मा विष्णु
भागरती माता
कैलाशवासी
बज्जाइ रया बजित्तर बाजा फिर रित खेलन आँला
औनाइ रया तम काजबार फिर रित खेलन आँला
जी जागी रया काखीका बाला फिर रित खेलन आँला ।
जी जागी रया गाउँका पधान फिर रित खेलन आँला ।
सब बाँची रया खेलकारी भायौँ फिर रुत खेलन आँला ।
माता फिर रित खेलन आँला ।

यस प्रकारले माता मेलौली भगवतीको भित्री चौखामभित्र ढोलक, मजुराको तालमा माता मेलौलीको ठाडो खेल खेल्ने परम्परा रही आएको छ । ■

# अनौठो, अचम्म पार्ने थुम्की

सन्दीप सुनार

एउटा प्राकृतिक शिला, लिङ्ग, थुम्की वा स्थानीय भाषामा डाँडो जसलाई सल्ले डाँडा भन्ने गरिन्छ। नामले फरक भए पनि पर्यटन समृद्धिको स्थानीय आधारशिला गुरुधाम वा गुर्धम्म हो। जसको उचाइ करिब १०० मिटर रहेको छ।

गुरुधम्म साबिकको गुदुखाती गाविस वडा नं ५ र हालको खप्तड छेडेदह गाउँपालिका-३, पुडाबाउलामा पर्दछ। जुन वृन्दावन सामुदायिक वनछेउमै रहेको जिल्ला नापी कार्यालय बाजुराको तथ्याङ्कले देखाउँदछ । यो खप्तड छेडेदह गाउँपालिकाको दक्षिण भागमा अवस्थित छ। बुढीगङ्गा नगरपालिका वडा नं ४ र ८ को बिचमा पर्ने साँफेबगर नगरपालिका अछामबाट करिब २० किलोमिटर र बेतालमाडौँ बजारबाट करिब १० किलोमिटर र बाम्बाकाबाट करिब छ देखि आठ किलोमिटरको बिचमा पर्दछ। जुन बार्जुगाड खोलाको शाखा झकिने खोलाको छेउमा पर्दछ।

पर्यटकीय सम्भावना धेरै रहेको यस ठाउँको प्रचारप्रसार नहुँदा ओझेलमा परेको छ। यो ठाउँमा अचम्म वा चासोलाग्दो कुरा के भने यस क्षेत्रमा ओढार (गुफा) यसको छेउमै ढुङ्गामा भाँडा, घैलाका चित्र रहेका छन्।

भविष्यमा निकै पर्यटकीय सम्भावना रहेको उक्त ठाउँमा जिपलाइन, आकाशेपुल, स्काई वाक कृत्रिम झरना र बन्जिङ गराउने खालको भौगोलिक बनावट रहेको छ।

सल्लेडाँडासँग जोडिएको ढुङ्गामा चित्रको प्रचार, ओढार र थुम्की (गुरुधाम) को प्रचारप्रसार गर्न सके र सँगै (सडक जोडिएको ठाउँ) कटौज्जे सल्लेडाँडा, सल्ला, चौका, मेल चौका, कैलाश माडू, धुरखाम लगाउने, चुल्ठे, देउलेख गडा र भगवती मन्दिर हुँदै खप्तड छेडेदह पालिका वडा २ र १ वडा जोडेर ३, २, १ जाआँ खप्तड राष्ट्रिय निकुञ्ज ट्रेल (ट्रेकिङ) सञ्चालन गर्न सकिन्छ।

यसले (चिया पसल), होटेल र त्योभित्र पर्ने होमस्टे सञ्चालन गरेर आर्थिक उन्नति गर्न सकिन्छ।

यति धेरै सम्भावना बोकेको बाजुराको प्रवेश गर्ने ढोकामै पर्ने रमणीय स्थान अहिले प्रचारप्रसार नहुँदा र स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारले चासो नदेखाइदिँदा पालिका राजस्व, रोजगार, समृद्धिको ढोका बन्द भएको महसुस भएको छ। वडा र पालिकालाई आर्थिक रूपले सम्पन्न गर्न यस्ता क्षेत्रलाई प्रवर्धन, प्रोत्साहन, कार्यक्रम र बजेटबाट जोड्न सके यसमा हिँड्ने गोरेटो बाटो वा रेलिङ लगाएर मजबुत बनाए पर्यटकबाट यहाँ जनता धनी हुन्थे र देशमै गरिखाने एउटा पाटो भन्ने निश्चित छ। यसका लागि सम्पूर्ण सामाजिक सञ्जाल फेसबुक, पत्रिका, रेडियो टेलिभिजन अनलाइनबाट प्रसारप्रचार गर्न सके सुदूरपश्चिमको आर्थिक समृद्धिमा सहयोग पुग्ने थियो। जहाँ आन्तरिक र बाह्य पर्यटकको आगमन सधैँ भइरहने थियो। खप्तड छेडेदह पालिका अन्तर्गतमा पर्ने प्रसिद्ध स्थान खप्तड राष्ट्रिय निकुञ्जको भाग, काँडा कोट दरबार, डोगढी फाँट, छेडेदह ताल, वडालेख, कुडिकोट दरबार र आटीचौर जस्तै एक प्रख्यात स्थान बन्थ्यो। यिनीहरूको पनि आफ्नै महत्त्व छ तर प्रचार भएको पाइँदैन। सरकारले पर्यटन क्षेत्रलाई महत्त्वपूर्ण स्थान दिएर विकास गर्न जरुरी देखिन्छ।

# डोट्याली लोकसाहित्यमा हंसारानीको भैन

कविराज भट्ट

वर्तमान नेपालको सुदूरपश्चिम क्षेत्र तत्कालीन समयमा डोटी राज्यका नामले चिनिन्थ्यो । यस क्षेत्रमा विशेष गरी बहुसङ्ख्यक मानिसले लोक तथा मातृभाषाका रूपमा डोट्याली भाषा बोल्ने गरेको पाइन्छ। हिन्दुको बसोबास भएको यस क्षेत्रमा विशेष गरी डोट्याली संस्कृतिको प्रभुत्व रहेको पाइन्छ । डोट्याली समुदाय भाषा, कला, संस्कृति तथा लोकसाहित्यले एकदमै समृद्ध रहेको पाइन्छ । यस क्षेत्रमा बोलिने डोट्याली भाषामा थुप्रै लोकसाहित्य रहेको पाइन्छ । विभिन्न संस्कारमा प्रस्तुत हुने संस्कार गीत सगुन, फाग, पर्व तथा जात्रमा गाइने पर्व गीत, गाथा गीत, त्यसै गरी कृषिकर्मका अवसरमा प्रस्तुत हुने कृषि गीतलगायत थुप्रै लोकसाहित्य यसमा रहेको पाइन्छ । यिनै लोकसाहित्यमा विविध विधा र प्रस्तुतिमध्ये धान रोप्दा गाइने भैन पनि एक हो । यस क्षेत्रका महिलाले धान रोप्दा सामूहिक रूपमा गाइने कृषिगीतलाई भैन भन्ने गरिन्छ । रोपाइँका अवसरमा प्रस्तुत हुने भैनहरूमा साइ बादुरको भैन, हंसारानीको भैन आदि प्रमुख रहेका छन् ।

असारको महिना खेतमा रोपाइँ चलिरहेको हुन्छ । रोपाइँमा हलबौस्या, रोप्दारीहरू खेतमा काम गर्दै गरेका हुन्छन् । घरमा हंसारानी र उनकी सासूले मिलेर काम गर्ने मानिसका लागि खाना तयार गरेका हुन्छन् । छकालो हुन लाग्दा उनकी सासूले हंसालाई गोरुहरूका लागि बाडी चाल्न लगाएको र खेतमा काम गर्ने मानिसका लागि खाना लग्न ढिलो भएको प्रसङ्गबाट भैनको सुरुवात हुने गर्छ । हंसाको सानै उमेरमा बिहे भएको र उनका श्रीमान्ले बिहे गरेकै वर्ष छाडेर परदेश गएका हुन्छन् । सासूले 'सेरी खेतमा खाना लगेर जानू' भनेपछि उनले 'सेरी खेतको बाटो नदेखेको हुनाले कसरी जाउँ' भन्दा सासूले रिसाउँदै गाली गरेर 'तिमीले नगए के तिम्रो बाबु जान्छ ?' भनेर नाना प्रकारमा गालीगलौज र विभिन्न किसिमका जवाफ दिएको हुन्छ। हंसा रुँदै खाना लगेर सेरी खेतको बाटो लाग्दछिन् । बाटोमा एउटा जोगी भेटिन्छ । जोगीले हंसाको बाटो छेकेपछि 'खेतमा काम गर्दै गरेका मान्छे भोकै रहेका हुनाले छिटो पुग्नु छ त्यसकारण मेरो

बाटो नरोक' भन्छिन् । जोगीले हंसालाई हेर्छ र उसले लगाएका लुगा हेरेर 'तिम्रो लुगाफाटो पुरानो किन हो' भन्दा 'घरका सदस्यले यस्तै दिए त्यसैले जसो मिल्यो उसै लाएको' भन्छिन् । त्यसै गरी जोगीले तिम्रा श्रीमान् कहाँ छन् भनी सोध्छन् । उनले 'मेरा श्रीमान् पहिले नै परदेश गएका र अहिलेसम्म नफर्किएको' कुरा राख्छिन् । हंसाका कुरा सुनेपछि तिम्रो जसयराज म स्वयम् हुँ भनी आफ्नो परिचय दिन्छिन् । हंसाले बिहेको दिन देखेका जसयराज र जोगीको अनुहार र डिलडाल फरक देखेपछि पत्याइनन् र भनिन् मेरा जसयराज, मोटाघाटा र गोरा थिए तिमी त्यसो नभएको भन्दछिन् । जसयराजले म परदेशको घामले कालो भएको, घुम्दाघुम्दा दुब्लो भएको भन्ने कुरा राख्छन् । यसरी हंसा र जसयराजको भेट भयो । जसयराजले पनि घरका सदस्यले आफ्नी श्रीमतीलाई दिएको दुःखका बारेमा थाहा पाए ।

हंसारानीको मैन डोट्याली लोकसमुदायमा कृषि तथा तत्कालीन समाजको चित्रण गरिएको मैन हो । यसमा प्रमुख भूमिकामा देखिएकी हंसा जसयराजकी श्रीमती हुन् । यसमा विशेष गरी डोट्याली लोकसमुदायमा रोपाइँका बेलाको हतारोलाई यसरी चित्रण गरिएको पाइन्छ । त्यसै गरी रोपाइँमा गोरहरूलाई बाँडी खुवाउने बाडी र खेतमा काम गर्ने मानिसलाई खाना खेतमै पुऱ्याउने गरेको कुरालाई यसरी देखाइएको पाइन्छ :

*छाकाली बरु मैछ हंसा छकाली बरु मैछ*
*चाल चाल हंसा बाडी चाल हंसा बाडी चाल*
*बार बिसी हल बौस्या भोक मऱ्या हंसा भोका मऱ्या*
*बार बिसी रोप्दारी भोक मरिन हंसा भोक मरिन*
*रथका हल बल्ल भोका मऱ्या हंसा भोका मऱ्या*
*झान झान हंसारानी सेरी खेत हंसा सेरी खेत*

त्यसै गरी तत्कालीन समाजमा नारीहरूले नारीबाटै पीडित भइरहेको र विशेष गरी सासूले बुहारीहरूलाई दिएको दुःख तथा पीडा र उसलाई सुनाउने गरेका कटुवचनलाई यसरी प्रस्तुत गरिएको पाइन्छ :

*मुइले नाइ धेक्या जिउ हौ सेरीको बाटो जिउ हौ सेरीको बाटो*
*अनको को धेकलो हंसा तेरो बुवा हंसा तेरो बुवा*
*बुवाकी बलाया लिउलो मुइ झौलो जिउ हौ मुइ झौलो*

विशेष गरी सासूहरूले बुहारीलाई गाली गर्दा माइती पक्षलाई समेत गाली गर्ने गरेको र माइतीलाई गाली गरेर बुहारीको चित्त दुखाउने गरेको र माइती पक्षलाई गालीबाट जोगाउन नारी तथा बुहारीले आफ्नो क्षमताभन्दा पनि बढी काम गरेर भए पनि उनलाई गाली खुवाउनबाट बचाउने गरेको जन्मभूमि र आमाबुवाप्रतिको मायाप्रेमलाई यसरी प्रस्तुत गरिएको छ ।

*झान झान हंसारानी सेरी खेत हंसा सेरी खेत*
*मुइले नाइ धेक्या जिउ हौ सेरीको बाटो जिउ हौ सेरीको बाटो*
*अनको को धेकलो हंसा तेरो काका हंसा तेरो बुवा*
*काकाकी बलाया लिउलो मुइ झौलो जिउ हौ मुइ झौलो*

*झान झान हंसा रानी सेरी खेत हंसा सेरी खेत*
*मुइले नाइ धेक्या जिउ हौ सेरीको बाटो जिउ हौ सेरीको बाटो*
*अनको को धेकलो हंसा तेरो मौल्या हंसा तेरो बुवा*
*मौलुकी बलाया लिउलो मुइ झौलो जिउ हौ मुइ झौलो*

त्यसै गरी तत्कालीन समाजमा रोपाइँका सन्दर्भमा प्रयोग हुने सामग्री तथा लोकपरिकार घुम्ट्या डोको, छाँचको पारो आदि प्रयोग हुने गरेको प्रसङ्गलाई यसरी प्रस्तुत गरेको पाइन्छ :

*घुम्ट्या डोको पिठी हाल्यो छाची पारो हात छाची पारो*
*अटुली छाडिबरे बटुली लागी हंसा बौली समाइ*

त्यसै गरी श्रीमान्ले सानै छँदा घर छाडेर जाने र घरका अन्य सदस्यले राम्ररी खानलाउनसमेत नदिने तथा अन्य विविध यातना दिने गरेको कुरा र पीडा सहेर पनि काममा जोतिइरहने कुरा यस मैनमा प्रस्तुत भएको पाइन्छ । त्यसै गरी घरका अन्य सदस्यले दिएको फाटापुराना लुगा लगाएर बस्न बाध्य नारी समुदायका पीडा यस मैनमा यसरी प्रस्तुत गरेको पाइन्छ :

*बाटाका अघबटामाइ त भिटी हाल्यो जोगी ठाकुरो*
*छाडछाड जोगी बटुली जोगी बाटुली*
*बार बिसी हल बौस्या भोक मऱ्या जोगी भोका मऱ्या*
*बार बिसी रोप्दारी भोक मरिन जोगी भोक मरिन*
*रथका हल बल्ल भोका मऱ्या जोगी भोका मऱ्या*
*छाडछाड जोगी बटुली जोगी बाटुली*

*आङकी अङिया तेरी गात क्या भिजी हंसा गात क्या भिजी*
*गातकी घगिया तेरी गात क्या भिजी हंसा गात कया भिजी*
*सासूससुराले इसोइ दियो जोगी मुइले इसोइ लाया*

*तमरा जसैराज काँ छन् हंसा काँ छन्*
*मेरा जसै राज घर आथिन् हंसा घर आथिन्*
*मेरा जसैराज देश गयान हंसा देश गयान*
*तमरो जसै राज मुएइ हौलो हंसा मुएइ हौलो*
*मेरा जसैराज काला नाइ आइथि जोगी काला नाइआथि*
*देशमा घामले कालो भयो हंसा कालो भयो*
*मेरा जसैराज मोटा थिया जोगी मोटा थिया*
*देश डुलनाले दुबलियो हंसा दुबलियो*

यसरी हंसारानीको मैन तत्कालीन कृषि तथा रोपाइँका समयमा प्रस्तुत हुने गरेको पाइन्छ । यस मैनमा तत्कालीन लोककृषि, गाउँले जनजीवन र नारी समुदायले भोग्नु परेका पीडाको चित्रण गरेको पाइन्छ । ■

# खस शब्दकोशपछि खस व्याकरणमा जुटेको छु

रमानन्द आचार्य

**चन्दननाथ नगरपालिका–१, आचार्यबडा जुम्लामा विसं. २००५ चैत २८ गते जन्मिनुभएका रमानन्द आचार्य साहित्यका विभिन्न विधामा कलम चलाउनुहुन्छ । स्नातकसम्मको शिक्षा हासिल गर्नुभएका आचार्य शिक्षा, नेपाली, संस्कृत साहित्य/व्याकरणमा निकै दखल राख्नुहुन्छ । उहाँले नेपाल रिसर्च सेन्टरबाट गुरु डा. महेशराज पन्तको सामीप्यमा रहेर खस भाषाको अभिलेखसम्बन्धी अनुसन्धान गर्नुभएको छ । नेपाली, संस्कृत र इतिहास विषयका विद्यार्थी आचार्य चन्द्रनाथ मावि जुम्लाका सेवानिवृत्त शिक्षक हुनुहुन्छ । नेपाली साहित्यमा समर्पित आचार्यलाई प्रबल जनसेवाश्री पदक २०७८, प्रादेशिक पुरस्कार २०७५, संस्कृति मन्त्रालय, शिक्षक सेवा पदक २०५३, कला साधक सम्मान कदरपत्र २०६८, सङ्गीत तथा नाट्य प्रतिष्ठान, विशेष अभिनन्दन, नेपाल संस्कृति समाज २०८१ प्रदान गरिएको छ । उहाँका कथा, कविता, निबन्धलगायतका विधामा थुप्रै फुटकर रचना प्रकाशित र अप्रकाशित छन् । हालै खस भाषा शब्दकोश खसिया' आखर प्रकाशन गर्नुभएका आचार्यसँग गरिएको संवादको सम्पादित अंश ।**

**तपाईंको सङ्कलन र प्रधान सम्पादकत्वमा खसिया' आखर शब्दकोशको आवश्यकताबोध किन गर्नुभयो ?**

राष्ट्रभाषा नेपाली जुम्लाको सिँजामा उद्गम भएको खस प्राकृतिककै संस्कारित, परिमार्जित, परिष्कृत र परिवर्धित रूप हो तापनि खसानभित्र बोलिने यावत्, अधिकतम शब्दले वर्तमान स्वरूपमा प्रविष्टि र मानकता पाउन नसकिरहेको यथार्थ स्थितिलाई ध्यानमा राखी यस सङ्ग्रहभित्र समेटिएका शब्दले राष्ट्रभाषा नेपालीले अँगालेको मानक प्राप्त गर्नुका साथै नेपाल प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित आधिकारिक बृहत् शब्दकोशका लागि आवश्यक अङ्ग शब्दको स्रोत, व्युत्पत्ति, कोटि निर्धारण एवं अर्थयुक्त तथा सरल र तिर्यक्, रूप, लिङ्ग, निर्धारण अनि कतिपय शब्दको विपरीतार्थक शब्द खुलाउनुका साथसाथै वनस्पति विज्ञानका अध्येता, शिक्षार्थीलाई अमुक वनस्पतिको खसानीमा यस्तो नाम रहेछ भनी पहिचान गर्न सजिलोका लागि प्राप्त हुन सकेसम्मको वैज्ञानिक नाम पनि खुलाई प्रस्तुत गरिएको छ र कुनै पनि जीवित र गतिशील भाषाको पहिचान भनेकै त्यसको शब्दकोश र व्याकरण हो ।

**शब्दकोशको कस्तो महत्त्व देख्नुभएको छ ?**

जी टुची, प्रिलिमिनरी रिपोर्ट अन टु साइन्टिफिक एडिसन इन नेपाल, १९५४, पब्लिस्ड वाई एमइई रोम, इटली) त्यस्तै योगी नरहरिनाथले भाषाको सैद्धान्तिक ऐतिहासिक चर्चाभन्दा पनि पुराना शिलालेख, ताम्रपत्र, कनकपत्र आदिको अध्ययन गर्नुभयो। अर्थ प्रस्ट्याउनुभयो। कर्णालीमा रहेका यस्ता पुराना अभिलेख आदि सामग्री खोज्न पैताला खियाउनुका साथै तिनलाई इतिहासप्रकाश बनाई लोकार्पण गर्न मस्तिष्क पनि खियाउनुभयो । उहाँ योगी मात्रै होइन, महान् कर्मयोगी, अथक यात्री र कर्मवीर हुनुहुन्थ्यो, कर्णालीका एक वरद सुपुत्र हुनुहुन्थ्यो । उहाँलाई शब्द सञ्चय गरी थुपारिदिने व्याकरणका जञ्जालमा अल्झिने मात्र चाहना पनि थिएन र समयले त्यतिमा मात्रै सीमित भएर बस्न पनि दिएन । चूडामणि बन्धुले स्थानीय खस भाषाको ध्वन्यात्मक, व्याकरणात्मक र केही हदसम्म कोशगत अध्ययन सामग्री प्रस्तुत गर्नुभयो । त्यस्तै गरी रामविक्रम सिँजापतिले जुम्ली नेपाली शब्दकोश, राजेन्द्रप्रसाद आचार्य, हरिबाबु चौलागाईं, सर्पलाल गिरी

(बाजुरा) ले खस भाषाका झर्रा शब्द भनेर शब्दार्थ दिएका छन् तर यी शब्दसङ्ग्रह हुन्, शब्दकोश होइनन् । किनभने शब्दकोश भनिनलाई कम्तीमा शब्दको स्रोत, व्युत्पत्ति, पद विचार, लिङ्ग, वचन, सरल/तिर्यक् रूप र शब्द एकार्थक भए एउटा अर्थ र अनेकार्थक भएर क्रमशः १, २, ३ गर्दै भिन्न भिन्न अर्थ खुलाउनु पर्दछ, अनि पो बल्ल शब्दकोश भन्न मिल्ने हुन्छ । प्राडा माधव पोखरेलले भाषाका शब्दको ऐतिहासिकता, प्राचीनता र शब्दको ध्वन्यात्मकता आदिबारे सैद्धान्तिक र भाषावैज्ञानिक तात्त्विकताको सूक्ष्म र गहन विवेचना गर्नुहुन्छ । यो शब्दकोशले यी सबै पक्षलाई समेटेको छ ।

**खस भाषाको जननी सिँजा उपत्यकालाई मानिन्छ, खस भाषाको विकासको यो ऐतिहासिकतालाई सङ्क्षिप्तमा प्रस्ट पारिदिनुहुन्छ कि ?**

हो, अमुक भाषाको प्राचीनता वा अन्य कुनै भाषा स्रोत नपाइने, खोज्नुपर्ने कुरामा म पनि सहमति राख्छु किनभने हामीले बोल्ने खस भाषाका कतिपय शब्दको प्राचीनता, प्राकृतिकता, मौलिकता र प्रत्ययात्मकता आफ्नै छ, जसको स्रोतका रूपमा अन्य कुनै भाषालाई लिन सकिँदैन, संस्कृति, फारसी, अरबी वा प्राकृतमा पाइँदैन । भेट्टाउन सकिँदैन, सकिएन । पालि भाषा त वैदिक संस्कृतपछिको तेस्रो पुस्तको भाषा । यो प्राकृतकै समकालिक भए पनि प्राकृतभन्दा कनिष्ठ हो र प्राकृत जस्तै व्यापकता पालिमा पाइँदैन । महात्मा बुद्धले दिएको आफ्नो त्रिपिटक ग्रन्थ र अरू केही सद्उपदेश यसै भाषामा लेखिएका छन् । यो बुद्धकालिक भाषा हो । प्राकृत यसभन्दा अग्रज भाषा हो । यसैले भन्न सकिन्छ, कि खस भाषाका पनि कतिपय शब्द संस्कृतभन्दा जेठा हुन सक्छन् । अर्को कुरा कतिपय शब्द आफ्नै परिवेशले उब्जाएका मौलिक/देशज/झर्रा पनि हुन सक्छन्, जुनको स्रोत अर्को भाषामा खोजेर पाइने कुरै हुँदैन ।

**खस भाषामा 'स्हः' को उच्चारण देवानागरी लिपिभन्दा पृथक् ढङ्गले गरिन्छ । यो 'स्हः' वर्णको उच्चारणलाई लिपिमा कसरी रूपान्तरण गर्ने अर्थात् यसलाई शब्दकोशमा कसरी समस्या समाधान गर्नुभएको छ ?**

आफ्ना समयमा 'स्वः' रत्नाकर देवकोटोले 'ह' तल थोप्लीका लागि 'स्ह' लेख्ने गर्नुहुन्थ्यो तर 'ह' का लागि 'स्ह' को प्रयोग उपयुक्त हुन सक्दैन किनभने 'स्ह' त संयुक्त वर्ण हो, जसमा जोडिएका दुवै वर्णको एकसाथ समान समान उच्चारण हुन्छ । जस्तै क्+र=क्र=शुक्र, बक्र, विक्रय आदि । त्+र=त्र=सत्र, नत्र, नक्षत्र आदि ।

**खस भाषामा 'छ' को रूपायन 'छियो' गरिन्छ ? नेपालीमा 'थियो' लेखिन्छ । नेपालीभन्दा खसको रूपायन भाषाविज्ञानका दृष्टिले वैज्ञानिक छैन र ?**

खस भाषामा वर्तमानकालको छ, छन् क्रियाको भूतकालमा छियो, छिया, छिई, छिइन् रूप बन्छ, हो यस्तो हुन्छ, हुनु पर्छ तर कहिले कतै हाम्रो भाषाका समानधर्मी स्थान, प्रयत्न घोषत्व मिल्ने वर्ण एकअर्कामा समाहित पनि हुन्छन् । यहाँ पनि यस्तै भएको हो, ध्वनिविज्ञान अनुसार ख छ ठ थ फ यी वर्णहरू आआफ्ना वर्गका दोस्रा वर्ष हुन्, सबै स्पर्श हुन्छ, महाप्राण हुन् । यस्ता वर्ण यदाकदा एकअर्कामा समाहित भइदिन्छन् । खस भाषाको छियो यस्तै परिस्थितिवश थियो बनिदियो होला । त्यस्तै सीता, छीता भइदिएको छ । क्वाप्प, प्वाक्क भइदिन्छ । सब्बल झब्बल बोलिन्छ । यस्तो यदाकदा भइदिन्छ । वक्ताहरू स्विकारिदिन्छन्, बोलिदिन्छन् । अशुद्ध भन्न मिल्दैन तर सबै सधैँ यस्ता हुँदैनन् पनि । त्यस्तै हाम्रै छिमेकको हिन्दी भाषामा पनि वर्तमानकालको है/हैँ भूतकालमा था/थे/थी/थीँ भइदिए, हुन पनि ह र थ दुवै महाप्राण हुन् । वर्तमानकालमा 'ह' बसेछ, भूतकालमा 'थ' बसिदिएछ । अरू अरू भाषाकै वक्ताले 'छियो' का विकल्पमा थियो बोल्ने गरे र नेपालीमा आइपुग्दा 'थियो' ले प्राथमिकता पायो ।

**खस भाषाका प्रयोक्ता र साहित्य दुइटै कमजोर हुनुको खास कारण के होला ?**

खस साम्राज्यको पतनपछि कल्याल राजका समयदेखि नै खस भाषा केवल कथ्य भाषामा खुम्चिन पुग्यो, फलस्वरूप यो भाषा पठनपाठनको माध्यम र लिखित साहित्यिक रचनाका प्रसङ्गमा हेर्दा अनुर्वर रहेको हामी देख्छौँ । तापनि लोकसाहित्य, लोकगीत, लोककथा, साइतर, सबैया, झोडा, मागल, चुट्किला, चरण, फाग, आशिका, सिङ्न्या, कर्खा, भारत, भुओ, भैलो, चैतलो, ऋतुगीत, रोपाइँगीत, दाइँगीत, बालोनाच, छैटी, पैँठ पुजाइ, घरालेगीत आदि अनेकन रचना पाइन्छन् । यिनको अनुसन्धान, अध्ययन, लेखन, प्रकाशन आवश्यक छ ।

**खस भाषाको शब्दकोशले व्याकरणका समस्यालाई हल गर्न केही सघाउ पुऱ्याउला ?**

कुनै पनि स्थानीय तहमा कुनै बालोपयोगी उल्लेखनीय वर्णनीय/दर्शनीय स्थान विशेष, वस्तुविशेष, विषयविशेष वा उल्लेख्य क्रियाकलापद्वारा समाजसेवामा वा कुनै उदाहरणीय सिप, कला वा उद्यम आदिद्वारा समाजलाई प्रेरित गर्न सक्ने व्यक्तिकै बारेमा भए पनि स्थानीय शब्दावली प्रयोग गरी पाठ्यक्रम विकास गर्न सकिन्छ तर त्यस्ता पाठ्यक्रममा उल्लेख हुने शब्दावली वा वाक्यविन्यास शब्दकोश एवं व्याकरणसम्मत भने हुने पर्दछ । व्याकरण र कोशका सीमाबाहिर जाने छुट कुनै पनि रचना, लेख वा पाठ्यक्रमलाई हुँदैन । ■

**प्रस्तुति : जगत वाशिष्ठ**

# डोट्याली लोकवार्तामा महिला

रमेश पन्त मीतबन्धु

मानवको उत्पत्तिपश्चात् नै समाज अस्तित्वमा आएको हो र सँगसँगै संस्कृतिको पनि उत्पत्ति भएको हो । मानिसले आफ्नो अस्तित्वका लागि समाजबाट स्वीकृत भएका केही सीमा र बन्धनलाई स्वीकार गर्नुपर्ने हुन्छ । समय, काल, परिस्थिति, प्राकृतिक नियम र आवश्यकता अनुसार गर्भावस्थादेखि मृत्युपर्यन्त मानिसले सामाजिक परिपाटी बसाल्दै जाँदा लोकसंस्कृतिको निर्माण भएको हो । लोकवार्ता तथा लोकसंस्कृति शब्दका संरचनामा दुई/दुई शब्द रहेका छन् । लोक र वार्ता तथा लोक र संस्कृति । लोक शब्द तत्सम शब्द हो । शब्दकोशहरूमा लोक शब्दका मुख्य दुई सन्दर्भ अर्थ स्थान र जन दिइएको पाइन्छ भने अमर कोशमा 'लोकस्तु भुवने जने' भनेर यसका दुई वटै अर्थतर्फ सङ्केत गरेको पाइन्छ । पुराणमा उँभोका सात र उँधोका सात गरी चौध लोकको वर्णन पाइन्छ । मुख्य देवस्थानका हिसाबले शिव, विष्णु र ब्रह्मा लोकको चर्चा पाइन्छ । त्यसै गरी धर्मशास्त्रमा जीवन हुँदा भोग गर्ने ठाउँ धर्तीलाई इहलोक र मरेपछि पुग्ने ठाउँलाई परलोक भनेर वर्णन गरेको पाइन्छ । लोकको अर्थ संसार, दुनियाँ, जगत्, जन जे भने पनि निश्चित भूगोलमा बस्ने सर्वसाधारणलाई लोक शब्दले अभिहित गरेको पाइन्छ । डोट्याली लोकवार्ताको वर्गीकरण गर्नुपूर्व डोटी क्षेत्र वा प्रदेश र डोट्याली भाषा विषयमा दुई शब्द प्रस्तुत गर्न उपयुक्त लागेका छन् :

*नन्द पर्वतारभ्य यावत् काक गिरि समौ*
*तावत् वै मानस खण्ड ख्यायते नृप सत्तमा ॥*
*(स्कन्द पुराण)*

महाकालीपारिको काली कुमाउदेखि कर्णाली नदीसम्मको सम्पूर्ण भूखण्डलाई शास्त्रमा मानसखण्ड भनिएको छ । यो कुरा यस क्षेत्रका विद्वान् वासुदेव भाइसाब, आत्माराम ओझा, पञ्चमराज भट्ट, घनश्याम लेखकलगायतले आफ्ना लेख रचनामा उल्लेख गरेका छन् । "अहिले सगरमाथा विश्वको सर्वोच्च शिखर बनेको भए पनि टेथिस सागरबाट हिमालय पर्वतको उत्पत्ति हुँदा मेरु पर्वत सर्वोच्च शिखर थियो । मेरु पर्वतको नजिकै रहेको मानसरोवरको छेउछाउमा सर्वप्रथम मानव बस्ती बसेको थियो । हाम्रो इतिहासको पूर्ण विन्दु पनि त्यही थियो, यसलाई मानसखण्ड भनिएको छ । पहाडी वर्गका भाषाहरूको मूल थलो यही हो (भट्ट : २०६७) ।" यसै अभिमतलाई अगाडि बढाउँदै काली कुमाउदेखि कर्णालीसम्मको भूभागलाई मानसखण्ड र सो क्षेत्रमा बोलिने भाषालाई मानसी भाषा तथा संस्कृतिलाई मानसी संस्कृति भनेर घनश्याम लेखकले उल्लेख गरेका छन् ।

"उपर्युक्त मानसी भाषा वैदिक, प्राकृत, अपभ्रंशका रूपमा विकसित हुँदै आज आधुनिक पहाडी भाषा बनेको छ । सिँजाली (नेपाली), डोट्याली, कुमियाँ, गडवाली आदि भाषाका रूपमा भनी यस क्षेत्रका अध्येताले उल्लेख गरेको पाइन्छ । सुदूरपश्चिम क्षेत्रलाई डोटीक्षेत्र, डोटी प्रदेश, खप्तड प्रदेश भनेर उल्लेख गरे पनि ती नामसँग दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर, कैलाली, अछाम, बझाङ, बाजुरा र डोटी जिल्लाको सम्बन्ध गाँसी पश्चिम कालीदेखि पूर्व बुढीगङ्गाबिचको क्षेत्र प्राचीन डोटीराज्यको भूभागभित्र पर्दै आएको कुरा विद्वान्ले स्वीकारेका छन् । वास्तविकता खोतल्दै जाँदा धार्मिक ग्रन्थमा उल्लिखित मानसखण्ड क्षेत्रभित्र सिँजाली, डोट्याली, कुमाउनी र गढवाली भाषा प्रमुख रूपमा रहेका छन् भनेर भन्न सकिन्छ । 'डोटी क्षेत्रको इतिहास तथा संस्कृति' नामक पुस्तकमा डा. देवीप्रसाद ओझाले डोटी राज्यको प्रमाणिक राज वंशावलीको वर्णन गरी डोटीका प्रथम कत्युरी राजा निरय पाल (शाके १२८४–१३०५) रहेको कुरा उल्लेख गरेका छन् । यसरी डोटी प्रदेशको (निरय पालको शासन अघिदेखि चलेको) संस्कृतिलाई डोट्याली लोकसंस्कृति भनिन्छ । इतिहासका पाना पल्टाउँदै जाने हो भने सिँजा, डोटी, कुमाउ र गढवाल (भारत) बिच सदियौँदेखिको सांस्कृतिक सम्बन्ध देखिन्छ । गौरा र दसैँ जस्ता सांस्कृतिक पर्व र देउडा नृत्य, फाग, सगुन, चैत, भारत जस्ता परम्पराले ती क्षेत्रलाई जोड्दै आएको छ । ती क्षेत्रमा साझा संस्कृति रहेको पाइन्छ । विभिन्न विद्वान्ले डोटेली, डोट्याल्ली, डोट्याली जस्ता शब्द प्रचलनमा ल्याए पनि यहाँ डोट्याली शब्द नै उपयुक्त

ठानी त्यही शब्द प्रयोग गरिएको छ ।

विभिन्न विद्वान्का विवेचना र विश्लेषणलाई मध्यनजर गरी लोकवार्ताका विषयक्षेत्रलाई भौतिक र अभौतिक गरी दुई भागमा विभाजन गर्न सकिन्छ । भौतिक क्षेत्रभित्र स्पर्श गर्न सकिने विशाल वस्तु, मन्दिर, देवालय, स्मारक आदि तथा सूक्ष्म वस्तु सिक्का, गरगहना, आभूषण, पहिरनलगायत वाद्य एवं अन्य सामग्री, उपकरण, लोककौशल आदि विषयवस्तु समेट्न सकिन्छ भने अभौतिक क्षेत्रभित्र लोकसाहित्य, लोकविश्वास, लोकसंस्कार, लोकअनुष्ठान, लोकरीति, लोकउत्सव, लोकोक्ति, लोककला आदि विषयवस्तुलाई समेट्न सकिन्छ ।

## डोट्याली लोकवार्तामा महिला

डोट्याली लोकवार्ताको वर्गीकरण गर्नुपूर्व डोटी क्षेत्र वा प्रदेश र डोट्याली भाषा विषयमा दुई शब्द प्रस्तुत गर्न उपयुक्त लागेका छन् :

*नन्द पर्वतारभ्य यावत् काक गिरि समौ*
*तावत् वै मानस खण्ड ख्यायते नृप सत्तमा ॥*
*(स्कन्द पुराण)*

**भौतिक लोकवार्तामा महिला**

डोट्याली भौतिक संस्कृतिले परापूर्वकालदेखि नै आफ्नो विशिष्ट मौलिकता झल्काउँदै आइरहेको छ । मौलिक र परम्परागत पत्थरले छाएका तथा माटो र कमेरोले पोतेका घर, कलात्मकताले भरिपूर्ण मन्दिर, मन्दिरका गात, शिलापत्र, ताम्रपत्र, डोको, डालो, सुप्पो, खोका, मोट्टो, हलो, जुवा, भोकरलगायतका अन्य घरेलु तथा कृषि सामग्री भौतिक संस्कृतिका उत्कृष्ट नमुना हुन् ।

**लोकपहिरन र आभूषणमा महिला**

डोट्याली समाजमा पहिरनले पनि मौलिक पहिचान कायम राखेको छ । यस क्षेत्रका नारी नाकमा सुनको नाथु, किलो, बुलाकी, कानमा सुनका मुद्री, मुनडा, झुम्का, तेपल्या घाँटीमा चाँदीको सुता, सुनको गलेबन्द, छेको, जन्तरजोडी, हार र चाँदीको हाइकल माला लगाउँछन् । त्यसै गरी नाडीमा चाँदीको बाला, ठोका, पौंजी, खुट्टामा चाँदीका कल्ली, पैडा र पाइजब लगाउँछन् भने हातको आँलामा आँठी र खुट्टाका आँलामा बिच्छु लगाउँछन् । चाडपर्वमा नाकको टुप्पोदेखि निधारसम्म लामो चन्दन टीका र सामान्यतया निधारमा बिन्दी लगाउने गर्दछन् । त्यसै गरी शिरमा कानसम्म लत्रने गरी चाँदीका झुमझुमी लगाउने गर्छन् । आर्थिक परिस्थिति अनुसार सुन, चाँदी वा अन्य धातुको प्रयोग पनि गरगहनामा गरिएको हुन्छ । वेशभूषा अथवा पहिरनमा गाउँठाउँ अनुसार माथिल्लो आङमा आङडो (अङिया), तल्लो आङमा घागरो, गादो, शिरमा पिछौरा र कम्मरमा पटुकाको प्रयोग गर्दछन् । घागरो लगाउने भएकाले डोट्याली समाजमा महिलालाई घगरिया भन्ने चलन रहेको छ । यसै गरी बौसो खन्ने भएकाले पुरुषलाई बौस्या र खेतमा रोपाइँ गर्ने भएकाले महिलालाई रोप्पारी अथवा पुत जन्माउने हुनाले पुतारी भन्ने गरेको पाइन्छ । अविवाहिता कन्या चेलीबेटीले जामा जस्तो झकुलो वा झम्पर लगाउने गर्दछन् । शृङ्गार गर्दा कपालबिचबाट सिउँर निकाली लुँडो बनाउने र लुँडोमा फूल सजाउने वा धागाले बनेको सुन्दर डोरी लगाउने चलन रहेको छ ।

## लोककौशल, प्रविधि र खानपानमा महिला

यस सुदूरपश्चिम क्षेत्रमा सदियौँदेखि परम्परागत रूपमा प्रयोगमा आइरहेका लोक उपकरण, औजार, घरेलु सामग्री, बाजागाजा आदिको कौशलता र प्रविधि विशिष्ट किसिमको रहेको छ । जसलाई सङ्क्षिप्त रूपमा निम्नानुसार वर्णन गर्न सकिन्छ :

लोककौशलका विषयवस्तुभित्र चित्रकला र हस्तनिर्मित वस्तुहरूलाई समाविष्ट गर्न सकिन्छ । त्यसै गरी लोकप्रविधि र सिपका विषयवस्तुभित्र खाद्य तथा पेय पदार्थ बनाउने, पहिरन र आभूषण निर्माण गर्ने, घर र घर व्यवहारका सामग्री निर्माण गर्ने, खेल मनोरञ्जन र कृषि कर्मका सामग्री, वाद्यवादनका सामग्रीका साथै अन्य सामग्री बनाउने कार्य पर्दछन् । जुन परम्परागत लोक प्रविधिमा आधारित हुन्छन् । जाँतो, ओखल, दलनी र घट्ट निर्माण यहाँका विशिष्ट प्रविधि हुन् । ओखलमा अन्न तथा अन्य वस्तु कुट्ने र जाँतो र दलनीमा अन्नका गेडा पिसेर वा दलेर पीठो वा दाल दलिया पार्ने काम अपवादमा बाहेक महिलाले नै गर्ने गर्दछन् । यसरी लोककौशल र लोकप्रविधिका क्षेत्रमा समेत महिलाको भूमिका उल्लेखनीय रहेको पाइन्छ । घर सजाउने, स्वादिष्ट भोजन एवं परिकार माडा, सेल, बटुक, पर्थन्या, फुल्क्या, फाँडो, जाउलो, मैरी, अखाडी, डुब्का, भात, दाल, पल्याउ, भट्या, गालिउँ, खिरखाजा, रोट, लौन पतौला, तेतल्या, झुनमुन्या जस्ता परिकार बनाउने कार्यमा महिला सहभागिता उच्च छ । थेल्वा (वेलन), चौका नारी भान्साका साथी नै हुन् । चुलोचौकोमा बढीभन्दा बढी महिला सीमित रहे पनि भौतिक संस्कृति निर्माणमा यिनीहरूको स्थानलाई बिर्सन सकिँदैन । यस क्षेत्रमा प्रायः गहुँ, धान, कोदो, मकै र विभिन्न प्रकारका दालको उत्पादन हुने भए पनि गहुँ, मकैको उत्पादन बढी हुने भएकाले दिउँसो भात र राति रोटी खाने चलन छ । यस क्षेत्रका प्रमुख भोजन गोरस अन्तर्गत दुध र दुधबाट बनेका परिकार पर्दछन् भने खाजाको रूपमा उमा, खःजा, सिरौला, गेडा, सैय्या (भिजाएका चामल), बाड़ी, कुमास आदि पनि लिने गरेको छ । यसै गरी घरका ढोकाहरूमा ज्यौंती र आँगनमा ऐपण बनाउने कार्य तथा विवाहमा वर र कन्याका अनुहारमा कुरुन छेड्ने काम पनि महिलाले गरेको पाइन्छ ।

## अभौतिक लोकवार्तामा महिला

प्राचीनकाल (वैदिककाल), मध्यकाल (चौधौँ शताब्दीदेखि एकीकरणपूर्व) र आधुनिककाल (एकीकरणपछि) जुनसुकै कालमा भए पनि डोट्याली भौतिक र अभौतिक संस्कृति निर्माणमा महिलाहरूको भूमिका, सहभागिता र योगदान उच्च रहँदै आएको कुरा इतिहासका पानामा प्रस्ट हुन्छ । यस क्षेत्रका लोकगाथा, लोकपर्व तथा उत्सव, लोककला, लोकसंस्कार, लोकगीत आदि निर्माण, संरक्षण, संवर्धन एवं परिष्कृत गर्न महिलाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । मङ्गलगीत, फाग, सगुन, भगन्यौला, ककौला, प्रेमगीत आदि निर्माण, परिष्कार, परिमार्जन गर्नेदेखि वनमा गाइने गीत, विरह पोख्ने वा वैराग्यता प्रकट गर्ने बैरा आदि संरक्षण र संवर्धनमा महिला नै सक्रिय रहेका छन् । लोकउत्सव र पर्वमा परम्परागत गीत, लोकगीत, लोकसङ्गीत, लोकनाटक तथा लोकनृत्य प्रस्तुत गरी लोककला प्रदर्शनमा नारीको स्थान अवर्णनीय, योगदान अतुलनीय, भूमिका विशिष्ट र सहभागिता व्यापक रहेको पाइन्छ ।

## लोकविश्वास एवं लोकव्यवहारमा महिला

कुनै पनि समाजमा आआफ्नै मौलिक किसिमका परम्परादेखि मान्दै आएका धर्म, विश्वास, अन्धविश्वास, रीतिरिवाज, चालचलन, मूल्यमान्यता र आस्था प्रचलनमा रहेका हुन्छन् । समाजमा प्रचलित लोकधर्मको सम्बन्ध लोकविश्वास, मान्यता र व्यवहारसँग रहेको हुन्छ । विश्वव्यापी रूपमा प्रचलनमा रहेका लोकविश्वास अन्तर्गत विश्व ब्रह्माण्ड, प्रकृति, पशुपन्छी, रुखपात, दिन, महिना, वर्ष, सपना, सकुन, अपसकुन आदिलाई समाविष्ट गर्न सकिन्छ । लोकसाहित्य र लोककलामा पनि लोकविश्वास र आस्थाको अभिव्यक्ति पाइन्छ । चाडपर्व, व्रतपूजा, उपवास, मानसम्मान, अभिवादनका परम्परागत विधि एवं धर्म, विश्वास, चालचलन र मान्यताका अभिव्यक्ति लोकविश्वास एवं लोकव्यवहार अन्तर्गत पर्दछन् । शाब्दिक तथा कलात्मक रूपमा प्रकट गरिने यस्ता अभिव्यक्ति डोट्याली समाजमा प्रशस्त मात्रामा प्रचलनमा रहेका छन् । यस डोटी प्रदेशमा प्रचलित लोकविश्वास अन्तर्गत देवीदेवता, धामी, बगौली, भूतप्रेत, वनदेवी, आछरी, व्रत, उपवास आदि तथा धर्म र संस्कारप्रतिका विभिन्न किसिमका लोकव्यवहार, औराद बस्ने, उचाइनो राख्ने, ओल्को जाने, कलइ लगाउने, ज्योतिष गणना गर्ने, कौवालाई रोटी दिने, गाईको पूजा गर्ने, गाई कल्पने, बिन्ती गर्ने, हेराली गर्ने, धामी कमाएर छलछिद्दुर भगाउने, खली लगाउनेलगायत समाविष्ट गर्न सकिन्छ । चाडपर्व र विभिन्न बारमा व्रत बस्ने तथा सामाजिक, पारिवारिक सुख, शान्ति र समृद्धिको कामना गर्दै देवीदेवताको पूजा गर्ने प्रचलन यस क्षेत्रका महिलामा पौराणिककालदेखि रहँदै आएको पाइन्छ । पराइघर गएकी चेलीले आफ्नो माइती घरको देली (ढोका) पुज्ने र कर्मघर जानेबेला बाटामा पर्ने देवस्थल वा देवस्थल रहेको दिशातिर अक्षताले पुज्ने चलन समाजमा व्याप्त छ । जन्ती आउँदा वा फर्कंदा बाटामा केटाकेटी र ग्वालाद्वारा घाँसपात काटेर निश्चित स्थानमा सौलो (स्याउला) हाल्ने तथा कसैकसैले धार्मिक पुस्तक र विद्यार्थीले कापीकितावसमेत राख्ने चलन रहेको र त्यसरी हालिएको सौला र राखिएको पुस्तकमा केही न केही उपहार, खानेकुरा वा पैसा राखेर मात्रै जन्ती अघि बढ्छ । त्यसै गरी जन्ती आउँदा जाँदा कन्याले बाटामा कलश राख्ने र विवाहित महिलाले सगुन गाउने चलन रहेको र तिनीहरूलाई दक्षिणा स्वरूप पैसा दिने चलन रहेको छ । यसो गर्दा शुभ हुने मान्यता डोट्याली समाजमा रहेको छ ।

यसै गरी विवाहमा दुलहीका साथीको साथ (सङ्ग) छुटाएबापत दुलाहाका तर्फबाट बेहुलीका सङ्गी (साथी) लाई सङ्गीनी पोको (कोसेली विशेष) दिने चलन रहेको छ । त्यसै गरी ग्वालाले मनोरञ्जनका लागि वनमा गोल्या देवताको स्थापना गरी पूजा गर्ने चलन पनि छ । दसैँमा कलै लगाउने (धान र गहुँको बाला ढोकामाथि, भरिएको डालो वा भकारी र मही पार्ने ठाउँमा गाईको गोबरमाथि सिन्दूर र अक्षताले पूजन गरी लगाउने चलन), विसु पर्वमा बितेका वर्षमा अन्जानले गरिएका दोषबाट मुक्त हुन वा विष झार्न सिस्नो लगाउने, शुभ साइत पारी नयाँ अनाज चाख्ने, मन्दिरमा घोगा (मकै) चढाउने, देली (ढोका) र मन्दिर पुज्नेलगायतका चलन पनि डोट्याली लोकचलनभित्र पर्दछन् ।

## लोकउत्सव र चाडपर्वमा महिला

डोट्याली लोकउत्सव र चाडपर्वहरू अन्तर्गत गौरा, विसु (विसपति), हरेली सँक्रात, वल्काइ सँक्रात, बुँणी गाड्ने सँक्रात, बुँणी पोल्ने सँक्रात, नवरात्री (दसैँ), भैलो (तिहार), तिज व्रत, विभिन्न देवीदेवताका जाँत (जात्रा), ऋषितर्पणी, घाँसे सँक्रात, पुसे पन्नर, कौवा रोटो दिन्या सँक्रात (माघी), भेटौलोचैतालो, वसन्त गायन, अनन्त्या, होली आदि मुख्य रूपमा रहेका छन् । त्यस्तै अन्य उत्सवहरूमा विवाह, व्रतबन्ध, छटी, नन्न (न्वारान), भोज, वनभोज आदिलाई लिन सकिन्छ । लोकसंस्कृतिको सम्बन्ध विज्ञानसँग पनि जोडिएको हुन्छ । नारी सृष्टिकर्ता भएकाले नारीको उपस्थितिबिनाको संस्कृतिको परिकल्पना गर्न सकिँदैन । यसर्थ समाज र संस्कृति निर्माणमा नारीको भूमिका र योगदान अति महत्त्वपूर्ण र स्थान अति उच्च रहेको छ । यस क्षेत्रका चाडपर्वमा कहींकतै नारी र पुरुषको सहभागिता मात्रात्मक रूपमा

तलमाथि देखिए जस्तो लागे पनि दुवै पक्षले एकआसपमा सद्भाव, प्रेम, हर्ष, पीडा आदानप्रदान गरी सामाजिक सम्बन्ध प्रगाढ पार्ने र सामाजिक एकता प्रदर्शन गर्ने कुरा सर्वस्वीकार्य छ ।

चाडपर्वमा विशेष रूपमा परिकार बनाउने, घर सिँगार्ने आदि काम महिलाहरूकै काँधमा रहेको हुन्छ । पुसे पन्ध्र, दसैँ, होलीलगायतका चाडपर्वमा महिलाको सहभागिता रहे पनि सुपको सांस्कृतिक धरोहर गोःरा पर्व, तिज व्रत नारीकै पर्व हो । त्यसै गरी भैलो खेल्ने कार्य पनि हाल आएर पुरुषले बढी खेल्ने र महिलाले कम खेल्ने देखिए तापनि पुरुषले महिलाबाटै ग्रहण गरेको पाइन्छ । तीज व्रतमा नारी व्रत बसी आफ्नो लोग्नेको दीर्घायुको कामना गर्दछन् । गोःरा महिलाले पौराणिक कथाहरूका आधारमा आफैँ कथेको शिवपार्वतीको गीति गाथा हो । नारीले गोःराका खेल र नृत्यबाट यस भेगको सामाजिक जीवनका सुख, दुःख, हाँसो, रोदन तथा नारी जातिलाई कुण्ठित पार्ने रूढी र अन्धविश्वासप्रति व्यङ्ग्य पनि हो । गोःरामा नारीले नारीशक्तिकै पूजा गरेको पाइन्छ । "नारीले वेद पढ्नु हुँदैन भन्ने मान्यतालाई चिर्दै नारीले नारीलाई नै गुरु बनाएर वैदिक मन्त्र 'श्री सते लक्ष्मी सपत्याम् बहुरात्रे...' (ऋग्वेद) लिनु र गोरियाहरूले आफूभन्दा जेठा ससुरा, पति आदिलाई समेत विरुणा (गहुँ, केराउ, गहत, मास, गुरुँस) ले टाउको पूजन गरी दुबाइ जनि चौडिरया, गुवाइँ जनि फूलिरया... भनी आशीर्वाद प्रकट गर्नु नारीलाई दिएको सम्मान हो ।

पौराणिककालदेखि चलिआएका परम्परागत देवगाथामा देवीदेवतालाई जागृत गराउन प्रशंसायुक्त जागरगान, देवीदेवताका महिमागान भएका फाग, मन्दिरमा गाइने करुणरसयुक्त झोडा गाथा र वैसुन्नरको फाग प्रसिद्ध छन् । त्यस्तै चारणगाथामा विवाह, व्रतबन्ध, पास्नी जस्ता शुभ अवसरमा हुड्के, दमाई, औजी आदि जाति विशेषद्वारा गाइने वीररस प्रधान भडा एवं राइभाटहरूद्वारा गाइने सवाइ, आदि पर्दछन् । चरित्र गाथामा लोकजीवनमा सदाचार, शिष्टाचार र मर्यादालाई कायम राख्न असल आचरण निर्माण गर्ने अभिप्रायले धर्मशास्त्रमा आधारित आफ्नै लोकलय र शैलीमा जागर गायन, उत्सवमा गाइने ढुस्को, धुमारी, चाली अन्तर्गतका सीताराम चैत, कृष्णको चैत आदि र प्रेमगाथा अन्तर्गत प्रेम प्रसङ्ग भएका रतेडा (रात्रि गीत) पर्दछन् । प्रेमगाथामा सरु-समेरुको प्रेमगाथा लोक प्रसिद्ध छ ।

**नारी सहभागितासहितका लोकगाथाका केही उदाहरण :**

*को रे गैछ माताजीको डोरियाकी घाट*
*को रे ल्याँथ्यो पोटली (रातो कपडा)*
*को रे ल्यालो घाँट तमरो*
*को रे ल्यालो गाथ तमरो*
*को रे ल्यालो कपडा तमरो*
*माता तमरो कपडा प्रजाइ ल्याउलो*

माता तमरो गाथ प्रजाइ ल्याउलो (त्रिपुरासुन्दरी माताको सवार हुँदाका मागल)

सुन्दर सुदूरपश्चिम क्षेत्र लोकसंस्कृतिको सागर हो । सागरको सम्पूर्ण पानी सानो भाँडोमा अटाउने प्रयास गर्नु असम्भव छ । देवगाथाका रूपमा नारीलाई गरिएको वर्णन अवर्णनीय छ । सीताको चैतमा रावणले सीताहरण गरेपश्चात् सीताले गरेको विलौना यस प्रकार रहेको छ ।

*हरि दैव हरि हौ नारायन*
*पारीझा कुइडी काला लेक*
*धेकन दे रामको देश*
*धेकन दे दशरथ सौरा*
*फाटिझा उकला धुरा*

सरु समेरुको प्रेमगाथा अनुसार भ्युँपाली ठाकुरकी छोरी सरु र जय बम्मको छोरा समेरुबिचको शुद्ध र पवित्र प्रेम कथा वासुदेव भाइसाबले 'सुदूरपश्चिममा डोटी प्रदेशको लोकगाथा अवलोकन' नामक कृतिमा सङ्गृहीत गरेका छन् । कथा अनुसार सरुका काकाले चेवा गर्न पठाएका दूतहरूले समेरुलाई पिट्दै गणपति ठाकुरका घरमा बन्धक पारेपछि सरु विलाप गर्दै रुन्छे –

जै वन काफल पाक्या उसैवन न्यौली । मन मेरो उदासिन्छ जन फूलै प्यौली ॥

तन सरु भ्याल बसि वनतिर हेरी । आँखाबठे आँसु झारी गीत गौनी फिरी ॥

गणपति ठाकुरको षड्यन्त्रमूलक चालमा फसेका सरु र समेरुको प्रेमगाथामा आधारित कथानुसार गणपति ठाकुर धनसम्पत्ति लिएर सरुलाई सुनपति सौकारसित बिहे गर्ने धुनमा लागेको र सो कुरा सरुको चिठीबाट समेरुलाई थाहा भएपछि ऊ सिन्दूर, साडो लिएर तुरुन्तै घर फर्किन्छ र यसरी हृदय रस पोख्छ :

वनचरीले घोल लायो तै लेकका धुरा । बलेको हृदय मेरो चक्कु लौ कि छुरा ।

पनिउकी चन्द्रमा जसी तम रानी सरु । बैरी मेरा पाछा पड्या आब कसो गरु ॥

डोटी प्रदेश लोकगीतको धनी हो, खानी हो । पूजाआजा, मेलापर्व, जात्रा, विवाह, व्रतबन्ध, घरखेत, वनवेत आदि विभिन्न ठाउँमा गाइने यी गीतमा आफ्नै विशिष्ट मौलिकता रहेको पाइन्छ । यहाँका लोकगीतमा भक्तिभाव र उल्लास पीडालगायतका नवरस पाइन्छन् साथै ऐतिहासिक कथा कहानीलाई सुन्दर गेयात्मक लयमा वर्णन गरेर इतिहासका कुरासमेत खोतलेको पाइन्छ । यहाँका लोकनाटक र नृत्यमा ऐतिहासिक विषयवस्तु र कलाको उपस्थिति रहेको पाइन्छ । ■

# सैपाल एक बलवान् देवता

सीता दयाल

*बडा बडा देउ छन् सोरडगढ*
*जन चलै कलिया सोरडगढ*

जब भारतको कुमाउ मण्डलबाट देवताहरूमाथि आक्रमण गर्ने क्रममा खोपऱ्या दानव पिथौरागढ हुँदै झुलाघाट नाका प्रवेश गर्न लाग्यो त्यतिबेला उनको आमाले रोपऱ्यालाई भनेका उद्गार हुन् माथिका । बैतडीको सोराड क्षेत्रमा शक्तिशाली देवताको बास छ । त्यहाँ गएर ती देवतामाथि जाई नलाग्नु भनेर खोपऱ्याकी आमाले सम्झाउँदै भनेकी थिइन् । त्यहाँ गएर तिमी जाइलाग्यौ भने तिम्रो टाउको काटेर गीर बनाउन सक्छन् । त्यसैले छोरा तिमी त्यहाँ नजाउ भनेर सोरगडमा आक्रमण गर्न आउन लागेको आफ्नो छोरालाई रोक्न खोजेकी थिइन् तर खोपऱ्याले आमाले गरेको आग्रहको कुनै वास्ता गरेनन् । उनले आफ्नो फौजलाई झुलाघाटबारि नेपालमा प्रवेश गरायो । ऊ देवतामाथि आक्रमण गर्दै अगाडि बढ्न थाल्यो । देवतामा सन्त्रास पनि फैलियो । कतिपय देवताको भागाभाग पर्न थाल्यो ।

जब खोपऱ्या आफ्नो फौजका साथमा युद्ध जित्दै अगाडि बढ्ने क्रममा सोराड प्रवेश गर्न लाग्यो । त्यहाँका देवताको बैठक बसेर खोपऱ्यासित युद्ध लडेर त्यसलाई सिद्याउने योजना बन्यो । सोही योजना अनुरूप सोराडको ऐँचेकडा भन्ने स्थानमा रहेको चौर मैदानमा देवता र खोपऱ्याको फौजबिच लामो समय घामासान युद्ध चल्यो । अन्त्यमा खोपऱ्यामाथि देवताले जित हासिल गरे । साबिकको दुर्गाथानमा पर्ने उक्त ऐँचकणाको चौर मैदान हाल दशरथरथ चन्द नगरपालिका-७ भित्र पर्दछ । उक्त स्थानमा देवता र खोपऱ्या दानवबिच लडाइँ हुने बेला भएका घुँडा र कुहिनाका छाप (डोब) अहिले पनि छन् । यस युद्धमा सरिक भएर युद्ध जित्ने देवतामध्ये सैपाल देवता पनि एक थिए । सैपाल देवता एक शक्तिशाली देवता हुन् । उनको पराक्रमबाट खुसी भएर ग्वालेक केदारले धेरै गाउँको सिकभोग खाने क्षेत्राधिकार प्रदान गरेका थिए ।

सैपालको उत्पत्तिबारे स्थानीयको कथन

उहिलेको कुरा हो । बैतडीको हालको मेलौली नगरपालिका वडा नं. २ मा रहेको कपर्त गाउँको आगर भन्ने खेतमा एक जना बागराठ चन्द थरकी महिला धान गोडिरहेकी थिइन् । धान गोड्ने क्रममा कोदालोसँगै एक नालाबाट रगत र अर्को नालाबाट दुध बग्न थाल्यो । आफूले धान गोड्ने कोदालोबाट जमिनबाट दुध र रगत बगेको देखेर ती महिला छक्क परिन् । उनले हतपत आफ्नो कपाल बाँधेको रुमाल निकालेर दुध र रगतको धारालाई छोपिन् । रगत र दुधको धारालाई रुमालले छोपेपछि उनी अरू घरका मानिसलाई जानकारी गर्न घरतिर लागिन् । घरबाट अरू मान्छे ल्याएर फर्किंदासम्म त रगत र दुध भेटेको ठाउँमा केही पनि थिएन । उनले देखेको रगत दुधको धारा हराइसकेको थियो । कुनै छलत्रास भयो होला भनेर सबै घर फर्के ।

त्यसै दिनको रातिमा त्यही गाउँमा बसोबास गर्ने एक जना ओड थरका ज्येष्ठ मानिसलाई सपना भयो । उनलाई कसैले सपनामा आएर भन्यो, "म आगर गराको तल काँकडीको रुखमुनि छु । मलाई संरक्षण गर्न आउनुहोला । त्यहाँ बत्ती बलिरहेको हुने छ । म तिमीमा कम्पान लिने छु । म यो डल्ली (गाउँ) को रक्षा गर्न आएको हुँ । त्यस स्थानमा मेरो मन्दिर निर्माण गरेर पूजाआजा गर्नुहोला ।" यति सुनेपछि उनको निद्रा खुल्यो । निद्रा खुल्नेबित्तिकै तामाको ठुलो ताउली लिएर गए । उनलाई सपनीमा भनेबमोजिम काँकडीको रुखको जरामुनि बत्ती बलेको देखे । उनले बत्ती बलेको स्थानमा घरबाट लगेको तामाको ताउलीले छोपे । पछि त्यसै स्थानमा माणीं (मन्दिर) निर्माण गरियो । जहाँ अहिले पनि पूजाआजा गरिन्छ ।

## कहिले हुन्छ यो मन्दिरमा पूजा

यहाँ बडादसैँका बेला पूजाआजा गरिन्छ । नवरथाभर पूजाआजा गर्दै स्थानीय करिया र भक्तजन मन्दिरमा गएर जाग्राम बस्छन् । जाग्राम बसेका बेला देवताका फाग गाउने गर्छन् । महिला र पुरुष भक्तजन जाग्राम बस्छन् । फाग गाएपछि धामी काँपेर देवताको दर्शन मिल्छ । रातभरि गाइने फागको छोटो अंश । यसरी गाइन्छ,

*उगाड उगाड गुसाँइ*
*खोलीका केवाड*

*के रे सेवा लेएइ नर*
*क्यौ खोलौँ केवाड् ।*
*सपुरकै बात्ती ल्यायौँ*
*कपूरवासी घ्यु*
*खोल गुसाँइ*
*खोल गुसाँइ*
*खोली पाउँ केवाड्*
*दिय गुसाँइ महाराजौ*
*माथ बौली दिय*
*माथ बौली दिय गुसाँइ*
*दरशन पाउँ ।*
*उगाड उगाड गुसाँइ*
*खोलीका केवाड*
*के रे सेवा लेएइ नर*
*क्यौ खोलौँ केवाड्*
*जौ तिलैकी होम लेयौँ*
*खोली पाउँ केवाड्*
*भोका पेट तिना केश*
*तेरी सेवा आयौँ*
*दिय गुसाँइ महाराजौ*
*माथ बौली दिय*
*माथ बौली दिय गुसाँइ*
*दरशन दिय ।*
*उगाड उगाड गुसाँइ*
*खोलीका केवाड*
*के रे सेवा लेएइ नर*
*क्यौ खोलौँ केवाड् ।*
*जोःला भोकर लेयौँ*
*खोली पाउँ केवाड्*
*भोका पेट तिना केश*
*तेरी सेवा आयौँ*
*दिय गुसाँइ महाराजौ*
*माथ बौली दिय*
*माथ बौली दिय गुसाँइ*
*दरशन दिय ।*
*उगाड उगाड गुसाँइ*
*खोलीका केवाड*
*के रे सेवा लेएइ नर*
*क्यौ खोलौँ केवाड् ।*
*जोःली घाँट लेयौँ*
*खोली पाउँ किवाड्*
*भोका पेट तिना केश*
*तेरी सेवा आयौँ*
*दिय गुसाँइ महाराजौ*
*माथ बौली दिय*
*माथ बौली दिय गुसाँइ*
*दरशन पाउँ.... ।*

यसरी रातभरि फाग गाइन्छ । फागमा त्यस क्षेत्रका सबै देवीदेवताका नाम जोडिन्छन् । मान्छेले गर्ने कर्तव्य पनि फागभित्र समेटिएका हुन्छन् । फाग गाएको अन्तिम अन्तिमतिर धामीबाट सबैको मनोकाङ्क्षा पूरा गर्ने वाणी हुन्छ ।

बिहान भएपछि मन्दिरका मुख्य कारिन्दाबाहेक सबै भक्तजन घर गएर नुहाइधुवाइ गरी धूप पोखलो ल्याएर आउँछन र प्रत्येक दिन पूजा लाग्छ । साँझ परेपछि नौ दिनसम्म लगातार यही प्रक्रिया दोहोरिन्छ । जेठ महिनाको नवमीका दिन पनि यस मन्दिरमा पूजाआजा गरिन्छ । नयाँ अनाज चढाउने चलन छ । यस नवमीका दिन पुतलीको बिहे पनि गरिन्छ । अविवाहित चेलीले नेजाध्वजाको दुलहा र दुलही बनाएर बिहे गर्ने चलन छ ।

माणौँका मुख्य कारिबारी (कारिन्दा) ओड थरका मानिस रहन्छन् । धामी, भण्डारचारी, पण्णा (पुजारी) ओड थरीले नै जिम्मेवारी पाएको हुन्छ । पूजाआजाका लागि धूप पोखलो लिएर वरपरबाट चन्द, ठगुन्ना र कोहली थरीको बाजागाजासहित देउरो आउने गर्छ । खपऱ्या दानव मारेपछि ग्वालेक केदारले भेदभावपूर्ण व्यवहार गरेपछि सैपाल रिसाएका थिए । ग्वालेकले यिनलाई मनाउनका लागि सिकभोकको क्षेत्राधिकार धेरै गाउँ छुट्याएका थिए । सैपाल देवताले पूत र वरको मनोकाङ्क्षा पूरा गर्न वरदान दिन्छ । पूत नपाएका विवाहित महिलाले पूत पाउँ भनेर र अविवाहित महिलाले वर पाउँ भनी दुबै हातले बलेको दियो थमाएर द्यार बस्ने चलन छ । द्यार बसेपछि उनीहरूको मनोकामना पूरा हुने विश्वास रहिआएको छ ।

## निष्कर्ष

सैपाल देवता एक बलशाली देवता हुन् । खोपऱ्या दानवको बध गर्ने सैपाल, लाटोकटारी मल्ल र वाराणसी देवता हुन् भन्ने लोक भनाइ छ । लडाइँ हुँदाका बेलाको गीत गौरामा यसरी गाएर ठाडो खेल खेलिन्छ ।

*सैपाल देवता जुजन लाग्या*

**सुदूरपश्चिमका प्रख्यात नौ भगवतीका मन्दिर**

| मन्दिर नाम | स्थान |
|---|---|
| बडीमालिका | बाजुरा |
| बरदादेवी | अछाम |
| शैलेश्वरी | डोटी |
| उग्रतारा | डडेलधुरा |
| त्रिपुरासुन्दरी | बैतडी |
| मेलौली | बैतडी |
| निगालासैनी | बैतडी |
| सुरमा | बझाङ |

*भिडी अडाल... गुँसाइ-२*
*बनारसी देवता जुजुन लाग्या*
*गुरज पडी जङज्याट... गुँसाइ-२*
*लाटो कटारी मल्ल जुजन लाग्या*
*गुरज पडी जङज्याट... गुँसाइ-२*

यसरी गौरा पर्वमा पनि सैपाल देवताको महिमा गान गरिन्छ । यसबारे थप अध्ययन र अनुसन्धानको खाँचो छ । यस सैपाल देवताले विभिन्न थरी समुदायबिचमा सद्भाव र समानता कायम गरेको छ । सबै ठाउँमा सबै थरी बिच यस्तो घनीभूत सम्बन्ध भएको पाइँदैन । सैपाल देवता स्थानीयको आस्था र विश्वासको धरोहर मात्र नभएर टाढा टाढाबाट पनि भक्तजन र श्रद्धालु आउने गर्छन् । दार्चुलादेखि पिथौरागढसम्मका भक्तजन आउने गर्दछन । सैपाल देवताको माणौँ रहेको गाउँ धेरै पहिला बाघ र दैत्यको त्रासले मानव बस्ती थिएन । पछि यसै देवताको शक्तिले मानव बस्ती बसेको भन्ने लोक भनाइ छ । सैपाल देवताको स्थानीय स्तरमा जति चर्चा भए पनि राष्ट्रिय स्तरमा प्रचारप्रसार हुन सकेको छैन । सबै सरोकारवालाको ध्यान जान जरुरी छ । ■

# सुदूरपश्चिमको लोकसाहित्यमा भार्ता

तुलसीप्रसाद पण्डित

लोकसाहित्यको मुख्य पाटो भार्ता हो । भार्तालाई नेपालीमा लोकवार्ता भनिन्छ । कथायन भएको रचना लोकगाथा हो । त्यसैले गीतले बाँधिएको कथा नै लोकवार्ता या लोकगाथा भन्दा पनि यसको उपयुक्त नाम भार्ता भन्दा ठिक हुन्छ । नेपाली बृहत् शब्दकोशमा 'लोकगाथा भनेको परम्परादेखि लोकले मुखमुखै गाउँदै आएको नृत्य र कथात्मकतासमेत विद्यमान रहेको, राष्ट्रिय गौरव वा वीर चरित्र र महत्त्वपूर्ण घटनाको बखान गर्ने शृङ्खलाबद्ध 'विशेष गीत' हो । भार्ता भार्त्याले हुड्के बजाउँदै नाचेर गाउने वीर नायकको जीवनलीला हो । श्लोक र गद्य, पद्य शैलीमा गीत गाएर सुरुवात गरिने वीर नायकको गाथा हो ।

नेपाली शब्दसागर : वसन्तकुमार शर्म्मा 'नेपाल' का अनुसार लोकगाथा 'जनतामा पहिले पहिलेदेखि चलिरहेको शृङ्खलाबद्ध' कथा भएको गीत (सबाई आदि) । तथा लोकवार्ता 'सर्वसाधारणमा चलेको चर्चा । किंवदन्ती । लोकसाहित्य । जनसाहित्य' भनिएको छ ।

पूर्वीय जगत्तिर गाथा शब्दको सर्वप्रथम प्रयोग ऋग्वेदमा भएको पाइन्छ । वैदिककालमा आएपछि यज्ञका अवसरमा गाथा गाइन्थ्यो र त्यो गाउने व्यक्तिलाई गाथिन् भनेको पाइन्छ । योबाहेक विष्णुपुराण र अमरकोशमा पनि गाथा शब्दको प्रयोग गरेको पाइन्छ । त्यही प्रयोग गरिएको गाथा शब्द सुरुदेखि नै वृत्तान्त वा जीवनीको सन्दर्भलाई प्रकाश पारेको देखिन्छ । संस्कृतमा गायकको अर्थमा गाथिन् शब्दको प्रयोग गरेकामा त्यो प्राकृत भाषामा गाथाका रूपमा विकसित भयो भने नेपाली भाषामा मूल रूपकै गाथा प्रयुक्त भएको कुरा विज्ञले औँल्याएका छन् । जसले आख्यानात्मक गीतलाई बुझाउँछ । यसरी गाथामा लोक जोडेर लोकगाथा शब्द निर्मित भएको देखिन्छ ।

त्यसैले लोकगाथा भनेको लोकवार्ता हो । यो लोकवार्ता नै हामीले भन्ने गरेको भार्ता हो । भार्तालाई कसैले भडा, भड्रा वा भाड्रा पनि भन्ने गरेका छन् भने कर्णालीतिर यसलाई हुड्केली भनिन्छ । हुड्के जातिले हुड्को बजाएर गाउने भएकाले यसलाई हुड्केली भनिएको हुन सक्छ । भाँड जातिले गाउने भएकाले भडा भनेको अनुमान गर्न सकिन्छ । यसको शाब्दिक अर्थ नबुझेर सुनेकै भरमा एकान दुई कान मैदान हुँदै यसको नाम यकिन गर्न मिल्दैन । यो बाजालाई हुड्को भनिने वा कतै हुड्के जातिले गाउने भएकाले हुड्केली भनेका हुन सक्छन् भने कतै भाँड जातिले गाउने नृत्यमय गीत भएकाले भडा भनेको हुन सक्छ । यो क्षेत्रमा दुवै जातिले गाएको देखिँदैन त्यसैले यसको नाम भार्ता हो । सामाजिक सञ्जालमा आए जस्तो हुड्केली छोटा र रमाइला मनोरञ्जनात्मक देखिन्छन् । यिनी सुःख र दुःखमा गाइन्छन् । यिनी करुणायुक्त गाथा हुन्छन् जो विवाह, जन्ती, मलामी वा अन्य रीतिरिवाजको काजवारको समयमा प्रस्तुत गरेको देखिन्छ । तिनै भडालाई भार्ता भनेका हुन् भने सुदूरपश्चिमको भार्तासँग यिनले कुनै मेल खाँदैनन् । यस क्षेत्रको भार्ता भने दुलहाका तर्फबाट विवाहको दिन प्रदर्शन गराइन्छ । भार्ता ठुलो वीरताले युक्त गाथा हो तर यो भार्ता हुड्के जाति मात्र नभएर सिपालु दमाईं, दर्जी, डोली, औजी तथा अन्य व्यक्तिले सुनाउने गर्छन् । भार्ता सुनाउने, गाउने वा भन्ने मान्छेलाई भार्त्या नामले सम्बोधन गरिन्छ । त्यसैले भार्त्याले सुनाउने भएकाले यसको नाम भार्ता हो न कि हुड्केली वा भडा । भार्तालाई भारत भनेको देखिन्छ । यसलाई महाभारत युद्धसँग तुलना गर्न नसके पनि नामको सन्दर्भमा पुकार्दा कसैले भारता र भार्तामा खासै भिन्नता मान्नुहुन्न भन्ने पनि छन् । यो मौखिक कहानी हो । जो पहलवान, पैक्याला वीर पुरुषका बारेमा रचेको हुन्छ । यो एक किसिमको वीर पुरुषको जीवनलीला हो । जसमा उसले गरेको सम्पूर्ण वीरताको

कहानी हुन्छ । यसमा गीत, नृत्य र कथात्मकता हुन्छ । भार्त्यासँग गीत गाउने दुई जना सहयोगी हुन्छन्, जसलाई ज्वल्या भनिन्छ । तिनीहरूले भार्त्यालि गाएको गीतालाई दोहोऱ्याएर गाउने काम गर्छन् । कथामा यिनीहरूको कुनै संलग्नता हुँदैन । भार्त्यालि लगाउने जामा जस्तो कपडाको नाम झकुलो हो । यो भोट्या आकारको हुन्छ झकुलाको माथि चोलो तल गुन्यु आकारको दुवै कपडालाई जोडेर बनाएको हुन्छ । भार्त्यालि भार्ता भन्दा बजाउने बाजाको नाम हुड्को हो । यो हुड्को डमरुभन्दा ठुलो हुन्छ । हुड्को खिरो, कोइरालो जस्ता काठबाट बनाएको हुन्छ । यसमा बजाउन बाँधेको छाला बाख्रा, जरायो, आदिको हुन्छ भने वरिपरि विभिन्न किसिमका घाँट, घुँगुराले सजाएको हुन्छ । भार्त्यालि टाउकोमा लामो फेटा बाँधेको हुन्छ जो खुट्टासम्म पुग्ने गरेर पछाडिपट्टि लट्काएको हुन्छ जसलाई मुनेठो भनिन्छ । चार्त्यालि पछाडिपट्टि कम्मरमा चौँरीगाईको पुच्छर या चमर बाँधेको हुन्छ । भार्त्यालि भार्ता भन्ने बेला लामा लामा कथाकहानी सुनाउने र बिच बिचमा हुड्को बजाउँदै मिठो गेयात्मक शैलीमा गीत पनि गाउने गर्छ । बिच बिचमा दर्शकलाई खुसी बनाइ भस्याएर नगद रुपैयाँ माग्ने गर्छन् । भार्ता खास गरेर वीर पुरुष, राजारजौटा, काजी कारिन्दा, मन्त्री, चौतरिया, पैकेलाको लडाइँका कहानी वा उनीहरूको जीवनलीलामा आधारित हुन्छ । भार्तामा अग्नि, वायु, इन्द्र, बह्मा, विष्णु अनेक प्रकारका देवीदेवताको नाम लिने गरेका हुन्छन् भने कतिपय ठाउँमा कारुणिकता, दया, माया, श्रीङ्गारिकताले समेत ठाउँ पाएको हुन्छ ।

भार्ता वीरताको बखान हो । भार्त्यालि नृत्य र गेयात्मक शैलीमा प्रस्तुत हुने भार्ता कलाकौशल र बौद्धिकताको पक्षसँग उत्तिकै निकटता रहेको पाइन्छ । दुई पक्षको बिचमा भएको लडाइँलाई वीरताको युद्धसँग जोडेको कथात्मक युद्धकला नै भार्ताको मुख्य विशेषता देखिन्छ । भार्ताको सुरुवात कहिलेदेखि भएको हो भन्ने कुनै तिथिमिति नभए पनि भार्ता हरेक राजामहाराज वीर पुरुषसँग सम्बन्धित व्यक्ति तथा राज्यसँग सरोकार राख्ने गर्छ ।

सुदूर तथा मध्यपश्चिम क्षेत्रका केही जिल्लामा विवाहको दिन प्रदर्शन गराइने भार्ता मुख्य आकर्षकको नृत्य हो । लोकसाहित्यका दृष्टिले भरिपूर्ण तथा समृद्धि रहेका सुदूर तथा मध्यपश्चिमका भार्ता हाम्रो समाजको मनोरञ्जनको मुख्य साधन हो । परापूर्वकालदेखि प्रचलित भार्ता रमाइलोका लागि अन्य बेलामा पनि सुन्ने गरिन्छ । यसका लागि कुनै खास समय चाहिँदैन । कुनै जातपर्व, चाँडवार, मेलापर्व चाहिँदैन । बिहेको दिन दुलहाका तर्फबाट नगद पैसा दिएर भार्त्याद्वारा भार्ता प्रदर्शन गर्न लगाइन्छ । यसका लागि निश्चित ठाउँ पनि चाहिँदैन । रमाइलोका लागि बिहेसँगै जाने र बिहेसँगै फर्केर थप अर्को दिन आँगनीमा भार्ता प्रदर्शन गर्न लगाइन्छ । बिहे जाँदा वा आउँदा बाटोमा भार्त्यालि भार्ता सुनाउँदै जाने र ठाउँ ठाउँमा रोकेर हुड्को बजाउँदै वरिपरि घुमेर नाचेर पनि सुनाउने गर्छ । यसरी फराकिलो ठाउँमा भार्त्यालाई बिचमा राखी वरिपरि सबै जन्ती बसेर सुन्ने गर्छन् । बाटोमा भार्ता सुनाउँदा जोल्याले समेत बाजाको तालमा भार्त्यालि भनेको श्लोकलाई देहोऱ्याएर भन्ने गर्छन् । भार्त्यालि बायाँ हातमा हुड्को झुन्ड्याएको हुन्छ भने दायाँ हातले थपथपाएर बजाउने गर्छ । बिहेको अघिल्लो र पछिल्लो दिन घरको आँगनमा सबैलाई भार्ता सुनाउने गरिन्छ । भार्त्यालि बिच बिचमा दर्शकलाई सम्मानित शब्दले सम्बोधन गरेर प्रशंसित गराउँछ भने दर्शकले खुसी भएर नगद पैसा दिने गर्छन् । भार्ताको सुरुवात गर्दा भार्त्यालि भूमिलाई सलाम गरेर चारैतिर दर्शकलाई समेत ढोगेर भगवान्को नाम पुकार्दै जौद/जौद (जदौ/जदौ) भन्दै भार्ताको सुरु गर्छ भने भगवान्को नामसमेत पुकार्दै दै माछो भनेर समाप्त गरेको देखिन्छ । भार्तामा कथाको साथै दुई पक्षबिचको वार्तालाप तथा युद्धलाई गेयात्मक शैलीमा सुनाइने श्लोक तथा गीतले लोकसाहित्यको वीरगाथाभित्रको ऐतिहासिक सांस्कृतिक र सामाजिक पक्षको महत्त्वलाई झल्काएको पाइन्छ । कतिपय विद्वान्ले यसलाई हुड्केली भन्ने गरेको भए पनि यसको वास्तविक नाम भार्ता नै हो । भार्त्यालि बजाउने बाजाको नाम हुड्को भएकाले यसलाई हुड्केली भनेको भए तापनि भार्ता हुड्के जाति नभएर दमाईं, दर्जी, नगर्जी, ढोली आदि जाति मात्र यसका जानकार हुन्छन् । कतिपय ठाउँ हुड्केले पनि भार्ता भनेको हुन सक्छ हाम्रो क्षेत्रमा अरू जाति यो विद्यासँग जानकार छैनन् । धेरै ठाउँमा हुड्को बजाएर सुख तथा दुःखमा नाच्दै गीत गाएको देखिन्छ र कतिपयले यसैलाई हुड्केली भनेका छन् । यसमा गीत मात्र हुन्छ गाथा सुनिँदैन । भार्तामा त कुनै व्यक्तिको जीवनलीला हुनु पर्छ । उसको त्याग तपस्या योगदान र बहादुरीको बखान गरेको हुनु पर्छ । जो युद्धकलामा युक्त भएर विजय वा पराजय भोगेको हुनु पर्छ त्यसै व्यक्तिको मात्र भार्ता भन्ने मान्यता राखेको देखिन्छ । सबै जनमानसले यो कुरालाई नस्विकारे पनि भार्ता कसैको जीवनलीलामा आधारित हुनैपर्छ । भार्ता एक पुस्ताबाट अर्को पुस्तामा सर्ने कला भएकाले जोसुकैले पनि यसको सिको गर्न सक्दैनन् । यो पुस्त्यौनी कला हो । सबैले यसलाई कण्ठस्थ गर्न नसक्दा भार्ता र भार्त्या हराउँदै गएका छन् । भार्ताको विशेषता रचनाकार अज्ञात हुनु हो भने थप स्थानीय भाषामा रचित भार्ता सरल, मौखिक, परम्परागत, सङ्गीत तथा नृत्यमय हुन्छ । आध्यात्मिक, ऐतिहासिक, वीरता, करुणामयता, भक्तिमय, सामाजिकता, नैतिकता, पौराणिकता, आत्मपरकता,

प्रमाणिकता, नाटकीयता, मनोरञ्जनात्मकता यसका थप विशेषता हुन् । खास गरेर सेती, काली, कर्णालीमा सुनाइने भार्ता धेरै किसिमका छन् ।

१. कालो भँडारी .... चम्फावतको काजी
२. रनिराउत... (कसैले रनुरउत पनि भनेका छन्)
शोभा राउतको बुवा
३. झङ्कलुवा
३. भ्याँकठाइत ... कुमाउँ रनिचुल्ला भागेश्वर बस्न्या पहलमान ।
४. संराम कार्की ... गड सबदुवा कार्कीको छोरा त्यस ठाउँका धनी ठालु राजालाई समेत भेट नदिने ।
५. बिमलुवा राउत ... मङ्गलुवा राउतको छोरा ।
६. भाउसी भडारी....
७. लाल साउँद ...
८. दुना ऐर ... गैरी डोटीको पहलमान ।
९. शोभा राउत .. रनी राउतको छोरा ।
१०. सबदुवा कार्की
११. रनी विष्ट
१२. मङ्गलुवा राउत ... विमलु राउतको बुवा ।
१३. धाँउदेउ वीरदेउ ... गडको राजा ।
१४. श्रीरामराम चन्द ... बागेश्वरको राजा

मधुपर्क वर्ष १८ अङ्क ८ पूर्णाङ्क १९९ पुस २०४२ पेज ६८ रामशरण दर्नालका अनुसार भार्ता धेरै किसिमका, जस्तो रनी रावत, सङ्ग्राम कार्की, उदाछपला, दुनाऐर, राना मौला, विगा पनेरु, केलसिया कठायत, धियामिया कठायतको, कालो भण्डारी, धोगिसाल बिरोसाल, सुडाविजा, लाली साउद, काँशीराम, जैना कठायत, पुचैंडी रन्याको, नारसय नरधानिको, शोभा राउत, रनी विष्ट आदि छन् । जसमध्ये सबैभन्दा लोकप्रिय भार्ता बम्हां साबिक ब्याँसी-८, हरिजन वाडा बस्ने किस्नु दर्जीले भनेको भ्याँकठाइतको भार्ता यस्तो छ । जो स्थानीय बाङ्डी भाषामा छ ।

(श्लोक ..)

(जदौ/जौद ३ ... भार्त्याले दायाँ हातले पृथ्वीलाई ढोग्दै, भगवान्को नाम पुकारेर चारैतिर बसेका मान्छेलाई इसाराले ढोग्दै हुड्को बजाई लामो मसिनो स्वर मिलाएर अगाडि पद्य लयात्मक शैलीमा श्लोक भन्दै तथा गद्य निबन्धात्मक कथा सुनाएर भार्ताको सुरुवात गर्छ ...)

*"उठै राजा, धुनि राजा, बसै राजा गजेधम्म',*
*'सवा सवा, जगकरि सवा, फूलमालाकी सवा',*
*'जो राजा घटिबडिँ होला, उइका टाटु सुनको साँङ्लो',*

'दै माँछो ।'

(भार्त्याले चारैतिर घुमेर धर्तीलाई सलाम गरेर श्लोकमा भन्छ)

*चेला जम्र्या २ गया कुइ,*
*चेला जम्र्या ३ पण्यो रिन,*
*चेला जम्र्या ४ भया छार,*
*नरको परमेश्वर सरिको,*
*जम्र्या १ बैंसेकि टेक,*
*सपुतको क्या आर्जनु,*
*कबुतको क्या साँच्नु,*

सबुति छोरो जम्र्यो भन्या सिल्को रे सिकनुकि जसि देसैभरि बास आउँछ ।

कबुत चेला जम्र्यो भन्या कुलको बदनाम अद्दो छ महारा... आ... ज ।

(भार्त्याले बाङ्डी भाषामा कथा भन्न सुरु गर्छ ...)

भारतको कुमाउँ वागेश्वर क्षेत्रमा श्रीरामरामचन्द राज्य अद्दोछ्यो भन्या अर्खो क्षेत्र कुमाउँगडको राजा धाउदेउबिरदेउ राज्य अद्दोछ्यो । राज्यबाफत धाउदेउबिरदेउ श्रीरामरामचन्दखी पैलिबटी सिर्तो तिद्दो छ्यो । रिसिबी मनमोटाउ भयापछि धाउदेउबिरदेउले श्रीरामरामचन्दखी सिर्तो हट्काइ द्यो । श्रीरामरामचन्दले सिर्तो माँङ्न अनेक चिठ्ठीपत्र खबर पठायो तैपनी धाउदेउबिरदेउले सिर्तो नतिरी उल्टै जवाफलेखी पठायो महाराज ... । जवाफ यसो छ्यो ...

दुमुईका सवाल जवाफ क्या भयाछ्या महाराज... घोडा भैंसाकी जसि रेग पणी महाराज... राजाले भन्यो तेरा मनकी गुमान क्या छ ? मुइले कण्डको कडारो मुसाऱ्या तुइले पनि मुसारी । भन क्या छ गुमान ? भ्याँकठातले भन्यो । हजुरको चिठी गयाको हुनाले मुँ आयाको हुँ पाल्या पहऱ्यादारले दर्सन अन्न देइन ढोका बन्द अऱ्यो । तसाइले फट्टकहाली आयाको हुँ । फट्टकहाल्ला कडारो झण्योकी भनि मुसाऱ्याको हुँ महाराज । मुँइले चिल्लाकारी तरवार मुसाऱ्याँ तुइले पनि मुसारी काँई छुट्टीपगयोकी भनि मुसाऱ्याको हुँ महाराज । राजासँग ठोकुबा सवाल जवाफ अऱ्याको धेकी पाल्या पहऱ्या रिसाया । यो बडो भयाको भ्याँकठाइतखी ठीक अन्नु पण्यो भनी मुखामुख अन्न लाग्या महाराज... । सवालजवाफ पूरा भैसक्यापछि राजाले भणारिका लुगा (फौंज) डिठहाल्यो । मूलढोकाका भणारिले चेपी झाँकठाइत झेल हाल्यो महाराज ।

वाँ पछि श्रीरामराम चन्दको पालिपल्टन उठी धाउदेउविरदेउको धाण अन्न गै बैजनाथका सेरामी पुग्यो । हाको हाल्यो महाराज... । यो को राठ आयो भनी पाली उठायो । लड्न गया, लडाइँ भयो ।

*साँपका जसी खल्का माद्दो छ्या ।*
*मिर्गका जसी पन्तुणो काट्टो छ्या महाराज ....*
*(श्लोक)*
*पैलिको रिउणकी रेउणन्याको पाइक, बाँणलीका मान ।*
*दोसरा रिउणकी रेउणन्याको पाइक, जङ्गली जाँत्याका जुज ।*

*तेसरो रिउणकी रेउणन्याको पाइक,*
*बाग सिङ्गणिका मान ।*
*(त्यसपछि भार्त्या कथा जस्तो लडाइँको वृत्तान्त मन्छ ।)*

एक मारी दुई, दुई मारी तीन, तीन मारी चार, चार मारी पाँच, पाँच मारी छ, हाणकी चमर चिठायो । रक्तको खोलो बगायो । आदा लस्कर भुत्यानाँश पाण्यो । घरबाट दुईजनी सुशीला कोकिला रानीले हेऱ्यो । दुई जना रक्तेला कुमाइयाँका फौंज लडाइँ अन्न लाग्याका छ्या, यिनू कोप माद्दोछ भनी लुकाई घर आँन्यो ।

वाँपछि राजा धाउदेउविरदेउ सेती फुल्लौं फुली केलणिका छाया लागि बुढो मै सक्याको छ्यो । लड्न सकेइन, उइको विर भ्याँकठाइत जेलमा रयो, यइठाउँ बसाइ हुन्या होइन भनी नारङ्गी सारङ्गी दुईबाला रक्तेला दुईरानी लीबन्ट नागार्जुनका धुरा गयो रे गुफामा बस्यो महाराज... । घरबाट श्रीरामराम चन्दका पल्टनले भयाजतिको सम्पत्ति धाण अऱ्यो । पल्टन फर्कायो । दोबाटामी पल्टन आइकै बाट झानुपण्यो भनी सोध्यो ? एक बाटो रनिचुल्ला झान्या अर्खोबाटो श्रीरामराम चन्दका दरबारक झान्या छ्यो । बाह्रबिसी कुमाइयाँले भन्यो, भ्याँकठाइत त उसो बलवान छ्यो उइको रन्याँ घर कसो होला ? हेरी आऊँ भनी भ्याँकठाइतको बस्न्याँ ठाउँ हेन्न उसुइबाट गया । गाउँ पुग्न्याबेला पैकेलाले भन्यो यो पनि थणको गाउँ हो सरासर जनझाउँ । उइको भाइ छ्याँकठाइत पनि भ्याँकठाइत भन्ना पहलमान हो हकारो दिझाँउ भन्यो ।

यो भार्ता बागेश्वरको राजा श्रीरामराम चन्द र कुमाउ गढको राजा धाउँदेउवीरदेउ दुई जना राजाको राज्य विवादबाट सुरु भए पनि धाउँदेउवीरदेउको राज्यमा बस्ने लडाकु विद्वान् वीर योद्धा पैक्यालो रनिचुल्ला बस्ने भ्याँकठाइतको जीवनकथामा आधारित छ । सम्मानित व्यक्तिले आफ्नो स्थान ओगट्न सक्नु पर्छ । पद समाल्न नसक्ने राजाको समेत कुनै स्थान हुँदैन । देश बनाउनका लागि हजारौँ कपुत वा भ्रष्टाचारी, दुराचरीभन्दा इमानदार दूरदृष्टि भएको एउटै व्यक्ति भए पनि हुन्छ भनेर कथाको सुरुवात गरेको छ । एक राज्यले अर्को राज्यमाथि अनावश्यक धोका दिएपछि कर नतिरेको र कर तिर्न लाक्षणिक हिसाबले पठाएको पत्रको जवाफ राजाका कर्मचारीले लगाउन नसकेको देखिन्छ । देशका लागि इमानदार मन्त्री, घरका लागि घरिना र खेतीका लागि राम्रो बिउ हुनुपर्ने उपदेशात्मक कुरा उल्लेख गरिएको छ । त्यसबेलाका मान्छे यस्ता हुन्छन् भन्ने हिसाबले भ्याँकठाइतको शरीरको आकारप्रकारको समेत अनौठो व्याख्या गरेको छ । ■

## कविता

# गुरु

कोपिला शर्मा 'कल्प'

पहिलो गुरु, जीवन सुरु ज्योति हुन् साँझको
नमन गरौं, चरण परौं, आमा र बाबाको
दादाको साथ दिदीको हात भाइ र बहिनी
म सम्झें गुरु, निर्दिष्ट गर्ने जीवन साथी नि' ।

स्कुलमा टेकें कखरा सिकें गुरुकै काखमा
क्याम्पस पुगें, जीवन बुझें गुरुकै साथमा
म साँचो भन्छु आज नि' जान्छु विद्यार्थी माझमा
सिकेकै हुन्छु, मनले गुन्छु, हरेक साँझमा ।

काफिया, मकता, रदिफ तुक गजल के भनी
कविता कस्तो गद्य र पद्य विम्ब र रस नि'
मुक्तक, कथा, पञ्चाङ्ग टुक्का चिनाए जसले
सम्मान सदा साहित्यपथ देखाए जसले ।

सिकाए कैयौं जिउने कला काखका बच्चाले
मै ठुलो जान्ने नहुँदो रैंछ, बुझ्दै छु अच्छाले
यो पनि सक्छेस् भनेर जिम्मा बोकाए काँधमा
झन् सिक्ने मौका, संस्थाका नीति परिधि माझमा ।

मित्रले सच्चा देखाए पथ सजिलो गराई
शत्रुले झनै सिकाए हिँड्न सचेत बनाई
आफन्त, आफ्नै गुरु हुन् सारा बुझ्दै छु म अझै
सुखका साथी दुःखमा घाती बुझाए झन् धेरै ।

समय अझै ठुलो हो गुरु शस्त्र र अस्त्रमा
सिकायो जीवन उच र नीच फसाई चक्रमा
प्रकृतिभन्दा बलियो गुरु भेटिन्न पटक्कै
जीवन पूरै सकिन्छ हाम्रो सिकेर नसक्दै । ■

धनगढी-३, कैलाली

# काठमाडौँमा गौरा प्रवेश

अम्बादत्त भट्ट

भाद्र महिनामा मनाइने गौरा पर्व प्राचीनकालदेखि नै आफ्नै मौलिकता बोकेको पर्व हो । भारतको कुमाउ, गढवालक्षेत्र, नेपालको सुदूरपश्चिमदेखि कर्णाली प्रदेशका केही जिल्लामा नेपालको पूर्वी भेगमा आएर रूप परिवर्तन र नामसमेत परिवर्तन गरेर मनाइने गरिन्छ । सुदूरपश्चिम तथा कर्णाली प्रदेश, दाङ, पाल्पा, बागलुङ, काठमाडौँलगायतका ठाउँमा विभिन्न नामबाट मनाइने यस पर्वलाई गोःरा, गौरा, दुर्वाष्ठमी, गमरा, अठ्यावाली, लोलीगमरा आदि नामले चिनिने गरिन्छ भने काठमाडौँमा हवलो पर्व भनेर मनाइने गरिन्छ ।

भगवान् शिवलाई पति पाउनका निम्ति हिमालयपुत्री पार्वतीले गौरी देवीको निराहार उपासना र आराधाना गरी सिद्धि प्राप्त गरेको भन्ने प्रसङ्ग हिमवत्खण्ड र अन्य पुराणमा उल्लेख गरेको पाइन्छ । यसै गरी भृगुवंशी ब्राह्मणका महिलाले यो अनुष्ठान गरी आफ्नो सन्तानलाई जोगाउन सफल हुनुभएका र आफूमा शक्ति वा साहस आएकाले पूर्ण रूपले महिला प्रधान भएर मनाउन सुरु भएको भन्ने किंवदन्ती रहेको छ । गौरा नृत्यका बेलामा गौरा महेश्वरको मूर्ति शिरमा राखेर अठ्यावलीको सगुन गाउँदै टाउकोमा राखेर नृत्य गरिन्छ । यो नृत्यमा पनि क्षमता र कलाको आवश्यकता पर्दछ । महिलाले फाग, मागल, अठ्यावालीको सगुन गाउने गर्नुहुन्छ । गोःरा पर्वको धार्मिक महत्त्व त छँदै छ, सांस्कृतिक महत्त्व पनि कम छैन । डेउडा गीत, धुमारी, दुस्को, ठाडो खेल आदि धार्मिक व्यक्तित्व भावको साथै देवीदेवताको गुणगान गाएको पाइन्छ । साथै महिलाले वर्षभरिको पीडा, व्यथा र समाजमा रहेका विसङ्गतिलाई गीतका

(डेउडाका) माध्यमबाट प्रस्तुत गरेको पाइन्छ । परदेश गएकाहरू घर आउने, नयाँ लुगा सिलाउने, वर्षभरिको कामबाट फुर्सद पाएर तितामिठा कुरालाई एउटै थलोमा बसेर भेटघाट गरी साटासाट गर्ने हुँदा यस गोःरा पर्वले समाजमा महत्त्वपूर्ण छाप छाड्ने गरेको छ । जाति, धर्म तथा लिङ्गको भेदभाव नगरी सद्भावले सामूहिक रूपमा डेउडा, धुमारी, दुस्को खेल खेलिन्छन् ।

महिलाले आफ्नो पति, पुत्रादी तथा परिवारको दीर्घायु, सुख, उन्नति, सुस्वास्थ्य र सौभाग्य प्राप्तिका लागि निराहार बसी, शुद्ध भई गौरी र महेश्वरको पूजाआराधना गर्ने परम्परासहित शताब्दियौँदेखि चल्दै आएको छ । यो पर्व महिलाको स्वतन्त्रता, क्षमता वृद्धि, आत्मसम्मान, बहुविवाहका विरुद्धको आवाज, सामाजिक सद्भाव बढाउने, दुःख सुख बाड्ने, नयाँ लुगा लगाउने र मनोरञ्जन गर्ने पर्वका रूपमा लिने गरिन्छ । यस पर्वमा सबै कुरा मूर्तिदेखि पूजा सामग्री स्थानीय रूपमा नै उपलब्ध हुन्छन् भने दुवधागो बनाउन धागो ल्याउने काम मात्र बाहिरबाट गरिन्छ । खानेकुरा स्थानीय नै हुन्छन् भने वार्षिक रूपमा लुगा फाटो किन्ने पर्वसमेत भएकाले योबाहेक अन्य आर्थिक भार पनि पर्दैन ।

विवाहित महिलाले मात्र व्रत लिने यस पर्वको पहिलो पटक गोःराको उपासना लिँदा उज्याली गोःरा परेको वर्षदेखि व्रत बस्ने परम्परा रहेको छ । नौली गोरियाले बिरुणा (गहुँ, केराउ, गहत, मास र गुराँस) ले आफ्नो श्रीमान् र अन्य परिवारजनको पूजा गरेर मात्र खाना खाने गर्छन् त्यसकारण नौली गोरिया हुनका लागि उज्याली गोःरामा श्रीमान् घर भएका बेला उपयुक्त मानिन्छ ।

गोःच्या एकादशीबाट चहलपहल सुरु हुने र बिरुणा पञ्चमीदेखि गोःरा नसेलाएसम्म विधिवत् रूपले मनाइने यस पर्वमा विशेष गरी निम्न दिन प्रमुख हुन्छन् ।

१. गोःच्या एकादशी
२. बिरुणा पञ्चमी
३. षष्ठी
४. सप्तमी
५. अष्ठमी
६. गोःरा सेलाउने दिन

अष्टमीको दिन गोराको मूर्तिलाई बिचमा राखेर वरिपरिबाट सगुन गाउँदै घुम्दै दिनभरि पूजा गर्छन् र अन्त्यमा गोःरालाई नचाइसकेपछि डालोभित्र राखिएको फलफूल र बिरुणालाई एउटा लामो कपडा वा सफा तन्नामा राख्छन् र पुरुषले चारैतिरबाट उचालेर जोरले चार पटक चारै दिशामा आकाशतिर फाल्दछन् यसलाई फल फट्काउने भनिन्छ । आकाशतिर फालेको फललाई सबैले खाली हात, छाता, रुमाल, पछ्यौरी थापी समात्ने प्रयास गर्छन् । प्रसाद प्राप्त गर्न त्यहाँ उपस्थित समुदायमा तँछाडमछाड गरिन्छ । जसले प्रसाद भुइँमा नखस्दै आकाशमा नै समात्न सक्यो त्यो शुभ लक्षण र वर्षभरि सुखशान्ति हुन्छ भन्ने विश्वास मानिन्छ । जनैपूर्णिमामा लोग्ने मान्छेले जनै लगाए झैँ महिलाले यस दिन नयाँ दुबधागो लगाउने चलन छ । गौराको दिन व्रत बसेका महिलाले दुबधागो ग्रहण गरेपछि आफ्ना नातागोता तथा आफन्तहरूलाई विरुणाले पूजेर आशिष दिने गर्छन् । सबभन्दा पहिला आफ्नो पतिलाई बिरुणाले पूजा गर्छन् । त्यसपछि छोराछोरी र अन्य त्यहाँ भएका नाता पर्ने जतिलाई पूजा गरिन्छ जसलाई बिरुणा पुज्ने भनिन्छ यस दिन बिरुणाले पुजेर विभिन्न किसिमका आशीर्वाद दिने चलन छ, अनि मात्र खाना खाने गरिन्छ ।

गौरा मनाउने समूह निर्धारण पनि महिलाको नै हात हुन्छ । गौराको अर्को दिनबाट जात्राको आयोजना गरिन्छ जसलाई गोःच्याजात भनिन्छ । गौरा हुने मन्दिरमा गोरा जात्राको ओजना गरिन्छ । वरिपरिका गाउँका सबै मिलेर पालैपलो मन्दिरमा जात्रा गर्ने चलन छ । कुन दिन कहाँ गोःच्याजात हुन्छ, त्यो कुरा परम्पराबाट तोकेको हुन्छ । एकै गाउँमा धेरै गोःच्या खलो (गोःरा पूजा गर्ने तथा खेल्ने स्थान) पनि हुन सक्ने भएकाले पालो पालोले जात्रा गर्ने चलन रहेको छ । ठाउँ अनुसारको केही फरक रीत वा चलन भए पनि प्रायःगरी चार/पाँच दिनपछि नै गोःरा देवीलाई विसर्जन गरिन्छ । यस दिन बाजा बजाई मांगल गाउँदै गोःरा पर्व विसर्जन गरिन्छ ।

गौरा पर्वलाई काठमाडौँमा हवलो पर्वका रूपमा मनाउने गरिन्छ र बिरुणालाई बिरौला भन्ने गरिन्छ । काठमाडौँमा तिवारी, पाण्डे, लोहनी र पन्त थरका व्यक्तिले मनाउने गर्छन् । काठमाडौँमा बिरौलामा ठुलो केराउ सेतो, सानो केराउ, चना, बोडी, मुँग, मास तथा गुराँस सात अन्न रहन्छन् ।

हाम्रो चलनमा महिलाले वेद पढ्नु हुँदैन मन्त्र मन्नु हुँदैन भन्ने चलन रहेकामा मानसखण्ड क्षेत्र (सुदूरपश्चिम र कर्णाली) का महिलाले वेद मन्त्रका साथ प्रत्येक दिन दुबधागोको पूजा गरेर मात्र अन्न खाने प्रचलन छ । केटा मान्छेको जनै जस्तै दुबधागो केही गरी टुटेमा वा हराएमा नयाँ लगाएर मात्र खानेकुरा खाने चलन छ । दुबधागो महिलाको श्राद्धमा पनि अनिवार्य चाहिन्छ । गौराका लागि कुनै विशेष मन्दिर हुँदैन, अरू मन्दिर वा शुद्ध स्थानको रहेको पिपलको रुखमुनि यो पर्व मनाइने गरिन्छ भने कुनै ठाउँमा अलगै घरका रूपमा वा व्यक्तिको घरलाई गोःच्याघर भनेर सरसमान राख्ने र पूजा गर्ने गरिन्छ । गौरा माताको मूर्ति राख्ने चलन छैन र मूर्ति पनि हुँदैन । गौराको मूर्ति र महेश्वरको मूर्ति तत्काल बनाउने र निश्चित दिनमा सेलाउने चलन रहेको छ । निराकार देवीका रूपमा एक प्राकृतिक

वस्तुद्वारा साङ्केतिक प्रतिमा हुने भएकाले निश्चित रूप र आकारमा सीमित हुनुपर्ने हुँदैन । माडौ अर्थात् मन्दिरमा पनि मूर्ति नराख्ने प्रतीकात्मक वस्तुलाई पुज्ने परम्परा सुदूरपश्चिममा जीवन्त रहेको छ। हाल आएर यो पहिचान पनि मूर्तिको स्थापना गरेर, मन्दिरवरिपरिका रुख कटान गरे अनावश्यक संरचनासहितको मन्दिर बनाउने प्रचलन बढ्दै जान लागेको देखिन्छ, जुन हाम्रा लागि चुनौती र परम्परा पलायनको अवस्था हो, प्रकृतिको पूजन र रुखबिरुवा संरक्षणको नीतिविरुद्ध पनि हो, त्यसकारण प्रकृति पूजनको प्रणालीलाई मूर्ति वा आकार दिने कुराको र माडौको प्राकृतिक बनावट र अवस्थालाई मासेर संरचना बनाउने कुराप्रति पनि सजक हुनुपर्ने देखिन्छ । पौराणिक पर्व गौरालाई स्व. प्राडा त्रैलोक्यनाथ उप्रेतीले आफ्नो बसाइँसराइसँगै काठमाडौँमा स्थापना गर्नुभएको थियो र उहाँको घरमा पूजा गरेर मनाउने गरिन्थ्यो । गौरा पर्वका बेलामा भेटघाट गर्ने अवस्था सिर्जना गर्दै देउडाको आयोजना गरेर बैतडी समाजले कार्यक्रम गर्ने पनि गरेको थियो। त्यसबेला विधिवत् गौरा आयोजना गर्न आवश्यक र चुनौती दुवै थियो । यस पर्वलाई विधिवत् रूपमा मनाउन र सबैको सहभागिता गराउनुपर्ने तथा गौरा मनाउने ठाउँमा पनि काठमाडौँमा आयोजना गरे ऊर्जा तथा प्रोत्साहन मिल्ने सोच हामी तत्कालका समकक्षी युवाले बनायौँ र २०५५ मा प्रसंसा (प्रकृति, संस्कृति तथा सामाजिकता) संरक्षण समूहको स्थापना गरी गौरा पर्वलाई विधिवत् रूपमा मनाउन बिरुणा भिजाउने, दुबधागो ग्रहण गर्ने तथा सबैलाई बिरुणाको प्रसाद वितरण गर्ने वातावरण सिर्जना गर्ने कार्य सुरु गरेको थियो ।

संस्कृतिको संरक्षण गर्ने क्रममा सुदूर तथा कर्णालीवासीलाई एकैठाउँमा भेला गरी परिचयात्मक तथा मेलमिलापको वातावरण सिर्जना गर्नुका साथै संस्कृतिलाई संरक्षण गर्नु पर्छ भन्ने प्रमुख उद्देश्य संस्थाको रहेको थियो । संस्थाले एकआपसमा एकजुट भएर आफ्ना कमीकमजोरीलाई बिर्सेर एकजुट भई धार्मिक र संस्कृतिको धरोहरको संरक्षण र संवर्धन गर्न अभिप्रेरित गरी आपसी सहयोग, सद्भाव र समझदारी बढाउन गोःरा पर्वले ठुलो मद्दत गर्ने छ भन्ने विश्वास लिइएको छ। नयाँ किसिमको सोचले प्रसंसा संरक्षण समूहले गोःरा पर्वलाई खुला रूपले टुँडिखेलमा प्रस्तुत ग री सांस्कृतिक पर्वलाई सार्वजनिक रूपमा मनाउने प्रचलन चलाएपछि अन्य जनजातिले पनि विभिन्न पर्व सार्वजनिक रूपमा टुँडिखेलमा मनाउने चलन चलाएका छन् । यसरी अन्य जाति तथा सम्प्रदायलाई पनि सामूहिक रूपले मनाउन प्रेरणा संस्थाले दिएको छ। यस परिप्रेक्ष्यमा प्रसंसा संरक्षण समूहले परम्परा तथा संस्कृतिको संरक्षणका लागि अप्रत्यक्ष रूपमा प्रेरकको भूमिका निर्वाह गरेको छ । गोःरा पर्वलाई राष्ट्रिय पर्वका रूपमा मनाउने र गोराको दिन राष्ट्रिय पर्वका रूपमा स्थापना गर्न प्रसंसा संरक्षण समूह सफल भएको छ ।

प्रसंसा संरक्षण समूहको स्थापनापछि खुलामञ्च तथा टुँडिखेलमा तथा कोटेश्वर महादेव स्थानमा सम्पूर्ण विधिविधानले गौरा पर्वको आयोजना गर्न थालेपछि यस पर्वका बारेमा सबैलाई जानकारी भएको छ। हाल आएर यो पर्वलाई विदेश (कतार, अमेरिका, कोरिया, अस्ट्रेलिया आदि) मा तथा नेपालमा (चितवन, पोखरा आदि) पनि मनाउन थालिएको छ । नेपालको सुदूरपश्चिम तथा कर्णाली भेगमा मात्र नभएर भारतको कुमाउ गढवालमा धुमधामका साथ मनाइने नेपालमा अन्य क्षेत्रमा पनि त्यहाँबाट बसाइँसराइ गरी आएका मानिसले यो पर्व मनाउने गरेका छन् तर कुन स्थानमा कसरी के नामले मनाइन्छ त्यसको अध्ययन अनुसन्धान गर्न आवश्यक रहेको छ । यो पर्व सुदूरपश्चिम तथा कर्णाली प्रदेशको पहिचानका रूपमा बनेको छ । यस पर्वले सबैलाई एक सूत्रमा बाँध्ने काम गरेको छ, काठमाडौँमा वार्षिक रूपमा भए पनि भेटघाट गर्ने, शुभकामना आदानप्रदान गर्ने, बिरुणाको प्रसाद ग्रहण गर्ने चौतारीका रूपमा रहेको छ ।

काठमाडौँमा गौरा पर्वलाई व्यवस्थापन गर्दै सुरु गर्नका लागि संस्थासँग आबद्ध भएका महिलामा स्व. धुमा कार्की, स्व. जानकी कुँवर, कौशल्या भट्ट, माया भट्ट, दुर्गा ओझा, राजेश्वरी चटौत, मञ्जु चटौत, हिरा चटौत, वसन्ती भट्ट, कमला पोखरेल, कमला सिंह, शारदा जोशी, डम्बरकुमारी रेग्मी, करुणा शाही, पार्वती लेखक, हरिप्रिया लेखक, कमला भट्ट, मानमती भट्ट, विशेश्वरी उप्रेती, तुलसी ऐर, सावित्री केसी, अम्बिका भट्टलगायतका धेरै महिलाले र प्रसंसा सिर्जनशील महिला समाजको नेतृत्वमा रहने सबै अध्यक्षको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## काठमाडौँमा तत्कालमा गौरा पर्व मनाउँदा देखा परेका चुनौती

कुनै पनि काम गर्दा चुनौती हुन्छन् तर सामाजिक काममा देखिने चुनौती सामूहिक हुने भएकाले संस्थामा एकै विचार भएका र सामाजिक भाव भएका व्यक्ति आवश्यक पर्छ। मर्दा र पर्दा एकजुट हुनु पर्छ भन्ने भावले प्रेरित साथीको समिति भएकाले चुनौतीलाई जित्ने कोसिस गरिरह्यो । विशेष रूपमा हामी २३ देखि २५ वर्षसम्मका प्रतिबद्ध युवाको पहलमा खोलिएको र केही अनुभवको आधारमा काम गर्न सहज भएन । अग्रजको सहयोग गर्ने सोच एकदम कमजोर रहेका कारण हामीले सहयोग अपेक्षित रूपमा पाएनौँ । एकातिर समाजमा संस्थामार्फत आफ्नो स्वार्थ पूरा गर्ने प्रवृत्ति हाबी थियो भने अर्कातर्फ

हामीलाई केटाकेटी भनेर नपत्याउने कारण थिए । हामीले गरेर प्रतिबद्ध भएर अगाडि बढ्दा सबैले प्रशंसा गरे प्रसंसा समूहमार्फत हामीले गरेको कार्यको । पर्वलाई टुँडिखेलमा मनाउनु हुँदैन भन्ने विचार त्यसै भेकका मानिसबाट आयो । कार्यक्रम गर्न स्रोत जुटाउन पनि एउटा चुनौती नै थियो । हामीले नियमित रूपमा अलि अलि गरेर कहिल्यै आफैंले रकम हालेर स्रोत व्यवस्थापन गरियो । फरक किसिमले सार्वजनिक रूपमा मनाउने काम भएकाले पाँच वर्षमा हामीले धेरै अनुभव लिइसकेका थियौं । समितिका पदाधिकारीको मेहनत, संस्कृतिप्रेमीको व्यक्तिको साथ र गेटवे एकेडेमी र एलआरआई जस्ता विद्यालयको सहयोगले पनि चुनौतीबाट मुक्त हुन सकियो । सुरुसुरुमा गौरा पर्वमा उपस्थित हुन निम्तो दिने गरिन्थ्यो तर आजभोलि सबै स्वःस्फूर्त तरिकाले आउने गर्नुहुन्छ । कार्यक्रर्मको प्रचारप्रसार गर्न हामीले प्रधानमन्त्री, मन्त्री र सांसदलाई मञ्चमा राखेर औपचारिक कार्यक्रम मनायौं र २०८१ सालको गौरा पर्वमा युवाको नाराबाजीले गर्दा हामीले नेतालाई नबोलाउने गरी कार्यक्रम सञ्चालन गर्ने गरेका छौं ।

## काठमाडौंमा हालको अवस्था र दिगोपना

गौरा पर्व मनाउनका लागि सबैलाई सहज किसिमले पूजाआजा गर्ने अवस्था चाहिन्छ । काठमाडौंमा प्रसंसा सरंक्षण समूहले मनाउन सुरु गर्दा पर्व मनाउने एक किसिमको मार्गदर्शनको आवश्यकता थियो । सुरुमा विभिन्न चुनौती थिए र तिनीहरूलाई समाधान गरेर सरलताको अवस्था आएपछि विशेष गरेर दार्चुला, बैतडी, डडेलधुरा र डोटीका मानिसले जानकारी पाएपछि सबै एकै थलोमा आएर पूजा गर्ने स्थानका रूपमा प्रसंसा समूहको व्यवस्थापनमा तयार गरेको स्थान कोटेश्वर महादेवस्थान थियो । पछि सहभागीको सङ्ख्या बढेपछि पूजा गर्न सहज होस् भनेर अन्य विभिन्न संस्थाको स्थापना भयो र तिनीहरूको पहलमा उपत्यकामा तीनसहित अन्य स्थानमा पनि गौरा पूजाको कार्यक्रम गरी मनाउने गरिन्छ । सबैको जमघट हुन सबै प्रसंसा संरक्षण समूहले आयोजना गर्ने टुँडिखेलको कार्यक्रममा सबै जना आउने सामूहिक रूपमा प्रसाद ग्रहण गर्ने । शुभकामना आदानप्रदान गर्ने कुरा २०५६ सालदेखि नियमित रूपमा चलिरहेको छ । हालको अवस्थामा संस्कृतिलाई पुस्तान्तरण गर्न ठुलो चुनौती रहेको छ । यो चुनौतीको समाधान गर्ने जिम्मा पनि हामी सबै सजग नागरिकको हो । प्रसंसा संरक्षण समूहले आफ्नो उद्देश्य अनुसार काम गर्न प्रसंसा अक्षय कोषको स्थापना गरेको छ र यसैमार्फत स्रोत सङ्कलन गर्ने र संस्कृतिको जागरणको काम गर्ने योजना संस्थाको रहेकाले प्रसंसा चौतारीमार्फत विशेष गरेर जुमबाट विभिन्न कार्यक्रमको आयोजना भइरहेको छ । ■

कविता

# मायाको चिनो

उषा जोशी

मेरो पछ्यौरी छाडेर जाने छु एक दिन
मायाको चिनो सम्झेर ओढ्नु र अनुभूति गर्नु
उस्तै पाउने छौ मेरो स्पर्श अनन्त अनन्त
न्यानो अनि कोमल

मैले समाएका तिम्रा हातहरू सुमसुम्याउनु
अनि महसुस गर्नु मेरा आँलाहरू
कति लालायित रहन्थे स्वर्णिम भविष्य कोर्न
तिम्रो सामीप्यता र स्पर्शले

मैले चुमेका कोमल अधरहरू बिस्तारै टोकेर
पटक पटक याद गर्नु मेरा चुम्बनहरू
जो बिनाबादलको झरी भै झरिरहन्थे
तिम्रा निधार र गालाहरू

राखेर शिर तिम्रा ती आफ्नै पाखुराहरूमा
सम्झिनु शान्त हृदयले र आभास गर्नु
कसरी निदाउँथें सुकुनले तिम्रो छातीमा
मेरा थाकेका नयनहरू

सुस्ताउनु मैले कुरीबस्ने चौतारोमा
पवन भएर छोइरहेको हुने छ हरेक अङ्ग अङ्ग
अनुपम, शीतल, सौम्य र अदृश्य
मेरो प्रेमिल स्पर्श

हराएँ भने म नियतिको खेलमा परेर
नसोध्नु यो निष्ठुरी दुनियाँसँग
धड्कन भएर धड्किरहने छु तिमीभित्र
अनवतर अनन्त अनन्त

अत्यास लागेछ भने जीवनको कुनै मोडमा
पल्टाउनु डायरीका रङ्गिन पानाहरू
भेटिन सक्छन् अपरिमित वार्तालापहरू
मेरा गजलका शेरहरूमा

खोजे भने तिम्रा आँखाहरूले मेरो सामीप्यता
खोतल्नु आलमारीका प्रत्येक खानाहरू
भेटिन सक्छु कुनै च्यातिएका एल्बमहरूमा
तिमीलाई हेरी मुस्कुराइरहेको । ■

# कर्णालीमा पुस्तक सम्पदा

राजबहादुर कुँवर

पुस्तक ज्ञान, सिर्जना र सूचनाको स्रोत मात्र होइन, मानव सभ्यताको ऐतिहासिक सांस्कृतिक उपलब्धि हो । पुस्तक भाषा, लिपि र प्रविधिसँग जोडिएको हजारौँ वर्षदेखिको मानवीय विकासको अमूल्य दस्तावेज हो । बोलीचालीको भाषाबाट इपू १५००–५०० भित्र ऋग्वेदलगायतका वेद, पुराण लिपिमा रुपान्तरण भएका हुन् । झन्डै चार हजार वर्षमा ताम्रपत्र, शिलापत्र, कनकपत्र, कागजमा रूपान्तरण हुँदै पुस्तकले आधुनिक विश्वमा प्रवेश गरेको पनि सयौँ वर्ष भइसकेको छ । खस नेपाली भाषामा सर्वप्राचीन विसं १०३८ को दामुपालको अभिलेख उपलब्ध छ भने भास्वती (१४४७), राजा गगनिराजको यात्रा (१५५०), खण्डखाद्यक (१६४८), बाजपरीक्षा (१७००), ज्वरोत्पत्ति १७७३) जस्ता कृतिले खस सभ्यताको परम्परा, तिरोभरो, ज्योतिष, आयुर्वेदिक चिकित्सालाई मात्र व्यक्त गर्दैनन्, तिनले कागज उत्पादन र हस्तलिखित पुस्तक परम्पराको इतिहासलाई पनि समृद्ध बनाएका छन् ।

श्रुतिपरम्पराबाट हस्तलिखित हुँदै प्रविधिसँग अन्योन्याश्रित पुस्तक संस्कृतिले मानिसलाई अन्धकारबाट उज्यालोतिर, अज्ञानताबाट ज्ञानतिर र सहजवृत्तिबाट सचेत चिन्तनको दिशातर्फ लैजान्छ । कर्णाली प्रसवण क्षेत्रमा लेख्नका लागि प्रयोग हुने भोजपत्र प्रकृतिप्रदत्त रूपमा उपलब्ध छ भने नेपाली कागज उत्पादनको सयौँ वर्ष पुरानो परम्परा छ । कागज, कस्तूरी, मृगका छालामा समेत लेख्ने प्रचलन कर्णालीमा पाइन्छ । कागजमा लेखिएका ग्रन्थहरूलाई सुरक्षित गर्न मृगका छालाले मोड्ने गरेको पाइन्छ । काठ, निगाला, बाँसलाई कलात्मक बनाई एउटै प्रकृतिका चित्रलाई पुनःअङ्कित गर्ने परम्परा कर्णालीमा घरवुनाको गावुन बनाउँदा छिपोका रूपमा अद्यपि प्रचलनमै छ । पुस्तक मूर्त सांस्कृतिक सम्पदा हो । मानिसले निर्माण गरेका सांस्कृतिक सम्पदामध्ये पुस्तक ऐतिहासिक, सांस्कृतिक, भाषिक, वैज्ञानिक तथा आर्थिक ज्ञान निर्माण र हस्तान्तरणको सबैभन्दा प्रभावकारी माध्यम हो । हस्तलिखित अभिलेख, ग्रन्थको युग हुँदै गुटेनवर्ग प्रेसबाट सन् १४५५ मा छापिएको पहिलो पुस्तकदेखि हालसम्म करोडौँ पुस्तक उत्पादन भएका छन् । नेपालमा सर्वप्रथम १९०८ मा जङ्गबहादुर राणाले बेलायत यात्रापछि भित्र्याएको गिद्दे प्रेस नै छापाखानाको इतिहासको पहिलो पाइला हो । नेपालमा प्रेस स्थापनमा भएको १७३ वर्षपछि पनि कर्णालीको सुर्खेतबाहेकका जिल्लामा पुस्तक छपाइ हुने गुणस्तरका प्रेस छैनन् । अर्कोतिर विश्वव्यापी रूपमा इबुक, अडियो बुक, भिडियो बुक, इलर्निङ, इलाइब्रेरी हुँदै इन्टरनेट प्रविधिमा आधारित खुला विश्वविद्यालय, एआई जस्ता प्रविधिले पुस्तक, पत्रपत्रिकालाई विस्थापन गरिरहेका छन् । वस्तुतः कर्णालीमा नेपाली भाषा, साहित्य, कला र संस्कृतिको गौरवपूर्ण इतिहास बोकेको सुव्यवस्थित एउटा पनि पुस्तकालय छैन । विसं. १८९६ भदौ १५ गते गीर्वाणयुद्धले पुस्तक व्यवस्थापनसम्बन्धी जारी गरेको 'पुस्तक चिताई तहबिल' लाई आधार मानी पुस्तकालय दिवस मनाइन्छ । पुस्तकसम्बन्धी यो नीतिगत व्यवस्थालाई आधार मान्ने हो भने कर्णालीको पुस्तकालय परम्परा निकै ढिलो सुरु भएको मात्र होइन, अत्यन्त कमजोर पनि छ ।

पुस्तकले ज्ञान निर्माणतिर अग्रसर गराउँछ । यो प्रक्रियालाई पत्रपत्रिका, सूचना प्रविधि र राजनीतिक, सामाजिक आन्दोलनले प्रभावित गर्दछन् । कर्णालीमा पुस्तक संस्कृति निर्माण गर्न योगी नरहरिनाथद्वारा सङ्कलित, सम्पादित अभिलेख, पत्रपत्रिका, पुस्तक, वंशावलीको ऐतिहासिक भूमिका छ । दामुपालको अभिलेखले खसको प्राचीनतालाई मात्र व्यक्त गर्दैन, मुगुमा पाइएको राजा गगनिराजको यात्राले नेपाली नियात्रा लेखनको आधारभूमि प्रदान गर्दछ । नेपाली लोककाव्य परम्परामा भारत, चैतेलो, हुड्केको स्थान अग्रणी मात्र छैन, नेपाली प्राथमिककालीन कवितामा खस भाषाको प्राचीनताबोध हुन्छ । झन्डै हजार वर्षभन्दा पुरानो लेखन संस्कृतिले समृद्ध कर्णालीमा पुस्तक संस्कृति अझै समृद्ध हुन सकेको छैन । कर्णालीको साहित्य, कला र संस्कृतिको विकासमा सल्यान बुलेटिन (२०२०), राप्ती दर्पण (२०२१), बेन्नु (२०२६), जीवन (२०२६), जुनकिरी (२०२७), मालिका (२०२८), सुर्खेती (२०२८), प्रतिभा (२०३१), किसान (२०३१), प्रयास (२०३५), ज्योति (२०३५), फोक्सुन्दो (२०३५), कन्दरा (२०३९), कम्कर (२०३९), सिद्धपाइला (२०४७), रातो थुँगा (२०४८) कर्णालीको उत्सुक पाइला (२०५६), दुवो (२०५७), उद्घोष

(२०६०), कर्णाली(२०६७), राष्कोट दर्पण(२०७६), सिँगारु (२०८०) जस्ता साहित्यिक तथा समसामयिक पत्रपत्रिकाले लेखक, साहित्यकार उत्पादनको कारखानाको भूमिका निर्वाह गरेका छन् भने विश्वज्योति पुस्तकालय (२०१४), ज्ञानज्योति पुस्तकालय, जुम्ला (२०१८), जनजागृति पुस्तकालय (२०४७), कर्णाली प्राविधिक शिक्षालय पुस्तकालय (२०३८), हिमाली पुस्तकालय (२०२४), बालपुस्तकालय (२०२७), सहिद स्मृति पुस्तकालय (२०४९), देवकोटा पुस्तकालय (२०२९), शिक्षा क्याम्पस पुस्तकलाय (२०४०), उज्यालो पुस्तकालय, चन्दननाथ सामुदायिक पुस्तकालय, प्रेम पुस्तकालय (२००९), जनक पुस्तकालय (२०२६), देउराली पुस्तकालय, प्रगतिशील पुस्तकालय सुइकोट (२०६७) आदिले पुस्तक संस्कृति प्रवर्धनमा योगदान गरेका छन् । कर्णालीका लेखक, साहित्यकार, पत्रकार, बुद्धिजीवी, राजनीतिकर्मीले केकस्ता अध्ययन, चिन्तन र प्रकाशन गरेका छन्, त्यसको सुव्यवस्थित अभिलेख बनेको छैन । कर्णालीमा लेखकले साहित्य, कला, संस्कृति, राजनीति, पाठ्यपुस्तक, जीवनी, कृषि, विज्ञान, धर्म, दर्शनका क्षेत्रमा कस्ता पुस्तक सम्पदा बनाएका छन्, कर्णालीका स्रष्टा, कर्णालीका बारेमा चिन्तन गर्ने स्वदेशी तथा विदेशी अध्येताले समेत पुस्तक सम्पदामा गरेको योगदानको अभिलेखीकरण गर्नु यो लेखको मूल अभिप्राय हो ।

## समालोचना, लोकसाहित्य र भाषा

नेपाली भाषा साहित्यमा विसं. १९४८ मा प्रकाशित भानुभक्तको जीवनचरित्र समालोचनाको शिलान्यास हो । यो कृति प्रकाशनको ६४ वर्षपछि २०१२ मा ज्वालाभाषा पुराणको मन्तव्यमा योगी नरहरिनाथले समालोचकीय प्रवृत्तिलाई कर्णालीमा प्रविष्ट गराएका हुन् । कर्णालीकै लेखकले समालोचनाको कृति प्रकाशनका दृष्टिले राजेन्दप्रसाद धिताल र मनऋषि धितालले २०५७ मा लेखेको देवकोटाप्रति शब्दपुष्प अर्को सुरुवात हो । कर्णाली प्रदेशबाट मधुसूदन गिरीको नेपाली हाइकुः परम्परा र प्रवृत्ति (२०६८), डा. दीपक गौतमका समकालीन नेपाली प्रगतिवादी कथाका प्रवृत्ति (२०६४), आधुनिक नेपाली महाकाव्य (२०७९), भेरीको साहित्यको रूपरेखा (२०७९) सङ्क्षिप्त रेखाङ्कन : साबिक भेरी साहित्य (२०७८), आधुनिक नेपाली महाकाव्य (२०७८), महाकाव्य अध्ययन (२०७५), सृष्टि एक, दृष्टि अनेक (समालोचनासङ्ग्रह, २०६९), शोध समालोचनासङ्ग्रह (२०७१), अलिखित आधुनिक नेपाली साहित्यलेखन इतिहास (२०६५), केही नाटक र काव्य समालोचना (२०७०), केही शोधहरू (समालोचनासङ्ग्रह, २०७२), कर्णाली प्रदेशको साहित्यिक प्रारुप (२०८०), डा. महेन्द्र मल्ल (२०२६) का भाषा विज्ञान र पूर्वीय एवम् पाश्चात्य साहित्य सिद्धान्त (२०६१), उपन्यास सिद्धान्त र मुलुकबाहिर उपन्यास (२०७६), उपन्यासकारिताका कसीमा माइतघर र लङ्गडाको साथी (२०७६), विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू (समालोचना २०७२), विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक कृतिहरू (समालोचना, २०७२) अनुसन्धानका केही पक्ष (२०७२), भाषाविज्ञान र पूर्वीय एवम् पाश्चात्य साहित्य सिद्धान्त (२०७२) डा. जीवेन्द्रदेव गिरी (२००९) का नेपाली बालपत्रिकाको बालसाहित्यमा योगदान (२०६१), साहित्यकार जनकप्रसाद हुमागाईं (२०६७), रचनामा विवेचना (२०६९), नेपाली प्रगतिवादी साहित्यमा विशिष्ट आयाम (२०६९), बालाराम उपाध्यायको नेपाली साहित्यमा दैलेखको योगदान (इतिहास २०५८), पूर्ण भण्डारी 'पंकज' को सल्यान जिल्लाको साहित्यिक रूपरेखा (२०५९), सुरेन्द्रकुमार पोखरेलका सुर्खेतको साहित्यिक रूपरेखा (२०६४), समकालीन सुर्खेती साहित्यिक परम्परा (२०७२) वीरेन्द्र शाही (सम्पादक) को मध्यपश्चिमका समालोचना (२०६६), डा. दुर्गाबहादुर घर्तीका नेपाली उपन्यासविधान (२०६७), विजय उपन्यास, सन्दर्भ र विमर्श (२०६८), साहित्यका विविध आयाम केही विश्लेषण (२०७८), अनुसन्धान पद्धति, सिद्धान्त र प्रयोग (२०८०), सांस्कृतिक अध्ययन (२०८१), भवानी भिक्षुका उपन्यासमा आत्मपहिचान (२०८१), नेपाली मनोविश्लेषणात्मक समालोचना (२०८१), विजय मल्लका कवितामा जीवनदृष्टि (२०८१), डा. मधुसूदन लामिछानेको पण्डित नरेन्द्रनाथ रिमालप्रणीत महाभारतको विश्लेषण ((२०७१) प्रा. जगत प्रेक्षितका उपाध्याय आलोचनात्मक भूमिकाहरू (समालोचना, (२०७५) काव्य परिशीलन (समालोचना, (२०७५), डा. ओमप्रकाश आचार्यको हास्यव्यङ्ग्यात्मक निबन्ध (२०८१) समालोचना परम्परामा महत्त्वपूर्ण कृति हुन् ।

कर्णालीको लोकसाहित्यको सङ्कलन, प्रकाशनको परम्परा प्रारम्भ गर्ने इतिहासकार योगी नरहरिनाथ हुन् । २०१२ सालमा इतिहाप्रकाश भाग १ मा कर्णाली प्रदेशका न्याल्यागीत, भारत, चैतेलो सङ्कलन गरिएका छन् । यो परम्परामा लोकसाहित्यको सैद्धान्तिक अध्ययन र लोककथा, लोकगीत, उखान सङ्कलन प्रकाशनमा कर्णालीका संस्कृतिकर्मी सक्रिय रहेका छन् । रत्नाकर देवकोटोका जुम्लेली उखान तथा शब्दसङ्ग्रह (२०२७), केन्द्रीय नेपाली भाषिकाका उखान र गाउँखाने कथा (२०५८), कर्णालीका लोककथा (२०६३), नारायणप्रसाद तिमिल्सिनाको दैलेखी लोकसाहित्य (२०७७), मधुसूदन गिरीको स्रष्टापरक अध्ययन र ज्वालापहाडका लोकगीत (२०७८), कालीबहादुर शाही (केवी सिम्पल) को कर्णाली क्षेत्रका लोककथा (२०६५), लक्ष्मी ऐडीको कर्णालीको लोकलय, लोकगाथा, लोकभाका (२०६९), खडानन्द चौलागाईंका कर्णालीका आहान र उखानसङ्ग्रह (२०७५), कर्णालीका गाउँखाने कथाहरू (२०७९), जीवेन्द्रदेव गिरी (२००९) का लोकसाहित्यको अवलोकन (२०५७), हाम्रो

लोकगाथा (२०५७), नेपाली लोकसाहित्यमा जनजीवन (२०६७), नेपाली लोकसाहित्यको रूपरेखा (२०६८), मनोहर लामिछानेका लोकसाहित्य र संस्कृतिका केही पाटाहरू (२०६५), लोकसाहित्य, सामाजिक प्रतिविम्ब २०७२, लोकवार्ताका केही पक्ष (२०७४), डा. राधिका बुढथापा, डा. भीम खत्री र डा. रोशन थापाको कर्णालीका लोककथा (२०८१), अजबहादुर गिरीको कर्नालीका उखान, टुक्का र गाउँखाने कथाहरू (२०७९), महाशङ्कर देवकोटा (१९९२) का चन्दननाथ, दत्तात्रय र जुम्लाका देवदेवीहरू (२०६२) लोकलयमा कर्णाली (२०६४), शशीराम कार्कीको रुकुमका लोककथा (२०८१), दुर्गाबहादुर घर्तीका लोकसाहित्यको अध्ययनपद्धति (२०८१), गोविन्दप्रसाद पाण्डेको देउडा विगतदेखि वर्तमानसम्म (२०६०) आदि रहेका छन् । नेपाली भाषाको उद्गम स्थल कर्णाली हो । कर्णाली लोकसंस्कृतिको अध्ययनका क्रममा चूडामणि बन्धुले २०२८ सालमा सिँजाली भाषाको भाषावैज्ञानिक अध्ययन गरेका थिए । यो परम्परामा भाषावैज्ञानिक दृष्टिले अध्ययन अनुसन्धान गर्ने भाषाचिन्तकमध्ये कर्णालीबाट डा. प्रेम चौलागाईंका भाषाविज्ञान (संयुक्त) प्रज्ञा नेपाली शैक्षणिक व्याकरण (संयुक्त, २०७७), भाषा विज्ञानको परम्परा र पद्धति (२०७९), सामान्य भाषाविज्ञान (२०८०) ऐतिहासिक भाषाविज्ञान (२०८०) थानेश्वर लामिछाने (२०२८) को नेपाली भाषा पाठ्यक्रमः पाठ्यपुस्तक तथा शिक्षण पद्धति (२०७५), डा. महेन्द्र मल्ल (२०२६) का भाषाविज्ञान र पूर्वीय एवम् पाश्चात्य साहित्य सिद्धान्त (२०६१), अनिवार्य नेपाली (२०७०), प्रायोगिक भाषाविज्ञान (२०७२), नेपाली व्याकरण (२०७२), भाषाविज्ञानका प्रमुख सिद्धान्त (२०७६), नेपाली व्याकरणका केही पक्ष (२०७२), सामान्य भाषाविज्ञान (२०७२), प्रायोगिक भाषाविज्ञान (२०७२), भाषाविज्ञान र पूर्वीय एवम् पाश्चात्य साहित्य सिद्धान्त (२०७२) कोशविज्ञानको परिचय (२०७२), अनिवार्य नेपाली (२०७२), भाषाविज्ञानका प्रमुख सिद्धान्त (२०७६), जीवेन्द्रदेव गिरी (२००९) का भेक क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण (२०५३), भाषाविज्ञान, भाषा र भाषिका (२०६३) जस्ता कृति रहेका छन् ।

## गीत, गजल र कविता

कर्णालीमा आधुनिक पुस्तक इतिहासमा श्रीरत्न शर्मा 'रिजाल' (१९५४-१९९५) को संस्कृतमा ज्वालादेवी भाषा स्तुति (१९७९), नेपालीमा बदरीकेदार महात्म्य (१९८०) एक कोसेढुङ्गा हुन् । यी आधुनिक काव्यपरम्पराका शिलान्यास हुन् । यो परम्परामा जङ्गबहादुर शाह (१९५२-२०२५) को ज्वालापुराण भाषा श्लोक (२०१३), केशबहादुर शाहको लक्ष्य, विन्दु र वरपर (कोशकाव्य, २०३६), पूर्णानन्द उपाध्यायको सहस्रनाम (त्रिपुरासुन्दरी स्तुति, २०३७), चक्रबहादुर विसी (२००९) को मलाई बलि चढाऊ (कवितासङ्ग्रह, २०३९), शास्त्री खगेन्द्रनाथ योगीका अष्ठलेख पञ्चकविता (२०३०), विश्वमङ्गल आत्रेय गोजीकाहरू (कवितासङ्ग्रह, २०३५), नरेन्द्र कोइरालाको क्रन्दन (कवितासङ्ग्रह, २०३५), खडानन्द भट्टराईको कथा हो यो मन र जीवन (खण्डकाव्य, २०३९), प्रेमप्रकाश मल्ल 'मधुकर' (१९९३) का मधुकर छोटो जीवनी लामो कहानी (काव्य २०४२), त्यो एउटा अजेय शिखर मधुकर (शोककाव्य), मधुकर (पञ्चगान २०४५), अनुभूतिका स्वरहरू (कवितासङ्ग्रह, (२०५४), गाउँदागाउँदै (कवितासङ्ग्रह, (२०६५), ओछ्यानबाट अनुभूतिहरू (हाइकुसङ्ग्रह, २०६५), छविलाल खड्काका सहिदको सन्देश (लघुकाव्य २०४७), बिरौटो (साइनो, २०७७) बाटिका (हाइकुसङ्ग्रह, २०७०), लक्ष्मीप्रसाद पौड्यालको लक्ष्मी (कवितासङ्ग्रह, २०४४), हरिहर अधिकारी 'श्यामल' (२०१५) का तपाईंहरूमार्फत (कवितासङ्ग्रह, २०४४), लयब्रह्म (कवितासङ्ग्रह, २०६०), लोकेन्द्र शाह (२०२४) का मन एकान्तमा हराउँदैन (कवितासङ्ग्रह, २०४५), एउटा बूढो करङ (कवितासङ्ग्रह, २०४८), वीरेन्द्रजङ्ग राणाको अधुरो जीवनमा मधु र छाया (कवितासङ्ग्रह, २०४५), नौलासिंह गिरीको दौडी आयो बिहानी (कवितासङ्ग्रह २०४६), मनरूप नेप्च्युन (२०२३) का सरगम (कवितासङ्ग्रह, २०४७), मेरी आमा (कवितासङ्ग्रह, २०४८), यक्षप्रश्न (२०५३) र मनरूप नेप्च्युनका कविता (कवितासङ्ग्रह, २०६३) डा. दीपक गौतम (२०१९) का प्रतिविम्ब (कवितासङ्ग्रह, २०४८), नरोकिने पाइलाहरू (कवितासङ्ग्रह, २०६२), पानी र मानवता (कवितासङ्ग्रह, २०७१), पचहत्तरका कविताहरू (कवितासङ्ग्रह, २०७५), भावना (कवितासङ्ग्रह, २०८०), कृपया (लामो कविता, २०७०), बलभद्र भारती (२०२४) का मुक्ति सङ्घर्ष (कवितासङ्ग्रह, २०४९), क्षितिजभित्रका गाउँहरू (कवितासङ्ग्रह, २०५०), कुहिरो र काग (कवितासङ्ग्रह २०५८) मोतीलाल नेपाली 'सुनभागा र सपनाहरू (कवितासङ्ग्रह, २०५०) रहेका छन् ।

त्यस्तै पचासको दशकबाट चन्द्रा थानी (२०१७ चैत १६-२०७७ भदौ २८) का सङ्कल्प (कवितासङ्ग्रह, २०५१), नारी चेतना (खण्डकाव्य, २०५५), कत्लेआम (काव्य, २०६८), जगत उपाध्याय 'प्रेक्षित' (२०२६) का आकुञ्चन (संयुक्त कवितासङ्ग्रह, २०५१), ज्वाला (खण्डकाव्य, २०५४), आरम्भ (हाइकुसङ्ग्रह, २०७५), म, माटो र मुटु (कवितासङ्ग्रह २०७५), टीकाभक्त गिरीका भक्त चालिसा (कवितासङ्ग्रह, (२०५१), जङ्गबहादुर बुढाको रूपा (खण्डकाव्य, २०५२), बखतबहादुर मल्लको दुई दिनको जिन्दगी (२०५४), मीनाकृष्ण खड्काको मीनाका सुसेलीहरू (कवितासङ्ग्रह, २०५४), दिनेश थानीको यात्राका सुसेलीहरू (कवितासङ्ग्रह, २०५४), घनश्याम गिरीको यात्राका सुसेली (कवितासङ्ग्रह, (२०५४), मैनादल बुढा (२०२३) को सुन्दरी शोभा (खण्डकाव्य,

२०५५), अग्नि जन्मपीडितको म उभयचर बनेको छु (कवितासङ्ग्रह, २०५५), गणेश भण्डारी (२०३९) का अन्तिम विजय (कवितासङ्ग्रह, २०५५), आस्थाको निहारिकाबाट (कवितासङ्ग्रह, २०६०), आठौँ महादेशमा कोलम्बस (कवितासङ्ग्रह), विश्वराज बोगटीको यो देश कसको हो ? (कवितासङ्ग्रह, २०५६), कृष्णराज डिसी (२०१९) का निशा निरञ्जन (गीतिखण्डकाव्य, २०५६), मरुभूमिको फूल (कवितासङ्ग्रह, २०५८), आमाभन्दा ठूलो को छ ? (कवितासङ्ग्रह, २०६०), अल्वर्ट आइन्स्टाइन र गौतमबुद्ध (महाकाव्य), अल्बर्ट आइन्स्टाइन र सापेक्षतावाद (महाकाव्य, २०६२), पुरमल बस्नेत 'सिम्ताली' को बाउरे (कवितासङ्ग्रह, (२०५६), गोविन्द नेपालीका पालुवा (कवितासङ्ग्रह, २०५६) जागरुक डुसा (कवितासङ्ग्रह, २०६१), कर्णाली दर्पण (कवितासङ्ग्रह, २०६८), पचहत्तरकै चिनारी (कवितासङ्ग्रह, २०७३), रमेश क्षितिज (२०२६) का अर्को साँझ पर्खेर अर्को साँझमा (२०५७), घर फर्किरहेको मानिस (कवितासङ्ग्रह, २०६९), पर्वत पर्वतमा बटुवा घाम (२०७९), सत्य पहाडी (२०३४) का पर्खालभित्रको सन्देश (संयुक्त कवितासङ्ग्रह, २०५७), आगो, लाभा र हुरी (कवितासङ्ग्रह, २०६४), समयका यक्ष प्रश्नहरू (कवितासङ्ग्रह, २०८१), फर्जीविरुद्ध (कवितासङ्ग्रह, २०७३), समयका यक्ष प्रश्न (२०८१), लक्ष्मण चन्दको मेरो देश (कवितासङ्ग्रह, (२०५७), कृष्णराज धमला (२०३५) का विरह विम्ब (कवितासङ्ग्रह, २०५७), परदेशीको बाटो (देउडा एल्बम, २०६१), देउडामा अमर अनिपाल शाही (२०७४), देउडा बाह्रखरी (२०७५), लोकेन्द्र विष्ट (२०२१) का रगतको इतिहास (कवितासङ्ग्रह, २०५८), ओ ! मेरा लालीगुराँस (कवितासङ्ग्रह, २०६५) सुरेशजङ्ग शाहको म र मेरो अनि तिम्रो सम्झना (कवितासङ्ग्रह, (२०५८), मधुसूदन गिरीका बालसँगातीलाई पत्र (कवितासङ्ग्रह, २०५८), जिन्दगीको सन्धिसर्पन (कवितासङ्ग्रह, २०५८), मोतीराज बम (२०२७) का म रोएको दुई दिन (कवितासङ्ग्रह, २०५८), एक्लै छ गाउँमा देउता (कवितासङ्ग्रह २०६३), एक फूल तीन सुवास (कवितासङ्ग्रह २०७१) उर्फ कर्णाली (कवितासङ्ग्रह, २०८१), उषा हमाल (२०१६) का क्यानभास नपाएका चित्र (कवितासङ्ग्रह, २०५८) समय समुद्र (कवितासङ्ग्रह २०७३), कालीबहादुर रावतको गरीबको पीडा (कवितासङ्ग्रह, २०५८), खड्कबहादुर खड्काको पराजय (खण्डकाव्य, (२०५८), स्मिता मगरको स्मिताका कविताहरू (२०५८), पृथ्वीबहादुर सिंहका परिवेश (कवितासङ्ग्रह, २०५९), कुहिरीमण्डल (कवितासङ्ग्रह, २०६३) भन्छिन् आमा नेपाल (कवितासङ्ग्रह, (२०८०), घनश्याम भण्डारीको मडारिएका बादल (कवितासङ्ग्रह, (२०५९), समीर शाह (२०२०) को मृतवस्ती (कवितासङ्ग्रह, २०५९), आमा र ईश्वर(काव्य, २०८१), धीरेन्द्र आरसीको मेरी बहिनीको सम्झनामा (शोककाव्य, २०५९), ओम रिजाल (२०३६) को यात्राविम्ब (कवितासङ्ग्रह, २०५९) आदि कविहरूले कृति प्रकाशन गरेका छन् ।

साठीको दशकमा भीम कसिङ्गरको व्यथाभित्र उम्रेका कथाहरू (कवितासङ्ग्रह, २०६०), प्रभातविक्रम शाहको मैले देखेको बस्ती (कवितासङ्ग्रह, २०६०), विकु कोइरालाको व्यथैव्यथा (कवितासङ्ग्रह, २०६१), वसन्त रोकायाका अक्षर या चीत्कारहरू (कवितासङ्ग्रह, २०६१) हत्या गरौँ कि आत्महत्या (कवितासङ्ग्रह, २०६३), रोएर हाँसेका जिन्दगीहरू (कवितासङ्ग्रह,), बुनु (कवितासङ्ग्रह, २०७३), यार्सा (खण्डकाव्य, २०७४), हिमाल (खण्डकाव्य, २०८१), भोट (खण्डकाव्य, २०८१) राजेश्वर कार्कीको मेरो कविताको अन्तिम पृष्ठ (कवितासङ्ग्रह, २०६२), कृष्ण घायलको युगीन आवाज (कवितासङ्ग्रह, (२०६३), तिलक वलीको युद्धयात्राबाट सन्देश (२०६४), आक्रोश केसीको हामी ब्युँझेको बिहान (कवितासङ्ग्रह, (२०६४), विष्णुबहादुर विक (२०२०) को जुनी (देउडा काव्य, २०६४), उदयबहादुर चलाउने (२०३४) को विद्रोहका पदचापहरू (कवितासङ्ग्रह, २०६४), कमल रोका (२०४२) को एक्लो मान्छे (कवितासङ्ग्रह, २०६४), भौतिक मल्ल 'जङ्गली' को मेरो फूलको डायरी (कवितासङ्ग्रह, २०६४), कल्पना बुढाथोकीका 'प्रतीज्ञा' (२०४३) क्रान्तिको लम्बे यात्राबाट (कवितासङ्ग्रह, २०६४), मनोहर लामिछाने (२०१५) का विजय यात्रा (कवितासङ्ग्रह, २०६५), लुटिएका सीमाहरू (कवितासङ्ग्रह, २०६७), झकबहादुर मल्ल (२०३६) को मैले रोजेको बाटो (कवितासङ्गह, २०६५), देवकी शाही (२०३८) को सिर्जनाका खुट्किलाहरू (कवितासङ्ग्रह, २०६५), जनक महतारा 'सङ्केत' का रक्तिम क्रान्तिको युग (कवितासङ्ग्रह, २०६५), मोफसलको अविराम यात्रा (कवितासङ्ग्रह २०६७), कर्णालीको व्याथा (कवितासङ्ग्रह, २०६८), विवशकुमार सेजुवालको अमरदीप (कवितासङ्ग्रह, २०६५), खगेन्द्र राना (२०४०) को म र क्यान्टोनमेन्ट (कवितासङ्ग्रह, २०६५), खड्ग बस्नेतको खिचडी (खण्डकाव्य, (२०६५), गणेश शाही 'प्रतीक (२०३९) को सङ्घर्षका डोबहरू (कवितासङ्ग्रह, २०६५), कुशल बोगटीको श्रीपेचको चिहानमा उभिएर (कवितासङ्ग्रह, २०६५), विद्रोहको गीत (कवितासङ्ग्रह २०८०), भूपेन्द्रप्रसाद उपाध्याय रिजालको हृदय कादम्बिनी (कवितासङ्ग्रह, २०६६), राजबहादुर कुँवर (२०४३) को युद्धरत सगरमाथा (कवितासङ्ग्रह, २०६६), राजेन्द्र धितालको मायाको क्षितिज (कवितासङ्ग्रह, २०६६), डवलबहादुर महताराको मुक्तियुद्ध (खण्डकाव्य, २०६६), ऋषिराम शर्मा 'निर्माण' को घाम उदाएको देश (२०६६), दुर्गा काफ्ले (२०३९) को आस्थालाई सलाम (कवितासङ्ग्रह, २०६६), तुलराज गिरीको क्रान्ति (कवितासङ्ग्रह, २०६६), हर्कबहादुर गुरुङ (२०१३) को जीवनका चौवन्न पाइला

(कवितासङ्ग्रह, २०६७), यमराज कार्की (२०३४) का रेडियो वैरागी (कवितासङ्ग्रह, २०६७), वैरागी बाबुका कविताहरू (कवितासङ्ग्रह, २०७५), श्रीकृष्ण शर्मा 'पथिक' को पाइलैपाइला (कवितासङ्ग्रह, २०६७), हिरालाल शर्माको अनुभूति अनुभव (कवितासङ्ग्रह, २०६७), नेत्रराज शाही (२०१९) को यथार्थमित्रका शब्दहरू (कवितासङ्ग्रह, २०६८), कमल बुढा 'इमान्दार' को उद्देश्यको यात्रा (कवितासङ्ग्रह, २०६८), हरिलाल महतारा (२०२८) को राहुल (गीतिकाव्य, २०६८), खोजी (कवितासङ्ग्रह, २०७३), युद्धविक्रम शाही (२०२७) का युद्धविक्रमका प्रतिनिधि कविताहरू (कवितासङ्ग्रह, २०६८), जुनुमायाको देश (कवितासङ्ग्रह, २०८०), टङ्क प्रायश्चितको जिन्दगी (कवितासङ्ग्रह, २०६८), स्मृति अधिकारी (२०५५) को मेरो कलम (कवितासङ्ग्रह, २०६८), मनलाल ओली 'अराजक' को तिम्रै आए दाउ (कवितासङ्ग्रह, २०६८) जस्ता कृतिहरू प्रकाशित भएका छन् ।

सत्तरीको दशकमा खडानन्द भट्राईका आमा (शोककाव्य, (२०७०), सोतखोलाको सेरोफेरो (कवितासङ्ग्रह, २०७५), भीम कुमाखीको मञ्जिल चुम्ने यात्रा (कवितासङ्ग्रह, (२०७०), घनकुमार शाहीको साहित्य सँगालो (कविता तथा गजलसङ्ग्रह २०७१), हिरालाल गिरी (२०७२) को हिरालाल गिरीका कविता (कवितासङ्ग्रह, २०७२), तुलसिंह रानाक्षेत्रीको खिचडी (गीतिसङ्ग्रह, (२०७२), मणिकुमार पोखरेलको ओझेलमा परेका फूलहरू (खण्डकाव्य, (२०७३), अमर शाहका यात्रा र घुम्तीहरू (कवितासङ्ग्रह, २०७२), गाउँ छाडेको मान्छे (कवितासङ्ग्रह, २०८२), मधु बस्नेत शाही (२०४०) को बुनु (कवितासङ्ग्रह, २०७३), डा. मधुसूदन लामिछानेका दियालो (संयुक्त महाकाव्य, २०७३), श्रद्धासुमन (लघुकाव्य २०७४), वंशपरिचय (लघुकाव्य, २०७४), प्रतिभा परिचय (खण्डकाव्य, २०७५), अन्तर हृदयका छाल (कवितासङ्ग्रह, २०७५), नवदम्पतीका कवितादूत (कवितासङ्ग्रह, संयुक्त २०७५) अजबहादुर गिरी (२०७४) का आमाको आँसु (आँसुकाव्य, २०७४), सदीक्षा (कवितासङ्ग्रह, २०७५) सहिदको सपना (कवितासङ्ग्रह, (२०७६), शशीराम कार्कीका शीतको थोपा (गीतकवितासङ्ग्रह, २०७३), देवरात (महाकाव्य, २०८०), लक्ष्मणदेव गिरीको मेरो गीत, मेरो कविता (कवितासङ्ग्रह, २०७४) आरके देवकोटाको भूत, भविष्य, वर्तमान (खण्डकाव्य, २०७५) ज्ञानेन्द्रबहादुर सिंहको ज्ञानेन्द्रमणि (संयुक्त कवितासङ्ग्रह, २०७५), गणेशबहादुर जिसीको सहरभित्र हराएको मान्छे (कवितासङ्ग्रह, २०७५), खडानन्द चौलागाईंको अनियन्त्रित मनका बरालिएका सपनाहरू (कवितासङ्ग्रह, २०७६), तिलकप्रसाद न्यौपानेको विष्णुरुपा (शोककाव्य, २०७६), निरन्जना चन्द शाही (२०४४) 'निरु' को साइनो (कवितासङ्ग्रह, ०७६), गणेशमान सिंहको केही कथा, केही कविता (२०७७), भूपेन्द्रा मल्लको दलिल (कवितासङ्ग्रह, २०७७), देवकी तिमिल्सिना 'समीक्षा' को योद्धाको सपना (कवितासङ्ग्रह, २०७७), बद्रीप्रसाद शर्मा लम्सालको रुप्स्या साइको नासो (लोककाव्य, २०७७), मणिकुमार पोखरेल सौभाग्य सोपान (लामो कविता, २०७८), नगेन्द्रप्रसाद आचार्यको कुमारी सिन्दूर (खण्डकाव्य, २०७८), डा. महेन्द्र मल्लको भाषाको बकपत्र (कवितासङ्ग्रह, २०७९), बुद्धिप्रसाद शर्माको आमा (महाकाव्य, २०७९), विमला कुमालको नयाँ सपनाहरू (संस्मरण, कविता, २०७९), विर्ख रावत (२०२७) को विशृङ्खलित सपना (मुक्तकसङ्ग्रह, २०७९), शेरबहादुर अधिकारीको शेरबहादुर अधिकारीका रचना र सम्झना (कथा, गीतसङ्ग्रह, (२०७९), कोकिला सिंहको भावनाको वधशाला (कवितासङ्ग्रह, २०८०), मनऋषि धितालको ओ सिड्नी ओ सिञ्जा (कवितासङ्ग्रह, २०८०), डीबी शाहीको नविर्सिएका धुनहरू (२०८१), नरेन्द्र देवकोटाको अनुभूति (कवितासङ्ग्रह, २०८२), लालबहादुर खत्रीको सौराइ लागि राइसुवाको (लोककाव्य) प्रकाशित गरेका छन् । त्यस्तै कमलमान सन्तोषीको दुई थुँगा, हिमाल ओलीको बालसरोकार (कवितासङ्ग्रह), मोतीराम भट्टको भट्टका फुटकर कविताहरू (कवितासङ्ग्रह), विवश यात्रीको नयाँ युगको आगमनबाट नियाल्दा (कवितासङ्ग्रह), वीरबहादुर केसीको रुकुमेली चिनो (कवितासङ्ग्रह), सिंहबहादुर शाहीको वर्गसङ्घर्ष जारी छ (गीति खण्डकाव्य), छविरमण वलीको के नेपाल सानो छ र ? (कवितासङ्ग्रह), समीर यात्रीको राप्तीको तिरैतिर (संयुक्त कवितासङ्ग्रह), चुरेको डाँडाबाट (संयुक्त कवितासङ्ग्रह), दीपक समिरको अग्निदीप (कवितासङ्ग्रह), गणेश ओलीको भाग्यरेखा (खण्डकाव्य), अग्निप्रसाद ज्ञवाली (२०३१) को म उभयचर बनेको छु (कवितासङ्ग्रह) प्रकाशित छन् ।

फारसी, उर्दु, हिन्दी हुँदै नेपाली परम्परामा प्रचलित गजल एक सशक्त गेयात्मक विधा हो। यो विधालाई जाजरकोटका स्रष्टा यज्ञविक्रम शाहीले बाँच्ने रहरहरू (गजलसङ्ग्रह, २०५०) प्रकाशित गरी कर्णालीमा गजलको पुस्तक परम्परा प्रारम्भ गरेका हुन् । यो परम्परालाई कृष्णराज धमलाको अनिँदो रातका सपनाहरू (गजलसङ्ग्रह, २०६०), भिजेको सिरानी (मुक्तक/गजलसङ्ग्रह, २०६२), पुष्पराज आचार्य (२०४१) को बदलिरहने बादलको तस्बिर (गजलसङ्ग्रह, २०६२), खगेन्द्र भट्टराई (२०४१) को मनभित्र दुखेको मन (गजलसङ्ग्रह, २०६२), जहरभित्रको रहर (गजलसङ्ग्रह, २०६८) धीरु विचित्रको उनीसित (गजलसङ्ग्रह, २०६२), सुरेश सुमन डाँगीका सम्झनाका रातहरू (गजलसङ्ग्रह, २०६२), वर्तमान गजबको (गजलसङ्ग्रह, २०६९), पूर्ण भण्डारी 'पंकज' (२०२७) का 'सङ्कल्पका शिखाहरू (गजलसङ्ग्रह, २०६३), शब्दसङ्ग्राम (गीतगजलसङ्ग्रह, २०६५), वसन्तश्रीको गाउँको व्यथा (गजल, मुक्तकसङ्ग्रह,

रुरु), भीम फडेराको उसैको मन खोल्दा (गजलसङ्ग्रह, २०६४), चित्रसिंह गाउँलेको स्मृति (गजलसङ्ग्रह, २०६५), खगेन्द्र अधिकारी अमृतको (२०३६) वसन्तमै फूलका आँसु (गजलसङ्ग्रह, ०६५), युद्धविक्रम शाहीका युद्धका गजलहरू (गजलसङ्ग्रह, २०६६) खोर्केकिनार (गजलसङ्ग्रह, २०७७), फूलको टकराव (गजलसङ्ग्रह, २०७९), विष्णु शर्मा अथक मनुको 'स्मृतिमा तिम्रो आर्तनाद (गजलसङ्ग्रह, २०६६), भौतिक मल्लको मनको वह (गजलसङ्गह, २०६६), समीर यात्री (२०३१) को हिउँ पनि त उम्लिरहेछ (गजलसङ्ग्रह, २०६६), नरेन्द्र घर्तीको उनले गरेका प्रहारहरू (गजलसङ्ग्रह, २०६७), क्षितिज समर्पणको आगोका फूलहरू (गजलसङ्ग्रह, २०६७), महेन्द्र चन्द 'महासागर' को महासागरका अन्तरछिटाहरू (गजलसङ्ग्रह, २०६७), भीम भारती (२०३९) को काँडेतारको यात्रा (गजलसङ्ग्रह, २०६७) धनराज वास्तविकको दोभान (गजल सङ्ग्रह, २०६७), डबलबहादुर महताराको हृदयको संसारभित्र (गजलसङ्ग्रह, २०६७), खेमराज न्यौपाने शिशिरको घायल मन (गजलसङ्ग्रह, २०६७), निर्मोही सङ्कल्पको मेरो रारा, तिम्रो तस्बिर (गजलसङ्ग्रह, २०६७), याकुव वाइबी जिएमको मुटुभरि अतीत बल्झिँदा (गजलसङ्ग्रह, २०६७), दुर्गा काफ्लेको सपनाभित्रको सपना (गजलसङ्ग्रह, २०६७), किरण कालीकोटेको कर्णालीको बगर (गजलसङ्ग्रह २०६८), डिआर ओलीको आभास (गजलसङ्ग्रह, (२०६८), नरेन्द्र कार्कीको रारा गजल सरोवर (संयुक्त गजलसङ्ग्रह, २०६८), दुर्गाबहादुर खड्काका मुटु पनि बल्छ (गजलसङ्ग्रह, २०६८), समालिन नसकेका आँसु (गजलसङ्ग्रह, २०७०), सन्तापको आँसु (गजलसङ्ग्रह, २०७२), आँसुले जलेका मनहरू (गजलसङ्ग्रह, ०७९), वसन्त त्रसितको जहरभित्रको रहर (गजलसङ्ग्रह, २०६८), रणबहादुर रावत (२०४१) को सपनाको खोजीमा (गजलसङ्ग्रह, २०६९), महेन्द्रबाबु 'सङ्गीन' को समय (गजलसङ्ग्रह, २०७१), दीपशिखा ओलीको शिखा (गजल, २०७१), गोविन्दबहादुर बुढाका आत्मा (गजलसङ्ग्रह, २०७१), तिम्रै यादमा (गजलसङ्ग्रह, २०७१) मधु बस्नेतको तिमी र म (गजलसङ्ग्रह, २०७२), लोकेश जलनका अकाल (संयुक्त गजलसङ्ग्रह, रुरु), सन्ताप (गजलसङ्ग्रह, २०७२), खुड्किला (संयुक्त गजलसङ्ग्रह, २०७२), लोकेन्द्र ओलीको प्यासमा छ रुकुम (गजलसङ्ग्रह, २०७२), पुनम धमलाको काँडामाथिका पाइला (गजलसङ्ग्रह, २०७३) भूपाल रावत (२०५८) को सम्झनाका पलहरू (गजलसङ्ग्रह, २०७४), रगवीर विश्वकर्माका अधुरो सपना (कवितासङ्ग्रह, २०७५) कोरोना भाइरस (गजलसङ्ग्रह, (२०७७), एमसिसी अनुदान (गजलसङ्ग्रह २०७७), संशोधनवाद (गजलसङ्ग्रह, २०७८), मधुश्रीको सर्वनाम (गजलसङ्ग्रह, (२०८०), कोकिला सिंहको आमाको पुकार (गजलसङ्ग्रह, २०८०), भूपेन्द्र शाहीको लासहरूको बस्ती (गजलसङ्ग्रह, रुरु), ओम ओली 'विश्वास' का 'केही आस, केही प्यास (गजलसङ्ग्रह, रुरु) 'सपनाको लस्कर (गजलसङ्ग्रह, रुरु), डिआर ओली 'प्रतीक' को 'आभास' (गजलसङ्ग्रह, रुरु), तारादेव शर्मा 'प्रदर्शन' को आँखाबिनाका नानीहरू (गजलसङ्ग्रह, रुरु), कलिराम घर्तीको 'वेदनाका छालहरू (गजलसङ्ग्रह, रुरु), निर्मल ओलीको 'उनको सम्झनामा (गजलसङ्ग्रह, रुरु), हिरालाल केसी (२०३२) को जनसमरका धुनहरू (गजलसङ्ग्रह), खेमराज खड्काको लालभन्ज्याङको हाम्रो मुक्तियात्रा (गजल, रुरु), प्रकाश केसीको पर्खाइ (गजल, रुरु), ललिजङ्ग रोकाया (निर्दोष क्षेत्री अतीत) को निर्दोषका अतीत (गजलसङ्ग्रह, रुरु), छत्र बोगटीको सुवा (गजलसङ्ग्रह, रुरु), प्रतीक भण्डारीको 'मनभित्रका भोगाइ (गजलसङ्ग्रह, रुरु), भूमप्रकाश भण्डारीको प्रतिबिम्ब (गजलसङ्ग्रह, रुरु), मनोज बाबुको संरचना (गजलसङ्ग्रह, रुरु) महेन्द्र बाबुको प्रियसीको यादमा (गजलसङ्ग्रह, रुरु), समीर अनन्तको वेदना फूलेको रात (गजलसङ्ग्रह, रुरु), नयरूप धमलाको आसुँभित्र आशा (गजलसङ्ग्रह, रुरु), लक्ष्मण विसीको हजारी थुङ्गा (गजलसङ्ग्रह, रुरु), प्रकाश शाहीको दोषी लाइट (गजलसङ्ग्रह, रुरु) ले समृद्ध बनाएका छन् ।

कर्णालीको गीत विधाको पुस्तक प्रकाशनका दृष्टिले अग्रज स्रष्टा सुरेन्द्रबहादुर शाहको 'आँखामा झल्केको रणवन' गीतसङ्ग्रह (२००९), योगेश्वर कार्कीको राष्ट्रिय सङ्गीत सुधा (गीतसङ्ग्रह, २०२६), संयुक्त रसपात्र (गीतसङ्ग्रह, २०५९) जस्ता कृति नै प्रतिनिधि हुन् । यो परम्परामा सी श्रेष्ठको वेदनाका सन्देशहरू (गीत तथा भजनसङ्ग्रह, २०६१), तारा रोकायाको तिजको सौगात (गीतसङ्ग्रह), स्वर्णिम शाही (२०४२) को जनसंवाद (देउडा गीतसङ्ग्रह, २०७३), रत्नकमल विष्ट (२०४८) झल्का कर्णाली (देउडा गीतसङ्ग्रह, २०७९), रतन शाहीको देउडा गीतसङ्ग्रह, सवराज बम (२०३०) गणित साहित्य (देउडा गीतमा गणित), रामबहादुर परियारको वेदना गीतिसङ्ग्रह, जयन्ता घर्ती (२०४० पुस ३०–२०५९ भाद्र ६) को लडाइँका गीतहरू (गीतसङ्ग्रह, २०६६), गणेश शाहको वन लप्का र छल्का (गीतसङ्ग्रह) आदि उल्लेख्य रहेका छन् ।

कविताको छोटो रूप मुक्तक सिर्जनामा निरन्जना चन्द शाही (२०४४) को निरुपण (मुक्तकसङ्ग्रह, २०७७), देवकी तिमिल्सिनाको छुटेका सपनाहरू (मुक्तकसङ्ग्रह, २०७८) कर्णबहादुर खत्री 'आइडिया' घाइते मुटु (मुक्तकसङ्ग्रह, २०७७), गणेशा कार्कीको अभिलाषा (मुक्तकसङ्ग्रह २०८१), सुरेन्द्रबहादुर साहको 'सुकेको रुख' मुक्तक-काव्य, महेन्द्र मल्लको अनुभूतिका स्वरहरू (मुक्तक तथा गीत गजल, रुरु), सिर्जना शर्माको मन्दाकिनी (मुक्तकसङ्ग्रह), बालाराम ओलीको उपहार आँसुको (मुक्तकसङ्ग्रह, रुरु), भद्रबहादुर नकालको रङ्गीबिरङ्गी

(मुक्तकसङ्ग्रह, रुरु) प्रकाशित छन् ।

## निबन्ध, संस्मरण र नियात्राका पुस्तक

कर्णालीबाट यात्रा साहित्यको प्रारम्भ गर्ने सचेत घुमक्कड योगी नरहरिनाथ नै हुन् । उनले इतिहासप्रकाशमा कर्णालीका ऐतिहासिक अभिलेखहरू सङ्कलनको यात्रा कसरी भएको थियो भन्ने निकै लामो विवरण प्रकाशित गरेका छन् । कृतिका दृष्टिले तुल्सीराम कुँवरको जीवन महान् यात्रा (निवन्धसङ्ग्रह, २०३८), गणेश भण्डारीको बन्दी आकाशविरुद्ध (जेल डायरी, २०६३) लक्ष्मीप्रसाद चौलागाईं (२०३५) को जनसेनाको जीवनी (संस्मरणसङ्ग्रह २०६३), मायाप्रसाद शर्मा मुक्तियात्रा (संस्मरणसङ्ग्रह, २०६४), सङ्कल्प अभियान, सत्य पहाडीका मृत्युञ्जयी यात्रा (संस्मरण, २०६६), उत्सर्गगाथा (२०८१), बेइजिङदेखि बालीसम्म (संस्मरण, २०८१), आमा एक जीवन कमान्डर (संस्मरण, २०८१), महात्रासदी (डायरी, २०८१), सुरेश पहाडीको युद्धमोर्चाका डोबहरू (संस्मरणसङ्ग्रह, २०६४), उदयबहादुर चलाउनेको लालमोर्चाका किल्लाहरूमा (संस्मरणसङ्ग्रह, २०६४), एच.पी. हिमाली (२०२३) कारागारभित्रका दिनचर्याहरू (संस्मरण २०६५), झकबहादुर मल्लको जेलब्रेक (संस्मरणसङ्ग्रह, २०६५), विवेककुमार शाहको मैले देखेको दरबार (२०६६), दरबारबाट देखेको नेपाल (२०८०), समर हुम्लीको स्थाननामको शब्दार्थभित्र सिमकोट लिमी यात्रा (२०६६), हिरालाल केसीको जनयुद्धमा रेडियो (युद्धडायरी, २०६८), डा. दीपेन्द्र रोकायाको नाफाको जिन्दगी (संस्मरण, २०६९), भौतिक मल्लको बाल छापामारको डायरी (संस्मरणसङ्ग्रह, २०६९), तुलाराज विष्ट (२००४) को कर्णालीमा सङ्घर्षको पाइला (संस्मरण, २०७१), खडानन्द चौलागाईंको मझेरीबाट हेर्दा कर्णाली (संस्मरण, २०७३) नरेश भण्डारी 'क्षितिज' को चाँदीको घेरा (संस्मरण, २०७२), टेकबहादुर खड्काको जीवन (संस्मरणसङ्ग्रह, २०७२), गगनबहादुर खड्काको जीवनलाई फर्केर हेर्दा (संस्मरण, २०७२), नरेश भण्डारीको बेच्न राखेको मान्छे (निबन्धसङ्ग्रह, २०७२), श्यामलको रित्तो गाउँ (२०७४), पुरिचन्द्र देवकोटाको रारा (संस्मरण, २०७५), साहित्यिक यात्रा (संस्मरण, २०७६), लक्ष्मीप्रसाद देवकोटाको कर्णालीमा पत्रकारिताका एक दशक (अनुभूति, २०७५), गोरीकला विकको स्मृतिका क्षणहरू (संस्मरणसङ्ग्रह, रुरु), विवशकुमार सेजुवाल (२०४४) को म रोएको त्यो दिन (संस्मरण, २०६८), मुक्तिप्रसाद श्रेष्ठको नेताजी (निबन्धसङ्ग्रह, रुरु), वसन्ती शाहीको कर्णालीकी बुहारी (निबन्धसङ्ग्रह, २०७४), समय सकस (निबन्धसङ्ग्रह, २०७९), उषा हमालको सागओल अजरवैजान (यात्रा निबन्ध, २०७०), भिक्षुसँग प्रेमपत्र (यात्रा निबन्ध, २०७८), प्रेमबहादुर बोहोराको कोग्ले (संस्मरण, २०७७), लक्ष्मीकन्या बुढाको छरिएका खुसीहरू (निबन्धसङ्ग्रह, २०७९), सङ्कल्प यात्रा (निबन्धसङ्ग्रह, २०८१), जगत प्रेक्षितको समय र जीवन (निबन्धसङ्ग्रह, २०७९), डा. भीमबहादुर खत्रीको अनुभूतिहरूको सँगालो (संस्मरण, २०७९), डबलबहादुर महताराको जुग जगाउँदा खेरी (संस्मरणसङ्ग्रह) घनश्याम भण्डारीको प्रदेश सभाको एक वर्ष : सिकाइ, अनुभव र अनुभूति (संस्मरण, २०८०), कालीबहादुर थापाको गाउँदेखि सहरसम्मको यात्रा (संस्मरण २०८१), दीपेन्द्र शर्माको जुनीदेखि पिलीसम्म (संस्मरणसङ्ग्रह, २०८१) प्रकाशित भएका छन् ।

त्यस्तै नियात्रा विधामा योगेश्वर कार्कीको मेरो जापान भ्रमण (नियात्रा, (२०५७), कर्णबहादुर रोकाया (२०२९) को शब्दार्थभित्र सिमकोट लिमी यात्रा (२०६६), विवेककुमार शाहको मैले देखेको दरबार (२०६७), दरबारबाट देखेको नेपाल (संस्मरण २०८०), पृथ्वीबहादुर सिंहका डेनमार्क भ्रमणको डायरी (नियात्रा २०५९), हिमालदेखि सागरसम्म (नियात्रासङ्ग्रह, २०६८), समृद्धिको लहरीमा कर्णाली (नियात्रा, २०७६), ओम रिजालको रुँदै बग्दो छ मुगु कर्णाली (नियात्रा, २०६९), रमेश मल्लको छिमेक यात्रा (यात्रा डायरी, २०७५), पूर्ण ओलीको त्रिवेणी (नियात्रासङ्ग्रह, २०७९), युद्धविक्रम शाहीको सुर्खेतदेखि दार्जिलिङसम्म (यात्रासंस्मरण, २०६७), नन्दकला सुवेदीको अठासी वर्षमा कैलाश मानसरोवर (नियात्रा, २०७९), तुलाराम थानीको शान्तिकुन्ज हरिद्वार (यात्रा संस्मरण, रुरु) मनऋषि धितालका जेलयात्रा (यात्राडायरी, २०८०), बेनीयात्रा (यात्राडायरी, २०८०), आधारयात्रा (यात्राडायरी, २०८०) राजमार्गयात्रा (यात्राडायरी, २०८०) पिलीयात्रा (यात्राडायरी, २०८०) गण्डकयात्रा (यात्राडायरी, २०८०), जिग्मे लामा (नरबहादुर) को अमरभूमि (यात्रा, २०८०) जस्ता कृति रहेका छन् ।

## कथा र उपन्यासका पुस्तक

सल्यानका प्रतिभा अमर शाह (२०१७) ले आदियुग कथासङ्ग्रह २०४५ मा प्रकाशित गरी कर्णालीको कथा साहित्यमा कृतिपरक योगदान प्रारम्भ गरेका हुन् । शाहकै कुरुक्षेत्र (कथासङ्ग्रह, २०७१), योगेन्द्र कन्चनको 'युग (कथासङ्ग्रह, २०४५)', लोकेन्द्र शाहको लोकेन्द्रका कथाहरू (कथासङ्ग्रह, रुरु), गणेशबहादुर जिसीका अज्ञात अनाथनी (कथासङ्ग्रह, २०५०), क्रन्दन (कथासङ्ग्रह, २०५०), मङ्गलचा (कथासङ्ग्रह, २०५३), हाइकु कथाहरू (कथासङ्ग्रह, २०७९) मृत्युफूल (कथासङ्ग्रह, २०८०), पृथ्वीबहादुर सिंहको लाहुरे (कथासङ्ग्रह २०६१), बखतबहादुर थापाका आघात (कथासङ्ग्रह, २०६२), कम्प्युटर आतङ्क (कथासङ्ग्रह, २०६९), शीर्षकसँगै सरिता (कथासङ्ग्रह, २०७५), आमा नभएको घर ( कथासङ्ग्रह, २०८१), झक्कुप्रसाद पुन 'निर्मम' (२०२७–२०६२ मङ्सिर १४) को अभ्यस्त सिपाही (कथासङ्ग्रह, २०६२), कमल निओलका नयाँ इतिहास (कथासङ्ग्रह, २०६३), भोको रात (कथासङ्ग्रह, २०६५), विष्णु रिजालको

तनावग्रस्त (कथासङ्ग्रह, (२०६३), वसन्त श्रीका बाध्यता एक कथा दुई नायिका (कथासङ्ग्रह, २०६३), उज्यालोको खोजी (लघुकथासङ्ग्रह, (२०६४), मधुश्री र वसन्तश्रीको संयुक्त मधुमाधव (कथासङ्ग्रह, २०७३), मधुश्री तिमी र म (२०७३), दिलीप शाहका मौनधारण (कथासङ्ग्रह, २०६४), जालो (कथासङ्ग्रह, २०६६), श्रद्धासुमन (कथासङ्ग्रह २०६८), बघिनी (कथासङ्ग्रह, २०७०), चियर्स (कथासङ्ग्रह, २०७५), मुर्दार काठमाडौँ (कथासङ्ग्रह, २०६९), गणेश शाहको लावण्य देशका राजा र साँगालीहरू (कथासङ्ग्रह, २०६५), हरिश्चन्द्र शाही (कथासङ्ग्रह, २०३२) को छायाँभित्रका बुट्यानहरू (कथासङ्ग्रह, २०६७), शशीराम कार्कीका सपनाको देश (कथासङ्ग्रह, २०७२), मन्दाकिनी (कथासङ्ग्रह), कमलमणि देवकोटाका खिचडी (कथासङ्ग्रह, २०७२), अवसरवाद (लघुकथासङ्ग्रह, २०७३), उमालाल आचार्य (२०२३) का कसुर (कथासङ्ग्रह, २०७३), डान्सवार (कथासङ्ग्रह, २०७९) भक्तु बुढाका अभ्यस्त हात (कथासङ्ग्रह), पूर्ण ओलीका यालमाया (कथासङ्ग्रह, २०७७), जितौरी (कथासङ्ग्रह, २०७७), छविलाल खड्काको आशीर्वाद (कथासङ्ग्रह, २०७८), बखतबहादुर शाहीको लुटिएको माया (कथासङ्ग्रह, २०७०), एक्कबहादुर केसीको तीन पेटाराको कहानी र दुर्व्यसनी कथा, चरित्रा शाहको तातेताते (कथासङ्ग्रह, २०८०), गिरीप्रसाद बुढाको खतराको घन्टी (कथासङ्ग्रह, २०८१), जितबहादुर शाहको ध्यानाकर्षण (लघुकथासङ्ग्रह, २०८१), रमेश क्षितिजको एउटा मायी नगरमा (कथासङ्ग्रह, २०८१) प्रकाशित भएका छन् ।

सल्यानका स्रष्टा तुल्सीराम कुँवरले रणे (उपन्यास, २०१८), जीवन (उपन्यास, २०२०), सङ्घर्ष (उपन्यास, २०२४) अभियान (उपन्यास, २०२६) घामछायाँ (उपन्यास, २०३१) नेटोपारि (उपन्यास, २०३१) उज्यालोतिर (उपन्यास, २०३३), गरिबीविरुद्ध (उपन्यास, २०४०) संयोग (उपन्यास, २०४५) जस्ता उपन्यास प्रकाशित गरी यो विधाको कर्णाली प्रदेशमा नेतृत्व गरेका हुन् । यो परम्परामा भीमप्रसाद श्रेष्ठ (१९८७-२०५४) को नौमती (खस भाषाको उपन्यास, २०५१), प्रेम कैदी (सन् १९५४) का षड्यन्त्रको जालो (जासुसी उपन्यास, २०२८) नारायणगढको हत्याकाण्ड (जासुसी उपन्यास, २०२९) यतिको आक्रमण (जासुसी उपन्यास २०३०), प्रेममान श्रेष्ठ (२००९) का म पनि माननीय उम्मेदवार (उपन्यास, २०४३), राजनीतिक सुझाव माला (उपन्यास, २०३७), उपाधि (उपन्यास, २०३६), राजनीतिक गीता (उपन्यास, २०३९), वीरसिंह विश्वकर्मा (२०२१) का चेतना (उपन्यास, २०५०), प्रदेशी (उपन्यास, २०५०), अभियान (उपन्यास, २०५१), अँधेरी रात (उपन्यास, २०५१), गणेशबहादुर जिसी (२००५) को सम्झौता (लघुउपन्यास, २०५०), वसन्ती शाही (२०२५) को आधा जीवन (उपन्यास, २०५०), शिवनारायण विसीको प्रेम पासो (उपन्यास, २०५५) पृथ्वीबहादुर सिंहको जब जनता ब्युँझन्छन् (उपन्यास, (२०५७), लुना चौलागाईंका बुहारी (उपन्यास, २०५७) आमा (उपन्यास, २०५९), बखतबहादुर थापाका परदेश (सामाजिक उपन्यास, २०५८) कालचक्र (उपन्यास, २०६४), जङ्गेको डायरी (उपन्यास, २०७४), देशान (उपन्यास, २०७८), कुहिरो र काग (उपन्यास, २०६१), समीर शाहको परिदृश्य (उपन्यास, २०६२), कुहिरो र क्षितिज (उपन्यास, २०६३), नीरज आचार्यको नयाँ सत्ताको गीत (उपन्यास, २०६१), कमलमणि देवकोटा (२०१८) को चाँदनी (उपन्यास, २०६३), गोविन्द नेपालीको अन्जान अप्सरालाई रविका पत्र (उपन्यास, २०६३), रामप्रकाश पुरीका नानीकी आमा (उपन्यास, २०६३), वनमाराका बुटाहरू (उपन्यास), सच्चाईको गीत (उपन्यास, रुरु), कमल निओल (२०२८) को मुक्तिमार्ग (उपन्यास, २०६४), नदीराम केसीको विद्रोहको गीत (उपन्यास, २०६४), विश्वबन्धु डिसीको नयाँ संसार (उपन्यास, २०६५), लक्ष्मीप्रसाद पौड्यालका मेरो कल्पनाको नेपाल (उपन्यास, २०६६), अनशन (उपन्यास, (२०६७), वसन्त रोकायाको रूपान्तरण (उपन्यास, २०६८), धनराज वास्तविक (उपन्यास, २०४५) को अनुमतिबिना प्रवेश निषेध (उपन्यास, २०७२), नगेन्द्रप्रसाद आचार्यको सेतो फूल (उपन्यास), बखतबहादुर शाहीको छोट्टी (उपन्यास, २०७५) र भ्या (उपन्यास, २०८१), भूपाल रावतको जुन हराएको रात (उपन्यास, २०७६) प्रेमप्रकाश मल्ल मधुकरको झरेको पात (उपन्यास, २०७६), शशीराम कार्कीका मनको उडान (उपन्यास, २०७७), आरन (उपन्यास २०८२), ओम रिजालको हटारु (उपन्यास, २०७८) रविना रोकायाको धर्मकन्या (उपन्यास, रुरु), राजेश विश्वकर्मा 'अतीत' को रङ्ग हराएको जिन्दगी (उपन्यास, रुरु), अनिल योगीको पलायन (उपन्यास, रुरु), लक्ष्मण पाण्डेको मायाबिनी (उपन्यास, रुरु), भूपेन्द्र शाहीको बन्दगृह (उपन्यास रुरु), एसबी रसाइली यहाँ यस्तै छ (उपन्यास, रुरु) र गणेश शाह (२००६) को चल्ली (लघुउपन्यास) आदि प्रकाशित रहेका छन् ।

## बालसाहित्य, नाटक र हास्यव्यङ्ग्यका पुस्तक

कर्णाली प्रदेशमा नाटक प्रदर्शनीको समृद्ध परम्परा रहे पनि कृति प्रकाशन अत्यन्त कमजोर स्थिति छ । गणेशप्रसाद चौलागाईंको प्रदेशी (गीतिनाटक, २०३३), रामकृष्ण बुढाथापाको प्रतिज्ञा (गीतिनाटक, २०५१), कसम (गीतिनाटक, २०५३), गोविन्द नेपालीको परिश्रमको फल (गीतिनाटक, २०५९), गणेशभक्त गौतम युगारम्भ (नाटक, २०७०), पूर्ण ओली दिन फिर्छन् त ? (रुरु, २०५२), मान्छेको माया (गीतिनाटक, २०७३), लोकेश पुन अधुरो यात्रा (एकाङ्कीसङ्ग्रह, २०६५), सज्जत खानको दुनियाँको रङ्गमञ्च (सडक नाटकसङ्ग्रह, २०६६) प्रकाशित रहेका

छन् । त्यस्तै हास्यव्यङ्ग्य विधा कर्णालीमा टाक्सिएको स्थितिमा छ । मरुभूमिमा एक वाछिटा झैँ खड्कबहादुर स्वाँरको नेपालीपनको टोपी (हास्यव्यङ्ग्यसङ्ग्रह, २०५८) प्रकाशित रहेको छ । कर्णालीमा बालसाहित्य पनि अत्यन्त न्यून लेखिएको छ । बलभद्र भारती (२०२४) को नयाँ नयाँ साथी (बालकवितासङ्ग्रह, २०५९), मधुसूदन गिरीको धर्तीकी परी (बालकवितासङ्ग्रह, २०६५), मेरो सानो खुब्रुके (बालकथा, (२०६६), जगत प्रेक्षित सेता हाँस र मुसाहरू (रुरु, २०६६), कालीबहादुर शाहीको वनपालेको छोरो (बालकथा, २०६८) नौरङ्गी डाँफे (बालकथा, २०७९), उषा हमालको बालु (बालउपन्यास, २०७३), बुधन उड्न सकेन, धानसँगै छमछमी, मुनु र पुलु, परी दिदीको कथा, सोनामको लाटो कोसेरो (बालकथासङ्ग्रह, २०७७), रविना रोकायाको सानी आमाको माया (बालकथासङ्ग्रह, रुरु), कमल निओलको बहादुर गाउँ थवाङ (बालकथासङ्ग्रह, २०६५), रमेश रोका (२०५०), मेरो डोल्पा (बालकवितासङ्ग्रह, २०६७) जस्ता कृति प्रकाशित रहेका छन् ।

## राजनीतिक, सामाजिक तथा सांस्कृतिक पुस्तक

२०२६ सालमा बेन्नुको सम्पादन गरी २०२७ मा जुम्लेली उखान तथा शब्दसङ्ग्रह छापेका इतिहासकार रत्नाकर देवकोटा (१९९९) का कर्णाली अञ्चलका प्रमुख धार्मिक र सांस्कृतिक स्थल, कर्णालीको अथःइति, दुई शताब्दीभित्रको जुम्लाको प्रशासनिक इतिहास, जुम्ला राज्यको ऐतिहासिक विवेचना (२०६४), कर्णालीको खोजी र खबरी (२०४७), कर्णालीको अथःइति (२०४६) प्रकाशन गरी योगीपछिको सामाजिक, सांस्कृतिक अध्ययनलाई नयाँ उचाइ दिएका थिए । यो परम्परामा कर्णालीको एक अध्ययनशील राजनीतिककर्मी भीमप्रसाद श्रेष्ठले सम्पादन गरेको कर्णाली एक विटो अध्ययन (२०२८) होस्, रङ्गनाथ जोशी (२००६) को कम्युनिस्टविरोधी गलत हल्लाहरूको खण्डन, प्रेम कैदीको कर्णालीमा स्वायत्त शासन (२०४६) कर्णालीको राजनीतिक, सामाजिक तथा सांस्कृतिक चेतनाको दियालो सल्काउन प्रारम्भ गर्ने पुस्तक हुन् ।

५० को दशकमा शिवनारायण बिसीका सुर्खेत उपत्यकाको सेरोफेरो (२०५०), सुर्खेतका थारू जाति (२०५०), सुर्खेतका जनजाति (२०५४), जुनकिरी (लेखसङ्ग्रह, (२०७२), मानव र प्रकृति (लेखसङ्ग्रह, २०७९) बाँसपानीको दोभान (लेखसङ्ग्रह, २०८१), बतासे डाँडा (लेखसङ्ग्रह, २०८०), राजुराजा सिंह (रुरु, २०२१) आधारभूत स्वास्थ्य शिक्षा (रुरु, २०५४), जाजरकोट दर्पण ऐतिहासिक सामाजिक तथा सांस्कृतिक खण्ड (रुरु, २०५६), ललितनाथ योगी (२००५) योगसिद्धान्त, पद्धति तथा घरेलु औषधी (२०५७), योगसिद्धान्त (२०६२), योग सन्न्यास कर्मपद्धति (२०६६), पञ्चकोशी, पञ्चस्नान दुल्लु (०७२), सिँजा, दुल्लु ज्वालास्तुति (२०७४), कर्णाली, मेरी दुर्लङ्घ्य नगरीका दन्त्यकथा (२०७७), शिवविधि (२०७६), श्रीस्थानका पाँचमण्डप (२०७८), नाभिस्थान गुठीका वंश र बस्तीहरू (२०८०), योगसन्यास कर्मविधि (२०७४), भानुभक्त भारती (२०१५) मानव अधिकार (२०५४), पत्रकारिता (२०५६), प्यारिलाल धितालको कर्णालीको कथाव्यथा (२०५०), पृथ्वीबहादुर सिंहको नेपाल कम्युनिस्ट पार्टीको ऐतिहासिक झलक (२०५७), पृथ्वीबहादुरका छानिएका रचनाहरू (२०६७), समयसन्दर्भ (स्तम्भसङ्ग्रह, २०७४), हरिबाबु चौलागाईं (२०२८) को जुम्लाको परिचय (२०५८), जुम्लाका धार्मिक तथा पर्यटकीय स्थल (२०६८), जुम्ला आँखीभ्याल (२०६४) ज्ञान सँगालो (२०६५), खस भाषा शब्दकोश (२०५८), प्रकाश ज्वाला (२०२३) प्रतिनिधि सभामा प्रकाश ज्वाला (२०५७), एक्काइसौँ शताब्दी समाजवादी शताब्दी (२०५८), वैचारिक विचलनको भुमरीमा माओवादी आन्दोलन (२०५८) जस्ता कृतिहरू लेखिए ।

त्यस्तै साठीको दशकमा राजनीतिक कृति प्रकाशन सुरु गरेका जनार्दन शर्मा (२०१९) का प्रचण्डपथ दर्शन र सैन्य कार्यदिशा (२०६३), पार्टी निर्माणबारे (२०७२), आत्मनिर्भर नेपाल (लेख, अन्तर्वार्तासङ्ग्रह, २०७९), मनऋषि धितालको युद्ध र पत्रकारिता (संयुक्त, २०६४), थोमस बास्तोलाको डा. केवी रोकायाः जीवनी र विचार (लेख, अन्तर्वार्तासङ्ग्रह, २०६४), लोकेन्द्र विष्टमगरको नेपाली राजनीतिका समस्या र समाधान (लेखसङ्ग्रह, २०६५), पूर्णबहादुर सिंहका नेपाली शैक्षिक क्रान्ति र राजनीतिक सत्ता परिवर्तनको प्रश्न (२०६५), शैक्षिक क्रान्ति र एकीकृत जनक्रान्ति (२०७१), वैज्ञानिक समाजवाद र जनगणतन्त्र कोरिया (२०७४), वैज्ञानिक समाजवादका आधार (२०७९), प्रेमबहादुर सिंह (२०१०) संविधान सभा, राज्यको पुनसंरचना र समावेशी लोकतन्त्र, एक प्रस्ताव (२०६३), संविधान निर्माण : घटना र अनुभूति (राजनीतिक इतिहास, २०७६), भीमबहादुर फडेरको धर्तीका तारा (सहिदहरूको जीवनी २०६४), डा. दीपेन्द्र रोकायाको खस व्यासी थपाल्याको नलेखिएको इतिहास (२०६६), लिपुलेक नाका : भ्रम र यथार्थ (२०७७), कर्नालीको मर्म (२०८०), धर्मेन्द्र बास्तोला (२०१९) अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका शिक्षाहरू (लेखसङ्ग्रह २०६७), समकालीन विश्व कम्युनिस्ट आन्दोलन (लेखसङ्ग्रह, २०७३), मार्क्सवाद कि सुधारधार ? (लेखसङ्ग्रह, २०७५), विद्यापुरका मोति : मोतिलाल बास्तोला (जीवनी २०८०), खडानन्द चौलागाईं (२०२८) को कर्णालीको परिचय (सामान्यज्ञान, २०६१), हेमन्तप्रकाश वलीको प्रचण्डपथ : एककाइसौँ शताब्दीको विचारधारात्मक छलाङ, दर्शनसम्बन्धी नोटबुक, दर्शनशास्त्रको इतिहास (२०८१), हिक्मत विष्ट (२०१५) द्वन्द्वको दरार (लेखसङ्ग्रह, २०६५), जय पराजय (लेखसङ्ग्रह, २०७६),

मनोहर लामिछानेको षड्यन्त्रमा संविधान र भारतीय हस्तक्षेप (लेखसङ्ग्रह, २०६८) डा. केवी रोकाया (१९५४) क्रमभङ्गता र रूपान्तरण (लेखसङ्ग्रह, २०६८), राजबहादुर कुँवरका सहिदगाथा (२०६६), कर्णाली वर्गसङ्घर्षको आँखीभ्यालबाट (२०६९), सहिद हरिबहादुर कुँवर स्मृतिग्रन्थ (२०७४), पूर्णप्रसाद आचार्य (२०३३) को जीवनविचार सँगालो (२०६४), नेपाली कांग्रेसमा क्रियाशील द्वन्द्व (२०७०), जुम्ली मार्सीधान (२०७५), चित्रसिंह गाउँले (२०३८) को नौलो कर्णाली बनाउन्या मेसो (लेखसङ्ग्रह, २०६५), गिरीप्रसाद बुढाको पेमा लामा प्रश्नोत्तर माला (अनुवाद), खाम भाषा (२०६५), टेकबहादुर थापामगरको विचारको सँगालो (कोटेसनसङ्ग्रह, २०६५), जीवनकुमार शाक्यको शाक्यमुनि बुद्ध र वहाँको शिक्षा, सुर्खेत एक चिनारी (२०६४), डबल महताराको कलावती, सङ्घर्ष र जीवन (जीवनी, २०६६), नगिन्द्र शाहीको नेसनल युद्धभित्रको कर्णाली (२०६६) सोनाम तोर्चे लामा/गुरु स्याङ्ग्याप लामाको हामी कार्मारोङ (२०६६), उदयबहादुर चलाउनेको जनयुद्ध र जनमुक्ति सेना : सैद्धान्तिक खण्ड (२०६६), जनयुद्ध र जनमुक्ति सेना : समीक्षा खण्ड (२०७२), सुशील शर्माको सुर्खेतको इतिवृत्त (२०६७), देवेन्द्र विसीको सुर्खेत कम्युनिस्ट आन्दोलनको इतिहास (२०६८), कर्णजित बुढाथोकी 'सुशील' (२०३५) को नेता कार्यकर्तामा हुनुपर्ने गुणहरू (२०६८), एक्काइसौँ शताब्दीमा समाजवादको नयाँ यात्रा (२०७७), नाटक नै यथार्थमा बदलियो (२०७०), नरेन्द्रनाथ योगी र कवि पोखरेलको कर्णाली प्रदेशको सङ्घीयता : भौगोलिक तथा समाजशास्त्रीय दृष्टिकोण (संयुक्त २०६७), लोकेन्द्र रानाको सहिदगाथा (सहिदहरूको जीवनी, २०६८) जस्ता कृति प्रकाशित भएका छन् ।

सत्तरीको दशकमा जितबहादुर शाहका शैक्षिक गन्तव्य (चिठीहरूको सँगालो, २०७०), सुनपानी र सपना (२०७१) विद्यार्थी देवो भवः (शैक्षिक लेखसङ्ग्रह, २०७३), प्रकाश रोकायाको कर्णालीमा सामन्तवाद : हिजो र आज (२०७१), कन्जोक लामा (२०३३) का हुम्ली भोटे लामा नेपाली शब्दकोश (२०७१), हुम्ली भोटे लामा संस्कृति र बहुपतिप्रथा (२०७८) भोटे लामा, जाति र भाषा (२०८०), लक्ष्मीकन्या बुढाका कर्णालीमा महिला भाग १ (लेखसङ्ग्रह, ०७२) कर्णालीमा महिला २ (लेखसङ्ग्रह, २०७५), मुक्ति अभियान (लेखसङ्ग्रह, २०७७), बेदप्रसाद पाण्डेको कर्णालीको पहिचान कर्णालीको खस राज्य (२०७२), अजबहादुर गिरीका साम्यवादी दर्शनका स्रोतहरू (२०७२), जडीबुटी कुञ्जसङ्ग्रह (२०७७), जडीबुटी कुञ्जसङ्ग्रह (२०८०), गोरख बोगटीका कर्णालीमा कम्युनिस्ट आन्दोलन (२०७२), कर्णाली प्रदेश : विगत, वर्तमान र समृद्धिका सम्भावनाहरू (२०७५), कर्णालीमा पर्यटन विकासका सम्भावना र अवसरहरू (२०७७) कर्णाली विगत, वर्तमान र समृद्धिका सम्भावनाहरू (२०७५) समकालीन विचारहरू (लेखसङ्ग्रह, रुरु), खडकबहादुर विश्वकर्माको प्रकाण्डका छानिएका रचनाहरू (लेखसङ्ग्रह, २०७३), पुरिचन्द्र देवकोटा (२०२३) को कर्णाली दर्पण (२०७३), मणिकुमार पोखरेलको रुपाटारको रङ, सुर्खेतको सुगन्ध (२०७४) भीमबहादुर ज्ञामी रानाको लेखफर्साका पाँच महिमा पुरुष साथमा आत्मकथा (२०७४), रामसिंह रावलको सिन्डीकेट : लोकतन्त्र र राजनीति (लेखसङ्ग्रह, २०७४), वासुदेव उपाध्यायको लामा-विष्णु सांस्कृतिक समन्वयको प्रतीक (२०७४), डा. गोविन्द नेपालीको गोविन्दका मौलिक ज्ञानको कला सिद्धान्त (२०७४), नेपालमा रैथाने गन्धर्व सभ्यता (२०७६ रैथाने दमाई जातिको लोकजीवन (२०७९), योगेन्द्र शाहीको नेपालमा भूमिसुधार : वामपन्थी दृष्टिकोणको पुनरावलोकन (२०७५) योगेन्द्र शाही डोल्पाको हिउँरानी इतिहासदेखि वर्तमानसम्म (२०७५), उषा हमालको स्कुलभित्र स्कुलबाहिर (लेखसङ्ग्रह २०७६), डा. दीपक गौतमको लेखसङ्ग्रह (२०७६), पूर्णसिंह धामी (२०१९) को कर्णालीको सङ्क्षिप्त संस्कृति (हस्तलिखित कृति, २०७६), मोतिराज बमको अतुलनीय क्रान्ति योद्धा गणेशमान सिंह (जीवनी, २०७६), डा. राधा बुढथापा खत्रीको महिला, चासो र चिन्तन (२०७७), तिलकराज भण्डारीको जनयुद्धको हस्ताक्षर (पत्रसङ्ग्रह, २०७७), तुलाराम थानीको गायत्री महाविज्ञान, युगनिर्माण योजना (२०७७), मनबहादुर रावलको जाजरकोटको इतिहास र संस्कृति (२०७८), भरतबन्धु थापाका फोटो पुस्तकहरू तस्बिरमा नेपाल (२०७८) वेस्टर्न नेपाल (सन् २०२२), पञ्चकोशी दैलेख, वाइल्ड वेस्ट नेपाल अ पिक्चरिअल जर्नी नेपाल इन इमेज (२०७९), इन्द्रलाल गिरीको सन्न्यासी र दशनामीको परिचय एवम् संस्कार (२०७९), मानबहादुर चौधरीको हाम्रो थारू समाज र संस्कृति (२०७९), ई. बलिराज मल्लको सिंजा साम्राज्यको इतिहास, रैशेरी कोट मल्लहरूको वंशवृक्ष (२०७९), डा. नवराज केसीका शून्यको मूल्य (गैरआख्यान, २०७९), स्वःस्पर्श (२०८२), लक्ष्मणदेव गिरीको सुर्खेतका केही चर्चित व्यक्ति र विविध वृत्तान्त (२०७९), जगतप्रसाद रिजालको पञ्चकोशी तीर्थविधान र पदमार्ग परिचय (२०७९), मेघराज खड्काको रुकुमको पत्रकारिता : इतिहास र समस्या (२०७९), भरत बमको राज्यसत्तामा कम्युनिस्ट : क्रान्ति र भ्रम (२०८०), देवीलाल चौलागाईंको राजनीति, विकास र प्रशासन (२०८०), कर्णबहादुर रोकायाको दोचादोफर गुठी र हुम्ला (२०८०), रैथाने अन्नबालीमा हुम्ला (२०८०), स्थलगत लिमी (२०८०), हिउँ लोकसुसेली (२०८०), बाँच्ने प्रयास (२०८०), ओ सेलीमा ! ओ खार्प । लुङ लुङ (२०८०), जुनकिरीको उज्यालोमा हुम्ला (२०८०), तपाईंको मुखमा मास्क ? (२०८०), हुम्लाका चाडपर्व (२०८०), समाचारमा हुम्ला (२०८०), पशुधनमा हुम्ला (२०८०), हुम्लाका स्थानीय

जनप्रतिनिधि (२०८०), ऊँ मरुत (२०८०), गोरखबहादुर विसीको भू-राजनीतिको चक्रव्यूह (लेखसङ्ग्रह, २०८०), रमेश घर्ती 'आलोक' को फाउन्डेसन अफ मिनिङफुल लाइफ (२०८०), कलेन्द्र सेजुवालको फल्स फ्रन्ट पेज (पत्रकारिता, २०८०), सत्यनारायण श्रेष्ठको गुनामे श्रेष्ठ (नेवार) वंशावली, कमलकुमार सिंहको कानुन प्रणाली, खकेन्द्र केसीको सल्यानको चिनारी (२०८०), माधव चौलागाईंको सपादलक्ष कर्णाली (२०८१), सत्य पहाडीका जनयुद्ध, शान्ति र शिक्षाहरू (२०८१), जनसमरका पत्र (२०८१), चन्द्रप्रकाश घर्तीको जाजरकोटको एक अनन्त यात्री (२०८१), गणेशमान सिंहको सल्यानको इतिहास, नदीराम केसीको मग्माली गौतम वंशावली जस्ता महत्त्वपूर्ण पुस्तकहरू प्रकाशित रहेका छन् ।

## कर्णालीमाथि स्वदेशी तथा विदेशी लेखकका कृति

कर्णालीको भाषा, संस्कृति, इतिहासको खोज र अनुसन्धान गरी नेपाली र विदेशी इतिहासकार, साहित्यकारले कर्णालीलाई विश्व मानचित्रमा उजिल्याएका छन् । नेपाली इतिहास र संस्कृतिका मानक ग्रन्थ रचेका छन् । ती कृतिमा बालकृष्ण पोखरेलको पाँच सय वर्ष (२०२०), खस जातिको इतिहास (२०५६), मङ्गल प्रकाशनको राराप्रति (२०२१), सत्यमोहन जोशीको कर्णालीको लोकसंस्कृति १ इतिहास (२०२८), स्थिरजङ्गबहादुर सिंहको कर्णालीको लोकसंस्कृति २ भौगोलिक दृष्टिकोण (२०२८), विहारीकृष्ण श्रेष्ठको कर्णालीको लोकसंस्कृति ३, जनजीवन दियारगाउँका ठकुरीहरू ( (२०२८), चूडामणि बन्धुको कर्णालीको लोकसंस्कृति ४, भाषा (२०२८), प्रदीप रिमालको कर्णालीको लोकसंस्कृति ५, साहित्य, सङ्गीत, कला (२०२८), मोहनबहादुर मल्लको सिँजा इतिहासको डोरेटो (इतिहास, २०३३), जनकलाल शर्माको कौतुकमय डोल्पो (नियात्रा (२०३१), पूर्णप्रकाश नेपाल यात्रीका सिँजाको ऐतिहासिक रूपरेखा (इतिहास २०४२), भेरीको लोकसाहित्य, राराको सौराईं (नियात्रा २०५७), भेरीका गाउँघर (नियात्रा, २०७६), देवीचन्द्र श्रेष्ठका हुम्ला बोल्छ मानसरोवर (संस्मरण २०३७), घामपानीको छापविदो (२०४५), प्राडा सूर्यमणि अधिकारीका पश्चिम नेपालको खस अधिराज्य ((२०५३) बाइसे राज्यको इतिहास (२०६०), खस साम्राज्यको इतिहास (२०६१), गोविन्द काफ्लेका योगी नरहरिनाथ : जीवन एवम् कर्म (२०५२), योगी नरहरिनाथका चिठीहरू ( (२०८०), राजाराम सुवेदीको कर्णाली प्रदेशको मध्यकालीन इतिहास (२०५४), मोहनप्रसाद खनालको पश्चिम नेपालका मूर्ति र स्थापत्य (२०५५), रवीकिरण निर्जीवको कालो कर्णालीको सेतो छाया (उपन्यास, २०५६ चैत), हुमकान्त पाण्डेका हुम्लाको लोकसाहित्य (२०५८), मागल, डा. राधा पौडेलका खलङ्गामा हमला : एउटा नर्सको डायरी (सन् २०१३), कर्णाली प्रदेशका देउडा गीत (२०७९), वसन्त महर्जनको खस साम्राज्यमा बौद्ध धर्मको उत्थान र पतन (२०७२), सोमत घिमिरे र टीका भट्टराईको समृद्ध कर्णालीको दुःख (लेखसङ्ग्रह, २०७२), डा. रामविक्रम सिँजापतिको प्रज्ञा जुम्ली नेपाली शब्दकोश, विजयध्वज थापाको कर्णालीको कुनोदेखि मानसरोवरसम्म (२०७३), विष्णुप्रसाद शर्माका डोल्पो : विश्वको जीवित सङ्ग्रहालय (यात्रा, २०७४), कर्णालीमा प्रचलित दर्शन परम्परा (२०७८), प्रतीक ढकालको त्यो उज्यालो कर्णाली (२०७८), युवराज नयाँघरेको याकजी (२०७९), प्रोडा ग्रेगोरी ग्याब्रियल मस्कारिनेकको रात्रीका निर्देश (२०६९), रञ्जु दाहालको डोहोडोहो डोल्पो (नियात्रा, २०८०), भवानी खतिवडाको आकाश ओढेको डोल्पो (२०८०) आदि कृतिहरू उल्लेखनीय रहेका छन् ।

## अङ्ग्रेजी भाषाका कृतिमा कर्णाली

कर्णालीको इतिहास संस्कृत, पाली, तिब्बती भाषामा लिपिबद्ध भएको सर्वविदितै छ । २००७ सालपछि अङ्ग्रेजी, फ्रान्सेली तथा इटालेली भाषामा कर्णालीमाथि पुस्तकहरू प्रकाशित भएका छन् । स्वदेशी तथा विदेशी लेखकले कर्णालीको इतिहास, भाषा, कृषि, विज्ञानदेखि लोककथासम्मका किताब प्रकाशित गरेका छन् । तीमध्ये जगन्नाथ अधिकारीको फुड क्राइसिस इन कर्णाली : अ हिस्टोरिकल एन्ड पोलिटिकल इकोनोमिक प्रस्पेक्टिभ (२००८), हुम्ला फुड इनसेकुरिटी एन्ड अन्डरडेभलपमेन्ट, बन्धु चुरामाईको सिँजाली स्टडिज इन लिंग्वेस्टी वेहिविहर : अ कलेक्सन अफ पेपर्स वेस्ड अन द फिल्डवर्क डन इन कर्णाली जोन अफ नेपाल (१९७१), केनेट मिचेल वउरको हाई फ्रन्टिएर्स डोल्पो एन्ड द चेन्जिङ वर्ल्ड अफ हिमालयन पार्स्टोलिस्टस (२०००८), विसप सी वेरीको कर्णाली अन्डर स्ट्रेस लिभलीहुड स्ट्राटेजी एन्ड सिजनल रिदम इन अ चेन्जिङ नेपाल हिमालय (१९९०), विमल सिंह विष्टको राइट टु एजुकेसन द रियालिटिज इन कर्णाली (२०१४), जेम्स एफ फिसरको ट्रान्स हिमालयन ट्रेडर्स इकोनोमी, सोसाइटी एन्ड कल्चर इन नर्थवेस्ट (१९८७), ह्यमनड्फ फ्युरी र भान क्रिस्टफको हिमालयन ट्रेडर्स लाइफ इन हाइल्यान्ड नेपाल (१९८८), हर्क गुरुङको भिग्नेटस अफ नेपाल (१९८०), कर्नेल जेस्टको तराप अन भ्याली दान्स हिमालय (१९७४), डोल्पो कम्युनेटस दे ल्याङ्ग्वेज तिबेतेन डु नेपाल (१९७५), टेल्स अफ द टर्वक्वाइज : अ पिलग्रिमेज इन डोल्पो (१९९३), वाइसी लामा, एसके घिमिरे र वाइए थोमसको मेडिसिनल प्लान्टस अफ डोल्पा : नलेज एन्ड कन्जरभेसन (२००१), क्यारी मिचेलको अ न्यारेटिम इन्वारी अफ वमेन्स इन मुगु नेपाल : आइडेन्टिज पावर रिलेसन्स एन्ड एजुकेसन (२०११), नामग्याल रिम्पोचेको डोल्पा : द हिडेन ल्यान्ड (२००५), रवीन्द्र रायको माउन्टेन लिभली हुड्स इन अपर हुम्ला नेपाल एन अपराइजल अफ द कन्ट्रिब्युसन अफ नन टिम्बर फरेस्ट प्रोडक्टस् (२०१०), डेभिड सेडन र जगन्नाथ अधिकारीको कन्फिलिक्ट एन्ड

फुड सेकुरिटी अ प्रिलिमिनरी एनालाइसिस विथ रिफरेन्स टु कर्णाली जोन इन नेपाल (२००३), कर्ण शाक्यका डोल्पो द वर्ल्ड विहाइन्ड द हिमालयन्स (१९७८), डोल्पो द हिडेन प्याराडाइज अ जर्नी टु द इनडेन्जर्ड स्यान्चुरी अफ द हिमालयन किङ्गडम अफ नेपाल (२००७), निमा वाङ्चुक शेर्माको नेचुरल फिचर्स एन्ड भेजिटेसन अफ सेफोक्सुन्डो नेसनल पार्क, डोल्पो (१९८७), विहारीकृष्ण श्रेष्ठको अ हिमालयन इनकेलेभ इन ट्रान्जिसन : अ स्टडी अफ चेन्ज इन द वेस्टर्न माउन्टेन्स अफ नेपाल (१९९३), डेभलपिङ हुम्ला निड फर अ रोड प्लस एप्रोच (२०१०), तीर्थबहादुर श्रेष्ठको इकोलोजी एन्ड भेजिटेसन अफ नर्थ वेस्ट नेपाल कर्णाली रिजन (१९८२), सत्य श्रेष्ठ स्किपरको रिलिजन एट पउभिअर चेज डेस इन्डो नेपलिज डे लाउस्ट डु नेपाल (जुम्ला, २००३), डेभिड लि. स्नेलग्रोभको फोर लामाज अफ डोल्पो : टिबेटन अटोबायोग्राफिज (१९६७), म्यारी ई. टेलरको एनालाइसिस अफ सिस्टम द जुम्ला कम्युनिटी हेल्थ प्रोग्राम (२०००), जोसेफ टुचीको प्रिलिमिनरी रिपोर्ट अन टु साइन्टिफ एक्सपेडिसन इन नेपाल (१९५६), नेपाल द डिस्कभरी अफ द मल्ल (१९६०), पी ह्विटम्यानको एग्रिकल्चर इन जुम्ला एरिया एन इनटर्म रिभ्यू अ टेक्निकल रिपोर्ट बेस्ड अन द एक्टिभिटिज अफ जुम्ला एग्रिकल्चर फार्म १९७७–१९७८ (१९७९), पार्कर अन्टिन र विस याकोवको हिमालयन ओडेसी द प्रिलियस ट्रेक टु वेस्टर्न नेपाल (१९९०), रामनिवास पाण्डेको मेकिङ अफ मोडर्न नेपाल (१९९७), दोर्जे डोल्पाको याक गर्ल (२०१८), टिबी हावर्ड र अरूको अ हिस्टोरिकल सर्भे अफ द सुर्खेत भ्याली (२०१७), मिरिम विश्वकर्माको एसेसिङ डिपेन्डेन्सी फुड सेकुरिटी एन्ड द इम्प्याक्ट अफ फुड एड अन लिभिली हुड इन मुगु, ग्रेगोरी मस्कारिनेभको द रुलिङ अफ द नाइट (१९९५), टीका भट्टराई र सम्राट कटवालको कर्णाली पिपुल्स एन्ड प्लेसेस (२०२०), हन्ना रुवरको अफ साल्ट एन्ड राइस लाइफ एन्ड ट्रेड अफ द भोटे खम्पा इन फारवेस्टर्न नेपाल (२०२२), मेरियाता काइन्डको मेनड्रव (२००२), सिड्नी रुथको द अदर साइड अफ पोलियान्ड्री (१९८७), मार्टिन स्याक्सरको प्लेसेस इन नटस् रिमोटनेस एन्ड कनेक्टिभिटी इन द हिमालयास एन्ड वियोन्ड (२०२२), हायामी यासुनोको मेनिफेस्टि गडस् एन्ड रेमिडियल फल्टस् द मस्ट कल्ट अफ वेस्टर्न नेपाल (२०२८), साइरस स्टर्नसको द बुद्ध फ्रम डोल्पो (२०१०), प्याट्रिसिया र काप्लानको प्रिस्ट एन्ड कोब्लर्स (१९७२), प्रयागराज शर्माको प्रिलिमिनरी स्टडी अफ द आर्ट एन्ड आर्किटेकचर अफ द कर्णाली बेसिन (१९७२), विहारीकृष्ण श्रेष्ठको अ हिमालयन इन्केलेभ इन ट्रान्जिक्सन (१९९३), सूर्यमणि अधिकारीको द खस किङ्गडम (१९८८), जाना फर्टियरको किङ्गस अफ द फरेस्ट (२००९), स्टान अर्मिगटन र सुशील उपाध्यायको हुम्ला टु माउन्ट कैलाश (१९९३), न्यान्सी ई. लेभिनको द डाइनामिक्स अफ पोलियान्ड्री : किन्सिप, डोमेस्टिसिटी एन्ड पपुलेसन अन द तिबेटन बोर्डर (सन् १९८९), डार्ला हिलार्डको भ्यानिसिं ट्रयाक्स : फोर इयर्स अमंग द स्नो लियोपर्डस् अफ नेपाल (सन् १९९०) आदि रहेका छन् ।

त्यस्तै कर्णालीका प्रबुद्ध लेखक डा. नन्दबहादुर सिंहले द इनडेन्जर्ड राउटे ट्राइब : इन्थ्नो बायोलोजी एन्ड बायोडाइभर्सिटी (सन् १९९७), नेपाल टुमारो भाइसेज एन्ड भिजन (सन् २००३), पत्रकार मनऋषि धितालले द फाइनल डेज अफ द पिपुल्स वार (सन् २००३), डा. सौभाग्य शाहले सिभिल सोसाइटी इन अनसिभिल प्यालेसेस सफ्ट स्टेट एन्ड रिजिम चेन्ज इन नेपाल (सन् २००८), अ प्रोजेक्ट अफ मेमोरियालिटी ट्रान्जिसनल डेभलपमेन्ट र लोकल एक्टिभिजम्, छक्क लामाले कैलाश मण्डला (सन् २०१६), डा. मानबहादुर रोकायाले फ्लोरा एन्ड भेजिटेसन अफ नेपाल र प्लान्टस अफ काठमाडौँ भ्याली : अ पिक्टोरिअल गाइड (२०८१), पदमलाल देवकोटोको एन्थ्रोपोलोजिकल एप्रोच टु रुरल डेभलपमेन्ट इन नेपाल (२००८), डिस्कोर्सेस अन एन्थ्रोपोलोजी एन्ड डेभलपमेन्ट इन नेपाल (२००८), डा. महेन्द्रकुमार बुढाथोकी (२०३१) का इन्फ्लुभ योर राइटिङ (२०२५), रिडिङ्स अन सेक्सपियर्स ट्राजेटिज एन्ड कमेडिज (२०२४), भिजुअल आर्टस् (२०२४), अ मार्क्सिस्ट रिडिङ्स् इन राल्प इलिजन इनभिजिवल्स् म्यान (२०२४) अङ्ग्रेजी भाषामा पुस्तकहरू प्रकाशित गरेका छन् ।

## इतिहासकार योगी नरहरिनाथका पुस्तक

कर्णालीको पुस्तक परम्पराका एक गौरवशाली व्यक्तित्व हुन् योगी नरहरिनाथ । उहाँका इतिहासकार, पुरातत्त्ववेत्ता, महाकवि, बहुभाषी कवि, कर्मवीर महामण्डलका संस्थापक, सम्पादक, संस्कृत विश्वविद्यालयका अभियन्ता जस्ता अनेकौँ परिचय रहेका छन् । योगीले एउटा अन्तर्वार्तामा एक हजारभन्दा बढी कृतिहरू प्रकाशित र अप्रकाशित पाण्डुलिपि १८ हजार रहेको बताएका छन् । ती पशुपतिपतम्, गोरक्षग्रन्थमाला, इतिहासप्रकाश, सन्धिपत्रसङ्ग्रह, ताडपत्र, कनकपत्र, रजतपत्र, रीतिपत्र, भुर्जपत्र, कठपत्र, कमठपृष्ठपत्र (कछुवाको पीठमा लेखिएका पत्र), ताडपत्र, देवदारुपत्र, अभ्रकपत्र, नीलपत्र, माइनपट, कीर्तिखम्ब, वीरखम्ब, सतीखम्ब, सीमास्तम्भ, इष्टकापत्र, पाण्डुपत्र, अर्गलीपत्र, वंशपत्र, गच्छपत्र, धर्मपत्र, सन्धिपत्र, क्षतपत्र आदिका रूपमा रहेको बताएका छन् । योगीद्वारा सङ्कलित, सम्पादित कृतिहरूको सूची श्रीबृहद् आध्यात्मिक परिषद्ले प्रकाशित गरेको छ ।

लिच्छवी, खस साम्राज्य हुँदै नेपाल एकीकरणकालसम्मका ऐतिहासिक, पुरातात्त्विक अभिलेखहरूको प्रकाशनमा योगी नरहरिनाथको विशेष

योगदान रहेको छ । योगीले २४७ जाति, जनजातिको वंशावली तयार पारेका थिए। ती श्रीपाली बस्नेत वंशावली, अचार्ज वंशावली, अर्ज्याल वंशावली, अधिकारी वंशावली, अवस्थी वंशावली, अहीर वंशावली, ओझा वंशावली, आमीर वंशावली, आङ्गिरस वंशावली, उत्थाल वंशावली, ऐर वंशावली, ऐडी वंशावली, अक्सेन वंशावली, कुसुण्डा वंशावली, कुसुण्डो वंशावली, केवट वंशावली, कठरिया वंशावली, कुमार वंशावली, कुर्मी वंशावली, कोल वंशावली, कोचे वंशावली, कौडिन्य वंशावली, कामी वंशावली, कायस्थ वंशावली, कायस्थकुलचन्द्रिका, कार्की वंशावली, कल्याल वंशावली, कुलचन्द्रिका, कुइँकेल वंशावली, कुशहरि वंशावली, किरातहाङ् वंशावली, खड्का वंशावली, खुड्च्याल वंशावली, खम्बु वंशावली, खाण वंशावली, खान वंशावली, खाती वंशावली, खर्पाल वंशावली, खप्तडी बस्नेत वंशावली, खप्तडी वंशावली, खतिवडा वंशावली, खुलाल वंशावली, खल्लाल वंशावली, गुरुङ वंशावली, गुरुङमगर वंशावली, गैरे वंशावली, गारु वंशावली, गोर्खा वंशावली, गन्माल वंशावली, गड्तौला वंशावली, गौंला वंशावली, घुघुरकोटी वंशावली, घोर मुखा वंशावली, घाडाकोटी वंशावली, घले वंशावली, चड्ढा वंशावली, चँदारा वंशावली, चन्द वंशावली, चन्द्र वंशावली, चुनारा वंशावली, छोपा वंशावली, छन्नाल वंशावली, छत्याल वंशावली, जेड्यामज्याडी वंशावली, जड्फ्या वंशावली, जम्नाल वंशावली, जर्म्याल वंशावली, जोधा वंशावली, जोशी वंशावली, जलमानुष वंशावली, जुगाडी वंशावली, जितादेव वंशावली, ठेरघाल वंशावली, ठोकर वंशावली, ठकुराठी वंशावली, डुम्राकोटी वंशावली, डोटी वंशावली, डाँल्फा वंशावली, डुक्पा वंशावली, ढकाल वंशावली, ताम्राङ वंशावली, तामाङ वंशावली, तर्ताल वंशावली, तिर्थाल वंशावली, थारू वंशावली, थामी वंशावली, थापा वंशावली, थाक्से वंशावली, थर्पाल वंशावली, थकाली वंशावली, थिर्पाल वंशावली, दरै वंशावली, दुरा वंशावली, देवकोटा वंशावली, देवकोटी वंशावली, देवमाला वंशावली, दंगौरा वंशावली, दनुवार वंशावली, दुपाद वंशावली, दुप्चेश्वर वंशावली, धामी वंशावली, धानुष्क वंशावली, धानुक वंशावली, नेपाल वंशावली, नेपालभूपाल वंशावली, नेगी वंशावली, नाइकोरा वंशावली, नागा वंशावली, नवपानीय वंशावली, निरौला वंशावली, निनाल वंशावली, निषाद वंशावली, पराजुली वंशावली, पङ्गेनी वंशावली, पोख्याल वंशावली, पौड्याल वंशावली, पाण्डेय वंशावली, पाठक वंशावली, पाँडे वंशावली, पाल वंशावली, पार्की वंशावली, पहरी वंशावली, पिखेती वंशावली, फिटा वंशावली, बस्नेत वंशावली, बस्न्यात् वंशावली, बृहस्पति वंशावली, बटाला वंशावली, बुढा वंशावली, बुढ्थापा वंशावली, बम् वंशावली, बोगटी वंशावली, बोहोरा वंशावली, बार्हस्पत्य वंशावली, बप्पारावल वंशावली, बीका वंशावली, बगाले वंशावली, बलछौंडी वंशावली, बखेती वंशावली, बस्न्यात वंशावली, बस्याल वंशावली, बस्ताकोटी वंशावली, बडाल वंशावली, बड्तडा वंशावली, बोटे वंशावली, बँताल वंशावली, बजुच्याल वंशावली, बजाङ्गी वंशावली, बुर्तेल वंशावली, बर्तोला वंशावली, विष्ट वंशावली, भारद्वाज वंशावली, भँडारी वंशावली, भानाकोटी वंशावली, भल्लाइ वंशावली, भयाल वंशावली, भुकाल वंशावली, भुर्तेल वंशावली, भर्ताल वंशावली, भुर्त्याल वंशावली, भियाल वंशावली, भिल्ल वंशावली, भिक्माल वंशावली, मूलमानव वंशावली, मूलमी वंशावली, मेचे वंशावली, मैकोटी वंशावली, मण्डल वंशावली, मर्माल वंशावली, माझी वंशावली, मानाकोटी वंशावली, माहुत वंशावली, मुपहर वंशावली, मुर्मि वंशावली, मल्ल वंशावली, मयु वंशावली, मगर वंशावली, महरा वंशावली, महर्षि वंशावली, महत वंशावली, महतारा वंशावली, महतौ वंशावली, मिझार वंशावली, मिष्मि वंशावली, यादव वंशावली, योगी वंशावली, युधिष्ठिर वंशावली, रेग्मी वंशावली, रास्कोटी वंशावली, रोका वंशावली, रोकाया वंशावली, रौनिहार वंशावली, राणा वंशावली, राना वंशावली, राजी वंशावली, राजगुरु वंशावली, रावल वंशावली, रावत वंशावली, राई वंशावली, राउट्या वंशावली, राउल्या वंशावली, रकाल वंशावली, रूपावासी वंशावली, रूपाखेती वंशावली, च्यामी वंशावली, सकारी वंशावली, सिंह वंशावली, सिग्द्याल वंशावली, हिउँमान्छे वंशावली, होचाल वंशावली, हायु वंशावली, हुइताल वंशावली, हिममानुष वंशावली, हिममानव वंशावली, त्रिभुवन वंशमाला र ज्ञानेश्वर वंशावली रहेका छन् ।

योगी नरहरिनाथले लेखन तथा सम्पादन गरेका २८७ वटा ग्रन्थ, पुस्तक तथा पुस्तिका रहेका छन् । ती श्रीचन्द्र चन्द्रोदयः, श्रीजलन्धरनाथ पूजाविधि, श्रीनाथ कथासारः, श्रीनाथ ग्रन्थसूची, श्रीनाथ वरणार्चा, श्रीभैरवनाथीची अवतारकथा, श्रीनाथ तीर्थावली, श्रीनाथानन्दप्रकाशिका, श्रीनाथ नित्यकर्म, श्रीनाथ शतकम्, श्रुतिसुगमम्, अछामको होरी, अजपा गायत्री, अनुभूतवनौषधी, अन्योक्तिमुक्तावली, अन्तर्वार्तासंहिता, अष्टभैरव नवदुर्गा, अष्टाङ्ग आयुर्वेदपरिचयः, अष्टाङ्गयोगपरिचयः, अवतार विभूतिस्थल परिचयः, अवधु जोगी, अभिलेखमाला, अलवर तिजारा, अर्कप्रधान औषधीगुण, अर्कप्रधानौषधी, आदेशस्योपदेशः, आदेशार्थप्रकाश, आदेशशब्दार्थ, आदर्श निवन्ध, आदिनाथसंहिता, आदिनाथदर्शनम्, आदिनाथकथा, आदिनाथगुरुपरम्परा, आदिनाथशब्दी, आचारः प्रथमोधर्मः, आध्यात्मिक नेपाल, आश्चर्ययोगरत्नमाला, इतिहासप्रकाशः १ भाग, इतिहामप्रकाशः २ भाग, इतिहासप्रकाशः ३ भाग,

उद्योगिनंपुरुषसिंहमुपैतिलक्ष्मीः, ऐतिहासिक शिखरिणी यात्रा, कवितानिकषोपलः, कर्णाः कथम् ?, कर्णाली लोकसाहित्य, कदलिमञ्जुनाथमाहात्म्यम्, कर्मवीर परिचय, किन्नामसाहित्यम्, कुम्भमेला, कुलचन्द्रिका, कैलासमानसयात्रा, कोटिहोम दिग्दर्शनम्, खसभाषा निरूक्तम्, गकारादिगोरक्षसहस्रनाथ, ग्राम सुधार योजना, गुरुपरम्परावन्दना, गोरक्ष उपनिषद्, गोरक्षरक्षा, गोरक्षसाहवंश, गोरक्षरक्षास्तोत्रम्, गोरक्षरक्षास्तवाः, गोरक्षस्तवाञ्जली, गोरक्षस्तुतिमञ्जरी, गोरक्षसंहिता, गोरक्षसहस्रनाम, गोरक्षदत्तज्ञानगोष्ठी, गोरक्षोपनिषद्, गोरक्षनाथ कथा, गोरक्षनाथदर्शनम्, गोरक्षनाथावतारकथा, गोरक्षनाथशब्दी, गोरक्षनिरुक्तिः, गोरक्षपद्दतिः, गोरक्षविद्या, गोरक्षविजयनाटकम्, गोरक्षयोगमञ्जरी, गोरक्षगणेशगोष्ठी, गोरक्षशब्दनिरूक्ति, गोरक्षशतकम्, गोरखबोध, गोरखाली सैनिक इतिहास, गोरखवाणी, गोपिचन्द्रसंहिता, गोपिचन्द्रकथा, गोत्रमहर्षि नामावली, गौमहिमा, चर्पट वनी चर्पट चरित्रम्, चर्पटसंहिता, चर्पटनाथसिद्धपद्धति, चर्पटमञ्जरी, चर्पटशब्दी, चर्पटशतकम्, चिडिनाथ चरित्रम्, चीनयात्रा परिचयः, जड्फया (वनमानुष सन्तति), जलन्धरसंहिता, जलन्धरनाथावतारकथा, जलन्धरनाथकथा, जलन्धरनाथशब्दी, जय गोर्खा, ज्वालापुराण भाषा, ढटाला बालकनाथ यात्रा, दङ्गीशरणकथा, दिव्योपदेश, देवघाट माहात्म्य, देवघाट परिचय, देवभूमि भारत, देवतातीर्थमाला, धनुर्वेदः, धनुर्वेदसंहिता, नवमअवतारप्रभु बुद्धरूपधारणम्, नवनाथ चौरासी सिद्ध, नवनाथ कथा, नवनाथ कथा-२, नवनाथभुण्डी, नवनाथनवकम्, नवनाथनुतिः, नवलनाथचरितम्, नवशाखा, नागार्जनीय योगरत्नमाला, नाथौंका नित्यार्चन, नाथपन्थ परिचय, नाथसिद्धान्तडिण्डिमः, निवन्धावली, नियमावली, नित्यस्नानविधान, नीलकण्ठयात्रा, नीलकण्ठचरितम्, पञ्चदेवता मानसपूजा सङ्ग्रह, पञ्चायती दर्शन, पञ्चायती भूगोल, पञ्चायती प्रजातन्त्र, पद्मसञ्चय, पत्रिकासुशतशोलेखाः, पत्रसञ्चय, पशुपक्षिकोष, पशुपति माहात्म्यम्, पशुपतिमतम् सानुवादम्, पशुपतिमतम-गद्यानुवादः, पशुपतिपुराण-गद्यानुवादः, पाण्डिचेरी परिचय, पारुण्डा ब्रह्मनाथ सिद्धपीठम्, पात्रदेवकदली याना, पात्रदेवतास्तुतिः, पात्रदेवतायात्रा, प्रेमनाथचरित्रम्, प्रवचनगोष्ठिपुशतशष्टेपाः, प्रशस्तिरत्नम्, पृथ्वीनाथसंहिता, पृथ्वीनाथशब्दी, भैरवनाथावतारकथा, भारद्वाजसंहिता, भारत विभाजनम्, भौतिकवाद र आध्यात्मिकवाद, भविष्य सवाई, भविष्यमान सवाई, भविष्यवाणी सञ्चयः, भक्तविजय काव्यम्, भर्तृहरि गोपीचन्द्र परिचय, भर्तृहरिसंहिता, भर्तृहरिसंहिताशब्दी, भर्तृहरिनिर्वेदनाटकम्, भर्तृहरिविक्रमसंवाद, भर्तृहरिकथा, भर्तृहरिशब्दी, भर्तृहरिशतकानि, भगवन्तनाथाष्टकम्, भगवन्तनाथकथा, मञ्जुनाथकथा, मानवधर्मः, मालिकास्तुतिमालिका, मनुस्मृति-पद्यानुवादः, मनुस्मृतिः सपद्यानुवादा, महिम्नापरास्तुतिः, मत्स्येन्द्रसंहिता, मत्स्येन्द्रनाथावतारकथा, मत्स्येन्द्रपद्दतिः, मत्स्येन्द्रपद्यशतकम्, मत्स्येन्द्रशब्दावली, महार्थमञ्जरी, यो यति, योग सारावली, योगसारसमुच्चयः, योगसाहस्रीः, योगबीजम्, योगमञ्जरी, योगमाया, योगप्रचारिणी नवशाखा, योगी रामनाथ परिचय, योगतरङ्गिणी, रेसुङ्गा गोविर्ता, रणसिंह नालिबेली, राष्ट्रगीत, राष्ट्रध्वजवन्दना, रतनबोध, रत्ननाथकथा, रुद्राक्षारण्यमाहात्म्यम्, लङ्कासङ्कल्प (लङ्कायात्रा), वृत्तमालास्तुतिः, वाक्यपदीयब्रह्मकाण्ड, वैदिक वाङ्मय परिचय, वैदिक वाङ्मयम्, वैदिकसिद्धान्तः, वैदिकः साम्यवादः, वैश्वानर ज्वाला पुराणम्, वड्ङ्कीमार, वनस्पतिपरिचय, वनमानुषवर्ग, विद्यार्थी लक्षणम्, विवेकमार्तण्डः, विप्लवदृश्यम्, विश्वहिन्दुएकता, शान्तिचरितम्, शिक्षासमीक्षा, शिक्षाविमर्श, शिवपरिवारः, शिवयोग दर्पणः, शिवतत्त्वम्, शाबरसंहिता, शाबरीविद्या, शाबरचिन्तामणिः, षट्चक्र चिन्तामणिः, स्वात्मयोगप्रदीपः, सरयूशतकम्, संस्कृतपारसिकपदप्रकाशः, सांख्यवसन्तः, सर्वगोत्रनालीबेली, सर्वाभारतवर्षवाहिसरितः, सन्धिपत्र संग्रह-१, सत्सङ्गतिः यकिन्नकरोतिपुंस्ताम्, सत्यनाथ तीर्थ, सिद्ध पीर द्वारकानाथ वाणी, सिद्ध रामनाथकथा, सिद्ध रत्ननाथ चरितम्, सिद्ध संसारनाथ कथा, सिद्ध भगवन्तनाथाष्टकम्, सिद्ध सुन्दरनाथ कथा, सिद्ध सन्तोषनाथ कथा, सिद्ध सत्यनाथ कथा, सिद्ध श्रद्णनाथ कथा, सिद्ध ज्ञाननाथ कथा, सिद्ध छायानाथ कथा, सिद्ध बालनाथ कथा, सिद्ध अचलनाथ कथा, सिद्ध मण्डपनाथ कथा, सिद्ध भावनाथ कथा, सिद्ध भगनभाण्डचरितम्, सिद्ध ज्वालानाथ कथा, सिद्ध प्रभुनाथ कथा, सिद्ध पारसनाथ कथा, सिद्ध पाणिनाथ कथा, सिद्ध फलाहारी कथा, सिद्ध निमनाथ कथा, सिद्ध पिप्पलनाथ कथा, सिद्ध शिवनाथ कथा, सिद्ध चौरङ्गिनाथ कथा, सिद्ध कायानाथ कथा, सिद्ध कन्थडीनाथ कथा, सिद्ध गोरिया गोपालनम्, सिद्ध धीरजनाथ चरित्रम्, सिद्ध हंसनाथ कथा, सिद्धरावल वंशावली, सिद्धसङ्केतः, सिद्धान्तवाणी, सिद्धान्तडिण्डिमः, सिद्धनवलनाथचरितम्, सिद्धसिद्धान्तसङ्ग्रह, सिद्धसिद्धान्तपद्दतिः, सिद्धचिडियानाथकथा, सिद्धधिरजनाथचरितम्, सिद्धचर्पटनाथ पद्दतिः, सिद्धचरितम्, सिद्धहीरनाथचरितम्, सिद्धशाबरः, सिद्धशान्तिचरितम्, हठयोगप्रदीपिका, हरिशङ्करीयात्रा कथासंग्रह, हाम्रो कर्तव्य, हाम्रो देश दर्शन, हाम्रो मौलिकता (हाम्रो टोपी), हिमाली जडीबूटी, हिमाली जीवजन्तु, हिमालयपरिचय, हिमवत्खण्ड-गद्यानुवादः, हिन्दु राष्ट्र हिमाले, हिन्दुस्थानं तथा हिन्दुः, हिन्दुधर्मसंस्कृतिसभ्यता हुन् । त्यस्तै योगीले संस्कृतसन्देश (२००२), जयतुसंस्कृतम् (२००३), पुरुषार्थः (२००५), हिमवत्संस्कृति (२००७), ग्रामगरिमा (२०३४), सरयूसन्देश (२०३०), कर्मवीरसन्देश (२००७), नाथसन्देश (२०३५), नाथवाणी (२०२१), विश्वात्मदर्शन (२०२१) जस्ता पत्रपत्रिकाहरूको सम्पादन गरेका छन् । ■

# आगो : लघुकविताको नवविधा

दीर्घबहादुर चन्द 'सुमन'

वर्तमान समयमा क्रिकेटका लामा लामा टेस्ट म्याचभन्दा छोटा टी–२० म्याचहरू बढी रुचाइने र बढी लोकप्रिय हुँदै गएको सन्दर्भमा साहित्यमा पनि छोटा विधा र विशेष गरेर काव्य विधामा पनि लघु कविता बढी पढिने र रुचाइने गरेको प्रस्ट छ । लघु कविताका अनेकौँ उपविधा अस्तित्वमा आएका छन् । यसै सन्दर्भमा मैले २०७७ सालबाट पाँच/पाँच अक्षरका दुई पङ्क्तिमा जम्मा १० अक्षरमा रचना गर्न सकिने लघु कविताको उपविधा आगो' को परिकल्पना गरेको हुँ। आगो अस्तित्वमा आएपछि अनेकौँ स्रष्टाले आगो विधामा कलम चलाइसक्नुभएको छ भने अनेकौँ पाठकले मन पराइदिनुभएको छ । मैले नै रचना गरेका दुई वटा कृति आगो (सिद्धान्त र प्रयोग) सार्वजनिक भइसकेको छ ।

## कविताको उपविधा आगो

विकिपिडिया अनुसार 'आगो' एक दहनशील पदार्थको तीव्र अक्सीकरण हो, जसले उष्मा, प्रकाश र अन्य अनेक रासायनिक प्रतिकारक उत्पादन जस्तै कार्बनडाइअक्साइड र पानी उत्पन्न गर्दछ । नेपाली बृहत् शब्दकोश अनुसार आगो तेज पुँज वा दाहक तत्त्वको दृश्यरूप माथितिर ज्वाला उठ्ने प्रकाशक वस्तु, रिस, क्रोध हो । कवितामा आगो उपविधाको परिभाषा पनि समाजलाई न्यानो ऊर्जा प्रदान गर्नुका साथै प्रकाशले ज्वाज्वल्यमान गरी सही दिशा पत्ता लगाउन पथप्रदर्शकका रूपमा गर्न सकिन्छ । आगोले समाजमा भएका विकृतिमाथि तीक्ष्ण प्रहार गरी समाजमा सकारात्मक सुधार ल्याउने छ र सम्पूर्ण प्राणी जगत्लाई वात्सल्यमय वातावरणमा जिउने प्रेरणा प्रदान गर्ने छ ।

कर्तुत कालो
रहेछ सालो (आगो (सिद्धान्त र प्रयोग, २०८१)

प्रयोगवादी कवि पुष्कर्राज रेग्मी 'अथक' ले पनि आगो लघुकविता विधालाई यसरी परिभाषित गर्ने प्रयत्न गरेका छन् । दुई पञ्चाक्षरी पङ्क्तिसहित दशाक्षरको संरचनामा विम्ब, प्रतीक र रसमय भावमा सिर्जना गरिएको वजनदार झट्का दिन सक्षम कविताको लघुत्तम रूप नै ' आगो' हो ।

## आगोका हरेक पङ्क्तिमा पाँच/पाँच अक्षर

धार्मिक र संस्कृतिक दृष्टिकोणले पाँच अङ्कको विशेष महत्त्व छ । हाम्रो शरीर आगो, पानी, हावा, माटो र आकाश जस्ता पञ्चतत्त्वले बनेको छ मानव शरीरमा पनि पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र हात खुट्टामा पाँच/पाँच औँला जस्ता चेतना र काम गर्ने अङ्ग छन् । पाँच पाण्डवले पनि अधर्ममाथि धर्मको विजय भएको महाभारतको युद्ध जितेका थिए । महाभारतमा पनि पाँच शब्द छन् । कुन्ति, अहिल्या, सीता, द्रौपदी र मन्दोदरी जस्ता पञ्चकन्याले हाम्रो पौराणिक समाजमा सतीत्व र स्त्रीत्वको उदाहरण पेस गरेका छन् । त्यस्तै पञ्चामृत, पञ्चगव्य, पञ्चस्नान, पञ्चदान, पञ्चाङ्ग, पञ्चशील, पञ्चाग्नि आदि जस्ता धार्मिक, सांस्कृतिक र पारम्परिक तत्त्व तथा क्रियाकलाप छन् । त्यस्तै दैवी पीडा पनि अग्नि, जल, रोग, दुर्भिक्ष र महामारी गरी पाँच प्रकारका छन् । वसन्त पञ्चमीबाट अक्षरारम्भ गर्नेलगायत ऋषिपञ्चमी, नागपञ्चमी, विवाहपञ्चमी जस्ता तिथिहरूको विशेष महत्त्व छ । तसर्थ आगो उपविधा निर्माण गर्दा पनि यिनै पाँचको सशक्त प्रतिनिधित्व होस् भनी हरेक पङ्क्तिमा पाँच अक्षरको कल्पना गरिएको छ । पाँच अक्षरको आगोको पङ्क्तिलाई झिल्को नामकरण गरिएको छ ।

मुक्तकका आधारभूत सिद्धान्तलाई मनन गर्दै पाँच/पाँच अक्षरको झिल्कोहरूमा लेखिएको जम्मा २० अक्षरमा लेखिएको मुक्तकलाई 'मुक्तागो' भनिएको हो भने गजलको आधारभूत सिद्धान्तलाई मनन गर्दै पाँच/पाँच अक्षरका झिल्कोमा रचित कम्तीमा तीन शेर भएको गजललाई 'गजलागो' भनिएको हो । त्यस्तै तिजको सन्दर्भमा लेखिएको आगोलाई तिजागो, भजनको विषयवस्तु राखेर लेखिएको आगोलाई भजनागो तथा देउसी सन्दर्भ जोडेर देउसी आगो पनि सकिन्छ ।

## आगोमा प्रयुक्त विभिन्न शब्दावली

पाँच/पाँच अक्षरमा रचित दुई हरफको पूर्ण लघुकवितालाई 'आगो' भनिएको छ भने उक्त लघुकविताको कुनै एउटा शब्दलाई 'फिलिङ्गो' नाम दिइएको छ । आगोको पङ्क्तिलाई झिल्को भनिएको छ

भने पहिलो पङ्क्तिले विषय उठान गर्ने भएकाले फुकान भिल्को र दोस्रो पङ्क्तिले विषयवस्तुको बैठान वा पूर्णता दिने भएकाले बुझ्कान भिल्को भनिएको छ । जस्तैः

नाक कटेन
धाक घटेन
फिलिङ्गो : कुनै एक शब्द (नाक वा कटेन वा धाक वा घटेन)
भिल्कोस् कुनै पङ्क्ति (नाक कटेन वा धाक घटेन)
फुकान भिल्कोस् नाक कटेन
बुझ्कान भिल्कोस् धाक घटेन

एउटै विषय वा पृथक् विषयमा रचित कम्तीमा १० आगोहरूको सँगालोलाई 'लप्का' एउटै वा पृथक् विषयमा रचित सय आगोहरूको सँगालोलाई 'मन्त्र' भनिएको छ । त्यस्तै अनेकौँ विषयमा रचित एक हजार आगोको सँगालोलाई धुनी र अनेकौँ विषयमा रचित पाँच हजार आगोको सँगालोलाई महाधुनी भनिएको छ । आगोको दुई पङ्क्तिलाई पूर्ण कविता मानिए पनि समय, विषयवस्तु र सन्दर्भले आगो कविता लामो रूपमा रचना गर्न सकिने स्वतन्त्रता रहेको छ । आगोको प्रभावकारिताको मापदण्ड पनि तोकिएको छ । आगोले उठान गरेको विषयमा भएको सटिक र चोटिलो प्रहारले उत्पन्न गहनता, माधुर्यता, कटाक्ष, प्रभाव र वजनलाई थोरैबाट बढ्दो क्रममा क्रमशः ताप, धुवाँ, कोइला, खरानी र पञ्चमहाभूत गरी वर्गीकरण गरिएको छ । आगो सिर्जना गर्ने सर्जक वा कविलाई निम्नानुसार उपाधि नामाकरण गरिएको छ । एक आगो सर्जक वा कविलाई आगो उपाशक, दस आगो, एक मुक्तागो र एक गजलागो सर्जकलाई आगो साधक, त्यस्तै सय आगो, दस मुक्तागो र पाँच गजलागो सर्जकलाई आगो पुजारी, एक हजार आगो, सय मुक्तागो र दस गजलागो सर्जकलाई आगो कवि र पाँच हजार आगो, पाँच सय मुक्तागो र एक सय गजलागो सर्जकलाई आगो महाकविको उपाधि नामकरण गरिएको छ ।

## आगोको रचना विधान

१. पाँच/पाँच अक्षरका दुई भिल्को (दुई पङ्क्ति) मा जम्मा दस अक्षर हुनुपर्ने छ ।
२. शब्दहरू एकदेखि पाँच अक्षरसम्मका राख्न सकिने छ ।
३. सकेसम्म पहिलो र दोस्रो पङ्क्तिको कुनै न कुनै समकक्षी एक शब्दको (एकाक्षरी समेत) अनुप्राश मिलेको हुनुपर्ने छ ।
४. एउटै आगोमा शब्दहरू दोहोरिन, तेहोरिन वा चार पटकसम्म पनि हुन सक्दछन् ।
५. पहिलो पङ्क्तिले विषयको उठान गर्ने र अर्को पङ्क्तिले उत्कर्ष वा बैठान र समाधान र सम्भावना दर्शाएको हुनुपर्ने छ ।
६. दस अक्षरी आगोले पूर्णता दिन्छ भन्ने मान्यता रहे पनि न्यायोचित सन्दर्भ सम्बोधनका लागि एउटै विषयवस्तुमा एकभन्दा धेरै आगोको प्रयोग गरी पूर्णता प्रदान गर्न सकिने छ र यो अवस्थामा शीर्षक पनि दिन सकिने छ ।
७. कुनै वस्तु वा व्यक्तिको पहिचान विशेष हुन्छ जसलाई सम्बन्धित व्यक्ति वा वस्तुको वास्तविक यथार्थता भनी परिचित गराइन्छ भने जस्तै खाँटी वा आदर्श आगो मा २-१-२ गरी तीन शब्द तथा पाँच अक्षरको पहिलो पङ्क्ति र सोही अनुसार दोस्रो पङ्क्ति वा ३-२ वा २-३ अक्षरको पहिलो र सोही अनुसारको दोस्रो पङ्क्ति हुनुपर्ने तथा दुवै पङ्क्तिको सबै समकक्षी शब्दको अनुप्राश मिलेको हुनुपर्ने छ ।
८. अरू सबै मिलेको तर बिचको एकाक्षरी शब्दको अनुप्राश नमिलेको आगो
जाल र माछो
तालको खाँचो
९. बिचको एकाक्षरीसहित अन्य तीन वटा शब्दको अनुप्राश मिलेको आगो
जात न भात
गर न बात
१०. दुई वटा समकक्षी अन्तिम शब्दको अनुप्रास मिलेको 'आगो'
दिन न रात
खाली छ हात
११. जम्मा अक्षरमा थपघट नगरी शब्द थपघट हुन सक्ने स्वतन्त्रता भएको आगो पहिलो २-३, दोस्रो १-१-२-१
नशा प्रेमको
के था प्रेम को ?
१२. शब्द तेहोरिएको र शब्द चार पटक आएको 'आगो'

| | |
|---|---|
| आगो झैँ आगो | म धन धन |
| आगो म आगो | तन र तन |
| पानी झैँ आगो | तँ धन गन |
| आगो तँ आगो | र तन तन |

१३. आगोलाई मुक्तकको साधारण नियममा बाँधी पाँच/पाँच अक्षरको चार पङ्क्तिमा जम्मा २० अक्षरमा मुक्तक स्वरूपमा 'मुक्तागो' (मुक्त आगो) लेख्न सकिन्छ ।
१४. गजलको साधारण नियमको प्रयोग गरी पाँच/पाँच अक्षरका दुई पङ्क्तिका शेर बनाई गजल स्वरूपको आगो 'गजागो' (गजल र आगो) पनि लेख्न सकिन्छ ।
१५. छोटो मिठो र सजिलै रचना गर्न सकिने तथा प्रश्नोत्तर गर्न सकिने भएकाले 'मुक्तागो दोहोरी' लेख्न र गाउन पनि सकिन्छ । ■

# मलाई डोटीले बेलायत पुऱ्यायो

काशीराज आचार्य

विसं २०४० मा लोक सेवा आयोगबाट शाखा अधिकृत पास गरेपछि मेरो सुरु पोस्टिङ सहकारी कार्यालय कञ्चनपुरमा भयो । सदरमुकाम महेन्द्रनगरको भौतिक प्लानिङ त भइसकेको थियो तर बसोबास वा आवाद क्रमशः हुँदै थियो । यहाँ बस्दाकै क्रममा केही अधिकृत साथी मिली भारतको उत्तराखण्डस्थित टनकपुरदेखि १७ किलोमिटर दुरीमा रहेको, उत्तर, पूर्व र दक्षिण तीनतिरबाट शारदा (महाकाली) नदीले च्यापेको पूर्णागिरि पर्वत (३,००० मिटर उचाइ) स्थित देवीको दर्शन गर्ने मनसुवा चल्यो । कठिन यात्रापश्चात् देवीको दर्शन गरी फर्क्यौं। महेन्द्रनगरमा सिद्धनाथबाबा र घटालबाबाको भेटदर्शन त प्रतिदिन जस्तै नै हुने भयो ।

## डोटी सरुवा : धोती पनि छैन, टोपी पनि छैन

केही वर्षपछि मेरो सरुवा पुनः सुदूरपश्चिम अर्थात् डोटी जिल्लामा भयो । यसरी मेरो सरकारी सेवाको जरोकिलो सुदूरपश्चिम भएकाले पहिलो जागिरे-प्रेम नै त्यहाँ बस्यो । पुग्नुअघि 'गयो डोटी खायो रोटी, फर्कंदाखेरि धोती न टोपी' उखानले मलाई झस्काइरहेथ्यो । यसै गरी 'गयो इलाम, खायो सिलाम, फर्कंदाखेरि गुन्टा लिलाम' भन्ने उखान पनि निकै चर्चित छ । २००८ सालमा लोक सेवा आयोगको स्थापना भएपछि कर्मचारीको सिफारिस, नियुक्ति, पदस्थापन, अदलीबदली, सरुवा आदि प्रचलनमा आयो । बसाइ तथा पाठ्यसामग्रीको सुविधा र सम्पन्नाताका कारण प्रायः लोक सेवा पास गर्ने व्यक्ति काठमाडौं र वरिपरिका जिल्लाका नै हुन्थे । यस कारण सुदूरपूर्व तथा पश्चिममा पदस्थापन वा सरुवा हुनु भनेको कर्मचारीलाई एक प्रकारको सजाय जस्तै लाग्थ्यो, तैपनि जानैपर्थ्यो । अनि त्यतिबेलादेखि नै सायद यस्ता उखान बन्न थाले होलान् भन्ने अनुमान गर्न सकिन्छ ।

२०४४ सालतिरको कुरा हो । डोटीको शैलेश्वरी मन्दिर प्राङ्गणमा सांस्कृतिक कार्यक्रम मञ्चन हुँदै गर्दा अनेक नाचगानबिच एउटा प्रहसन पनि प्रस्तुत भयो । पूर्वतिरका कुनै जिल्लाबाट सरुवा भई दुई जना कर्मचारी पहिलो पटक डोटी आउँछन् । एक जना घेरा फाटेको टोपी र मैला लुगामा प्रस्तुत हुन्छ । अर्को पनि धोती कछाड जस्तो पुरानो लुगा बेरिएर आउँछ । दुवैले आफूले जीवनमा दुःख पाएको कुरा गर्दै डोटीमा दुर्गम भत्ता पाएर केही राहत हुने आशा व्यक्त गर्छन् । एकछिनपछिको दृश्यमा तिनैमध्ये एउटाले सिलगढीकै केटी बिहा गरेर ल्याएको र दुवै जना सुटेडबुटेड भई आएका देखिन्छन् । अनि सूत्रधारले सोध्छ, "तिमीहरूको धोती र टोपी कता गयो त ?" उनीहरू जवाफ दिन्छन्, "फाटेका धोती, टोपी त हामीले सदाका लागि बिदा गरिदियौं, अब हामी केही हुनेखाने भइसक्यौं ।" अनि सूत्रधार दर्शकदीर्घातिर हेर्दै भन्छ, "यही हो फर्कंदाखेरि धोती न टोपी' भनेको ।" माहोल हासोले गुन्जायमान हुन्छ । यसरी डोटीवासीले उखानको परम्परागत भावलाई विनोदीभावले निस्तेज बनाइदिएको प्रसङ्ग मलाई यहाँ सम्झन मन लाग्यो ।

## पहिलेको जमाना सरकारको अहिलेको जमाना जनताको

मलाई नागरिकता वितरण टोलीको प्रमुख बनाई डोटी जिल्लाका पश्चिमोत्तर क्षेत्रका आठ गाउँ पञ्चायतमा नागरिकता वितरण गर्ने जिम्मा दिइयो । यसै मेसोमा दहकालीका स्थान पञ्चायतमा पुग्दा टीकादत्त नामका एक जना पाका व्यक्तिले मन छुने कुरा गरे । राणाकालमा एउटा सिपाही गाउँ पस्यो भने उसको निकै खातिरदारी गर्नुपर्थ्यो । दुनियाँका घरका खसीबोका उसको खान्कीमा पेस गर्नुपर्थ्यो । हवल्दारको त कुरै छाडौं । उसले भनेको नमाने कुटपिट गर्थ्यो । ऊ आफ्नो घरमा हुँदा तीन सय फिट अग्लो रुखमा चढी घाँस काट्छ । मुरीका मुरी धान बोकी गाउँबेँसी गर्छ । बाँदर चढ्न नसक्ने भिरमा बाबियो काट्न जान्छ तर यहाँ आउँदा भने आफ्नो एउटा सामान्य कोट पनि बोक्न नसक्ने झैं भरियालाई बोकाउँछ । पहिलेका कर्मचारीले त यस्तो गर्थे । अहिले तपाईं अफिसर भएर पनि आफ्नो झोला

आफैँ बोक्नुहुन्छ । मलाई त लाग्छ, पहिलेको जमाना सरकारको सेवा गर्ने र अहिलेको जमाना जनताको सेवा गर्ने रहेछ । यस्तो घतलाग्दो कुरा गरेर उनले विश्वव्यापी रूपमा आएको प्रजातान्त्रिक लहरको दर्शन पक्षलाई उजागर गरेको प्रतीत भयो । विचारको प्रवाह पढेलेखेका व्यक्तिबाट मात्रै हुन्छ भन्ने बुर्जुवा सोच गलत हो भन्ने ठोकुवा त पृथ्वीनारायण शाहका बिसे नगर्ची र भानुभक्त आचार्यका घाँसीबाटै भइसकेको हो । यहाँ पनि यस्तै अर्का भेटिए ।

## गायत्री पुरश्चरण महायज्ञ

डोटीको बानडुङ्ग्रेसेन उर्वर फाँटको एक छेउबाट बगेको सेती नदीमा धार्मिक मान्यताको स्थल गोपघाट रहेको छ । वेदवेदाङ्ग र संस्कृत अध्ययन गर्ने/गराउने पण्डित र लोकसंस्कृतिका माहिर पण्डितको बसोबास भएको उचाकोट गाउँ पनि माथि डाँडामा नजिकै छ । गोपघाटमा गायत्री पुरश्चरण महायज्ञ हुँदै रहेछ । त्यतिबेला गायत्रीमन्त्र अहिलेको जस्तो युट्युब, विद्यालय परिसर, खुला प्रवचन आदिमा प्रयोग भइसकेको अवस्था थिएन । त्यस क्षेत्रका प्रौढले कतै देखे, बुझे, सुनेर पनि होला, गायत्रीमन्त्र सस्वरवाचन गर्नु पर्छ भनी जिकिर गरेका रहेछन् तर ज्येष्ठ पण्डितहरूचाहिँ यसको विरोधमा रहेछन् ।

म त्यसै क्षेत्रको नागरिकता वितरण टोलीको प्रमुख भई खटिएको र कता कता म आदिकवि भानुभक्त आचार्यको कुलवंशको व्यक्ति हुँ भन्ने पनि उनीहरूलाई थाहा भएछ । म पूर्वाङ्गको अघिल्लो दिन बेलुका नै आमन्त्रित भएँ । मलाई यस विषयको छिनोफानो गर्न भनियो । धेरै कर गरेपछि 'आफू संस्कृत नपढेको, यस विषयको ज्ञाता पनि नभएकाले मेरो तर्क शास्त्रसम्मत हुँदैन तर नैष्ठिक कर्ममा विश्वास राख्ने व्यक्ति भएकाले म व्यवहारगत कुरा मात्र गर्न सक्छु' भनेँ । हाम्रा वेद, उपनिषद्, पुराण, कर्मकाण्ड पद्धति, सूक्तिउक्ति, नीति, प्रचलन आदि हेर्दा कठोरताबाट क्रमशः सरलतातर्फ उन्मुख भइरहेको देखिन्छ । विश्वामित्र ऋषिले यज्ञ गर्दा तहाँ उच्चारित मन्त्र र हवनको सुगन्ध थाहा पाएर नै मारिच, सुबाहु आदि राक्षस आएर यज्ञ नाश गर्ने गरेकाले तिनलाई परास्त गर्न रामलक्ष्मणलाई लगेको प्रसङ्ग रामायणमा छ । अन्यत्र पनि यस्ता यज्ञादि अनुष्ठान गर्न लागेको थाहा पाएर ध्वंस गर्ने तत्त्व आएको बुझिन्छ । यसबाट के अनुमान गर्न सकिन्छ भने त्यतिबेला पनि शक्तिशाली हिसाबले मन्त्रको गुञ्जन दिने गरिन्थ्यो । जति पनि पछिल्ला ग्रन्थ आए तिनले समाजलाई गतिशील र व्यवस्थित बनाउन प्रयास गरेका देखिन्छन् । तसर्थ प्रौढहरूको तर्कलाई सम्मान गर्नु पर्छ कि ? यति मात्र के भनेको थिएँ, साँझपख जम्मा भएका प्रौढ/युवाबाट मेरो तर्कलाई समर्थन गरियो ।

मलाई धेरै मान्छे जमघट भएको अवस्थामा सस्वरवाचनले अनुष्ठानलाई जागृत बनाउन तथा पर्यावरणलाई झङ्कृत बनाउन मद्दत गर्छ जस्तो लाग्छ । मौन वाचनलाई बाहिरी आवाजले झन् अवरोध पुऱ्याउने र उपांशु वाचनले पनि कर्ममा गहिरो ध्यान दिन नसक्ला झैँ लाग्छ । यो मेरो आफ्नो निजी विचार हो । गायत्री पुरश्चरण समितिले भोलिपल्ट बिहानै मलाई भारतका प्रसिद्ध धर्मगुरु एवं सयौँ धार्मिक, आध्यात्मिक ग्रन्थका लेखक तपोनिष्ठ डा. श्रीराम आचार्यद्वारा लिखित गायत्री पुरश्चरणसम्बन्धी किताबका दुई भाग, मर्दानाधोती, गम्छा, गन्जी उपहार दिएर बिहान ६ बजेदेखि नै यज्ञमण्डपमा बसायो उता आफ्नो ड्युटी त छँदै थियो, १० बजेतिर गङ्गातीरमा नै सञ्चालित नागरिकता शिविरमा संलग्न भएँ । केही वर्षअघि काठमाडौँमा पनि आचार्यका चेला डा. प्रणव पान्ड्याले काठमाडौँको टुँडिखेलमा विशाल गायत्री शिविर चलाएका थिए ।

## खप्तडस्वामी र उनको सम्बन्ध-चक्र

डोटी, बझाङ, बाजुरा र अछाम जिल्लाको संयुक्त सीमा खप्तड क्षेत्रमा आश्रम स्थापना गरी बस्ने काश्मिरी पण्डित कुलमा जन्मिएका खप्तड स्वामी (विसं १९३६ -२०५३ गुगल सर्च) को असली नाम शिवनाथ डोगरे हो भन्ने विश्वास गरिन्छ । कुनै समय योगी सच्चिदानन्द सरस्वती नामले प्रख्यात यिनी विसं १९८६ मा नेपाल प्रवेश गरेका थिए । विचार विज्ञान, स्वास्थ्य विज्ञान, म र मेरो कर्तव्य, नारीधर्म र पुरुषधर्मलगायत डेढ दर्जन जति पुस्तकका लेखक यिनको २०३० र ४० को दशकमा यतिविघ्न ख्याति थियो कि तत्कालीन राजा, उच्च प्रशासक, धर्मगुरु, सेना, प्रहरी, पत्रकार, साहित्यकार र सामाजिक अभियन्ता उनका अघि नतमस्तक हुन्थे ।

सौभाग्यवश कार्यक्षेत्र डोटी जिल्ला भएको अवसरको सदुपयोग गरी २०४५ सालमा हामी केही कार्यालय प्रमुख स्वामीको दर्शनार्थ खप्तड पुग्यौँ । उनले आफ्नो छाप्रे-प्राङ्गणमा हामीलाई दर्शनभेट दिए र विभिन्न कार्यालयका प्रगतिबारे सोधपुछ गरे । घामको रापमा स्वामीसँगको सान्निध्यताले हामीलाई पुलकित बनाइरहेथ्यो । उनले एउटा दरो छेस्को हातमा लिएर आँगनको धुलोमा ज्यामिती बक्सको कम्पासले झैँ चार/पाँच वटा वृत्ताकार कोरे ।

समूहमा भएकामध्ये म बढी जिज्ञासु भएकाले उनले मलाई सोधे, "यस संसारमा प्रत्येक दिन मान्छे मरिरहेछन्, तिमीलाई कत्तिको दुःख पिर लाग्छ ?" मैले जवाफ दिएँ, "खासै त्यति लाग्दैन ।" उनले भर्खरै कोरेको सबैभन्दा सानो वृत्तको बिचमा रहेको विन्दुलाई देखाएर भने, "यो तिमी स्वयम् हौ र यसका वरपर तिम्रा बाबुआमा, पतिपत्नी, छोराछोरी आदि रहन्छन् । दोस्रो वृत्तमा आफ्ना नजिकका नातेदार, कुटुम्ब हुन्छन् । तेस्रोमा बन्धुबान्धव र साथीभाइ

आदि हुन्छन् । यसरी आफ्नो विन्दुनजिकको वृत्तमा रहेका नाताप्रति तिम्रो प्रेम, करुणा, दायित्वको प्रभाव बढी हुन्छ । जति जति अन्य वृत्तहरू टाढा टाढा पुग्छन् त्यति नै तिनप्रति तिम्रो मानवीय संवेदना कम हुँदै जान्छ । यही कारण हो विश्वका अन्य व्यक्ति मर्दा तिमीलाई दुःख नलाग्ने । यस्तो पनि हुन्छ कि हिजोसम्म प्राणभन्दा प्यारो गरी बसेका लोग्नेस्वास्नी डिभोर्स हुनासाथ नजिकको घेराबाट फ्याँकिएर टाढाको घेरामा पुग्छन् । यसै गरी हिजोसम्म कतै चिनजान नभएको व्यक्तिसँग प्रेम भयो भने उसलाई टाढाको वा अज्ञात घेराबाट तानेर आफ्नो नजिकको घेरामा ल्याइन्छ । हरेक सम्बन्ध यसरी नै स्थापित हुन्छ । माथिको सम्बन्ध-चक्रलाई आफ्नो कार्यालय र कर्मचारीसँग पनि जोडेर हेर्न सकिन्छ ।"

खप्तड स्वामीको 'थाहा पाएको, तर नबुझेको' यस सम्बन्ध-चक्रले मलाई समाज, आफ्ना मान्छे, कार्यालयीय कार्यसंस्कृति र कर्मचारी संयन्त्र बुझ्न धेरै सहयोग पुऱ्यायो । हाल पनि म आफू प्रशिक्षक बनेका बेला यो सन्दर्भ प्रस्तुत गर्दा प्रशिक्षार्थी मन्त्रमुग्ध भई सुन्ने गर्छन् ।

मेरा सहकर्मी धेरै जसो साथीले सरुवा माग्दा 'मन्त्रीले बजेट धेरै भएको र आफूलाई फाइदा हुने मन्त्रालय मागे जस्तै' कर, भन्सार, मालपोत, गृह आदिमा आफ्नो सरुवा माग्ने गर्थे, यो चलन अद्यापि छँदै छ तर मैले कर्मचारीका लागि कुनै 'चार्म' नभएको सामान्य प्रशासन मन्त्रालय मागेँ । मेरो सरुवा पनि भयो । डोटीको कर्मचारी मिलनकेन्द्रले बिदाइ समारोह आयोजना गऱ्यो । मैले मुक्तकण्ठले डोटीको प्रशंसा गरेँ । डोटीले मलाई भौगोलिक क्षेत्रको नम्बर दियो, कार्यालय प्रमुख बनेर साथीभाइ बढाउने अवसर दियो, नागरिकता टोलीप्रमुख बनाएर दुर्गमवासी निरक्षर जनतासँग सांस्कृतिक अन्तर्घुलन गर्ने मौका दियो, खप्तडस्वामी जस्ता महान् आत्मासँग मिलायो, आफ्नो धार्मिक र आध्यात्मिक चेतको उजागर गर्ने मौका दियो । यसरी डोटीबाट म फाइदैफाइदाको पेटारो बोकेर जाँदै छु भन्दा कर्मचारी मिलनकेन्द्र तालीले गुन्जायमान बन्यो । म सुखद आनुभाविक दैनिकी बोकेर काठमाडौँ आएँ ।

२०४६ सालमा सामान्य प्रशासन मन्त्रालयमा हाजिर भएको महिना दिनभित्रै बेलायतबाट जनप्रशासन विषयमा स्नातकोत्तर (एमपिए) गर्नका लागि ब्रिटिस काउन्सिलमार्फत सिट आयो । गजब त यो भयो कि त्यहाँ भएका करिब १० जना प्रतिद्वन्द्वीमध्ये डोटीमा काम गरेकै अवधिमा पाएको वर्गीकृत क्षेत्रको अङ्कले गर्दा मेरो प्राप्ताङ्क सबैभन्दा माथि आयो र म अध्ययनका लागि मनोनीत भएँ । दुई वर्ष बेलायतको म्यानचेस्टर र लिभरपुल युनिभर्सिटीमा अध्ययन गर्ने मौका पाएँ । पढाइ र सम्पर्क राम्रो भएकाले पछि पनि मलाई विशिष्टीकृत प्रशिक्षण कार्यक्रममा बेलायतसहित अन्य युरोपेली देशको भ्रमणमा पनि संलग्न गराइयो । यिनै विशेष योग्यतालाई आधार मानी सन् २००४ र २००७ मा अफगानिस्तान तथा लाइबेरियामा सञ्चालित राष्ट्रसङ्घीय मिसनमा पनि मैले काम गर्ने मौका पाएँ ।

यसरी चन्दननाथ, वैद्यनाथ, बडीमालिका, मस्टो, त्रिपुरासुन्दरी, मल्लिकार्जुन, उग्रतारा, शैलेश्वरी, सिद्धबाबा, घटालबाबा आदि देवीदेवताबाट परिपालित र परिपोषित एवं कर्णाली, सेती तथा महाकाली जस्ता प्रचुर जलविद्युत् सम्भावनाका गङ्गा प्रवाहित हुने यस क्षेत्रको आशीष मेरो जीवन र मेरा सन्ततिका निम्ति भाग्यविधाता नै बन्न पुग्यो । 'शिरसी चिरं मे क्षरतु तवाशीः' तिम्रो आशीष मेरा शिरमा सदाकाल बर्सिरहोस् । ■

## गजल

कृतबहादुर विष्ट

कारण मलाई थाहा छ, आँट घटेको छ
भनेर अर्थ छैन, यहाँ छाँट घटेको छ

शून्यताले झाङ्गिएको जिन्दगीका बोटहरू
खुसी र आनन्द फल्ने, फाँट घटेको छ

हर साँझ मौसममा व्यापक परिवर्तन छ
बिहानी चियागफको, साँठगाँठ घटेको छ

मन्दिरले मनोकामना, पूरा गर्न छाडेपछि
भक्तले गर्ने पूजापाठ घटेको छ । ■

# नेपाली साहित्य आकाशमा सुदूरपश्चिमका चम्किला तारा

कर्ण दयाल 'सोराडी'

नेपाली साहित्यको आकाशमा सुदूरपश्चिमको इतिहासलाई सुनौलो अक्षरले लेखेर आजको पुस्तालाई हस्तान्तरण गरी आफू ध्रुव तारा जस्तै अटल अमर बनेका महान् व्यक्तित्वको योगदानलाई उजार गर्नु, लिपिबद्ध गर्नु र दस्तावेजीकरण गर्नु नै सचेत नागरिकको दायित्वभित्र पर्दछ । इतिहास पर्गेल्दै जाँदा सुदूरपश्चिममा जन्मेर देश समाज र कलासाहित्यका लागि आफ्नो जीवनको ऊर्जाशील समय बिताएर अमरत्व प्राप्त गरेका थुप्रै महान् मान्छेहरूमध्येका दुई चम्किला ताराहरूका बारेमा यस आलेखमा चर्चा गर्न खोजिएको छ । नेपालको राजनीति, इतिहास, साहित्य, संस्कृति र समाजसेवाका विविध क्षेत्रमा सक्रिय भएर नेतृत्वको भूमिकामा समेत रही आफ्नो नवीनतम इतिहास बनाएर गएका यी महान् व्यक्तित्वको जीवनसँग सम्बन्धित लिखित वा मौखिक तथ्यलाई उजागर गर्न खोजिएको छ । नेपाली भाषा, साहित्य, शिक्षा, राजनीति र चिन्तनका क्षेत्रमा सुदूरपश्चिमबाट सुपरिचित नामहरू खोज्दा आनन्देव भट्ट र डा. जयराज पन्तलाई सबैले भेटाउँछन् । तिनै महान् व्यक्तित्वको सङ्क्षिप्त जीवनी क्रमशः यस प्रकार उल्लेख गरिन्छ ।

## डा. जयराज पन्त

नेपाली संस्कृति र लोकसाहित्यका गहन अध्येता,व्याख्याता र अनुसन्धाताको नाम हो डा. जयराज पन्त । डा. पन्तले नेपाली संस्कृति लोकसाहित्यको सङ्कलन, अध्ययन, विश्लेषण, संरक्षण र संवर्धनमा विशिष्ट योगदान पुऱ्याउनुभएको छ । नेपाली संस्कृति लोकसाहित्यको खोज अनुसन्धान, संरक्षण एवं विकासका लागि पुऱ्याउन भएको अथक योगदान परिणाम नै होला उहाँको नाम संस्कृतिविद्का रूपमा परिचित भएको छ । तत्कालीन डोटी राज्य तथा हालको सुदूरपश्चिम प्रदेशभित्र लोपोन्मुख रूपमा रहेका विभिन्न चाडपर्व, संस्कार, प्रथा, लोकगीत, लोकगथा आदिको सङ्कलन अध्ययन र विश्लेषण गरी संस्कृति र साहित्यको क्षेत्रमा उहाँले अविस्मरणीय योगदान पुऱ्याएका छन् । उहाँले लोकसाहित्यमा दुई वटा विद्यावारिधि गरेर संस्कृति र लोकसाहित्यमा नौ वटा पुस्तक तथा विभिन्न पत्रपत्रिकामा दर्जनौँ लेख प्रकाशन, थुप्रै लघु अनुसन्धान र कार्यपत्र प्रस्तुत गरेर आफूलाई कुशल अध्येता र अनुसन्धाताका रूपमा उभ्याएका छन् ।

डोटी जिल्लाको तत्कालीन दानकोट गर्खा अन्तर्गतको जैनोली गाउँमा बुवा दयानिधि पन्त र आमा राधादेवी पन्तको कोखबाट २०१० चैत १५ गते आइतबारका दिन उहाँको जन्म भएको थियो । उनी एक मध्यम वर्गीय शिक्षित परिवारमा जन्मिएका थिए । सुरु सुरुमा जीवन सुखद बिते पनि २०२१ सालमा उहाँकी हजुरआमाको निधनपछि उहाँको बाल्यकाल बिस्तारै दुःखद बन्न पुग्यो । १२ वर्षको कलिलो उमेरमा उहाँले जन्मदिने आमा गुमाउनुभयो भने १४ वर्षको उमेरमा बुवाको निधन भयो । आमाको निधनपछि घरको कामकाज र बहिनी कविताको रेखदेख गर्नुपर्ने सबै जिम्मेवारी उहाँको काँधमा थपिएपछि १३ वर्षको उमेरमा पहिलो विवाह जानकी पनेरुसँग भयो । जानकीको कोखबाट २०३३ सालमा छोरा लोचनराज पन्तको जन्म भएको थियो । बिरामीका कारण लोचनको १७/१८ महिनामै निधन भयो । २०३५ असोजमा जानकीले दोस्रो सन्तानका रूपमा छोरीलाई जन्म दिइन् । छोरी जन्मिएको १२/१३ दिनपछि उच्च रक्तस्रावका कारण जानकीको पनि अकालमै दुःखद निधन हुन पुग्यो । जन्मिएको छ महिनापछि नाबालक छोरीको पनि कारुणिक निधन भयो । उहाँले हजारौँ पीडा र सङ्कटका बिचमा पनि अध्ययनलाई मने निरन्तर रूपमा अगाडि बढाइरहे । २०३६ सालमा उनले गुड्डी पन्तसँग दोस्रो विवाह गरे । गुड्डी पन्तबाट उहाँका इन्जिनियर डा. शशाङ्कराज पन्त र सरोजराज पन्त गरी दुई सन्तान छन् ।

जीवनमा जस्तोसुकै सङ्कट र चुनौतीको सामना

गर्नुपरे पनि उहाँले आफ्नो अध्ययनलाई भने जहिले पनि ध्यान लगाइरहे । उहाँले २०३६ सालमा त्रिविबाट नेपाली विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरे । उहाँले २०६३ सालमा पाटना विश्वविद्यालयबाट 'कुमाउनी एवं डोटेली लोकगीत : एक तुलनात्मक अध्ययन' शीर्षकमा पहिलो पटक विद्यावारिधि उपाधि हासिल गरेका थिए । २०६६ सालमा त्रिविबाट डाटेली पार्विक फागहरूको सङ्कलन र अध्ययन शीर्षकमा दोस्रो विद्यावारिधि उपाधि हासिल गरे । दुई विषयमा विद्यावारिधि गर्ने उहाँ पहिलो नेपालीका रूपमा चिनिनुहुन्छ । हसिलो मुहार शिष्ट सहयोगी व्यवहार सादा जीवन उच्च विचार मानवतावादी सोच, आशावादी विचार, आस्तिकवादी दर्शन र सामाजिक भावनाले ओतप्रोत थियो उहाँको व्यक्तित्व । उनले पुर्ख्यौली जिल्ला डोटीमा पुस्तकालय निर्माण, विद्यालय तथा स्वास्थ्य केन्द्र निर्माणमा प्रमुख भूमिका निर्वाह गरेको पाइन्छ । उहाँले कैलाली बहुमुखी क्याम्पस, कैलाशकुट बहुमुखी क्याम्पस, जापान-नेपाल मैत्री तथा सांस्कृतिक सङ्गठन, लोकवार्ता परिषद् नेपाल र नेपाल सांस्कृतिक प्रतिष्ठानको संस्थापक भई समाज सेवाका क्षेत्रमा योगदान पुऱ्याएका थिए । उहाँले विभिन्न समयमा सेतीको सुसेली, देवाटवी, कस्तूरी, गुरुवाणी, लोकसंस्कृति, लोकायन, भावजाह्नवी आदि साहित्यिक पत्रिकाको सम्पादन गरेका थिए । उहाँ साहित्यिक, लोकसाहित्यिक र संस्कृतिसम्बन्धी अध्ययन तथा कार्यक्रमका लागि भ्रमणमा भारत, श्रीलङ्का, थाइल्यान्ड, हङकङ, जपान, चीन, अमेरिका, क्यानडा पुग्नुभएको थियो । (पृष्ठ २२९, भण्डारी-सगुन)

संस्कृति र लोकसाहित्यमा कलम चलाएका डा. पन्तका प्रकाशित कृतिहरूमा अँजुलीभरि सगुन पोल्टाभरि फाग-२०५५, देउडा-२०६४, डोटेली गौरा पर्वका गीत र गाथाहरू-२०६४, डोटेली धमारी गीत : एक अध्ययन-२०६४, डोटेली भो पर्वका गीत र गाथाको अध्ययन-२०६४, मस्टा परम्परा र त्यसका गीतहरू-२०६४, शैलेश्वरी महात्म्य र तिनका केही गीत- २०६५, श्री भुवनेश्वरी- २०७१ र डा. जयराज पन्तका वैचारिक विरासत-२०७४ रहेका छन् ।

## आनन्देव भट्ट

आनन्ददेव भट्ट नेपाली समाजमा सुपरिचित नाम हो । नेपाली समाजको रूपान्तरणका निम्ति उहाँले राजनीतिक, साहित्यिक र शैक्षिक क्षेत्रमा जे योगदान गर्नुभयो त्यसबाट उहाँको त्रिआयामिक व्यक्तित्व निर्मित छ । उहाँको योगदानप्रति समाज अनुगृहीत छ । उनको जीवनमा आधारित भएर प्रगतिशील लेखक सङ्घ नेपालले २०७८ सालमा त्रिआयामका तारा आनन्ददेव भट्ट नामक अभिनन्दन ग्रन्थ प्रकाशन गरेको छ । वरिष्ठ प्रगतिवादी साहित्यकार तथा चिन्तक आनन्ददेव भट्टका जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न आयामलाई यसभित्र नियाल्न सकिन्छ । खास गरेर साहित्य शिक्षा र राजनीतिका त्रिआयाम नै उहाँका पहिचान रहेका छन् । उनले अनेक आँधीहुरीको सामना गर्दै नेपालको वाम आन्दोलन र प्रगतिवादी साहित्यिक आन्दोलनको उचाइ उठाउन योगदान गर्नुभयो । आफ्नो जिउज्यानको परवाह नगरी उहाँ पञ्चायती निरङ्कुशताका ज्यादतिमाथि जाइलाग्नुभयो । त्यसैले उहाँलाई कहिले प्रहरी हिरासत त कहिले जेलमा पुऱ्यायो । मुलुकमा राजनीतिक परिवर्तन आएपछि पनि प्रतिगमनको अँध्यारो देखा पर्दा उहाँले अग्रपङ्क्तिमा उभिएर सङ्घर्षको शङ्खघोष गर्नुभयो । काठमाडौँ उपत्यका होस् वा धरान-धनकुटा, चितवनमा होस् वा बैतडीमा जहाँ जहाँ उहाँको कर्मशील जिन्दगीले पाइला टेक्यो त्यहाँ त्यहाँ उहाँका चेतनशील, सङ्घर्षशील र कर्तव्यशील पाइलाका अमिट छाप रहेका छन् । ती ठाउँमा उहाँप्रति सद्भाव राख्ने र उहाँका विचार पछ्याउनेको ठुलो जमात छ ।

आनन्ददेव भट्टको जन्म विसं १९९३ असोज २५ गते तदनुसार सन् १९३६ सेप्टेम्बर १९ शनिबारका दिन कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको सदरमुकाम खलङ्गामा भएको थियो । उहाँको न्वारानको नाम डम्बरदेव भट्ट थियो । उहाँ माता हिरादेवी भट्ट र पिता जयदेव भट्टका ज्येष्ठ सुपुत्र हुनुहुन्थ्यो । उहाँको पुर्ख्यौली थलो वर्तमान सुदूरपश्चिमको बैतडी जिल्ला दशरथ चन्द नगरपालिका-५, पल्लाचौडली हो । आनन्ददेव भट्टका पिता जयदेव भट्ट जागिरका क्रममा जुम्ला अदालतमा सरकारी सेवामा रहेका बेलामा उहाँको जन्म भएको थियो । त्यसैले जुम्ला उहाँको जन्मस्थल बन्यो । भट्टको न्वारानपछि आमाले उहाँलाई केही समयका लागि पुर्ख्यौली थलोमा पुऱ्याउनुभए पनि उहाँको प्रारम्भिक बाल्यकाल भने जुम्लामा नै बितेको थियो । उहाँका बुवाको सरुवा पाल्पा भएपछि उहाँ पल्पा पुग्नुभयो । बुवाको सरुवा पाल्पाबाट प्युठान भएपछि भने उहाँ साहिँला बुवासँग पाल्पामा नै रहनुभयो र केहीकाल पाल्पामा बिताएर पछि साहिँला बुवासँगै काठमाडौँ प्रवेश गर्नुभयो । यसरी उहाँको बाल्यकाल जुम्ला, बैतडी, पाल्पा र काठमाडौँ जोडिन पुगे ।

आनन्ददेव भट्टका बुवा चर्चित न्यायाधीश हुनुहुन्थ्यो । २८ वर्षको उमेरमा २०२१ सालमा सर्वोच्च अदालतका पूर्वरजिस्टार बालकृष्ण खरेल र टीकाकुमारी खरेलकी छोरी सुशीला खरेलसँग उहाँको विवाह भएको हो । विवाह प्रगतिशील ढङ्गले सम्पन्न भएको थियो । उहाँले परम्परावादी ढङ्गले जग्गे थापेर होमसहित विवाह नगर्ने अडान लिनुभएकाले कलश र गणेशको स्थापना गरी दियोको प्रकाशमा माला सिन्दुर र औँठी आदानप्रदान गरी उहाँकै सोच अनुसार विवाह सम्पन्न भएको थियो ।

यस विवाह शैलीको परम्परावादीबाट आलोचना गरिए पनि उहाँले कुनै परवाह गर्नुभएन । उहाँले विवाहकै समयमा बधू सुशीलासमक्ष सार्वजनिक रूपमा यसरी प्रतीज्ञा गर्नुभयो र सदा यसैमा प्रतिबद्ध रहनुभयो, "म जीवन सङ्गिनीप्रति सधैं इमानदार र सहयोगी हुने छु । मन, वचन र कर्मले दुःख दिने छैन । उनको आस्था र विचारमा कहिल्यै बाधा र विरोध गर्ने छैन तर उनी पनि मेरो काम विचार र सिद्धान्तमा बाधक बन्न पाउने छैनन् किनभने म व्यक्तिगत र पारिवारिक जीवनभन्दा बढी महत्त्व मेरो राष्ट्र र राजनीति विचारलाई दिन्छु ।" सुशीला भट्ट त्रिभुवन विश्वविद्यालयको सहप्राध्यापक पदबाट २०५८ सालमा अवकाश प्राप्त गर्नुभयो । उहाँहरूका जेठा छोरा डा. निर्झरदेव भट्ट अहिले स्वास्थ्य क्षेत्रका र कान्छा छोरा सौरभदेव भट्ट व्यवस्थापन क्षेत्रका विज्ञका रूपमा विदेशमा कार्यरत हुनुहुन्छ । (पृष्ठ २१ गिरी, भट्ट-अभिनन्दन ग्रन्थ)

आनन्ददेव भट्टको शिक्षाध्ययनको प्रारम्भ जन्मस्थल जुम्लामा नै भयो । बुवाको सरुवाका क्रममा पाल्पा जानु परेपछि उहाँले पाल्पाकै भाषा पाठशालामा अध्ययन गर्न थाल्नु भयो। त्यहाँ अध्ययन गर्दा गर्दै पाल्पामा पब्लिक स्कुल खोल्यो र त्यसमै ६ कक्षामा प्रवेश पाई ८ कक्षासम्मको अध्ययन पूरा गर्नुभयो । त्यसपछि उहाँले काठमाडौँमा आई विसं २००८ मा हाईस्कुल पास गर्नुभयो। उहाँको एसएलसीमा प्रथम श्रेणीका निम्ति १२ नम्बर पुगेन र दास्रो श्रेणीमा उत्तीर्ण हुनुभयो । उहाँले नेपाली र अर्थशास्त्र मूल विषय लिएर त्रिचन्द्र कलेजबाट विसं २०१० मा आइए तह पार गर्नुभयो । २०१२ सालमा नेसनल कलेज (हालको शङ्करदेव क्याम्पस) बिए उत्तीर्ण गर्नुभयो । विसं २०१६ मा भारतको पाटना विश्वविद्यालयबाट एमएको उपाधि प्राप्त गर्नुभयो ।

आनन्ददेव भट्टको सर्जक व्यक्तित्वको प्रारम्भ कविता विधाबाट भएको थियो । २००७ सालको परिवर्तनपछि त्यतिखेरका प्रभावशाली कविहरू लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, भीमनिधि तिवारी, हृदयचन्द्र सिंह प्रधान र विजय मल्लहरूका रचना अध्ययन गर्ने र उहाँहरूका घर घरमा पुगेर आफ्ना कविता सुनाउने गर्न थाल्नुभयो । हालसम्मका प्रकाशित कृतिमा ०९७ साल (२०१५), खण्डकाव्य, अब हिमाल बोल्छ (२०१५) कवितासङ्ग्रह, ओमार खैयामलाई जवाफ (२०१६) काव्य, जोबनकै थुम्कोबाट (२०१६) काव्य, आमा बोलाउँछिन् (२०१६) कवितासङ्ग्रह, तिमीलाई देख्दा (२०१७) काव्य, साहिँली माया (२०१८) खण्डकाव्य र युरी एलेक्सिएभिच गगारिन (२०१९) काव्य रहेका छन् । निबन्धहरू : दृष्टिबिन्दु (२०४८), केही आत्मपरक निबन्धहरू (२०४९), धरतीदेखि आकाशसम्म (२०७४) रहेका छन् । त्यसै गरी उहाँका दर्शन र राजनीति प्रकाशित पुस्तकमा जगतको सृष्टि र सञ्चालन प्रक्रिया (२०४६), स्वतन्त्रता र कम्युनिस्टहरू (२०४८), राष्ट्रिय राजनीतिक सहमति (२०४४), भाषिक अधिकार (२०४४), नेपालको भाषानीति (२०४४), नेपाल र नेपालका भाषामाझको सम्बन्ध (२०४४) आदि । उहाँका समालोचक कृतिमा समालोचनाको बाटोमा (२०१९), हाम्रा प्रतिभाहरू (२०१९), प्रतिभा पहिचान (२०४७), जनताको साहित्य (२०४७), व्यावहारिक समालोचना (२०४८), समय साहित्य (२०६७) आदि । उनले लेखेका नाटक विभिन्न पत्रपत्रिकाका २०२८ सालतिर प्रकाशित छन् । उहाँका अनुवादित कृतिमा हेनरी इब्सेनको 'इलेभेन प्लेज अफ हेनरी इब्सेन' पुस्तकबाट नेपालीमा रूपान्तरण गरेर जनताको शत्रु (२०२०) र समय र जीवन (२०७४) आदि ।

नेपालका धरान, धनकुटा, चितवन, एवं काठमाडौँका विद्यालय, महाविद्यलाय र विश्वविद्यालयमा ३५ वर्ष अङ्ग्रेजी विषयको शिक्षण प्राध्यापनमा आफ्नो जीवनको महत्त्वपूर्ण समय बिताएका भट्टले साहित्यिक, सांस्कृतिक र बौद्धिक संस्थामा पनि सक्रिय भूमिका निभाएका छन् । विसं २०१६ चैत २० प्रगतिशील लेखक सङ्घको साधारण सभाबाट सहसचिवको जिम्मेवारीमा रहेर काम गर्नुभयो । २०४०-२०४६ को अवधिमा वामपन्थी विचारधाराको साहित्यिक पत्रिक 'उत्साह' सम्पादकको भूमिकामा काम गरेको हो । 'प्रेरणा' (२०२०) र त्रिविको पाठ्यक्रम विकास (२०३५-२०४५) को सम्पादनमा पनि उनले काम गरेका थिए । विसं २०४७ नेपाल बुद्धिजीवी परिषद्को सल्लाहकार भई काम गरेका थिए भने विसं २०५७ उहाँ सो सङ्गठनको उपाध्यक्ष पदमा निर्वाचित हुनुभयो । विसं २०५९ देखि नेपाल प्रगतिशील लेखक सङ्घको अध्यक्ष पदमा रही आफ्नो भूमिका निर्वाह गर्नुभयो । उहाँले नेपाली समाजलाई पुऱ्याएको योगदानको कदरस्वरूप विभिन्न निकायबाट दर्जनौँ पुरस्कार र सम्मान प्राप्त गरेका छन् । उहाँले प्रगतिशील प्राध्यापन सम्मान- २०५२, युद्धप्रसाद मिश्र सम्मान पुरस्कार-२०५९/०६०, पद्मकन्या विद्याश्रम सम्मान- २०५९, नेपाल सम्मान- २०६०, जनमत सम्मान- २०६२, राष्ट्रिय प्रतिभा पुरस्कार २०६३, वीरेन्द्र बहुमुखी क्याम्पस २०६३, साहित्य सङ्गम सम्मान २०६३ तथा सयपत्री राष्ट्रिय सम्मान २०६५ लगायत विभिन्न सम्मान र पुरस्कारबाट सम्मानित हुनुभएको छ ।

२०७८ साल भदौ १४ गतेका दिन ८५ वर्षको उमेरमा काठमाडौँको कालिकास्थानस्थित आफ्नै निवासमा उहाँको निधन भयो । पाँच वर्षदेखि अल्जाइमर रोगबाट पीडित उहाँ एक महिनाअगाडि अस्पतालबाट उपचार गरेर घरमा आराम गरिरहेका थिए । ■

# सुदूरपश्चिममा पुतला पर्व

एन.के. आनन्द

कार्णाली-कर्णाली क्षेत्रमा अनेकन मौलिक संस्कृति छन् । तीमध्येको एक हो, पुतला पर्व । जसलाई रनपुतला पनि भनिन्छ । रनपुतला नारीप्रधान पर्व हो । शाब्दिक अर्थमा पुतला भन्नाले कपडा, कागत, काठपातलगायतका सामानले बनाइएको मान्छे, जीवजन्तु वा अन्य चिजबिजको आकारप्रकार हो । जसलाई मुखौटो, प्रतिमा, आकृति, मूर्ति, कठपुतली, गुडिया भनेर पनि बुझ्न सकिन्छ । पुतला पर्वमा केटा र केटी आकृतिका पुतला बनाई तिनीहरूको विवाह गर्ने गरिन्छ र छोरीबेटीले विभिन्न किसिमका खेल खेली सुखदुःख साट्दै रमाउने गर्दछन् । पुतला पर्वको सुरुवात कहिलेबाट भएको हो भन्ने यथेष्ट प्रमाण भेटाउन सकिएको छैन । जनश्रुति अनुसार पौराणिककालमा वर्तमान अछाम र बाजुरा जिल्लाको सीमाक्षेत्रमा घ्याराघ्याम्पा नामका राजा राज्य गर्दथे । उनकी छोरीको नाम रनकला मैया थ्यो । उनको इच्छाविपरीत मालमा विवाह भई सर्पको टोकाइबाट मृत्यु भयो । छोरीको मृत्युको खबरबाट भावविह्वल बनेकी रानीलाई सान्त्वना दिलाउन राजाले आसपासका छोरीबेटी बोलाई रनकला मैयाको आकृतिको पुतला रनपुतला बनाई उक्त पर्वको सुरुवात गर्न लगाउनुभएको थियो भन्ने मान्यता छ ।

यो पर्व अछाम, बाजुरा र डोटी जिल्लाको पूर्वी क्षेत्र र त्यहाँबाट बसाईं सरी गएकाले देशका विभिन्न स्थानमा समेत मनाउँदै आएको पाइन्छ । डोटी र अछामका केही क्षेत्रमा यस पर्वलाई पुस १५ मा जगाई माघेसङ्क्रान्ति अर्थात् चेली तिहारको दिन विसर्जन गर्ने गरिन्छ भने अछाम र बाजुराका अधिक क्षेत्रमा चैतको अन्तिम साता जगाई वैशाख १ गते विसु तिहारको दिन विसर्जन गरिन्छ भने केही स्थानमा वैशाखको चार/पाँच गतेसम्म पनि मनाउने गरेको पाइन्छ । गऱ्याको पाइयाको छ । अछामका केइ ठौर रे डोटी जिल्लाका भौत ठौरमी भन्या पुतला जगाउन्या काम वर्षकइ लामो रात मान्नीनइ आयाका पुषका १५ मी हुनुछ । १५ का रात आफ्ना आफ्ना दाँवलका हुन्या एकाठौर जम्मा हुन्या, गाउँ घरबाटी भुजा, पिड्याउँ जसा चिज चोरीबट ल्याउन्या, घर घरबाटी जोडजम्मा गरी ल्यायाका औरू सामानको समेत खान्की बनाउन्या, बात हाल्न्या, खेलमाल गर्न्या रे रात कटाउन्या चलन छ । चेलीबेटीको जमात भयाका गाउँ गर्खामी त्यसै रातबाटी पुतला जगाउन्या रे बासा-बासाइतिक खेल खेली माघ १ गते (चेली त्यार) माग्या त्यारका दिन पुतलाको ब्या गर्न्या रे सेलाउन्या चलन छ ।

त्यहाँ पूजा गरी प्रत्येक दिन बेलुका विभिन्न भावमा खेल खेल्ने गर्दछन् । विसर्जन अर्थात् सेलाउने दिन कर्मकाण्ड पद्धति अनुसारले पुतलाको विवाह कार्य सम्पन्न गरी पुनः पानीको मुहानमै विसर्जन गर्दछन् । त्यहाँबाट पर्किंदा बाटोभरि एकधारे खेल खेल्दै पटाखनी अर्थात् सार्वजनिक चौरमा पुगी अन्य किसिमका खेल खेलेर रनपुतला पर्वको समापन गर्दछन् ।

## मनाउने तरिका

माथि उल्लेख गरिए झैं पुतला पर्व कुनै स्थानमा माघेसङ्क्रान्ति (चेली त्यार) मा र कुनै स्थानमा वैशाख सङ्क्रान्ति (विसु त्यार) मा मनाइने भए तापनि यो पर्व मनाउने तरिकामा भने समानता नै पाइन्छ । जस अनुरूप चेली त्यारमा मनाउनेले वर्षभरिको लामो रातका रूपमा मनाइने पुसे पन्ध्र पर्वको रातिबाटै पुतलाका खेल खेल्न सुरु गर्ने भए तापनि पुसका २४/२५ गतेबाट र विसु त्यारमा मनाउनेले चैतको २४/२५ गतेका दिन आआफ्ना घरबाट एक/एक माना चामल ल्याई गाउँको सार्वजनिक चौर (पटाखनी) वा रजबारको घरमा जम्मा भई नजिकको धारा वा कुवाको मुहानमा गई वनस्पति र कपडाबाट पुतला तयार गरी गाउँको रजबारको घर वा मन्दिरमा राख्दछन् । त्यसरी बनाइएका पुतलालाई चामलको छाप्रामा राखी दीप, गणेश र कलश पूजन गरी पुतला जगाउने गरिन्छ । पूजनपश्चात् पुतलालाई छुट्टाछुट्टै दुई जना कन्याको कम्मरको पटुकामी बाँधी 'बुवाज्यूका पटाकनी पुतला जगाउन आयाउँ, रनपुत' भन्ने ढपको खेल खेल्न सुरु

गरिन्छ । त्यस खेलपछि माइतीमै रहेकी अविवाहित केटी र विवाह गरी पराई घर पुगेकी चेलीबेटी आफ्ना आफ्ना बिलौनाका गीतसहितको खेल खेली रमाउने गर्दछन् । तीन/चार दिनसम्म बेलुका वा रातिको समयमा खेल खेल्ने गरिन्छ । चेली त्यार वा विसु त्यारका दिनभन्दा अघिल्लो राति जम्मा गरिएका चामल पिसी लाउन-बाबर पकाएर खाने र रातभर जाग्रम गरी रमाइलो गर्ने गरिन्छ । त्यस राति चेलीबेटी मात्र नभएर गाउँभरिका आइमाइसमेतको सहभागितामा विवाहको रतेउडीको जस्तै स्वतन्त्र भई हाँसोमजाकका साथ विभिन्न किसिमका खेल खेलेर रतेउडी मनाइन्छ । अन्तिम दिनको दिउँसोपख्र सार्वजनिक चौर (पटाखनी) मा गाउँका भिन्न परिवारमध्येबाट एउटा केटीलाई दुलाहा (ब्याउला) र अर्की केटीलाई दुलही (ब्याउली) का रूपमा सजाउने र बाजागाजासहित दैसाग बोकी ब्याउलालाई काँधमा र ब्याउलीलाई डोली/कार्पेटमी राखी नजिकको मन्दिर वा तोकिएको स्थानमा पुऱ्याई विवाहको कर्मकाण्ड पद्धति अनुसार नै ब्राह्मण राखी विवाह गराउन्या चलन छ । त्यसबेला चेलीबेटी भिनाजु जस्ता जिस्क्याउन मिल्ने र जन्ती पक्षसँग हाँसोमजाक गर्ने, सिस्नु चिलाउने जस्ता कार्य गरिन्छ । विवाह कर्म समाप्त गरी फर्किंदै गर्दासमेत पुतलाका गीत गाउँदै फर्किने र पटाखनीमा पुगेर ड्यौडालगायतका अन्य खेल खेल्ने गरिन्छ । रनपुतला पर्वमा पुतलीको जस्तै पहिरनमा सजिएकी छोरीबुहारीले सेतो पटुकाको छेउलाई दुवै हातले तलमाथि गर्दै एकनासको खुट्टाको ताल मिलाई खेल्दाको दृश्य निकै नै मनमोहक हुने गर्दछ । केही स्थानमा पुरुषले बाजाको तालमा ढाल तरबार समाती सरु खेल्ने गरेको पाइन्छ ।

## केही गीतका नमुना

पुतला पर्वको रमाइलो पक्ष भनेकै विभिन्न किसिमका खेल नै हुन् । पुतला खेल खेल्ने समयमा सबैले एकनासको पहिरन पहिरेका हुन्छन् । पहिरनमा खास गरी निलो/हरियो/कालोमध्ये एक रङका एकनासका चोला, राता छिटका फरिया/गुन्यु र कम्मरमा सुकिला पटुका हुन्छन् । एकनासको पहिरनमा सजिएका चेलिबेटी र आइमाईले कम्मरका सुकिला पटुकाको ताल ढल्काई ढल्काई खुट्टाको पैतला मिलाउँदै सुरिलो गलामा लामो स्वर तानी 'रनपुत' भन्दै गाएको आवाजले सबैको मन पगालेको हुन्छ । गाउँभरिका आइमाई केटाकेटी मात्र नभइ आफ्ना र आसपासका गाउँबाट राम हेर्न आउने अन्य मान्छेसमेत गीतको रन्कामा लठ्ठिएका जस्तै देखिन्छन् । पुतला पर्वमा खेलिने केही गीतका नमुना यस प्रकार छन् ।

**१. पुतला जगाउने बखत खेलिने खेलका गीत :**

बुवाज्यूका दैली अघि - रनपुत
पुतला जगाउन आयाउँ - रनपुत
बण न पिपल मनि - रनपुत
पुतला खेलन आयाउँ - रनपुत
मालिका भवानी माइयौ - रनपुत
तमी दाइनी होइप जाया - रनपुत
पर्वत चौडकी माइयौ - रनपुत
तमी दाइनी होइप जाया - रनपुत
खप्तड भुवानी माइयौ - रनपुत
तमी दाइनी होइप जाया - रनपुत
कोट्घर कालीका माइयौ - रनपुत
एवं प्रकारले आआफ्ना स्थानका देवीदेवताको नाम जोड्दै जाने)

**२. विवाहका लागि मगनी गर्न आउँदा आमा र छोरीबिचको संवादमा आधारित गीत**

बुवाज्यूका देली अघि - रनपुत
को रे लोग्या आइपगयो - रनपुत
हाम्री भाउल्या बसुदेवी - रनपुत
तमरा बराउन्या आया - रनपुत
नै रे हाम्री दिदीज्यू रे, नै रे जाँदो माल पोइल
नै रे हाम्री जियाज्यू रे, नै रे जाँदो माल पोइल
नै रे हाम्रा बुवाज्यू रे, नै रे जाँदो माल पोइल
मालको घाम लागिजाला, नै रे जाँदो माल पोइल
स्याप-किडाको डर हुँदो, नै रे जाँदो माल पोइल
जन्म्यो घर छोडीकन, पराई घर जानैन इजू
पेट भोक लागिजाली, म कसरि रौँला इजू
तम्रो खान्की वाँइ पुऱ्याउँला, जानुइ पड्यो भागा चेली ।
(चेलीलाई इजूले दाइजो दिई भुल्याउने कोसिस गरिन्छ)
शिरकी शिरबन्दी लिओ, जाओ बेटी माल पोइल
नाककी बेसरी लिओ, जाओ बेटी माल पोइल
गलाकी नौगेडी लिओ, जाओ बेटी माल पोइल
हात हाल्न्या बाला लिओ, जाओ बेटी माल पोइल
(जति सम्झाए पनि चेली झन् झर्किन्छिन्)
नै रे लिदो दाइजो माइतो, नै रे जाँदो माल पोइल
(इजू हकार्दी भइन्)
छोरीको जात भयाखेरी, जानुइ पड्डो पराइ घर
जिद्दी जन अर बेटी, जानुइ पड्यो माल पोइल
(चेली लाचार हुन्छिन्)
दाइजो माइतो पुराइ दिओ, बाइजाँदो भ्याँ माल पोइल
(माथि आमाले दिन्छु भनेका एक/एक सामानको माग हुन्छ)

धन्य बेटी बसुन्धरा, जाओ बेटी माल पोइल
माइतीको इज्जत राखी, बसेइ बेटी पोइली घर
हाम्रो चिन्ता जन अरेइ, खुसी होइरेइ पोइली घर

यस्ता गीतमा भाउजू, काकाकाकी, भदाभदैलगायतका हरेक साइनो जोड्दै जान सकिन्छ ।

यस खेलमा सबैले एकअर्काका पाखुरा समाई कम्मर लच्काइ निहुरिँदै ढल्किँदै लामा लामा पैतालाका फाल हाल्दै खेलिन्छ । जसमा खेल्ने रे हेर्ने दुवै पक्ष औधी रमाउने गरेको देखिन्छ ।

जौँ गेडी जौँ मास लेख्याकी, पायाँ जोली सपना भिज्याकी

जौँ गेडी जाँ मास लेख्याकी, घुँडा जोली सपना भिज्याकी

यसै गरी काकाकी, काखीकी, दाजुकी, भाउजूकी, भाउल्याकी, बैनाकी, सँगीकी, ठुलाबाट सानासम्मका नाता र माइतका अरू चिजको सम्झना जोड्न सकिन्छ । यसै गरी मखमली, पाती, बासिङी, गुराउँसी, सुपारीलगायतका फूलका नाम जोड्दै जाने गरिन्छ ।

अन्तिममा :

बखत बखत दश खेरि फुल्ला,
मेरो फूल बर्जन्या कोइ छैन लाल ।

अन्तिम दिन यस प्रकारका खेल खेलिसकेपछि डेउडा (ड्यौडा) खेल खेलिन्छन् । डेउडा खेल स्थान विशेष हेरी आइमाईका अलग, चेलीबेटीका अलग, लोग्ने मान्छेका अलग र कहींकतै महिला-पुरुष/केटा-केटीका सवालजवाफका दोहरो खेल खेल्ने गरिन्छ ।

पुतला पर्व काली-कर्णाली क्षेत्रकै मौलिक पहिचानको पर्वका रूपमा परिचित हुँदै गइरहेको देखिन्छ । नेपालको पूर्वतिर पनि आफ्नै मौलिक किसिमको पुतला नाच हुने गरेको छ भने भारतको केही स्थानमा समेत पुतला नाच प्रचलनमा रहेको पाइन्छ । सुदूरपश्चिमका जिल्लामी मनाइने पुतला पर्व अन्य स्थानको भन्दा निकै नै भिन्न किसिमले मनाउने गरिन्छ । आफ्ना मौलिक पहिचानको छुट्टै महत्त्व हुने भएकाले यस प्रकारका चाडपर्वलाई जोगाउनु सम्बन्धित सबैको कर्तव्य हो । पछिल्ला पुस्तामा आफ्ना पुराना संस्कृतिप्रतिको मोह घट्दै जान लागेको देखिन्छ । आफ्नो संस्कृति जोगाइराख्नाका निम्ति पुराना पुस्ताले नौला पुस्तामा पुस्तान्तरण गर्न नयाँ पुस्तालाई मौलिक चाडपर्वको महत्त्व बुझाउँदै त्यस प्रकारका क्रियाकलापमा सरिक गराउनु नयाँ पुस्ताले समेत अरूको देखासिकीमा नलागी आफ्ना पुर्खाका चिनोका रूपमा रहेका, सामाजिक एकता कायम राख्न सक्ने र अपनत्वको बोध गराउने मौलिक संस्कृतिलाई अँगाल्न लज्जा होइन कि गौरव मान्न जरुरी देखिन्छ ।

भाषा, कला, संस्कृतिको - धनी सुदूर थलो
मौलिक पच्छ्यान जोगाउन्याको - सदाइँ
होइरौ भलो । ■

कविता

# अछुत लाग्छ भने

विक्रम तिरुवा सलिन

यो धर्तीको सबथोक वस्तुलाई
मैले छोएको छु
अदृश्यको यो हावालाई छोएको छु
माटो, पानी, ढुङ्गा
पहाड, हिमाल, तराई,
देश, भेष, परिवेश आदि इत्यादि
मैले छोएको छु
अब फेर्न बन्द गर सास
यो हावालाई मैले फोक्सोमा लिएर
सास फेर्दै छोएको छु
अब टेक्न छोड मैले यो धर्तीको
माटो छोएको छु
अब के गर्छौं पिएर पानी ?
मैले नदीसँग, तालसँग, हिमालसँग
अनि समुद्रसँग मितेरी लगाएको छु
मैले मितेरी लगाएपछि ती पनि अछुत भए ।
पूजेर पनि के धर्म लाग्ला र तिमीलाई ?
मैले तिम्रो भगवान्लाई बनाएको हुँ ।
मैले छोएको माटो जाबो दुई फिट खनेर
फाल्दैमा कहाँ शुद्ध बन्ला र ?
अब धर्ती प्वाल पर्ने गरी खनेर माटो फाल !
तिम्रा धर्मको नामका पाखण्डीलाई राख
महायज्ञ लगाऊ, भक्ति भजन गाऊ
तिमीले तिम्रो कर्म नै धर्मविपरीत गरेपछि
कसरी तिम्रो धर्म होला र ?
यो ब्रह्माण्डका कण कणलाई
मेरा नजरले देखेका छन्
तिम्रो भगवान्को बासस्थानलाई,
मेरा हातले बनाएका हुन्
तिमीले पिउने अमृत सरहको पानीको धारा
मेरो श्रम र सिपले निर्माण भएको हो
तिमीले नाङ्गो शरीर ढाक्ने वस्त्र
नाकमा, कानमा, हातमा लगाउने गरगहनाहरू
मैले छोएर बनाएको हुँ । ■

# छाउगोठको सम्झना

लक्ष्मी खतिवडा

प्रसङ्ग २०७६ साल माघतिरको हो । अछाम साँफेबगरकी स्थानीय किशोरी पार्वती रावतको छाउगोठमै सर्पले टोकेर मृत्यु भएपछि सुदूरपश्चिमका केही जिल्लामा धमाधम छाउगोठ भत्काइँदै थियो । सरकारले गृह मन्त्रालयमार्फत नै स्थानीयस्तरको पहलमा छाउगोठ भत्काउने अभियान नै चलाएको थियो। उक्त अभियानलाई धेरै अभियान्ताले साथ दिए । हामी केही गोरखापत्रकर्मीले पनि उक्त घटनामा स्थलगत रिपोर्टिङ गर्ने र अभियानलाई साथ दिने अवसर पाएका थियौँ। माघ महिनाको सुरुवाततिर हामी पुग्दा अछामको सदरमुकाम मङ्गलसेनवरपर बिराटकोली गाउँमा भने छाउगोठ भत्काइएको र प्रहरी प्रशासनले निगरानी बढाइरहेको अवस्थामा थियो तर पछिल्ला वर्षमा फेरि अनाहकमै छाउगोठभित्र किशोरीले ज्यान गुमाउने क्रम भने रोकिएको छैन । सुदूरपश्चिम र कर्णाली प्रदेशमा 'मृत्युघर' बनिरहेको छाउगोठमा अहिलेसम्म १६ जना किशोरीको मृत्यु भइसकेको छ ।

सुदूरपश्चिमका केही पहाडी जिल्लामा महिनावारी भएका महिलालाई छाउ भन्ने प्रचलन रहेछ भने छाउ भएकी महिलालाई बस्न बनाइएको सानो गोठलाई छाउगोठ भनिने रहेछ। स्थानीय भाषामा घरको तल्लो भागलाई गोठ भनिने रहेछ। अचम्मलाग्दो कुरा, छाउगोठमा कतैबाट पनि घाम र हावा नछिर्ने गरी बनाइने रहेछ । अत्यन्तै साँघुरो, बस्न खान र सुत्न पनि सजिलो गरी नमिल्ने माटोको भित्ता अनि खरको छानो भएको सानो कोठा । न त्यहाँ दिउँसो सूर्यको प्रकाश पर्थ्यो, न त पर्याप्त अक्सिजन । महिनावारी भएको पाँच दिन आफ्ना छोरी, बुहारीलाई परिवारबाट अलग्गै बस्न बनाइएको त्यो छाउगोठको अवस्था हेर्दा लाग्थ्यो त्यहाँ बस्नेले कुनै ठुलो अपराध गरेबापत सजाय भोगिरहेका छन्। राम्री खुट्टा तन्काएर सुत्नसमेत नमिल्ने छाउगोठभित्र साना साना बच्चाका आमा पनि बच्चा लिएर नै सुत्नुपर्ने रहेछ । जाडोको समयमा चिसोले कठ्याङ्ग्रिने र निमोनिया हुने समस्याबाट साना बालबालिका झन् धेरै ग्रसित थिए । अधिकांश छाउगोठमा खरको छानो थियो । माथि घाँस, दाउरा, पराल, मकै राख्न मिल्ने गरी बनाइएका छाउगोठमाथि कतै कतै त बिच्छी र सर्प हिँडिरहेका देखिन्थे । बलियो ढोकासमेत नहुँदा छाउगोठमा सर्प र बाघ आउने डरले किशोरी रातभरि निदाउन नसकेको पनि गुनासो गर्थे । त्यतिबेलासम्म १४ जना किशोरीले छाउगोठभित्र विभिन्न कारणले ज्यान गुमाइसकेका थिए । अहिले पाँच/छ वर्षको अन्तरालमा पनि सुदूरको व्यथा उही छ । केही समयअघि सर्पले टोकेर छाउगोठभित्रै फेरि अर्को किशोरीको मृत्यु भएको समाचार आयो । यसबाट के बुझिन्छ भने छाउगोठहरू तत्कालीन समयमा भत्काइए पनि संस्कार र परम्पराको नाममा निरन्तर किशोरीमाथिको ठुलो दुर्व्यवहार निरन्तर नै कायम छ ।

स्थानीय स्तरमा कुराकानीका क्रममा हामीले प्रस्ट बुझेका थियौँ कि किशोरीहरू छाउगोठ भत्काउँदा सबैभन्दा धेरै खुसी देखिन्थे । छाउगोठभित्र आफ्नै साथीले ज्यान गुमाएको समाचारले विक्षिप्त भएका उनीहरू फेरि यस्तो घटना कहिल्यै नदोहोरियोस् र छाउगोठ सधैँका लागि

भत्कियोस् भन्ने चाहन्थे । नयाँ मान्छेको टोली घरवरपर देख्दा उनीहरू मुसुमुसु हास्दै नजिकिन्थे । कोहीले अघि सरेरै मनको बह पोख्न भ्याउँथे । घरनजिकैको छाउगोठ देखाउँदै भन्थे, "त्यहाँ एक पटक बसेर देखाउनुस् त कति अप्ठेरो छ । हामी कसरी राति सुत्छौं होला ?" उनीहरू धेरै प्रतिप्रश्न गर्दै आफूहरूले बर्सौंदेखि भोगिरहेको पीडालाई व्यक्त गरेका थिए । संसारमा कतै पनि नभएको यस्तो कुसंस्कारका बारेमा लेखिदिन आग्रह पनि गरेका थिए । पोसिलो खानेकुरा खाएर आराम गर्नुपर्ने समयमा मल बोक्ने, भारी बोक्ने, घाँस काट्ने, मेला जाने जस्तो अप्ठ्यारो काममा खटिनुपर्ने अवस्थाबाट किशोरी नै बढी प्रताडित थिए । विद्यालय जानुपर्ने, गृहकार्य गर्नुपर्ने र केही अतिरिक्त सिर्जनात्मक कार्यमा क्षमता अभिवृद्धि गर्नुपर्ने समयमा उनीहरू परम्परा र संस्कारका नाममा बाँधिएको अनुभव गरिरहेका थिए । छाउ भएको समयमा गाईभैंसीको दुध खाए पाप लाग्छ भनेर चार दिनसम्म कतिपय परिवारले दुधसमेत खान नदिने गरेको कुरा पनि कुराकानीका क्रममा उनीहरूले खुलेरै बताएका थिए ।

घरमा सर्प आए पनि बाघ आए पनि गाईभैंसीले दुध नदिए पनि छुवाछुत गरेर देवता रिसाएको भन्दै परिवारले अनेक अड्कलबाजी गर्ने र छाउगोठमै बस्न बाध्य पार्ने गरेका धेरै घटना त्यँहाका लागि सामान्य जस्तै थिए । पाप र धर्म भन्दै छाउपडीको नाममा त्यहाँका किशोरीले भोगिरहेको कतिपय विभेद र दुर्व्यवहारको अवस्था अहिले पनि काहालीलाग्दो नै छ । विद्यालय जाने बाटोनजिकै डाँडामा मन्दिर भएकाले छाउ भएको समयमा त्यो बाटो हिँड्दा पाप लाग्ने भनेर चार दिनसम्म घरमै बस्ने गरेको पनि किशोरीले खुलेरै बताएका थिए । स्थलगत अवलोकनपछि विशेष गरी सबैको ध्यान जानुपर्ने एउटै कुरा मेरो मनमा पनि खट्किरहेको थियो, खुसी भएर रमाउँदै साथीहरूसँग विद्यालय जाने, घर आएपछि परिवारसँग अड्कमाल गर्ने, सँगै बसेर खाजा खाने, खाना खाने र ढुक्कले राति परिवारसँगै ढोका लगाएर सुरक्षित भएर सुत्न पाउनु उनीहरूको पनि मानव अधिकार हो । रातिको समयमा परिवारभन्दा पर एक्लै असुरक्षित तरिकाले बस्नुपर्दाको शारीरिक र मानसिक पीडा बाहिरबाट पनि सजिलै आकलन गर्न सकिने खालको छ । जुन कुरा छाउगोठमा महिनावारी बारिरहेका महिला तथा किशोरीका लागि पनि स्वीकार्य थिएन । हामी जस्तै साथीले काठमाडौँमा कति धेरै प्रगति गरिरहेका छन् । उनीहरू पक्की घरमा आमाबाबाको साथमा ढुक्कले निदाउँछन् तर आफ्नो परिवारले यो कुरा कहिल्यै नबुझेकामा अधिकांश किशोरी आक्रोशित थिए ।

यो भत्किएको छाउगोठ अब फेरि कहिल्यै नबन्ने गरी भत्किए हुन्थ्यो । हामी ढुक्कले निदाउन पाउने थियौं । अब फेरि छाउगोठ बनाए कारबाही हुन्छ भनेर एक पटक हाम्रो आमाबा सँग पनि भनिदिनुहोस् न । हामीले भनेको त मान्नुहुन्न । गाउँका अभियन्तासँग उनीहरूको एउटै अनुरोध थियो । नभन्दै, कुराकानीका क्रममा परिवारका ज्येष्ठ सदस्यले भने हाम्रो त देवता रिसाउँछन् घरभित्र त सुत्नै हुँदैन । कुल बिग्रन्छ । यस्ता धेरै बहाना बनाएर छाउगोठमै छोरी, बुहारीलाई बस्न बाध्य बनाएको धेरै घटनासँग साक्षात्कार गर्ने अवसरले धेरै कुरा बुझ्ने मौका मिलेको थियो । बर्सौंदेखि चलिआएको त्यहाँको परम्पराले उब्जाएका दुःखकष्ट कम्ता कारुणिक र मार्मिक थिएनन् । सँगै विद्यालय जाने साथीको छाउगोठमै निधन भएपछि मानसिक रूपमा नै विक्षिप्त भएका किशोरी त्यो ठाउँ नै छाडेर कतै छाउगोठ बस्नु नपर्ने ठाउँमा जान पाए पनि हुन्थ्यो भन्ने सोचमा देखिन्थे ।

परम्पराको नाममा भइरहेको त्यो लैङ्गिक हिंसा र दुर्व्यवहारको निरन्तरता कुनै एक जनाले विद्रोह गरेर सजिलै घरभित्र बस्न पाउने अवस्था थिएन । छाउगोठ भत्काइए पनि धामीझाँक्री गाउँमा सक्रिय भएर अनिष्ट हुने चेतावनी दिइरहेका थिए । नयाँ मान्छेको समूह आँगनछेउछाउ देख्नासाथ धामी काँपेर मान्छे तर्साउने गरिरहेका हुन्थे । छाउगोठ नभत्काए जिल्ला र वडाबाट दिइने सबै सुविधा कटौती गर्ने भनेर सार्वजनिक सूचना नै जारी गरेपछि प्रायः छाउगोठ भत्काइएका थिए । अछाम, कैलाली, बाजुरालगायतका जिल्लामा छाउगोठ भत्काएसँगै स्थानीय जिल्ला प्रशासन, प्रहरी र वडा कार्यालयले पनि निगरानी बढाएको थियो । उक्त ठाउँमा बालविवाह, घरेलु हिंसालगायतका विषय पनि यथावत् नै थिए । सुदूरपश्चिम भन्नासाथ झट्ट दिमागमा मलाई अहिले पनि त्यही छाउगोठ, त्यहाँको रीतिरिवाज, महिनावारीको समयमा त्यहाँका छोरी, बुहारी र आमाको अवस्था र केही परिवर्तन गर्नैपर्ने रीतिथिति र परम्पराको सम्झना आइरहन्छ । धर्म र परम्पराको नाममा छाउगोठ बार्ने यस्तो सोच र संस्कारले महिला तथा किशोरीको शारीरिक, मानसिक, सांस्कृतिक र सामाजिक रूपमा नै आघात पुऱ्याएको छ । अत्याधुनिक विकास, प्रविधि र सूचनाले संसारका मान्छेले राम्रो कामको कीर्तिमान र चमत्कार गरिरहेको अहिलेको समयमा महिनावारीको समयमा छाउगोठभित्र ज्यान गुमाउनुपर्ने अवस्थाले हामी सबैलाई एक पटक सोच्न बाध्य बनाएको छ । ■

परम्पराको नाममा भइरहेको त्यो लैङ्गिक हिंसा र दुर्व्यवहारको निरन्तरता कुनै एक जनाले विद्रोह गरेर सजिलै घरभित्र बस्न पाउने अवस्था थिएन ।

# फेरि पनि मधुपर्क फेरि पनि गोरखापत्र

त्रिभुवनचन्द्र वाग्ले

धन्यवाद थोमस जेफर्सन (१७४३-१८२६, अमेरिकी तृतीय राष्ट्रपति)। धन्यवाद यस निम्ति कि उहाँले भन्नुभएको थियो, "सरकार र पत्रकारिता कुन रोज्छस् भनियो भने अवश्य नै म पत्रकारिता रोज्ने छु।" यसर्थ उहाँ मेरा लागि अमेरिकी राष्ट्रपतिभन्दा पत्रकारिताका प्रणेता हुनुहुन्छ । २०५५ मङ्सिर २८ गतेदेखि गोरखापत्र र त्यसअघि विभिन्न पत्रिकामा आबद्ध भई पत्रकारिता गर्नुअघि नै म साहित्यको गोरेटोमा थिएँ। २०७५ भदौ १ देखि मलाई पहिलो पटक मधुपर्कमा सरुवा गरियो । मासिक प्रकाशनमा पठाइँदा मूलधारका पत्रकारका नाखुस हुने अनुभवविपरीत म हासी हासी हार्दिकताका साथ मधुपर्कमा गएको थिएँ। किनभने मलाई साहित्य र पत्रकारिता कुन रोज्छस् भनिएको भए जेफर्सनले जस्तै उत्तर दिने थिएँ 'पहिलो प्राथमिकता साहित्य'। यसर्थ मधुपर्क मेरो पहिलो रोजाइ थियो। यसै सन्दर्भमा जेफर्सनलाई धन्यवाद ।

२०८१ वैशाखदेखि म मधुपर्कको निमित्ति सम्पादक बनाइएँ । नेपाली भाषा साहित्यको सारथी मधुपर्क, यसको आवश्यकता देख्ने पुस्ता तथा आकार दिने पुर्खाको चाहना अनुसार मधुपर्कमा गति दिनु मेरो कर्तव्य थियो। गोरखापत्रभित्रका सबै प्रकाशन विशिष्ट छन् तर मधुपर्कका उपभोक्ता थप भिन्न र विशिष्ट हुनुभएकाले मधुपर्कको यस्तो वैशिष्ट्यता जोगाउनु मधुपर्ककर्मीको दायित्व मैले कति बुझेँ, बुझिनँ, त्यस अनुकूल काम गर्न सकेँ, सकिनँ म स्वयम्ले मूल्याङ्कन गर्न सक्ने कुरा भएन । म मधुपर्कका लागि उपयुक्त थिएँ वा थिइनँ यो पनि मेरो सरोकारको विषय भएन । मलाई मधुपर्कमा उपयुक्त देखेर जसले जुन जिम्मेवारी दिनुभयो उहाँहरू र आमपाठकले यसबारेमा वस्तुपरक मूल्याङ्कन गर्न सक्नुहुने छ, त्यो नै मेरा लागि अन्तिम फैसला हुने छ तर म मधुपर्कको सबैभन्दा भाग्यमानी सम्पादक हुँ भन्नेमा मेरो आफ्नै ठेट मूल्याङ्कन छ । र यो पनि मेरा लागि अन्तिम फैसला नै हो । मैले आमपाठक र सर्जकबाट अथाह माया पाएको छु। ती माया मधुपर्कको मैथिली, भोजपुरी विशेषाङ्कमा अङ्कित छन् । सर्जक दिदीबहिनीको मायालाई अक्षरमा साँच्न पायौँ, तिजको अवसरमा मधुपर्कले पहिलो पटक दिदीबहिनी विशेषाङ्क प्रकाशन गरेर । बन्दीपुर, कर्णाली-सुदूरपश्चिम, सुदूरपश्चिम-कर्णालीका शब्दचित्रलाई मधुपर्कमा उतार्न पायौँ । शैलुङलाई मधुपर्कले स्पर्श गरेको छ र प्रकाशन गर्ने छ । यी कामका लागि केही गरेँ वा गर्न सकियो भने मलाई थोरै भए पनि सन्तोष गर्ने ठाउँ हुने छ ।

मधुपर्कले नेपालका विभिन्न स्थानमा पुगेर त्यहाँको साहित्य, सम्पदा, भाषा, संस्कृति र स्थानीय साहित्यकारसँग साक्षात्कार गर्ने अभ्यासको थालनी गरेको छ। यस्तो अभ्यासको बन्दीपुर र शैलुङ शृङ्खला सम्पन्न भएका छन् । यस्ता पहल तथा कार्यक्रम मधुपर्क प्रकाशन नीतिको कार्यान्वयन पनि हो। प्रकाशन नीतिमा मधुपर्कलाई समसामयिक बनाई बजारमुखी बनाउन कम्तीमा वर्षमा एक पटक साहित्यकारहरूबिच अन्तर्क्रिया तथा भ्रमण कार्यक्रमको आयोजना गर्ने भनिए अनुसार आयोजित यस्ता कार्यक्रमले मधुपर्कलाई पाठक तथा सर्जकसँग थप नजिक पुऱ्याउन सहयोग पुगेको छ। प्रकाशन नीतिले लक्षित गरे अनुसार अबको मधुपर्कमा 'नेपालको बहुजातीय संरचना र संस्कृतिलाई संरक्षण गर्ने खालका रचना प्रकाशित गर्ने' कार्यका लागि पनि यस्ता पहल परिणाममुखी हुने छन् । मधुपर्कको सम्पादकीय नेतृत्वमा रहँदा भएगरेका केही कार्यले मलाई सन्तोष दिन्छन्। केही काम हुन सकेका

छैनन्, असन्तोष छ ।

२०२५ जेठदेखि प्रकाशित मधुपर्कको गरिमामय इतिहासलाई विविधता दिन २०५९ देखि हरेक वर्ष दुई जना सर्जकलाई 'मधुपर्क सम्मान' अर्पण गर्न थालियो । २०६४ सालसम्म सम्मानको राशि पाँच हजार एक रुपियाँ थियो । २०६५ सालमा १० हजार एक रुपियाँ गरियो । हाल मधुपर्क सम्मानको राशि जनही ५० हजार रुपियाँको छ । सुरुमा दुई जनालाई अर्पण गर्न थालिएको सम्मान २०७६ देखि तीन जनालाई अर्पण गरिन्छ । मधुपर्कमा प्रकाशित सामग्रीको ज्येष्ठता, श्रेष्ठता, निरन्तरता जस्ता आधारसहित सम्मान छनोट उपसमितिले बनाएका मापदण्डका आधारमा जीवित स्रष्टामध्ये गद्य, पद्य र खुला प्रतिभा गरी तीन क्षेत्रबाट सम्मान अर्पण गरिन्छ । यी सम्मान मधुपर्कको स्थापित मापदण्ड अनुसार अर्पण गरिनु पर्छ भनेर अडान लिँदा मलाई २०७६ सालमा मधुपर्कबाट हटाइयो तर यो कारबाहीपछि मैले ठुलो नैतिक विजय पाएँ । मधुपर्कमा रचना छापिएका वरिष्ठतम सर्जकलाई अर्पण गर्नुपर्ने सम्मान मधुपर्कमा एउटा पनि रचना नछापिएका सर्जकलाई दिने गर्नु गलत थियो भनेर साहित्यिक क्षेत्रमा जुन आवाज आयो त्यो नै मेरो जित थियो र हो । यसबिच कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदी र महाप्रबन्धक लालबहादुर ऐरी नेतृत्वको गोरखापत्र संस्थान व्यवस्थापनले मधुपर्क सम्मान अर्पण, यसका सामग्री छपाइमा दिनुभएको स्वयत्तता प्रशंसनीय मात्र होइन, उदाहरणीय पनि छ । मधुपर्क सम्मान छनोट उपसमितिले सर्जकको नाम सिफारिस गर्दैन, निर्णय गर्छ । छनोट समितिको संरचना बनाउने निश्चित स्थापित विधि छन् । यी विधि र प्रक्रियामा उहाँहरूले दिनुभएको स्वायत्तता र लिनुभएको विश्वासलाई मधुपर्क नेतृत्वले इमानदारीपूर्वक निर्वाह गरेकाले उहाँहरूको कार्यकालमा मधुपर्क सम्मानमा कुनै विवाद आएन । उहाँहरूपूर्व निकटवर्ती नेतृत्वले विधि र प्रक्रियामाथि बलात् हस्तक्षेप गरेको वर्ष मधुपर्क सम्मान विवादित भयो । यसबाट पाठ सिकेर गोरखापत्र संस्थानको आगामी नेतृत्वले पनि मधुपर्क सम्मानको स्वायत्तता र गरिमाको मनन गर्नु पर्छ । साथै मधुपर्क नेतृत्वले पनि दिइएको जिम्मेवारी लिइएको विश्वास इमानदारीका साथ पूरा गर्नु पर्छ । केही संस्मरणले म मधुपर्कसँग जोडिइरहने छु ।

मधुपर्क सम्मानमा लाग्दै आएको कर छुट गर्न सुवेदी तथा ऐरी नेतृत्वको संस्थान व्यवस्थापनले लिएको निर्णयलाई आमसाहित्यकारले मुक्तकण्ठले प्रशंसा गर्नुभएको छ । भलै यसका लागि मैले मधुपर्क सम्मानमा कर कटाउनु गलत हो भनेर मधुपर्कको ५५ औँ वार्षिकोत्सवको औपचारिक कार्यक्रममा अप्रिय शब्दसहित आवाज उठाउनुपरेको थियो ।

## पुरस्कारको राशि वृद्धि

मेरै कार्यकालमा मैले कार्यकारी अध्यक्ष सुवेदी तथा महाप्रबन्धक ऐरीलाई विशेष अनुरोध गरेर मधुपर्क सम्मानको राशि बढाउन अनुरोध गरेको थिएँ । कार्यकारी अध्यक्षले मेरो अनुरोध स्वीकार गरी २०८० को मधुपर्कको वार्षिकोत्सवमा सम्मान राशि वृद्धिको घोषणा गर्नुभयो । सोही घोषणा अनुसार मेरो पालादेखि अर्थात् २०८१ बाट मधुपर्क सम्मानको राशि जनही ५० हजार रुपियाँ भएको छ । दुई जनालाई दिइने सो सम्मान २०७६ बाट तीन जनालाई दिने गरिएको छ । तीन जना गरिनुमा मेरो पहल थिएन । यसको श्रेय सम्बद्ध पक्षलाई जानु पर्छ ।

## कर छुट

मधुपर्क सम्मानमा लाग्दै आएको कर छुट गर्न सुवेदी तथा ऐरी नेतृत्वको संस्थान व्यवस्थापनले लिएको निर्णयलाई आमसाहित्यकारले मुक्तकण्ठले प्रशंसा गर्नुभएको छ । भलै यसका लागि मैले मधुपर्क सम्मानमा कर कटाउनु गलत हो भनेर मधुपर्कको ५५ औँ वार्षिकोत्सवको औपचारिक कार्यक्रममा अप्रिय शब्दसहित आवाज उठाउनुपरेको थियो । कार्यकारी अध्यक्ष सुवेदीले कार्यक्रमपछि मलाई 'तपाईं गोरखापत्रको कर्मचारी भएकाले यो हदसम्मको 'शब्द' प्रयोग नगर्नुभएको भए हुन्थ्यो' भनेर सुझाव दिनुभयो तर त्यसबापत कुनै प्रतिशोध र बक्रदृष्टि राख्नुभएन । मैले सो कार्यक्रममा उपस्थित पूर्वअर्थ/मुख्य सचिव कवि विमल कोइराला, पूर्वअर्थ सचिव/मन्त्री कवि एस्पी कोइराला, पूर्वसचिव कवि दिनेश अधिकारीलाई कार्यक्रम सञ्चालन गर्दै गर्दा कोर्डियमबाट प्रश्न गरेको थिएँ, "साहित्य, कला, मनोरञ्जन, शिक्षा जस्ता क्षेत्रमा पुऱ्याइएको योगदानबापत प्रदान गरिने पाँच लाख रुपियाँसम्मको पुरस्कार/सम्मानमा अर्थ मन्त्रालयद्वारा कर छुट गरिएको हो कि होइन ?" उहाँहरूले हलमै 'हो' भन्नुभयो । उहाँमध्ये कसैले र पछि सहकर्मी केदार भट्टराईले मलाई मेसेन्जरमा त्यससम्बन्धी अर्थको परिपत्रको प्रतिलिपि पठाउनुभएपछि मैले आफ्नो जिकिरलाई थप बलियो बनाएँ । अध्यक्ष र महाप्रबन्धकले यसलाई स्वीकार गर्दै मधुपर्क सम्मानमा कर छुट हुने व्यवस्था गर्नुभयो । हाल यसले निरन्तरता पाएकै छ । यसअघि

सर्जकलाई दिइएको सम्मान रकममा करकट्टी नगरिएको भन्दै मधुपर्ककर्मी तुलसीहरि कोइरालासँग करबापतको रकम असुल गरिएको घटना सुरक्षित छ ।

## पृष्ठ थप

मधुपर्कको पृष्ठ थप गरियोस् भन्ने आमपाठक तथा सर्जकको आग्रहलाई मैले गोरखापत्र संस्थानको व्यवस्थापनमा राखेँ । मेरो अनुरोध अनुसार मधुपर्कको २०८२ जेठमा आयोजित वार्षिकोत्सवका अवसरमा तत्कालीन कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदीले यसको पृष्ठ ८० बाट बढाएर ११२ बनाउने घोषणा गर्नुभयो । यसअघि महाप्रबन्धक लालबहादुर ऐरीले वरिष्ठ सर्जकहरूको समसामयिक अन्तर्वार्ता राख्न, साहित्यिक गतिविधिका समाचार स्तम्भ थप्न, नवोदित सर्जकका रचनालाई बढीभन्दा बढी स्थान दिन र नेपालका विविध संस्कृति/सम्पदाबारेका खोजमूलक थप आलेख राख्न के गर्नु पर्छ प्रस्ताव ल्याउनुहोला भनेर पटक पटक मलाई भन्नुभए अनुसार मैले यस्तो आग्रह व्यवस्थापनमा गरेको थिएँ । सोहीबमोजिम मधुपर्कको पृष्ठ थप भयो ।

## पुरस्कार खण्डित

विसं २०७७ र २०७८ मा मधुपर्क सम्मान अर्पण गरिएन, कोभिडका कारण, मधुपर्कको वार्षिकोत्सव पनि मनाइएन । २०७९ को वार्षिकोत्सवका अवसरमा मैले तत्कालीन कार्यकारी अध्यक्ष सुवेदीलाई व्यक्तिगत रूपमा अनुनयविनय गरेँ, "२०७७-२०७९ तीन वर्षको सम्मान पनि यसै वर्ष अर्पण गरौँ ।" यो पहल मधुपर्कको तत्कालीन नेतृत्वले गर्नुपर्ने थियो, त्यो नभएपछि मेरो व्यक्तिगत अनुरोध पूरा भएन । पछि मैले कार्यकारी अध्यक्ष सुवेदी सेवा निवृत्त हुँदै गर्दा आयोजित कार्यक्रममा मधुपर्क सम्बद्ध धेरै कामको प्रशंसा गर्दै रोकिएका मधुपर्क सम्मानप्रति संवेदनशील हुनुभएन, यो मेरो असन्तुष्टिको र लेखनको विषय हुने छ भनेँ । त्यसको अघिल्लो दिनै पनि मैले एक्लै कार्यकक्षमा उहाँलाई भेटेर भोलि औपचारिक बिदाइ कार्यक्रममा भन्न पाउँला, नपाउँला तर पुरस्कारप्रति संवेदनशील हुनुभएन, यो मेरो असन्तुष्टि भन्दा लेखन मसला हुने छ भनेको थिएँ ।

## आर्ट पेपर

मधुपर्कका विशिष्ट पाठकले यसलाई आर्ट पेपर (चिल्लो सेतो) मा प्रकाशन गर्न धेरै पहिलादेखि आग्रह गर्दै आउनुभएको छ । यस्तो आग्रह मधुपर्कले गोरखापत्र व्यवस्थापनसमक्ष पटक पटक पुऱ्याउँदै आएको हो । हरेक व्यवस्थापन यस सवालमा सकारात्मक हुँदाहुँदै पनि प्राविधिक कारण अहिलेसम्म सम्भव भएको छैन तर यहाँ यस्तो पनि प्रश्न राख्न सकिन्छ, सर्जकले आफ्ना कृति विमोचन गर्दा ३०-५० श्रोता बोलाएर होटेलको चिया, नास्ता, खाना र अन्य तडकभडकमा खर्च गर्ने प्रवृत्ति परिमार्जन गरेर कम्तीमा पनि १० औँ हजार पाठक रहेको मधुपर्कमार्फत 'कृति-विमोचन' गर्ने प्रचलन गरौँ भन्ने मेरो आग्रह र अभियान छ । जस अनुसार होटेलको खर्च र 'फास्टफुड समीक्षा' बाट मुक्त हुन सकिन्छ । माया दोहोरो हुन्छ भन्ने मधुपर्कको अपेक्षालाई अन्यथा भन्न नमिल्ला ।

## आभार र माफी

दोहऱ्याउन चाहन्छु, म मधुपर्कका सर्जक तथा आमपाठकबाट सबैभन्दा धेरै माया पाउने भाग्यमानी सम्पादक हुँला । मुलुकका सबै जसो मूर्धन्य सर्जकले मधुपर्कमा आफ्ना रचना पठाएर मलाई हौसला दिनुभएको छ, कतिपय अनुभव, जानकारी तथा शिक्षा दिनुभएको छ । यसनिम्ति उहाँहरूप्रति आभार । कतिपय सर्जकका रचनालाई स्थान दिन सकिएन होला, उहाँहरूसँग माफी चाहन्छु । सबै सर्जक तथा पाठक मेरा प्रेरणाका अजस्र स्रोत हुनुहुन्छ । गोरखापत्र संस्थान, मधुपर्क परिवार, मलाई मधुपर्कको जिम्मेवारीमा विश्वास गर्ने तत्कालीन व्यवस्थापनप्रति आभार व्यक्त गर्छु । बन्दीपुर तथा शैलुङमा मधुपर्क साहित्य सम्मेलन गर्ने हौसला दिनुहुने स्थानीय व्यवसायी, बुद्धिजीवी सबैप्रति कृतज्ञता ।

## फेरि मधुपर्क, फेरि पनि गोरखापत्र

मधुपर्क र गोरखापत्र मेरा जागिरका साक्षी मात्र होइनन् । मलाई हात समाएर हिँड्न सिकाउने गुरु हुन् । पाठशाला हुन् । गोरखापत्र र मधुपर्कका अग्रजले इतिहासको नासो हाम्रो पुस्तालाई हस्तान्तरण गर्नुभएको छ र हस्तान्तरणको निरन्तरता पनि हाम्रो दायित्व हो । समयले जहाँ पुऱ्याए पनि मनभित्रको मधुपर्क, मस्तिष्कमा रहेको मधुपर्क कहिल्यै मेटिने छैन । प्रिय राष्ट्रपति, जेफर्सन धन्यवाद, मैले केही शब्द र भाव लिन पाएँ तपाईंबाट- फेरि जन्म हुने भयो र सोधियो भने 'मधुपर्क' मेरो पहिलो रोजाइ हुने छ । दोस्रो जन्म हुन्छ भने गोरखापत्रमै होस् । 'मधुपर्क' गोरखापत्र संस्थानको औपचारिक स्वामित्व हुन सक्छ तर यो सबै नेपाली र नेपालका साहित्यकारको हार्दिक दायित्व हो, जसको भविष्य उज्ज्वल राख्ने दायित्व हामी सबैको हो । यसर्थ फेरि पनि मधुपर्क हाम्रो स्वामित्व, फेरि पनि मधुपर्क हाम्रो दायित्व । यस अङ्कबाट मधुपर्कसँग प्राविधिक बिदा हुने छु तर जहाँसम्म 'अक्षर' को दुनियाँमा रहने छु, मधुपर्कसँगको सम्बन्ध 'क्षर' हुने छैन । मनमा मधुपर्क, मस्तिष्कमा मधुपर्क । ■

# मङ्सिर २० देखि पुस १९ सम्म

## 'हेमजा साहित्य महोत्सव' सम्पन्न

पोखरा । विविध उत्सवसहित मङ्सिर १९ र २० गते ज्ञानसागर एकेडेमी हेमजा, पोखरामा 'हेमजा साहित्य महोत्सव (२०८२)' भव्यताका साथ सम्पन्न भएको छ ।

महोत्सवको पहिलो दिन नेपाली नाटक तथा रङ्गमञ्च, आख्यान, महाकाव्य लेखन, गीत, गजल, लघुकथा, कविताका विविध पक्षमा चर्चासहित लघुकथा सत्रको आयोजना गरिएको थियो । यसै गरी दोस्रो दिन कवि मुकुन्दशरण उपाध्यायको रथारोहणसहित विविध साहित्यिक कार्यक्रम आयोजना गरिएका थिए । उपाध्यायलाई हेमजाको लामाचौतारादेखि साझा चोक, नहरचोक, मिलनचोक हुँदै साहित्य महोत्सवस्थल ज्ञानसागर एकेडेमीसम्म रथमा घुमाएर अभिनन्दनसमेत गरिएको थियो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले नेपाली भाषा तथा साहित्यका क्षेत्रमा कवि उपाध्यायले पुऱ्याएको योगदानको कदरस्वरूप रथारोहण कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

## हाइकु वाचन

काठमाडौँ । मासिक हाइकु वाचन अन्तर्गतको दोस्रो शृङ्खला सम्पन्न भएको छ । मङ्सिर २० गते साहित्यकार पुष्कर लोहनीको निवासमा उक्त कार्यक्रम सम्पन्न भएको हो । दोस्रो शृङ्खला अन्तर्गत स्रष्टाहरू पुष्कर लोहनी, दिनेश चापागाईं, सुनील पुरी, मनोज शर्मा, कृष्ण बाउसे र हाइकु बुढाका पाँच/पाँच सुन्दर हाइकुहरू वाचन गरिएका थिए । लोहनीले दशक दशकका कथा वाचनका कार्यक्रम नियमित रूपमा आफ्नै निवासमा आयोजना गर्दै आउनुभएको छ ।

## सोराडीको 'उथलपुथल' लोकार्पित

काठमाडौँ । साहित्यकार कर्ण दयाल 'सोराडी' को मुक्तकसङ्ग्रह उथलपुथल लोकार्पण गरिएको छ । हामी र हाम्रो कृति समाजद्वारा मङ्सिर २७ गते साहित्यकार तथा वरिष्ठ समीक्षक प्राडा गोविन्दमानसिंह कार्की, प्रगतिशील लेखक सङ्घका अध्यक्ष डा. देवी क्षेत्री दुलाल, साहित्यकार विजयध्वज थापा, मधुपर्क मासिकका प्रधान सम्पादक त्रिभुवनचन्द्र वाग्ले, जनपत्रकार सङ्गठन नेपाल, अध्यक्ष शेरबहादुर विश्वकर्मा, अखिल नेपाल जनसांस्कृतिक महासङ्घ महासचिव कुशल बोगटी र कृतिकार कर्ण दयाल सोराडीले संयुक्त रूपमा कृति लोकार्पण गर्नुभयो । साहित्यकार मीना न्यौपाने, मदन नेपाल, प्रमुना पौडेल, शिवहरि थापा, सुभद्रा अधिकारी जाज केसी, शिवहरि थापा, बद्री उप्रेती, गोविन्द पौडेललगायत कार्यक्रमका वक्ताले समकालीन नेपाली समाजको विद्यमान उथलपुथलपूर्ण परिस्थितिको अभिव्यक्ति उक्त मुक्तकसङ्ग्रहमा भएको मन्दै कृतिले सामाजिक विकृतिको विरोध र विद्रोह चेतको आह्वान गरेको बताउनुभएको थियो ।

## मधुपर्कको कर्णाली-सुदूरपश्चिम विशेषाङ्कको विमोचन

धनगढी । गोरखापत्र संस्थानको प्रकाशन साहित्यिक पत्रिका मधुपर्कको कर्णाली-सुदूरपश्चिम विशेषाङ्कको धनगढीमा पुस १५ गते विमोचन भएको छ । सुदूरपश्चिम साहित्य समाज धनगढी, देउडा प्रतिष्ठान धनगढीको आयोजनामा उक्त अङ्क विमोचन गरिएको हो । कार्यक्रममा संस्थानका महाप्रबन्धक ऐरीले नेपालको साहित्यिक लिगेसी बोकेको मधुपर्कले यो विशेषाङ्क निकालेर नेपाली साहित्य आकाशमा मधुपर्कको रहेको उचाइमा एउटा अर्को इतिहास थपेको बताउनुभयो । कार्यक्रममा मधुपर्कका निमित्त सम्पादक त्रिभुवनचन्द्र वाग्लेले न्याय हराए गोरखा जानु भने जस्तै संस्कृति र सम्पदा हराए कर्णाली र सुदूरपश्चिम आउनुपर्ने उखान बनाउन आवश्यक रहेको बताउनुभयो । सुदूरपश्चिम साहित्य समाजका अध्यक्ष रामलाल जोशीले सुदूरपश्चिम र कर्णाली क्षेत्रको विशाल संस्कृति र साहित्यलाई माथि उठाउन मधुपर्कको ठुलो योगदान रहने बताउनुभयो । देउडा प्रतिष्ठानका उपाध्यक्ष भानुभक्त जोशीले मधुपर्कसँग सुदूरपश्चिम प्रदेश र यहाँको साहित्यकारको आत्मीयता रहेको चर्चा गर्नुभयो । वरिष्ठ साहित्यकार श्रेष्ठ प्रिया पत्थरले मधुपर्कमा सुदूरपश्चिमले अपनत्व पाएको बताउँदै यसमा रचना छापिनु भनेको स्तरीय छ भन्ने प्रमाण रहेको बताउनुभयो । उहाँले मधुपर्कलाई आकाशको जूनको संज्ञा दिनुभयो ।

## आत्मपरक निबन्ध गोष्ठी सम्पन्न

काठमाडौँ । नेपाल स्रष्टा समाजले बृहत् आत्मपरक निबन्ध गोष्ठी सम्पन्न गरेको छ । समाजले पुस १७ गते चर्चित निबन्धकार स्व. कृष्णचन्द्रसिंह प्रधानको शतवार्षिकीको अवसर पारेर आफ्नो १९ औँ स्थापना दिवसमा उक्त गोष्ठी गरेको हो । लिटिल एन्जल्स स्कुलको सहआयोजनामा सम्पन्न उक्त गोष्ठीमा प्रमुख अतिथि निबन्ध लेखक डा. माधव पोखरेल गोष्ठी अत्यन्तै महत्त्वपूर्ण भएको बताउनुभयो । उहाँले नेपाली साहित्यमा हेलाँमा परेको विधा निबन्धको गोष्ठी, कार्यशाला गर्नु जरुरी रहेको बताउनुभयो । श्रीओम श्रेष्ठ 'रोदन' को अध्यक्षतामा भएको कार्यक्रममा निबन्धकार र साहित्यकारको उल्लेख्य उपस्थिति रहेको थियो । ■

**गतिविधि संयोजन तीर्थराज अधिकारी**

# बिहानको चियासँगै
# गोरखापत्र र THE RISING NEPAL
# तपाईंको शहरमा

| | | | | | |
|---|---|---|---|---|---|
| लमजुङ-बेशीशहर, दमौली हुँदै पोखरा | बिहान ६:३० बजे | विदुर र धादिङबेशी | बिहान ६:०० बजे | | |
| नारायणगढ, भरतपुर | बिहान ५:३० बजे | हेटौंडा | बिहान ४:३० बजे | पथलैया | बिहान ५:०० बजे |
| चन्द्रनिगाहपुर | बिहान ५:३० बजे | वीरगञ्ज | बिहान ६:०० बजे | बारा, कलैया र निजगढ | बिहान ६:१५ बजे |
| गौर | बिहान ६:३० बजे | मलंगवा र लालबन्दी | बिहान ७:०० बजे | बर्दिबास | बिहान ७:४५ बजे |

१२४

पहिलो राष्ट्रिय दैनिक

मासिक प्रकाशनहरू मधुपर्क युवामञ्च मुना

टोल फ्रि नं. १६६०-०१-८४४४४

द. नं. २५/०२४

गो. हु. का. दर्ता नं. ११/०८१/०८२


आयो नून खाउँ स्वस्थ रहौं
गाउँसम्म आयो "आयो नून" जसले लगायो धेरै गुन
१. वन्याहरु होंया पुड्का हुन सक्ने ।
२. कण्ठरोग आउन सक्ने ।
३. मानसिक र बौद्धिक क्षेमताको विकासमा कमी आउने ।
४. पुनरुत्पादन क्षमतामा कमी तथा बाल मृत्यु दर बढ्न सक्ने ।
५. आयोडिनको कमीले I.Q. Level कम हुने ।
६. आयोडिनको कमी भएमा मानिसहरुमा आलस्यपन आउने, काम गर्ने क्षमतामा कमी आउने ।
७. आयोडिनको कमीबाट गाईवस्तुले दूध कम दिने ।
आयोडिनको कमीबाट हुने विकृतिहरु उपचार गरेर हटाउन सकिदैन । त्यस्ता विकृति आउन नदिन एकमात्र उपाय आजै देखि आयोडिनमुक्त दुई बालबालिकाको चिन्ह अंकित पाकेटको नून मात्र प्रयोग गरौं ।
दुई बालबालिका चिन्ह अंकित आयोडिनयुक्त पाकेटका नून सधै प्रयोग गर्नुहोस् ।
आयो नून
आयोडिन मिसाएको नून IODISED SALT
फि पत्तो
सोल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
केन्द्रीय कार्यालय :कालीमाटी,काठमाण्डौं, नेपाल
९ तौल कि.जी.
सोल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
केन्द्रीय कार्यालय, कालिमाटी,काठमाण्डौं, पोष्ट बक्स नं ४८३
फोन नं. ०१ ५३७२०८, ५३७०१४

मुद्रक: गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, नेपाल ।